
छथर गाउँपालिकाको गाउँसभाबाट मिति २०८३/०१/१८ गते स्वीकृत

# स्थानीय शिक्षा योजना

## (Local Education  Plan-LEP: 2026-2030)

## २०८३/८४-२०८७/८८




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# छथर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# शुक्रबारे, तेह्रथुम
# कोशी प्रदेश, नेपाल
# २०८३

**प्रकाशक**

छथर गाउँ कार्यपालिकाको कार्यालय,

शुक्रबारे, तेह्रथुम, कोशी प्रदेश

२०८३ बैशाख

**प्रकाशन :**

छथर गाउँपालिकाको स्थानीय शिक्षा योजना (२०८३/८४ -२०८७/८८)

@सर्वाधिकार प्रकाशकमा

**प्रमुख संरक्षक**

श्री सन्तबीर लिम्बू,

गाउँपालिका अध्यक्ष

**संरक्षक**

श्री तारा खरेल ढकाल,

गाउँपालिका उपाध्यक्ष

**सल्लाहकार**

श्री अग्नी प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिकृत

श्री लाक्पा छुती शेर्पा

सामाजिक विकास समिति संयोजक

श्री हिक्मत बहादुर लिम्बू अध्यक्ष, वडा नं. १

श्री कुल बहादुर लिम्बू अध्यक्ष, वडा नं. २

**श्री देउमान सिं लिम्बू अध्यक्ष, वडा नं. ३**

**श्री पुष्प बहादुर कार्की अध्यक्ष, वडा नं. ४**

**श्री थनाहाङ सुब्बा अध्यक्ष, वडा नं. ५**

**श्री महेन्द्र लिम्बू अध्यक्ष, वडा नं. ६**

**श्री गाउँ शिक्षा समितिका पदाधिकारीहरुः**

| | |
|---|---|
| **श्री सन्तवीर लिम्बू** | **अध्यक्ष** |
| **श्री पुण्य प्रसाद ढकाल** | **सदस्य** |
| **श्री श्रीमान बस्नेत** | **सदस्य** |
| **श्री खमान सिं कार्की** | **सदस्य** |
| **श्री डिका कार्की** | **सदस्य** |
| **श्री मनमाया दर्जी** | **सदस्य** |
| **श्री मन कुमारी लिम्बू** | **सदस्य** |
| **श्री यसोदा दाहाल** | **सदस्य** |
| **श्री जित बहादुर मगर** | **सदस्य** |
| **श्री ओम प्रकाश राई** | **सदस्य-सचिव** |

**प्राविधिक सहयोग एवम् पाण्डुलिपि लेखन**

**श्री जीतबहादुर शाह**

## प्राक्कथन

सभ्य र समुन्नत किसिमले खुसी र आत्मसन्तुष्टीले भरिएको अर्थपूर्ण जीवन जिउनका लागि शिक्षाले जति सकारात्मक भूमिका निर्वाह गर्दछ त्यति सकारात्मक भूमिका अरू कसैले पनि निर्वाह गर्न सक्दैन। यसका लागि दुनियाँ साक्षी भएर उभिएको छ। यहाँनेर ख्याल गर्नुपर्ने एउटा वास्तविकता यत्ति मात्र हो कि शिक्षा भनेर मात्र पनि हुँदैन त्यो शिक्षा गतिलो हुनु पर्दछ। सकेसम्म सर्वजन हिताय, त्यत्ति नभए बहुजन हितायको भावनाबाट प्रेरित शिक्षाबाट मात्रै उल्लिखित अर्थपूर्ण जीवन प्राप्त गर्न सकिन्छ। अन्यथा चोरलाई झन बढी चोरी गर्न र बदमासलाई झन् बढी बदमासी गर्नका लागि सघाउने काम पनि शिक्षाले नै गरिरहेको हुन्छ भन्दा अन्यथा नहोला। यी सबै कुरालाई केन्द्रविन्दुमा राखी छथर गाउँपालिकाको वर्तमान गाउँकार्यपालिकाले निर्वाचित भएर कार्यारम्भ गरेदेखि नै गतिलो शिक्षाका निम्ति गतिलो कर्म र गतिलो लगानी गर्ने कार्यलाई प्राथमिकता दिने प्रयत्न गरिरहेको छ। शिक्षालाई अझै व्यवस्थित र योजनाबद्ध किसिमले सम्पादन गर्नका लागि प्रस्तुत स्थानीय शिक्षा योजनाको निर्माण गरी कार्यान्वयन गर्ने तयारी भइरहेको

सन्देश गाउँवासी र शिक्षाका सम्पूर्ण सरोकारवालाहरूको बिचमा सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

यस योजना पूर्व पनि यस गाउँपालिकाले सघीय नीति योजना र कार्यक्रमका आधारमा निशुल्क र आधारभूत शिक्षाला२ प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको छ । यस नगरपालिकाले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिब ३०प्रतिशत भन्दा बढी बजेट शिक्षामा लगानी गरेर शिक्षालाई उच्च प्राथमिकता दिने काम गरेको छ । गाउँपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउनका लागि महत्वपूर्ण काम गरेको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम र तदनुसारको सन्दर्भ सामग्रीहरूको विकास गरी कार्यान्वयन गरिरहेको छ। शिक्षालाई अझै योजनाबद्ध किसिमबाट अगाडि बढाउनका लागि नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको पाँच वर्षे योजना समेत निर्माण गरी सो योजनालाई स्वीकृत गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ। गाउँपालिकाले निर्माण गरेको यस पाँच वर्षे स्थानीय शिक्षा योजनामा (२०८४-२०८८) प्रस्तुत नीति क्रियाकलाप बजेट र कार्यक्रम अध्ययन गर्दा महत्त्वाकाङ्क्षी जस्तो देखिए पनि गाउँपालिकाको शिक्षा क्षेत्रमा अपेक्षित सकारात्मक परिवर्तन गर्नका लागि नगरी नहुने क्रियाकलाहरूलाई समेटेर निर्माण गरिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी बालविकास र शिक्षाको अवधि दुई वर्षको बनाउने, शिक्षकहरू राजनीतिक दलको सदस्य हुन नपाउने, बालबालिका र शिक्षण पेसाप्रति जन्मजात रुचि राख्ने व्यक्तिहरू शिक्षण पेसामा प्रवेश गर्ने गरी शिक्षक छनोट पाठ्यक्रममा परिमार्जनका लागि पहल गर्ने, विद्यार्थी संख्याको न्यूनतालाई मध्यनजर राखी विद्यालय हटाउने र गाभ्ने भन्दा एकल शिक्षकीय विद्यालयको व्यवस्था गर्ने, अभिभावकविहीन बालबालिकाको लागि अभिभावकको भूमिका गाउँपालिकाले निर्वाह गर्ने, खाजा कार्यक्रम कक्षा ८ सम्म विस्तार गर्ने, बालबालिकाको सिकाई उपलब्धि सुधार गर्न अभिभावक शिक्षा तथा विषयगत शिक्षकहरु बिच सिकाई आदान प्रदान गर्ने आदि कार्यक्रमहरूलाई योजनाले उच्च प्राथिमकता दिएको छ।

योजना निर्माण गर्ने कार्यमा नगरपालिका स्तर, वडा स्तर एवम् प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवाला निकायहरु सबैबाट पर्याप्त मात्रामा सुझाव र पृष्ठपोषणहरू प्राप्त भएका छन्। लेखन कार्यका लागि कार्यदल गठन गरी कार्यदल भित्र रहेका पालिका भित्रका विषयगत शाखाका प्रमुख र माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूले अहोरात्र खटेर योगदान गर्नु भएको छ। पालिकाको शिक्षा शाखाको टीमले योजना निर्माण टिमलाई योजनाका निम्ति आवश्यक पर्ने आवश्यक तथ्याङ्क एवम् अन्य विवरण उपलब्ध गराएर सहयोग गर्नु भएको छ। योजनाका अन्तीम पाण्डुलिपी तयार गर्ने काममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व उपसचिव एवम् शिक्षाविज्ञ जीतबहादुर शाहले योगदान गर्नु भएको छ। गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखाअधिकृत, सामाजिक विकास समितिका संयोजक तथा सम्पूर्ण

कार्यपालिका सदस्यहरू लगायत सिङ्गो गाउँपालिका टिमले योजना निर्माणको कार्यमा आआफ्नो स्थानबाट सकारात्मक योगदान गर्नुभएको छ। त्यसकारण उल्लिखित सबै महानुभावप्रति हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु। अन्तमा, योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि उल्लिखित महानुभावहरू, समग्र गाउँबासी लगायत सङ्घ र प्रदेश सरकाकारबाट समेत महत्त्वपूर्ण योगदानको अपेक्षा गरिएको छ जसले गर्दा योजनाले निर्दिष्ट गरेको 'छथर गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको सुनिश्चिचतता ,खुसी स्वस्थ र प्रविधियुक्ति जनशक्ति उत्पादनमा प्राथमिकता' को सपना पूरा गर्न सहयोग पुग्नेछ। धन्यवाद।

सन्तबीर लिम्बू
गाउँपालिका अध्यक्ष

# विषयसूची


प्राक्कथन

iii

कार्यकारी सारांश

vi

**परिच्छेद १ : परिचय**

**१** १.१ छथरको

पृष्ठभूमि

१ १.२ छथर गाउँपालिकाको परिचय

१

१.३ शैक्षिक सुचकहरुमा छथर गाउँपालिकाको अवस्था

३ १.४ छथर गाउँपालिकाका शिक्षाका समस्या, चुनौती र अवसरहरु

७ **परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

१०

२.१ परिचय

१०

२.२ दूरदृष्टि

१०

२.३ ध्येय

१०

२.४ उद्देश्यहरु

१०

२.५रणनीतिहरु

११

२.६ अपेक्षित उपलब्धि

१२

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु**

**१८**

३.१ परिचय

१८

३.२ प्रारम्भिक बालविकास र शिक्षा

१८

३.३ आधारभूत शिक्षा

२८

३.४ माध्यमिक शिक्षा

३८

३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

४७

३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाई

५४

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु**

**६२**

४.१  परिचय

६२

४.२ शिक्षक व्यवस्थापन र विकास

६२.......................................................................................... ४.३ पाठ्यक्रम, पाठ्य सामग्री र मूल्याङ्कन

७३

४.४ शिक्षामा समतामूलक समावेशिकरण र मनोसामाजिक परामर्श

८३

४.५. शिक्षामा सूचना र सञ्चार प्रविधि

९५

४.६. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

१०५

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

११५

परिच्छेद ५: तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमताविकास र अन्तरसम्बन्ध

१२१

परिच्छेद ६: शैक्षिक सुशासन  र गुणस्तर व्यवस्थापन

१३०

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

१४३

परिच्छेद ८ : योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१५२

सन्दर्भ सामग्री सूची

१६२

अनुसूचीहरु

१६४

**अनुसूची १- पालिका स्तरीय परामर्श गोष्ठीमा सहभागिहरुको विवरण ।**

**अनुसूची २ – छथर गाउँपालिकाको विद्यलाय शिक्षाको  प्रमुख समस्या विरुध वृक्ष ।**

**अनुसूची ३- छथर गाउँपालिकाको स्थानीय शिक्षा योजनाको प्रारुप ।**

**अनुसूची ४ – छथर गाउँपालिकाको विद्यालय शिक्षाको SWOT विश्लेषण**

**( समुह कार्यको आधारमा विभाजन)**

**अनुसूची ५ – छथर गाउँपालिकाका प्रधानाध्यापकहरुबाट गरिएको**

**अनुसूची ६ - आ.व. २०८२।०८३ को शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको बजेट प्रकार ।**

**अनुसूची ७ - आ.व. २०८३।०८४ को शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको अनुमानित बजेट प्रकार ।**

**अनुसूची  – ८ छथर गाउँपालिका भित्र सञ्चादनमा रहेका सामुदायिक विद्यालयहरुको विवरण ।**

# कार्यकारी सारांश

बहुल जाति भाषा धर्म कला र संस्कृतिले सजिएको छथर गाउँपालियका तेह्रथुम जिल्लाका ६ ओटा स्थानीय तहहरु मध्ये छथर गाउँपालिका पनि एक हे । यस पालिकाले निःशुल्क र अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको सबैको सामू छरलङ्गै छ । मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेशपश्चात यस पालिकाको पहिलो जननिर्वाचित सरकारले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिव २० प्रतिसत भन्दा बढि बजेट विनियोजन गरेर शिक्षालाई उच्च प्राथमिकता दिने काम गरेको छ । यस गाउँ सरकारले आफ्नै बजेट र कार्यक्रमबाट विभिन्न तहका शिक्षक दरबन्दी सिर्जना गरेर गाउँपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउने कामलाई उच्च प्राथमिकता दिएको छ । शिक्षालाई अझ योजनाबद्ध किसिमबाट अगाडी बढाउनका लागि गाउँपालिकाले शिक्षा क्षेत्रको प्रस्तुत पाँच वर्षे योजना समेत निर्माण गरी कार्यान्वयनको क्रममा रहेको छ ।

योजना निर्माणको क्रममा नेपालको संविधान २०७२, सोह्रौँ आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४,सङ्घ, प्रदेश र स्थानीय तह (समन्वयतथा अन्तरसम्बन्ध) ऐन २०७७, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन,नियमावली, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र

२०७९, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना, स्थानीय तहको मध्यमकालिन खर्च संरचना, राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८ , शैक्षिक सूचना सङ्गालो २०८१, फ्लास रिपोर्ट २०२४/२५, छथर गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरुमा बजेट र आयव्यको विवरण र नगरपालिकाका अन्य विवरण र प्रकाशनहरु आदिको अध्ययन गर्ने काम गरिएको थियो । यसका अन्य गाउँपालिका र नगरपालिकाहरुका शिक्षासम्बन्धी योजनाहरुलाइ पनि योजनाको प्रस्तुत खाका निर्माणको लागि मुख्य आधार बनाइएको थियो ।

प्रस्तुत ५ वर्षे स्थानीय शिक्षा योजना (२०८३-२०८७) गाउँपालिकाको शिक्षाको विद्यालय तहको योजना हो । योजनाको पहिलो परिच्छेदमा योजनाको परिचय र यसको निर्माण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ भने दोश्रो परिच्छेदमा योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरु समावेश गरिएको छ । योजनाको तेस्रो परिच्छेदमा शिक्षाका उपक्षेत्रको रुपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा, साक्षरता तथा निरन्तर सिकाइलाई समेटिएको छ । त्यसैगरी चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्रहरुसँग अन्तरसम्बन्धित विषयवस्तुको रुपमा शिक्षक विकास र व्यवस्थापन, पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन, शिक्षामा सूचना र सञ्चार प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, विद्यालय पोषण एवम् दिवा खाजा कार्यक्रम, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालयहरुको भौतिक पुर्वाधार विकासलाई समेटिएको छ । उपक्षेत्र र अन्तरसम्बन्धित विषयवस्तुहरुको विश्लेषण गर्दा हरेक विषय वा एकाइभित्र परिचय, वर्तमान अवस्था, चुनौति र अवसर, उद्देश्य, रणनीतिक क्रियाकलापहरु, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यलाई क्रमिकरुपमा समेटिएको छ । यसका अतिरिक्त पाँचौं परिच्छेदमा तीनै सरकारहरुको बीचको संरचना, क्षमता विकास र सम्बन्ध, छैठौं परिच्छेदमा शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन, सातौं परिच्छेदमा लगानी र स्रोत व्यवस्थापन र आठौं परिच्छेदमा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई समेटिएको छ ।

योजनाले चुनौतिको रुपमा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर लगायत सबै तहको विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता र गुणस्तरको सुनिश्चितता गर्नु, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, शिक्षालाई सीप र श्रमसँग जोडेर गाउँपालिको आर्थिक उपार्जन र समृद्धिको लागि प्राविधिक, व्यावसायिक र उद्यमशील जनशक्ति उत्पादन गर्नु, शिक्षकको

अनावश्यक संख्यालाई कटौति गरेर आवश्यकताका आधारमा उपयुक्त संख्यामा पेसाप्रति समर्पित, दक्ष  र जवाफदेही शिक्षकहरुको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउनु,  गाउँपालिका लगायत समग्र मुलुकको जीवन र जगतलाई सम्मानपूवर्क समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि पाठ्यक्रम तथा सिकाइ क्रियाकलापहरुलाई समसामयिक र सान्दर्भिक बनाउनु,  सबै प्रकारका हिंसा, जोखिम, विभेद र प्रकोपबाट शिक्षणसंस्थालाई सुरक्षित बनाउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी बनाउनु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वासमा अभिवृद्धि गरी विद्यार्थी संख्यामा बृद्धि  गर्नु आदिलाई आत्मसात गरी योजनालाई मूर्तरुप दिने काम गरिएको छ ।

बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवाका साथै मनोसामाजिक सेवा विद्यालयमार्फत् प्रदान गर्नु, छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी बनाउनु, गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु,  विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु, गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु आदिलाई पनि यस योजनाले सम्बोधन गर्नु पर्ने चुनौतिहरुको रुपमा स्वीकार गर्नु पर्ने देखिएको छ ।

यसैगरी छथर गाउँपालिकाको स्थानीय शिक्षा योजनाले महत्वपूर्ण अवसरको रुपमा योजना अवधिभरि पनि अभाव नहुने गरी शिक्षक व्यवस्थापन गरेको, स्थानीय तहलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको, गाउँपालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री तयार गरी कार्यान्वयन गरिरहेको, अन्य अवसरहरुको रुपमा केही दशकदेखि शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि यसपूर्व नै सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरु पूर्वाधारका रूपमा रहेको, आधारभूत तहमा

निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानूनी तथा नीतिगत आधार तयार भई कार्यान्वयन भइरहेको, शिक्षामा नागरिकको चासोका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैगिंक समतामा आशातीत प्रगति हुँदै गएको, संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य, सहलगानी र समन्वयको स्वरूप प्रारम्भ भएको, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन भइरहेको, सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुदै गएको, सबै विद्यालयहरु इन्टरनेट र सूचना प्रविधिको पहुँचमा भएको, गाउँपालिकाका अधिकांस विद्यालयहरुमा पर्याप्त पूर्वाधार र जग्गाजमीन भएको, गाउँपालिका आफै विविधताले भरिएको र मुलुककै संस्कृति र पर्यटन क्षेत्रको भण्डारको रुपमा रहेकाले हामीले अपेक्षा गरेकै गुणस्तरीय शिक्षा विकासका लागि उपयुक्त थलोको रुपमा गाउँपालिका रहेको जस्ता पक्षहरुलाई आत्मसात गरिएको छ ।

योजनाले उल्लिखित चुनौति र अवसरहरुलाई विश्लेषण गरी दूरदृष्टीको रुपमा 'छथर गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको सुनिश्चितता, खुसी स्वस्थ र प्रविधियुक्ति जनशक्ति उत्पादनमा प्राथमिकता' अघि सारेको छ । त्यसरी नै योजनाले लक्ष्य र उद्देश्यअन्तर्गत सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने, विद्यालय शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुसार सञ्चालन गर्ने, गाउँपालिकाका बसोबास गर्ने सबै इच्छुक नागरिकका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई विस्तार गरी समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइलाई स्वरोजगार र आयआर्जनसँग जोड्ने, शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्ने, शैक्षिक संरचनाहरुमा प्रोत्साहनमूलक वातावरणको सिर्जना गर्ने, शिक्षण पेशालाई रुचिको पेशा बनाउन चाहने दक्ष र इमान्दार व्यक्तिहरुलाई शिक्षक हुनका लागि उपयुक्त वातावरणको विकास गर्ने, पर्यावरण संरक्षणमा सघाउ पुग्नेगरी हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने, पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएक मानव मूल्यनिष्ट र रोजगारउन्मुख नागरिक तयार गर्ने, समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय

शिक्षा सुनिश्चित गर्ने, शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाउने आदिलाई अघि सारेको छ ।

उल्लिखित उद्देश्यहरुलाई परिपूर्ति गर्नका लागि क्षेत्रगत र विषयगत रुपमा रणनीतिक क्रियाकलापहरुको प्रक्षेपण गरिएको छ । विद्यमान कानून र नीति नियमलाई पुनरावलोकन गरी कार्यान्वयन गरिने रणनीति र क्रियाकलापहरुमा प्रमुख रुपले बालविकासलाई एकवर्षको अवधिबाट बढाएर दुई वर्ष अवधिको बनाइने, आधारभूत शिक्षालाई अनिवार्य बनाउनका लागि अन्य कुराहरुका अतिरिक्त सरकारका तीनै तहको राज्यकोषबाट तलव खाने कुनैपनि व्यक्तिले कम्तिमा पनि आधारभूत तहको शिक्षा हासिल गरेको हुनुपर्ने, विद्यालय खाजा कार्यक्रमको अनुदानलाई समसामयिक गर्दै कक्षा ८ सम्म विस्तार गरिने, अभिभावकविहीन बालबालिकाका लागि गाउँपालिकाले अभिभावकको भूमिका निर्वाह गरी उनीहरुको शिक्षा खर्चका अतिरिक्त खाना, नाना र छानाको व्यवस्था गरिने, सबै प्रकारका छात्रवृत्तिहरु भौचर प्रणालीबाट उपलब्ध गराइने, पेसाप्रति समर्पित, इमान्दार र नैतिकवानका साथै कम्प्यूटर लगायतका सीप भएको व्यक्तिको शिक्षण सेवामा प्रवेशका लागि शिक्षक छनोट गर्ने वर्तमान पाठ्यक्रममा पुनरावलोकन गरिने, शिक्षालाई चुस्त र दुरुस्त किसिमले सञ्चालन गर्नका लागि यसको संरचनालाई पुनरावलोकन गरिने आदिलाई समावेश गरिएको छ ।

योजनाको समग्र पक्षको पूर्णताका लागि सकेसम्म तीनै सरकारहरुले अबलम्बन गर्नुपर्ने रणनीतिहरुलाई समेट्ने काम प्रस्तुत योजनाले गरेको छ । लगानी तथा स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आदिको सवालमा तीनवटै सरकार जिम्मेवार हुने मान्यतामा कार्यक्रम र क्रियाकलापहरुको व्यवस्थापन गरिएको छ । योजनाको अन्त सम्ममा तीनै तहका सरकारहरुले कुल बजेटको कम्तिमा बीस प्रतिसत बजेट शिक्षामा लगानी गर्ने अपेक्षा गरिएको छ । यसरी विश्लेषण गर्दा छथर गाउँपालिकाको योजना अवधि अर्थात पाँच वर्षसम्म आवश्यक पर्ने कुल बजेट रु. १ अरब ३४ करोड ३१ लाख २३ हजार अनुमान गरिएकोछ । उक्त बजेटमध्ये संघीय सरकारबाट ९०.०० प्रतिसत, प्रदेश सरकारबाट ७.० प्रतिसत र स्थानीय तहबाट ३.० प्रतिसत लगानी हुने अपेक्षा गरिएको छ । योजना अवधिमा नागरिक समाज अभिभावक र गैरसरकारी संघसंस्थाहरुबाट समेत विभिन्न किसिमबाट योगदान हुने अपेक्षा गरिएको छ जसलाई बजेटमा अनुमानको एकिन नगरिए पनि अपेक्षा भने स्वाभाविक रुपमा गरिएको छ ।

## तालिका सूची


| तालिका नं | विषय | पेज नं |
|---|---|---|
| १.१ | छथरका जातजाति र तह अनुसार विद्यार्थीहरुको विवरण | ४ |
| १.२ | छथरमा वडागत विद्यालय विवरण | ५ |
| १.३ | छथर गाउँपालिकामा तहगत शिक्षक दरबन्दीको विवरण | ५ |
| २. १ | मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | १४ |
| ३.२ | प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | २३ |
| ३.३ | आधारभूत शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ३४ |
| ३.४ | माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ४४ |
| ३.५ | प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ५२ |
| ३.६ | अनौपचारिक शिक्षा साक्षरता  र आजीवन सिकाइका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६० |
| ४.२ | शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६८ |

| | | |
|---|---|---|
| ४.३ | पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ८० |
| ४.४ | शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्शसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | ९२ |
| ४.५ | शिक्षामा सूचना र सञ्चार प्रविधिसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | १०३ |
| ४.६ | विद्यालय सुरक्षा विपद न्यूनिकरण र उत्थानशीलतासम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | १११ |
| ४.७ | शिक्षामा भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १२० |
| ५.१ | संस्थागत संरचना क्षमता विकास र अन्तरसम्बन्धका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १२८ |
| ६.१ | शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १३९ |
| ७.१ | नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरुप (बजेट रु करोडमा) | १४४ |
| ७.२ | नेपालमा सरकार र व्यक्तिगत किसिमका शिक्षामा गरिएको लगानीको तुलना | १४५ |
| ७.२ | छथर गाउँपालिकाको विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरुप (बजेट रु लाख) | १४५ |
| ७.३ | शिक्षामा विभिन्न उपक्षेत्रगत संघीय लगानीको अवस्था | १४६ |
| ७.४ | छथर गाउँपालिकाको आगामी पाँच वर्षसम्मको बजेटमा शिक्षा क्षेत्रको प्रस्तावित बजेट | १५० |
| ७.५ | छथर गाउँपालिकाको शिक्षा क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा हुने व्ययको अनुमान | १५१ |

| | | |
|---|---|---|
| ८.१ | कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १५९ |

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनसंरचना भई एकात्मक राज्य व्यवस्थाबाट नेपाल संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रबर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरुको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।


संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच"समृद्ध नेपाल, सुखी नेपाली"सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उदेश्य प्राप्तिका लागि राष्ट्रिय रुपमा शैक्षिक कार्यक्रमहरु बीच तादात्म्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति सामुदायिक विद्यालय सबलीकरण

दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू १५ वर्षे दिगो विकास लक्ष्य पन्ध्रौँ आवधिक योजनाका लक्ष्यहरु र कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी हालै नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं. २०८३ देखि २०८८ सम्म) निर्माण गरेको छ र प्रदेश र स्थानीय तहहरुले समेत कम्तीमा पनि ५ वर्षको विद्यालय शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण गर्नु पर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाएको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२६ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३१ सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रुपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रुपमा भूमिका खेल्ने अपेक्षा राख्दै हाम्रो छथर गाउँपालिकाले पनि स्थानीयतामा आधारित रहेर यो विद्यालय शिक्षा क्षेत्रको प्रस्तुत १० वर्षे योजना निर्माण गरेको छ ।

## १.२ छथर गाउँपालिकाको परिचय

तेह्रथुम जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये छथर गाउँपालिका पनि एक हो । छथर गाउँपालिकाको स्थापना वि.स. २०७३।११।२७ गते भएको हो । साविकका आङदिम, हमरजुङ, पञ्चकन्या, फाक्चामारा, ओख्रे र सुदाप गा.वि.स.लाई समायोजन गरी छथर गाउँपालिकाको घोषणा गरिएको थियो। यसलाई ६ वटा वडामा विभाजन गरिएको छ। वि.स. २०७८ को राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार यस गाउँपालिकामा जम्मा ३४७६ परिवार संख्या रहेको छ भने पुरुषको संख्या ६१५० जना र महिलाको संख्या ६३४४ जना गरी जम्मा जनसंख्या १२४९४ जना रहेको छ। यस गाउँपालिकाको नाम छथर रहनुको कारण यसै गाउँपालिका अन्तर्गत वाड नं. ३ मा रहेको प्रसिद्ध सिमसार क्षेत्र माछा पालनका लागि उपयुक्त स्थानका रूपमा समेत परिचित बढैया तालकै नामबाट रहन गएको हो ।

## १.२.१ भौगोलिक अवस्थिति र सिमाना




नेपालको संविधान २०७२ ले संघीय राज्यको निर्माणका साथै तिन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन् संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ, राज्य शक्ति एक ठाउँमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरुप तेह्रथुम जिल्लालाई पनि २ नगरपालिका र ४ गाउँपालिका गरी ६ वटा स्थानीय तहहरु गठन भएको छ। नेपालका ७ वटा प्रदेश अन्तर्गत पर्ने कोशी प्रदेशको पहाडी जिल्लामध्ये तेह्रथुम पनि एक हो । छथर गाउँपालिका नेपालको कोशी प्रदेश अन्तर्गत तेह्रथुम जिल्लामा अवस्थित छ। यो गाउँपालिका मध्य-पहाडी भेगमा पर्दछ। यहाँको हावापानी मध्यम खालको रहेको छ। भौगोलिक हिसाबले विविधतायुक्त रहेको यस गाउँपालिका क्षेत्र ऐतिहासिक हिसाबले निकै प्रख्यात रहेको थियो। पर्यटकीय हिसाबले अत्यन्तै महत्व बोकेको यो क्षेत्र अत्यन्त सुन्दर एवम् मनमोहक पनि रहेको छ ।

**नामाकरण**

पूर्वी नेपालको १७ थुम मध्येको एक थुम छथर हो। छथरको नामाकरणका सम्बन्धमा थुप्रै किम्वदन्तीहरु रहेका छन् । छथर शब्द थङ्थरु शब्दबाट अपभ्रंश भएको मानिन्छ, यसको अर्थ लडाई थामियो भन्ने हुन्छ। दस्तावेजहरुमा विक्रम सम्बत १८६७ बाट छथर लेख्न थालिएको हो । खेवाहाङ्गहरु लिम्बुवानका महत्वपूर्ण शक्तिको रुपमा गनिन्थे। वि.सं १८६७ ताका यिनै छथरे खेवाले आफ्नो छुट्टै अस्तित्व खडा गरि थुमको नाम नै आफ्नै छथरी खेवाको नामबाट नामाकरण गरि कायम गराएको पाइन्छ ।

यस गाउँपालिकाको कूल क्षेत्रफल १३३.९३ वर्ग कि.मी. अर्थात् १३,३९३ हेक्टर रहेको छ। नव स्थापित यस गाउँपालिकालाई प्रशासनिक दृष्टिकोणबाट ६ वटा वडामा विभाजन गरिएको छ। साविक आङ्गदिम गाविसको क्षेत्रलाई वडा नं. १ कायम गरिएको छ भने हमरजुङ गाविसको क्षेत्रलाई वडा नं. २ कायम गरिएको छ। यसैगरी पञ्चकन्या गाविसको क्षेत्रलाई वडा नं. ३ कायम गरिएको छ भने फाक्चामारा गाविसको क्षेत्रलाई वडा नं. ४ कायम गरिएको छ। यसैगरी साविक ओख्रे गाविसको क्षेत्रलाई वडा नं. ५ कायम गरिएको छ भने साविक सुदाप गाविसलाई वडा नं.

६ कायम गरिएको छ । नेपाल सरकारले हाल वडा नम्बर ५ र २ मा स्थित शुक्रबारे बजारमा रहेको कार्यालयलाई छथर गाउँपालिकाको केन्द्र तोकेको छ ।

**भौगोलिक स्वरुप**

यो गाउँपालिकाको उचाई समुद्री सतहबाट ३२२ मी. देखि २५५० मी. उचाई सम्म छ। यो गाउँपालिकाको केन्द्रको भौगोलिक अवस्थिति समुद्र सतहबाट १९२० मि. उचाईमा रहेको छ भने गाउँ पालिकाको केन्द्र २७°०३'३१" उत्तरी अक्षांश र ८७°२७'०१" पूर्वीदेशान्तरमा रहेको छ। साविकका ६ वटा गा.वि.स.हरु (आङदिम, हमरजुङ, पञ्चकन्या, फाक्चामारा, ओख्रे तथा सुदाप) गाभेर मिति २०७३ फागुन २७ गतेको नेपाल सरकारको निर्णय अनुसार यो गाउँपालिका गठन गरिएको छ ।

समुद्र सतहबाट ३२२ मिटर देखि २५५० मिटर सम्मको उचाईमा अवस्थित छ । १३३.९३ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वी सीमामा तमोर नदि पाँचथर जिल्लाको, पश्चिममा धनकुटा सीमामा उत्तर सीमामा लालिगुराँस नगरपालिका र म्याङलुङ नगरपालिका दक्षिण सीमामा धनकुटा जिल्ला रहेको छ । यस पालिकाको केही भूभाग वनजङ्गलले ढाकिएको भए पनि अधिकांश भूभाग खेतीयोग्य जमीनले भरिएको छ ।

## १.२.२ जनसङ्ख्या र सामाजिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार छथर गाउँपालिकाको कुल जनसङ्ख्या १४१९७ रहेको छ जसमा महिलाहरुको सङ्ख्या ७२६६ र पुरुषको सङ्ख्या ६९३१ रहेको छ । लैङ्गिक अनुपात हेर्दा सयजना महिला बराबर ९५.३९ जना पुरुष रहेको देखिन्छ । उमेरगत हिसावले हेर्दा ४ वर्ष मुनिको जनसंख्या ११२१ जना रहेको छ भने ५ देखि ९ वर्ष उमेरको जनसङ्ख्या १२८२ रहेको छ । त्यसरी नै यस गाउँपालिकामा भएका जम्मा ६ वटा वडाहरुमध्ये सबैभन्दा बढी जनसङ्ख्या वडा नं. ५ (३११४) रहेको छ भने सबैभन्दा कम जनसङख्या (१४५२) वडा नं. ३ मा रहेको छ । जातिगत हिसावले हेर्दा यहाँ लिम्बू जातिको बाहुल्यता रहेको छ । यस पालिकामा लिम्बू जातिको कुल जनसङ्ख्या ६०६० (४५.६%) रहेको छ भने अन्य जातजातिमा क्षेत्रीको ३५०६ (२६.४), विश्वकर्माको ६७८ (४.८), ब्राम्हणको ५७८(४.१), मगरको ४८५ (३.४), तामाङ ४४९ (३.२), नेवार ४३५ (३.१), शेर्पा ४१७ (२.९), परियार ३९२ (२.८), र मिजार २८४ (२.०) रहेको देखिन्छ ।

यस ठाउँका मानिसहरुको मुख्य पेशा कृषि हो । सरकारी सेवामा यहाँका मानिसहरुको उपस्थिति कमै रहेको छ । यहाँका युवाहरु रोजगारीका अन्य मुलुकहरुमा जाने गर्दछन् । लिम्बू समुदायमा प्रणाली मार्फत सामुहिक कार्यहरु जस्तै , भोजभतेरका साथै कसैको घरमा मान्छे बित्यो भने सहयोग गर्ने र विवाहमा समेत सहयोग दिने चलन छ । लिम्बू समुदायले माघ पर्वलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछ । यो महान पर्व पनि हो । यस पर्वपछि माघी देवानी भन्ने गरिन्छ जसमा गाउँको गत वर्षको समीक्षा गर्नुको साथै आगामी वर्षका लागि योजना पनि बनाइने

गरिन्छ । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै धर्म संस्कृति र चालचलनहरु छन् । यहाँका मानिसहरु बडा दशै, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, चासोक तङ्नाम,उधौलि,उभौलि, भदौरे,पूर्णिमा,राकेमेला, होली, चैते दशै, माघ/माघे संक्रान्ती, थाक्चोलुङ मंसिरे पूर्णिमा मेला, बुद्ध जयन्ती, विभिन्न ल्होसार पर्वहरु, क्रिसमस डे आदी चाडपर्वहरु मनाउने गर्दछन् । साथै पर्यटकीय / धार्मिक/ ऐतिहासिक/पुरातात्विक मार्गा पोखरी,पटके डाडा,तमोर नदि,ताक्लुङ्ग गढी, थाक्चोलुङ मन्दिर,चाङ्सिङ गढी, च्याङलुङ गुफा, साततले गुफा,जालपादेवी आदी रहेका छन् ।

यहाँका जनसङ्ख्या सङ्लग्न भएको व्यवसायको सन्दर्भ उल्लेख गर्दा (८८.९) प्रतिसत मानिसहरु अर्थात करिव ९२७८ जनसङ्ख्या कृषि पेशामा सङ्लग्न छन् जसमा महिलाहरुको प्रतिसत ९०.९ प्रतिसत रहेको छ भने पुरुषहरुको प्रतिसत ८६.८ रहेको छ । त्यसैगरी निर्माणसम्बन्धी पेशामा ११६ (१.१) जनसङ्ख्या संलग्न रहेको देखिन्छ । उतपादनमा ११५ (१.१) थोक व्यापार ३८५ शिक्षा २३७ रहेको देखिन्छ । बैबाहिक स्थिति हेर्दा यहाँका २२.४ प्रतिसत किशोरीहरु र ९.९ प्रतिसत किशोरहरुले १५–१७ वर्षमा विवाह गरिसकेका हुन्छन् भने १८–२० वर्षका करिब २५ र ३४ प्रतिसत किशोर किशोरीहरुले विवाह गरिसकेका हुन्छन् ।

## १.३ शैक्षिक सूचकहरुमा छथरको अवस्था

यस गाउँपालिकाको ५ वर्षमाथिको कुल साक्षरता दर ७९.१ प्रतिसत रहेको छ जसमा महिलाको साक्षरता दर ७२.३ र पुरुषको साक्षरता दर ८६.३ प्रतिसत रहेको छ । राष्ट्रिय जनगणनाका अनुसार यस पालिकाका साक्षर जनसङ्ख्यामध्ये पूर्व प्राथमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या ३४३ (४.३), प्राथमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या ३०६४ (२९.५), निम्न माध्यमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या २२२८ (२१.५), माध्यमिक शिक्षासम्म पूरा गर्नेहरुको सङ्ख्या १७८८ (१७.२), एसएलसीसम्म पूरा गर्नेहरुको सङ्ख्या (८.१), कक्षा १२ सम्म पूरा गर्नेहरुको सङ्ख्या ९१६ (८.८), स्नातकसम्म पूरा गर्नेहरुको सङ्ख्य २०५ (२), स्नातकोत्तर पूरा गर्नेहरुको सङ्ख्या ९५ (०.९) र त्यो भन्दा माथिको शिक्षा पूरा गर्नेहरुको सङ्ख्या ४६ (०.१) रहेको देखिन्छ ।

त्यसरी नै एसइइ पछि कक्षा ११–१२ मा अध्ययन गर्नेहरुमध्ये सबैभन्दा बढि अर्थात ८२४ (६७.८) विद्यार्थीहरु शिक्षा , विद्यार्थीहरु व्यवस्थापन, १८१ (१४.९) विद्यार्थीहरु विज्ञान र प्रविधि, ३९ (३.२) विद्यार्थीहरु स्वास्थ्य र चिकित्सा, २४ (२) मानविकी तथा समाजिक शास्त्र ९९ (८ प्रतिशत) विद्यार्थीहरु अध्ययन गरिरहेको अवस्था देखिन्छ ।

छथर गाउँपालिकामा विद्यालयहरुको सङ्ख्या ४० रहेको छ जसमा सामुदायिक विद्यालयहरुको ३७ रहेका छन् भने संस्थागत विद्यालयहरु ३ वटा रहेका छन् । यीमध्ये कक्षा १–५ सञ्चालित

२२ वटा (सामुदायिक), कक्षा १–८ सञ्चालित ३ वटा (सामुदायिक २ र संस्थागत १), कक्षा १–१० सञ्चालित ६ वटा (सामुदायिक ६ र संस्थागत ०) र कक्षा १–१२ सञ्चालित ३ वटा (सामुदायिक ३ र संस्थागत ०) रहेका छन् । यसैगरी सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरुको सङ्ख्या ४७ रहेको छ । त्यसैगरी सामुदायिक सिकाइ केन्द्र ३ वटा र शिशु स्याहार केन्द्र ५ वटा र सामुदायिक पुस्तकालय एउटा सञ्चालनमा रहेका छन् । साथै एउटा सामुदायिक क्याम्पस पनि सञ्चालनमा रहेको छ ।

यसरी नै प्रारम्भिक बालविकासमा कार्यरत सहयोगी कार्यकर्ता अर्थात शिक्षकहरुको सङ्ख्या ४७ जना रहेको छ भने सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको कुल सङ्ख्या २२३ जना रहेको छ । यीमध्ये प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह (उच्च माध्यमिक समेत) को शिक्षकहरुको सङ्ख्या क्रमशः १३६ जना, ३७ जना र २४ जना कार्यरत रहेका छन् । यीमध्ये स्थायी १६९ जना (प्राथमिक तह – १२१ जना, नि.मा. तह ३१ जना र माध्यमिक तह १८ जना ), राहत २८ जना ( प्राथमिक तह १५जना, नि.मा. तह ६ जना र माध्यमिक तह ७ जना) र अस्थायी करार १४ जना (प्राथमिक तह), माध्यमिक अनुदान ८ जना र प्रदेश अनुदान १ जना उच्च माध्यमिक अनुदान ६ (प्राविधिक धार समेत) सञ्चालन नरहेको छ ।

फ्लास रिपोर्ट २०८२ का अनुसार सामुदायिक शिक्षा तर्फ यस पालिकामा प्रारम्भिक बालविकासमा अध्ययनरत बालबालिकाको सङ्ख्या ३९२, आधारभूत तह (१–५) मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ११८३, आधारभूत तह (कक्षा ६–८) मा अध्ययरत विद्यार्थीको सङ्ख्या ६७३ र माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययरत विद्यार्थीको सङ्ख्या ६६० जना रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात हेर्दा प्रारम्भिक बालविकासमा १:६, आधारभूत तह (१–५) मा १: ७, आधारभूत तह (कक्षा ६–८) मा १:१७ र माध्यमिक तह (कक्षा ९–१२) मा १: १७ रहेको छ ।

विद्यार्थीहरुको कुल भर्नादर बालविकास केन्द्रमा ११५ प्रतिसत, आधारभूत तह (१–५) मा ११०.४ प्रतिसत, आधारभूत तह (६–८) ११६.८ प्रतिसत र माध्यमिक तह (कक्षा ९–१२) मा ८०.४ प्रतिसत देखिन्छ । यसरी नै खुद भर्नादर बालविकास केन्द्रमा ८१.६ प्रतिसत, आधारभूत तह (१–५) मा ९३ प्रतिसत, आधारभूत तह (६–८) ९६.१ प्रतिसत र माध्यमिक तह (कक्षा ९–१२) मा ३२.५ प्रतिसत देखिन्छ । छथरको कक्षा छोड्ने दर कक्षा १–५ को ०.८९ प्रतिसत, कक्षा ६ –८ को ०.३४ प्रतिसत, कक्षा ९–१० को ० प्रतिसत र कक्षा ११–१२ को ० प्रतिसत रहेको देखिन्छ । यसरी नै कक्षा दोहोऱ्याउने दर कक्षा १–५ को १०.२ प्रतिसत, कक्षा ६ –८ को ६.० प्रतिसत र कक्षा ९–१० को ३.२४ प्रतिसत रहेको देखिन्छ । कक्षा ८ सम्मको टिकाउ दर ८०.५३ प्रतिसत रहेको छ । जनजाति दलित क्षेत्री र अन्य जातजातिका विद्यालय गइरहेका विद्यार्थीहरुको संख्यागत विवरण देहायको तालिकामा हेर्न सकिन्छ ।

## तालिका नं. १.१

## जनजाति र तह अनुसार विद्यालय गईरहेका बालबालिकाहरुको संख्या

| जाती | ECD | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| जनजाती | १०१ | १०३ | २०४ | ३३२ | ३७८ | ७१० | १९९ | २०० | ३९९ | १४० | १११ | २५१ | ८० | ६५ | १४५ |
| दलित | २३ | ३२ | ५५ | ६९ | ७५ | १४४ | ३७ | ४९ | ८६ | १५ | २० | ३५ | ११ | ८ | १९ |
| क्षेत्री | ५६ | ७६ | १३२ | १५३ | १६९ | ३२२ | १०४ | ८२ | १८६ | ६० | ५८ | ११८ | ४६ | ४२ | ८८ |
| अन्य | 0 | १ | १ | ३ | ४ | ७ | १ | १ | २ | ० | १ | १ | २ | १ | ३ |
| जम्मा | १८० | २१२ | ३९२ | ५५७ | ६२६ | ११८३ | ३४१ | ३३२ | ६७३ | २१५ | १९० | ४०५ | १३९ | ११६ | २५५ |

स्रोतः IEMIS २०८२

छथर गाउँपालिकामा रहेका विद्यालय एवम् शिक्षण संस्थाहरुलाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १.२**

**वडागत विद्यालय विवरण**

| वडा नं. | आधारभूत तह | माध्यमिक तह | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | २ | ० | ४ | ० | २ | ० | ० |
| २ | ४ | २ | ० | ४ | ० | १ | १ | ० |
| ३ | ५ | १ | ३ | २ | ० | १ | ० | ० |
| ४ | ४ | २ | ० | ४ | ० | १ | १ | ० |
| ५ | ५ | १ | १ | ४ | १ | ० | १ | ० |
| ६ | ४ | १ | ० | ४ | १ | १ | ० | ० |
| **जम्मा** | **२२** | **९** | **४** | **२२** | **२** | **६** | **३** | **०** |

छथर गाउँपालिकाका ३७ ओटा सामुदायिक विद्यालयहरुमध्ये कक्षा १-३ सञ्चालित ४ , कक्षा १-५ सञ्चालित २२ , कक्षा १-८ सञ्चालित २, कक्षा १-१० सञ्चालित ६ र कक्षा १-१२ सञ्चालित ३ ओटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८२ मा बालविकासतर्फ जम्मा ३९२ मध्ये सामुदायिक तर्फ २८८ र संस्थागतमा १०४ विद्यार्थी रहेका, कक्षा १-५ मा ११८३, कक्षा ६-८ मा ६७३, कक्षा ९-१० मा ४०५ र कक्षा ११-१२ जम्मा २५५ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या २९०८ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या १४३२, छात्र संख्या १४७६  रहेको छ।

**तालिका नं. १.३**

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र. सं. | तह | दरबन्दी | राहत | अनुदान/अस्थायी | जम्मा | निजी स्रोत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | १२१ | १५ | ० | १३६ | १ | १३७ |
| २ | निम्न माध्यमिक | ३१ | ६ | ० | ३७ | १ | ३८ |
| ३ | माध्यमिक | १७ | ७ | १ | २५ | १ | २६ |
| ४ | उच्च माध्यमिक | ० | ४ | २ | ६ | ० | ६ |
| | कुल जम्मा | १६९ | ३२ | ३ | २०४ | | |
| ५ | वाविके | ० | ० | ४७ | ४७ | ० | ४७ |
| ६ | सा.सि.के. | ० | ० | ३ | ३ | ० | ३ |
| ७ | शिशु स्याहार | ० | ० | ० | ० | ५ | ० |
| | जम्मा | १६९ | ३२ | ५३ | २५४ | ३ | |

माथि उल्लेख गरिएका छथर गाउँपालिकाका अन्य शैक्षिक सूचकहरु निम्नानुसार प्रस्तुत गरिएका छन् :

| क्र.सं. | सूचक | २०८२ को अवस्था |
|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर (%) | ११५ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षामा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | १०० |
| १.३ | कक्षा १ मा सिधै भर्ना भएका बालबालिकाको प्रतिशत | ० |
| **२** | **आधारभूत शिक्षा (१-८)** | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर | ७३ |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | १४०.३ |
| २.३ | कक्षा १-५ मा खुद भर्ना दर | ९३ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | ११०.४ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ६७.८ |
| २.६ | प्राथमिक कक्षा ५ पूरा गर्ने दर | ८८ |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.८८ |
| २.८ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.७ |
| २.९ | कक्षा १-८ मा कूल भर्ना दर | १२२.२ |

| | | |
|---|---|---|
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | ८०.५३ |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ८०.५३ |
| २.१२ | कक्ष १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९७ |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | ४३.८७ |
| **३** | **माध्यमिक शिक्षा** | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | १०४.० |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ५९.६६ |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर | ६२.४४ |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर | ७९.१८ |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर | १६०.३१ |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर | ३२.५२ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६८.०१ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३८ |
| ३.९ | कुल भर्ना दरमा लैङ्गिक समता सूचक ९-१२ | ०.८६ |
| ३.१० | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर | ९८.२३ |
| ३.११ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षकको प्रतिशत | ३०.२३ |
| ३.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | |
| ३.१३ | कक्षा १० का विद्यार्थी सकाई उपलब्धि (अङ्कमा) | ९७.८५ |
| **४** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाई** | |
| ४.१ | साक्षरता दर ( १५ वर्ष भन्दा माथि ) (%) | |
| ४.२ | साक्षरता दर ( ६ वर्ष भन्दा माथि ) (%) | ७९.१ |
| ४.३ | साक्षरता दर ( १५-२४ उमेर समूह ) (%) | |
| **५** | **सुशासन तथा व्यवस्थापन** | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ७ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | १५ |
| ५.३ | कक्षा १-८ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ९ |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ११ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | १५ |
| **६** | **शिक्षामा लगानी** | |

| | | |
|---|---|---|
| ६.१ | कुल बजेटमा शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | १८९९०००००।- |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | ९० |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | ३९ |

## १.४ छथर गाउँपालिकाका शिक्षाका समस्या, चुनौती र अवसरहरु

### क) शैक्षिक समस्या एवम् चुनौतीहरु

छथर गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न किसिमका कार्यक्रमहरूको थालनी गर्दा पनि केही समस्या तथा चुनौतीहरू झेलिरहेको अवस्था छ । समग्रम भन्नु पर्दा नेपालको शिक्षा प्रणालीले गर्दा समेत समस्या तथा चुनौतीहरू हाम्रा सामु विद्यमान छन् । विशेषगरी छथर गाउँपालिकाको शिक्षामा भएका केही समस्या तथा चुनौतीहरू यस प्रकार रहेका छन् :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न एवम् प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र /कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु ।
- पूर्ण साक्षर गाउँपालिका घोषणाका साथै निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु,
- यस छथर गाउँपालिका भित्रका आर्थिक रुपले विपन्न, सहिद परिवारका बालबालिका, दलित, जनजाति,बालिकाहरुलाई छात्रवृत्ति सहित घर आँगनमै प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छथर गाउँपालिकाको साझेदारीमा बहुप्राविधिक शिक्षालय, क्याम्पस स्थापना गरी सञ्चालन गर्नु,
- छथर गाउँपालिकालाई शैक्षिक क्षेत्रको नमूना बनाउनको लागि सोही अनुसारको शिक्षा योजना निर्माण गर्नु ,
- प्रारम्भिक बालविकास तथा शिक्षा, चार वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु,

- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै विद्यालय उमेरका बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चियतता गर्नु ,
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ,
- शिक्षाको माध्यमबाट गाउँपालिकाको जीवन र जगतलाई सम्मानपूवर्क समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु,
- माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,
- पाठ्ययक्रमलाई समयसापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,
- आवश्यकताका आधारमा पर्याप्त संख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु,
- सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानूनी एवम्र संस्थागत संरचनाको स्थापना गर्नु,
- सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्व तयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु,
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु,
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु,
- छात्रवृत्ति तथा अन्य सहायता प्रणालीको माध्यमबाट गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ,

- गाउँपालिकाको सक्षम र प्रतिभावान जनशक्तिलाई गाउँपालिकाभित्र टिकाउने गरी गाउँपालिकामा उत्प्रेरणात्मक वातावरणको सिर्जना गर्नु,
- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरुलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु ,
- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु ,
- संस्थागत विद्यालयहरुको नियमन र अनुगमन गरी त्यस्ता विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई व्यावहारिक र राष्ट्रिय भावना अनुकूल गर्न प्रेरित गर्नु ,
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास अभिबृद्धि गर्नु,
- विद्यार्थीहरुको टिकाउदर तथा सिकाई उपलब्धी बृद्धि गर्नु,कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर कम गर्नु, आधारभूत तह (कक्षा १–३) मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर बृद्धि गर्नु, कक्षाकोठा व्यबस्थापन, शिक्षक नियमितता, सिकाई स्थान्तरणलाई व्यवस्थित गर्नु,
- विषम परिस्थिति (महामारी, बाढी, डुबान, अनावृष्टि, अतिबृष्टि, लू ,शीतलहर, हावाहुरी, आगलागी) मा शैक्षिक क्षति न्यूनीकरण गर्नका लागि शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु,

## ख) विगतमा भएगरेका शैक्षिक प्रयास एवम् योजनाका अवसरहरु

छथर गाउँपालिकामा शिक्षा क्षेत्रमा अवसर एवम् विगतमा भएका प्रयासहरु निम्न बमोजिम रहेका छन् :

- सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितताका लागि आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्यका साथैमाध्यमिक तहको कक्षा १० सम्म निःशुल्क गरिएको,
- बालविकास केन्द्रहरुमा शैक्षिक सामग्रीको व्यवस्था गरिएको,
- आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई पोसाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्था गरिएको,
- बालविकासका स.का. लगायत विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा प्रदान गरिएको,
- शिक्षामा अभिभावकहरुको चासो र सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम कार्यान्वयन गरिएको,
- विद्यालय भौतिक सुधारको कार्यक्रमहरू (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय, घेरवार समेत) सञ्चालन गरेको,
- न्यून विद्यार्थी रहेका विद्यालयहरूलाई समायोजन गरिएको,

- कक्षा ९-१२ सञ्चालित एउटा माध्यमिक विद्यालयमा बाली विज्ञान तर्फको प्राविधिक धार सञ्चालन गरिएको,
- छथर गाउँपालिका भित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा तर्फ प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको,
- कोरोना भाइरस (COVID -19) दोस्रो भेरियन्टको संक्रमणका कारण विद्यालय बन्द रहेकाले विद्यार्थीहरुलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्नका लागि आधारभूत र माविका सबै विद्यार्थीको लागि परियोजना अभ्यास पुस्तिका छपाई, अडियो मोबाइल शिक्षण, कक्षा (९-१२) का विद्यार्थीहरुलाई डाटा खरिद गर्न प्रति विद्यार्थी अनुदान  वितरण गरी कार्यान्वयन गरिएको,
- शिक्षकहरूलाई पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको,
- संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको,
- सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्छता तथा सरसफाइका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको
- छथर गाउँपालिकाले “हाम्रो छथर हाम्रो पहिचा” नामक स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको,
- स्थानीयतहमा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम सञ्चालनमा रहेका,
- विद्यालयलाई दिनु पर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत, व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत) नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको र विद्यालयले सोही अनुसार कार्यसम्पादन गरिरहेका,
- भौतिक सुविधा विस्तार अन्तर्गत शौचालय र २ /४ कोठे भवन गर्ने कार्य सञ्चालन भइरहेको,
- एकीकृत पाठ्यक्रमलाई कार्यान्वयन गर्नको लागि कक्षा १–३ मा अध्यापन गर्ने सबै शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मूल्याङ्कन गर्न मूल्याङ्कन पुस्तिकाको वितरण गरिएको,
- विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरुलाई संघीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी बजेट विनियोजन गरिएको,
- विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ्ग सिल्ड तथा अध्यक्ष कप प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी सञ्चालन गरिएको,
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि हरेक शिक्षकका निम्ति पाठ्यक्रम, पाठ्यपुस्तक,शिक्षक निर्देशिका र शिक्षक डायरीको व्यवस्था गरेको,

- प्रविधिमैत्री शिक्षण सिकाइ विधि कार्यान्वयनका लागि प्राविधिक धारतर्फ कृषि बाली अध्ययनरत विद्यार्थीहरुको OJT का लागि शैक्षिक सामग्री लगायत विद्यार्थीहरुलाई विद्यालयमा परिचालन गरिएको,

सारमा बालबालिकाहरु शिक्षालाई मौलिक हककोरुपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको, आधारभूत र माध्यमिक शिक्षा स्थानिय तहको एकल अधिकारभित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्नादर र लैंगिक समता सूचकाङ्कहरुमा पर्याप्त सुधार हुनु, समावेशी सहभागितामा वृद्धि हुनु, सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम स्थानिय सम्म सर्वसुलव हुनु, माध्यमिक र आधारभूत शिक्षा स्थानिय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघिय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु, शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु, शैक्षिक व्यस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानिय तहबाटै हुने व्यवस्था हुनु यस क्षेत्रका मुख्य अवसरहरु हुन् ।

# परिच्छेद : २

# योजनाका दूरदृष्टि, उद्देश्य, रणनीति र लक्ष्य निर्धारण

## २.१ परिचय

विद्वानहरुका अनुसार योजना बनाउनु भनेको भविष्यलाई वर्तमानमा ल्याउनु हो यसकारण कि भविष्यका निम्ति अहिले नै केही गर्न सकियोस् । योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अबको ५ वर्षपछि पुग्न सकिने छथर गाउँपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्न गरिएको छ । परिच्छेद एकमा उल्लेख गरिएको छथर गाउँपालिकाको साङ्गोपाङ्गो परिवेशको समीक्षासहित उठान गरिएका समस्या चुनौती र अवसरहरूले गाउँपालिकाको शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस गाउँ शिक्षा योजनाको माध्यमबाट यस पालिकाले वि.सं. २०८८ सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा अपेक्षित उपलब्धि एवम् सूचकहरु (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

छथर गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको सुनिश्चिचतता,
खुसी स्वस्थ र प्रविधियुक्त जनशक्ति उत्पादनमा प्राथमिकता ।

## २.३ ध्येय (Mission)

गुणस्तरीय विद्यालय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिष्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सीपयुक्त तथा श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमूल्यमा आधारित उन्नत सोच भएको र आफू छथरवासी भएकोमा गर्व गर्ने खुसी तथा सिर्जनशील जनशक्तिको विकास गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

यस योजनाको समग्र उद्देश्य शिक्षालाई अधिकारका रूपमा स्थापित गरी गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिताको प्रवर्धन गर्ने रहेको छ । समग्र उद्देश्यको विस्तृतीकरण गरी यस योजनाका निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।
६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ।
७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै गाउँपालिकाको विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु ।

८. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
९. पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।
१०. समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
११. शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधताअनुकूल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू (Strategies)

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्। ती रणनीतिक प्राथमिकताहरू अन्तर्गत विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता बृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने, गाउँपालिकाको समुन्नतिसँग प्रत्यक्ष जोड्दै शिक्षामा सुशासन तथा उत्तरदायित्त्व अभिवृद्धि गर्ने रहेका छन् । यी रणनीतिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएको छः

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गरिनेछ ।
२. नक्साङ्कनका आधारमा गाउँपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।
३. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न गाउँपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गराई तथा भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिबृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरु अवलम्बन गरिनेछ ।
४. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा गाउँपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रबर्धन गरिनेछ ।

५. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ र प्रदेश सरकारसंगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ ।

६. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गरिने छ ।

७. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।

८. पेशाप्रति समर्पित, सामाजिक आचरणको हिसावले अब्बल एवम् बालबालिका र शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकतानुसार शिक्षक छनोट पाठ्यक्रमको विकास र परिमार्जनका सवालमा समेत गाउँपालिकाले संघ र प्रदेश सरकारसँग विशेष पहल र सहकार्य गरिनेछ ।

९. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबर्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गरिनेछ ।

११. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराइनेछ ।

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षाको सुविधा विद्यालयमार्फत प्रदान गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गरिनेछ ।

१४. संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता

सुनिश्चित गर्न माध्यमिक विद्यालयहरूको क्षमतामा सुधारका लागि आवश्यक सहकार्य गरिनेछ।

१५. निजी लगानीका शिक्षण संस्थाहरुलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिनेछ ।

१६. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रुपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाईनेछ ।

१७. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको परिमार्जन एवम् विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ ।

१८. विद्यालय तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकता सहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा गाउँपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्नेछ।

१९. विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र संग्रहालयको स्थापना र विस्तार गरिनेछ ।

२०. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरुको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

२१. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा गाउँपालिकाले श्रोत परिचालन तथा व्यवस्थापन गर्नेछ ।

२२. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गरिनेछ ।

२३. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

२४. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न गाउँपालिकाको प्राथमिकताका आधारमा पर्याप्तत, समन्यायिक र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गरिनेछ ।

२५. गाउँपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरुमा सुशासन प्रबर्धन गरी तिनको सुदृढिकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिनेछ ।

२६. विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिनेछ ।

२७. संघीय र प्रदेश कानुनसंग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

४. पालिकाभित्र बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरुमा सुशासन प्रबर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरुबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत भएको हुने ।

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार भएको हुने ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच प्राप्त भएको हुने ।

११. अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर प्राप्त भएको हुने ।

१२. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक भएको हुने ।

१३. विद्यार्थी र विद्यालयप्रति सकारात्मक र समर्पित शिक्षकहरुको छनोट हुने गरी शिक्षक छनोट प्रणालीमा सुधार भएको हुने ।

१४. विद्यालयमा कार्यरत शिक्षकहरुका निम्ति प्रोत्साहनमूलक किसिमबाट पेसागत विकास र सहयोग प्राप्त भएको हुने ।
१५. संस्थागत विद्यालयहरुको प्रभावकारी र न्यायसंगत ढङ्गले नियमन भएको हुने ।
१६. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन भएको हुने ।
१७. नक्सांकनका आधारमा विद्यालयहरुको स्थापना, पूनर्वितरण तथा समायोजन भएको हुने ।
१८. शिक्षाका सबै निकायहरुमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने ।
१९. विद्यालय शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग भएको हुने ।
२०. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता (well-being) मा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने ।
२१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।
२२. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।
२३. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग भएको हुने ।
२४. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रको रुपमा स्थापित गरी पालिका र समग्र मुलुकका अब्बल नागरिकहरु शैक्षिक क्षैत्रमा रोजगारीका लागि आकर्षित भएको हुने ।
२५. अभिभावक र शिक्षकको बीचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।
२६. शैक्षिक संस्थाहरु बालबालिकाको सिकाइको सवालमा अभावमुक्त थलोको रुपमा विकास भएको हुने ।

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

**तालिका २.१ः मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०८२ | २०८३/८४ | २०८५/८६ | २०८७/८८ | अनुगमन हुने तह |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | **११५.०** | **११८.०** | **११२.०** | **१०५.०** | √ |
| | | प्रदेश | १०६.८ | १०५.० | १०३.० | १०१.० | |
| | | राष्ट्रिय | ९९.९ | ९९.९ | ९९.९ | १००.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | √ |
| | | प्रदेश | ८४.३ | ८५.० | ९५.० | ९८.० | |
| | | राष्ट्रिय | ७६.९ | ८०.० | ८५.० | ९५.० | |
| २. **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | **८३.०** | **८५.०** | **९०.०** | **९५.०** | √ |
| | | प्रदेश | ९५.८ | ९६.५ | ९७.० | ९९.० | |
| | | राष्ट्रिय | ९५.७ | ९६.५ | ९७.० | ९९.० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | **१४०.०** | **११७.५** | **११०.५** | **१०५.०** | √ |
| | | प्रदेश | ११९.५ | ११७.५ | ११०.५ | १०५.० | |
| | | राष्ट्रिय | ११५.९ | ११३.९ | ११०.९ | १०५.० | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | **९३.०** | **९६.०** | **९७.०** | **९८.०** | √ |
| | | प्रदेश | ९५.५ | ९६.० | ९७.० | ९९.० | |
| | | राष्ट्रिय | **९५.७** | ९६.० | ९७.० | ९९.० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **११०.०** | **१०८.०** | **१०६.०** | **१०५.०** | √ |
| | | प्रदेश | १२८.४ | १२६.० | ११५.० | १०५.० | |
| | | राष्ट्रिय | १२४.८ | १२०.० | ११०.० | १०५.० | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | **९३.०** | **९४.०** | **९५.०** | **९७.०** | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | **६७.८** | **६९.०** | **७२.०** | **७५.०** | √ |
| | | प्रदेश | ८८.८ | ८९.८ | ९३.० | ९७.० | |
| | | राष्ट्रिय | ८८.१ | ८९.४ | ९३.० | ९७.० | |
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | **०.८८** | **०.९०** | **०.९२** | **०.९५** | √ |
| | | प्रदेश | ०.९१ | ०.९२ | ०.९६ | ०.९९ | |
| | | राष्ट्रिय | ०.९२ | ०.९३ | ०.९६ | ०.९९ | |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | **९५.७** | **९६.०** | **९७.०** | **९८.०** | √ |
| | | प्रदेश | ९५.१ | ९५.५ | ९७.० | ९९.० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ९५.२ | ९५.५ | ९७.० | ९९.० | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | | **१२२.२** | **१२०.०** | **११५.०** | **११०.०** | √ |
| | | प्रदेश | | १२३.३ | १२०.० | ११३०.० | १०९०.० | |
| | | राष्ट्रिय | | १२०.७ | ११८.० | ११०.० | १०७.० | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | | **८०.५३** | **८२.०** | **८५.०** | **९०.०** | √ |
| | | प्रदेश | | ८७.३ | ९०.० | ९३.० | ९५.० | |
| | | राष्ट्रिय | | ८६.३ | ८९.० | ९२.० | ९४.० | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर*(%) | स्थानीय | | **८०.५३** | **८२.०** | **८५.०** | **९०.०** | √ |
| | | प्रदेश | | ८६.२ | ८९.० | ९३.० | ९४.० | |
| | | राष्ट्रिय | | ८०.३ | ८६.० | ८९.० | ९३.० | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | | **०.९७** | **०.९८** | **०.९८** | **०.९९** | √ |
| | | प्रदेश | | ०.९१ | ०.९२ | ०.९६ | ०.९९ | |
| | | राष्ट्रिय | | ०.९३ | ०.९४ | ०.९७ | ०.९९ | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका | नेपाली भाषा | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | √ |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | **४.७** | **४.०** | **२.५** | **१.०** | √ |
| | | | प्रदेश | ४.५ | ४.० | २.५ | १.० | |
| | | | राष्ट्रिय | ४.३ | ४.० | २.५ | १.० | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | **४.३** | **४.०** | **२.५** | **१.०** | √ |
| | | | प्रदेश | ४.९ | ४.० | २.५ | १.० | |
| | | | राष्ट्रिय | ४.८ | ४.० | २.५ | १.० | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | | **४३.८७** | **४५.०** | **५०.०** | **५२.०** | √ |
| | | प्रदेश | | ४४.० | ४५.० | ४७.० | ५०.० | |
| | | राष्ट्रिय | | ४१.३ | ४३.० | ४५.३ | ५०.० | |
| ३. **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | | **६२.४४** | **५८.०** | **६५.०** | **७५.०** | √ |
| | | प्रदेश | | ५५.२ | ५६.० | ६४.२ | ७५.० | |
| | | राष्ट्रिय | | ५६.८ | ५८.० | ६५.० | ७५.० | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | | **७०.४** | **७५.०** | **८०.०** | **९०.०** | √ |
| | | प्रदेश | | ८०.९ | ८३.० | ८६.० | ९५.० | |
| | | राष्ट्रिय | | ८३.२ | ८५.० | ८८.० | ९६.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | **०.७९** | **०.९०** | **०.९३** | **१.००** | √ |
| | | प्रदेश | | १.०१ | १.०१ | १.०१ | १.०० | |
| | | राष्ट्रिय | | ०.९९ | ०.९९ | ०.९९ | १.०० | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | √ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.५ | | स्थानीय | | **६८.१** | **७१.०** | **७५.०** | **७९.०** | √ |
| | | प्रदेश | | ६९.६ | ७१.० | ७५.० | ८१.० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | राष्ट्रिय | ६९.९ | ७२.० | ७६.० | ८२.० | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | **३८.०** | **४०.०** | **५०.०** | **६०.०** | √ |
| | | प्रदेश | ३८.८ | ४०.० | ५०.० | ६०.० | |
| | | राष्ट्रिय | ३७.२ | ३९.० | ५०.० | ६०.० | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | **३०.०** | **३२.०** | **३५.०** | **४०.०** | √ |
| | | प्रदेश | २६.० | ३०.० | ३५.० | ४०.० | |
| | | राष्ट्रिय | २१.० | २६.० | ३१.० | ३६ .० | |
| ४. | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | **७९.०** | **८०.०** | **८२.०** | **८५.०** | √ |
| | | प्रदेश | ७८.१ | ८०.० | ८५.० | ९०.० | |
| | | राष्ट्रिय | ७६.३ | ७९०.० | ८४.० | ८९०.० | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ४.४ | लैङ्गिक विकास सूचाङ्क (६ वर्ष भन्दा माथिको साक्षरता दरमा) | स्थानीय | **९५.०** | **९६.०** | **९७.०** | **१००.०** | √ |
| | | प्रदेश | ९३.३ | ९५.० | १००.० | १०५.० | |
| | | राष्ट्रिय | ८८.१५ | ९१.० | ९६.० | १००.० | |
| ५. **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६. **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **७:१** | **१०:१** | **१५:१** | **२०:१** | √ |
| | | प्रदेश | ३६:१ | ३५:१ | ३३:१ | ३०:१ | |
| | | राष्ट्रिय | ४३:१ | ४०:१ | ३५:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **१५:१** | **२०:१** | **२५:१** | **३०:१** | √ |
| | | प्रदेश | ६३:१ | ६०:१ | ४५:१ | ३०:१ | |
| | | राष्ट्रिय | ३८:१ | ३६:१ | ३३:१ | ३०:१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | **९:१** | **१५:१** | **१८:१** | **२०:१** | √ |
| | | प्रदेश | ३५:१ | ३४:१ | ३२:१ | ३०:१ | |
| | | राष्ट्रिय | ३१:१ | ३१:१ | ३०:१ | ३०:१ | |
| ६.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थीः शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **११:१** | **१५:१** | **१८:१** | **२२:१** | √ |
| | | प्रदेश | ४८:१ | ४५:१ | ३८:१ | ३०:१ | |
| | | राष्ट्रिय | ४०:१ | ३९:१ | ३५:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | **१५:१** | **१८:१** | **२२:१** | **२५:१** | √ |
| | | प्रदेश | ६४:१ | ६०:१ | ४५:१ | ३०:१ | |
| | | राष्ट्रिय | ४०:१ | ३९:१ | ३५:१ | ३०:१ | |
| **७. शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | **स्थानीय** | **३३.००** | **३५.००** | **३८.००** | **४०.००** | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११.६ | १५.० | १७.० | २०.० | |
| ८.२ | सुत्रमा आधारित शिक्षामा लगानी (%) | स्थानीय | | | | | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ८.३ | आधारभूत तह (कक्षा१-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ९० | ८० | ७५ | ७० | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | ३० | |
| ८.४ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | **३९** | **३८** | **३७** | **३५** | √ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११ | १३ | १७ | २० | |

# परिच्छेद : ३

# शिक्षा क्षेत्र योजनाका मुख्य उपक्षेत्रहरु

## ३.१ परिचय

प्रस्तुत योजनाको परिच्छेद दुईमा पहिचान गरिएका यस छथर गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रका योजनाका दिर्घकालीन सोच, उद्देश्य र रणनीतिका आधारमा यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरु समावेश गरी विश्लेषण गरिएको छ । योजनाका सबै प्रमुख उपक्षेत्रहरु यस परिच्छेद अन्तर्गत समेटिने भएकोले पनि योजनामा यो परिच्छेद एक महत्वपूर्ण परिच्छेद हो । उपक्षेत्रहरु समेट्ने क्रममा अधिकार र जिम्मेवारीको हिसावले कुन तहको सरकारको कुन उपक्षेत्र भन्ने कुरालाई गौण रुपमा हेरी गाउँपालिकाको शिक्षा क्षेत्रलाई समग्रमा हेर्ने काम प्रस्तुत योजनाले गरेको छ । त्यसकारण पनि योजनाको यस परिच्छेदमा शिक्षा क्षेत्रका प्रमुख उपक्षेत्रहरु अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, शिक्षक व्यवस्थापन र विकास, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा, अनौपचारिक शिक्षा र निरन्तर सिकाइलाई समेटिएको छ ।

उल्लिखित उपक्षेत्र अन्तर्गतका विषयवस्तुहरुको खाका तयार गर्ने क्रममा यस पूर्वका शिक्षा योजनाहरु, दीगो विकासका लक्ष्यहरु, राष्ट्रिय शिक्षा नीति २०७६, मुलुकको पन्ध्रौं र सोह्रौं पञ्चवर्षीय योजना, सङ्घको दश वर्षे शिक्षा क्षेत्र योजना, नेपालको संविधान एवम् शिक्षा सम्बन्धी प्रचलित कानूनहरु, शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित अद्यावधिक तथ्याङ्कहरु, संघीय शिक्षा मन्त्रालयबाट २०७९ मा प्रकाशित शिक्षाको सोचपत्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ आदिको अध्ययन र विश्लेषण गर्ने काम भएको छ । यसका अतिरिक्त सरोकारवाहरुसँग भएका अन्तरक्रिया र छलफलबाट लिखित एवम् मौखिक रुपमा प्राप्त भएका सुझावहरुलाई समेत समेट्ने काम गरिएको छ । प्रत्येक उपक्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषणको क्रममा चुनौती र अवसरहरुको पहिचान गरी सम्बन्धि उपक्षेत्रसँग सम्बन्धित उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण गर्ने काम भएको छ ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

### ३.२.१ परिचय

बालबालिकामा प्रारम्भिक बालबिकास उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ ।

बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चितताले उनीहरूको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउँछ। सिकाइ मानव विकासको एउटा पक्ष हो। यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ। मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपूर्ण हुन्छ। दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्। अतः दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकास शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ। यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। यसैगरी ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ। शिक्षा (नवौँ संशोधन) ऐन २०२८ ले चारवर्ष उमर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ। यसैगरी सोही ऐनको दफा ११त(१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ" भनी उल्लेख गरिएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकाससम्बन्धी कानूनी प्रावधान रहेका छन्। सघीय सरकारको सोह्रौ योजना (२०८१/८२–२०८५/८६), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय शिक्षा क्षेत्र योजना (२०२२।०२३-२०३१।०३२), र बालविकास राष्ट्रिय रणनीति (२०७७।०७८), प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन्। यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ।

## ३.२.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षा औपचारीक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मुल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४.२ मा उल्लेख गरीएको छ। कक्षा १० उत्तीर्ण

गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ। फ्लास रिपोर्ट २०८० का अनुसार हाल नेपालमा ३२,४९५ सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ७,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् (CEHRD, 2020) । बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकाको संख्या १२,८६,५२६ देखिन्छ। सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको कुल सङ्ख्या ६३९८७७ रहेको छ जसमध्ये छात्राको सङ्ख्या ३११३७८ र छात्रको सङ्ख्या ३२८४९९ रहेको देखिन्छ। यसरी नियाल्दा बालविकासमा बालबालिकाको कुल भर्ना दर ९७.० र खुद भर्ना दर ७०.० प्रतिशत पुगेको छ। यसरी हेर्दा बालबिकास केन्द्र र बालबालिकाको अनुपात समग्रमा ३६.२ जना देखिन्छ जसमा सामुदायिक बालबिकास केन्द्रमा २३.४ र संस्थागत तर्फ ८४.८ रहेको देखिन्छ।

छथर गाउँपालिकामा सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरुको सङ्ख्या ४७ वटा रहेको छ भने संस्थागत विद्यालयमा आधारित ३ वटा रहेका छन्। यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा शैक्षिक वर्ष २०८२ मा भर्ना भएका बालबालिकाको जम्मा संख्या ३९२ रहेको छ जसमध्ये सामुदायिक विद्यालयमा २८८ जना र सस्थागतमा १०४ जना रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्नादर (GER) ११५.० प्रतिसत रहेको छ भने प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षाको बालबालिकाको कक्षा १ मा हुने खुद भर्ना दर ८१.६ प्रतिशत रहेको छ । बालविकासमा बालविकास केन्द्र र बालबालिकाको अनुपात राष्ट्रिय स्तरमा हेर्दा समग्रमा ३६.२ सामुदायिक तर्फ २३.४ र संस्थागत तर्फ ८४.८ रहेको छ । त्यसरी नै हाम्रो कोशी प्रदेशको हेर्दा समग्रमा ४४.२ सामुदायिक तर्फ २९.० र संस्थागत तर्फ १०८.१ रहेको छ। हाम्रो तेह्रथुम जिल्लाको हेर्दा समग्रमा ५६.८ सामुदायिक तर्फ ४१.३ र संस्थागत तर्फ ११४.१ रहेको छ भने हाम्रो छथर गाउँपालिकाको यो अनुपात समग्रमा समग्रमा ८.० सामुदायिक तर्फ ६.० र संस्थागत तर्फ ३४.० रहेको छ। तुलनात्मक रुपमा हेर्दा हाम्रो पालिकाको यो अनुपात जिल्ला, प्रदेश र राष्ट्रको भन्दा पनि निकै कम रहेको छ।

यस पालिकामा सामुदायिक विद्यालय र समुदायमा आधारित सबै बालविकास केन्द्रमा महिला सहजकर्ता रहेका छन्। बालविकास केन्द्रमा सहजिकरण गर्ने सतप्रतिसत भन्दा सहजकर्ताहरु न्यूनतम शैक्षिक योग्यता प्राप्त छन्। सबै सहजकर्ताहरुलाई प्रारम्भिक बालविकास सम्बन्धी तालिम प्रदान गरिएको छ। प्रारम्भिक बालविकास शिक्षामा आउने बालबालिकाहरुको लैगिंक सुचक सतप्रतिसत रहेको छ । अधिकांश बालविकास केन्द्रहरु भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको हिसावले कमजोर अवस्था रहेको देखिन्छ। बालविकासका कक्षाहरुमा विषयगत कुना र बुक कर्नरहरु नभएको अवस्था छ। बालविकासका सबै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिएको भए तापनि खाजाको पर्याप्तता र व्यवस्थापन पक्ष कमजोर छ।

बाल विकास शिक्षालाई प्रभावकारी बनाउनका लागि अभिभावक र शिक्षक विच समन्वय र अन्तरक्रिया गर्ने काम प्रभावकारी भएको देखिदैन । बालविकास केन्द्रका बालबालिकाहरुको दिवा खाजा, बुक कर्नरका लागि हरेक बर्ष स्थानीय तह मार्फत स्रोत व्यवस्थापन हुने गरेको भए तापनि त्यसको सही किसिमले सदुपयोग भएको देखिदैन । यसपूर्व बाल विकासका सहजकर्ताहरुको पारिश्रमिक न्यून भएकोमा प्रोत्साहनका लागि स्थानीय तहले रु. ५००० मासिक रुपमा तलबमा थप सुविधा प्रदान गरी दुबै सरकारबाट साझेदारी गरेर मासिक तलव रु १७०००। दिने प्रवन्ध मिलाएको छ । बालविकास सहजकर्ताहरुलाई स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माणका लागि हरेक बर्ष तालिमको व्यवस्था समेत स्थानीय तहले गर्ने गरेको छ । यसका लागि प्रतिविद्यार्थी मसलन्द र शैक्षिक सामग्री अनुदान समेत दिने व्यवस्था गरिएको छ ।

बालविकास केन्द्रमा समस्याको रुपमा बालबालिकाहहरुको उमेरमा अनेकता हुनु, बाल विकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाई कुनाको व्यस्थापन राम्रो नहुनु, बालमैत्री र मौसम मैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, "खेल्दै सिक्दै" को सिद्धान्त अनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री नुहुनु, बालविकास संहजकर्ताहरुमा उत्प्रेरणाको कमी रहनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेका छन् ।

## ३.२.३ चुनौती तथा अवसर

प्रारम्भिक बाल विकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित प्रारम्भिक बाल विकास र शिक्षाप्रतिको आकर्षणमा अभिबृद्धि गर्नु, बालविकासका लागि सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु, अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनु, बालबालिकाको घरायसी वातावरण बालबालिकामैत्री बनाउनु, विद्यालयदेखि सरकारसम्मका संस्थाहरु बालबालिकाप्रति सहयोगी र सकारात्मक हुनु, प्रारम्भिक बालविकास स्तरको शिक्षा नि शुल्कःबनाउनु, बालबालिकाका निम्ति उचित मनोसामाजिक परामर्शको व्यवस्था गर्नु, बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्त र शैक्षिक योग्यतासम्बन्धी उपयुक्त र स्पष्ट मापदण्डको विकास गर्नु, प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु, सामुदायिक विद्यालयमा आधारित बालकक्षामा अध्यापनरत अधिकसंख्यामा रहेको शिक्षकहरुलाई व्यवस्थापन गर्नु, सरकारी विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्र र सस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाको सहजीकरण र अवधिमा एकरुपता ल्याउनु आदि प्रारम्भिक बाल विकास शिक्षाका मुख्य चुनौतीहरु रहेका छन् ।

नेपालको संविधान २०७२ ले निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक

बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले प्रारम्भिक शिक्षा र बालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकिकृत गरिसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रुपमा आत्मसात गरिएको छ । गाउँपालिकामा प्रारम्भिक बाल विकास केन्द्रको पहुच सुनिश्चितताका लागि आवश्यक संरचनाको विकास भइसकेको अवस्था छ । अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरुबीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक बाल विकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने गरी राष्ट्रीय रणनीतिको विकास गरी लागू गरिएको छ । सङ्घीय सरकारले समेत  गत आर्थिक वर्षको बजेटदेखि बालविकास केन्द्रमा कार्यरत शिक्षकहरुको तलवभत्ता बृद्धि गर्ने सवाललाई सम्बोधन गरेको छ । प्रदेश सरकार र विभिन्न पालिकाहरुले समेत बालविकासका शिक्षकहरुलाई पारीश्रमिकमा टेवा पुग्नेगरी प्रोत्साहन र सेवासुविधा प्रदान गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिबृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ । उल्लिखित पक्षहरुलाई बालविकासको क्षेत्रमा भएका अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ३.२.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको प्रस्तुत योजना अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षाको समग्र उद्देश्य छथरका प्रारम्भिक उमेर समुहका सबै बालबालिकाको उपयुक्त किसिमबाट शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्नु रहेको छ भने यसका उद्देश्य र रणनीतिहरु निम्म बमोजिम रहेका छन् ।

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | प्रारम्भिक बालविकासका लागि नीतिगत,संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी बनाउनु । | १.सरकार र अभिभावकको साझेदारीमा बालवालिकाहरुको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्व तयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुमा सञ्चालन भइरहेको बालविकास शिक्षाको अवधिलाई समायोजन गरी कम्तिमा २ वर्षको बनाउनका लागि  कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२.प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक, तथा  नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञ मार्फत बालविकास सहजकर्तालाई मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।<br>३.प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री, सिकाइ |

| | | |
|---|---|---|
| | | सामग्री,मनोरञ्जन सामग्री, अडियो,भिडियो सामग्री, सहित आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमुना बालविकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।<br>४.प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिनेछ ।<br>५.प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई समेत जोड दिइनेछ ।<br>६.बालबालिका नभएका वा न्यून भएका बालविकास केन्द्रहरुको समयोजन र बढी संख्यामा भएका सहयोगी कार्यकर्ताहरुलाई आकर्षक सुविधा दिएर फेरी भेटौंला कार्यक्रम सञ्चालन गरिनेछ । |
| २ | संघ र स्थानीय सरकारसँगको सहकार्यको आधारमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहितको निःशुल्क आधारभूत शिक्षामा भर्ना गराउनु । | **१.** प्रारम्भिक बालविकास तथा शिक्षा (पूर्व प्राथमिक शिक्षा) को अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशतलाई न्युनिकरण गर्नका लागि विद्यालयमा आधारित, समुदायमा आधारित, तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रबन्ध गरिने छ ।<br>२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यो तहको शिक्षालाई आवश्यक कानुन बनाई सबै बालबालिकाको लागि निःशुल्क र अनिवार्य गरिने छ।<br>३. अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङ्गताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गरिनेछ ।<br>४. प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी सक्षम र समर्पित जनशक्ति र आवश्यक स्रोत साधनको व्यवस्था गरी गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।<br>५. लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नका लागि संघ ,प्रदेश र सङ्घसंस्थाहरुसँग समन्वय र सहकार्य गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ ।<br>६.प्रारम्भिक बालविकास सम्बन्धी मौजुदा संघीय नीति, ऐन र कानुनको मर्म र स्थानीय तहको मौलिक आवश्यकताका |

| | | |
|---|---|---|
| | | आधारमा कानुनी सामन्जस्यता ल्याउने काममा योगदान गर्दै कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ । |
| ३ | स्थानीय तहले विभिन्न संघसंस्थासंग समन्वय गरी गाउँपालिकाको सबै क्षेत्रमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्नु । | १. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीय स्तरमा उपलब्ध कम मूल्यका ( No cost , Low cost ) स्रोत साधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड ( Early Learning and Development Standards-ELDS ) को कार्यान्वयनको सुनिश्चत गरिने छ ।<br>२. स्वैच्छिक किसिमबाट लागत साझेदारीका आधारमा कम्तिमा एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा सहित बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गरिनेछ ।<br>३. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको व्यवस्था गरिने छ ।<br>४. प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना ३-४ वर्षको बालबालिकाको रेखदेख गर्ने शिशु स्याहार सहजकर्ता र ४-५ वर्षको बालबालिकालाई रेखदेख हेर्ने बालविकास सहजकर्ताको व्यवस्थापन गरी सो को कार्यान्वयन गरिनेछ । |
| ४ | प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुका लागि अभिभावकहरुसँगको पोषण एवम् स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्ने | १. गाउँपालिकाको अगुवाईमा स्वास्थ्य, पोषण,शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि प्रारम्भिक बालविकास बहुक्षेत्रीय पोषणकार्यक्रम संचालन गरिनेछ ।<br>२. बालविकास उमेरका आफ्ना सन्ततिहरुलाई अनिवार्य रुपमा बालविकास तथा शिक्षामा भर्ना गर्न र घरायासी वातावरणलाई बालमैत्री बनाउन आवश्यक कानून बनाई अभिभावकलाई जिम्मेवार बनाउन 'सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा, भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. बालबालिकाको घरायासी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह,आमा,बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रीय संलग्नता सुनिश्चित गरिनेछ । |

## ३.२.५ उपलब्धि, प्रमुख नतिजा र क्रियाकलाप तथा लक्ष्य

## क) उपलब्धि (Outcomes)

लक्षित उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भइ यसको सकारात्मक असर शिक्षाका अरु तहमा समेत प्रतिविम्वित हुने।

## ख) प्रमुख नतिजाहरू (Key results)

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई कम्तिमा दुई वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच भएको  हुने ।

२. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितका हुने ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा पेशाप्रति समर्पित, योग्य र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने ।

४. पाठ्यक्रम परिमार्जन र अनुकुलनसहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित भएको हुने ।

५. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका  बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समूदायमा आधारित, कार्यक्षेत्रउद्योग) , कलकारखाना (तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरूको विकास र सञ्चालन भएको हुने ।

६. सामुदायिक र सस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेका बालविकास तथा शिक्षा कार्यक्रमहरुमा समयावधिका हिसावले एकरुपता भएको हुने ।

७. बाबुआमा नभएका बालबालिकाहरुका निम्ति स्थानीय पालिकाहरुले अभिभावकको भूमिका निर्वाह गरेको हुने ।

८. बालविकास तथा शिक्षा उमेरका सन्ततिका अभिभावकहरु कानूनी एवम् नैतिक हिसावले सन्ततिको शिक्षाका लागि जिम्मेवार र जवाफदेही भएको हुने ।

९. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### तालिका ३.२.: प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरूको विकास, परिमार्जन तथा प्रबोधीकरण गरी कार्यान्वयन गरिने । | पटक | १ | √ | √ | १ | √ | २ | सङ्घ र प्रदेश सरकारसँग समेत सहकार्य गरी स्थानीय तहले निर्माण र कार्यान्वयन गर्ने । |
| २ | न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको कक्षा कोठाको व्यवस्था गरिने | बाविके | ४७ | ४५ | ४३ | ४१ | ३९ | ३७ | वडाका साथै स्थानीय तहको लगानी |
| ३ | निजी क्षेत्र र सङ्घसंस्थाहरुको समेत साझेदारीमा मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरिने । | बाविके | ८ | ८ | ८ | ८ | ८ | ८ | वडा समेत स्थानीय तहले व्यवस्थापन समितिमार्फत अभिभावक, समुदाय, गैर सरकारी संस्था, निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी सञ्चालन गर्ने । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विकास साझेदार, गैरसरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | बाबिके | ४७ | ४५ | ४३ | ४१ | ४० | ३७ | स्थानीय तहको अगुवाइमा विकास साझेदार र निजी क्षेत्र तथा सङ्घसंस्थासँगको साझेदारी, सहकार्य, सहयोग र सक्रियतामा |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | बाबिके | √ | √ | √ | √ | √ | √ | वडा र स्थानीय तहबाट कार्यान्वयन । |
| ६ | कक्षा १ मा भर्ना हुनका लागि बालबिकास शिक्षाको अनुभवलाई अनिवार्य गरिने | स्थानीय तह | ४७ | ४५ | ४३ | ४१ | ३९ | ३७ | सङ्घ र प्रदेशको सहजीकरणमा स्थानीय तहले कानून बनाइ सम्पादन गर्ने । |
| ७ | कानून बनाइ बालविकास तथा शिक्षाको अवधिलाई कम्तिमा दुई वर्ष हुने गरी संशोधन गरिने | स्थानीय तह | ४७ | √ | √ | √ | √ | ३७ | स्थानीय तहले कानून बनाइ सम्पादन गर्ने । |
| ८ | स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालबिकास सल्लाहकार संयन्त्रको स्थापना र सञ्चालन गरिने | बाबिके | ४७ | ४५ | ४३ | ४१ | ३९ | ३७ | वडा समेत स्थानीय तहको सक्रियतामा |
| ९ | प्रत्येक वडामा कम्तीमा बालविकास केन्द्रलाई नमूनाको रुपमा स्थापना गरी सञ्चालन गरिने । | वडा | ६ | √ | √ | √ | √ | ६ | वडा र स्थानीय तहको सहकार्य र सहलगानी । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | बाबूआमा दुवै नभएका बालबालिकाहरुका लागि आधारभूत आवश्यकता पूरा गर्नेगरी स्थानीय तहले अभिभावकको जिम्मेवारी निर्वाह गर्नु पर्ने | सबै अनाथ | √ | √ | √ | √ | √ | सवै अनाथ | सङ्घसंस्था सँगको सहकार्यमा स्थानीय तहले बजेटको व्यवस्थापन सहित गर्ने । |
| ११ | कानून र शिक्षा दुवैको माध्यमबाट अभिभावककलाई जिम्मेवार बनाउदै घरायसी वातावरणलाई सिकाइमैत्री बनाउन अभिभावकलाई अभिप्रेरित गर्ने । | बाविके | ४७ | √ | √ | √ | √ | ३७ | विकास साझेदारहरुसँगको सहकार्य र साझेदारीमा सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| १२ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | शिक्षक | ४७ | √ | √ | √ | √ | ३७ | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी । |
| १३ | बाबिकेको शिक्षालाई दुई वर्षे बनाउदा थप गरिने शिक्षकको व्यवस्थापन । | शिक्षक | ४७ | √ | √ | √ | √ | ३७ | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी । |
| १४ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर अवसर गर्ने । | शिक्षक प्रतिशत | २५ | २५ | २० | √ | √ | ३७ | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी । |
| १५ | प्रारम्भिक बालविकास केन्द्रमा सहयोगीको व्यवस्था | सहयोगी | ४७ | ४५ | ४३ | ४१ | ३९ | ३७ | वडाका साथै स्थानीय तहको लगानी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | बालविकास केन्द्रको स्तरोन्नतिका लागि कार्यक्रमगत र शीर्षकगत रुपमा सशर्त बजेटको व्यवस्था गर्ने । | बाविके | ४७ | ४५ | ४३ | ४१ | ३९ | ३७ | वडाका साथै स्थानीय तहको लगानी एवम् कार्यान्वयन । |
| १७ | चाइल्ड ट्याकिङ गर्ने प्रयोजनका लागि विद्यार्थीहरुलाई कोड दिई बालबालिकाको अभिलेखीकरण गर्ने । | बाविके | ४७ | √ | √ | √ | √ | ७० | प्रदेशको सहजीकरण र स्थानीय तहको सहयोगमा वडा र बालविकास केन्द्रले गर्ने । |
| १८ | अपाङ्ता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | पहिचान भएका घरपरिवार र केन्द्रहरु | घर परिवार र केन्द्र | √ | √ | √ | √ | घरपरिवार र र केन्द्र | विकास साझेदार र परिवारसँगको समन्वयन र सहकार्यमा वडा, नपा र प्रारम्भिक बालविकास केन्द्रले गर्ने । |
| १९ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रवोधीकरण गर्ने | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ र प्रदेशको प्राविधिक सहयोग र सहजीकरणमा स्थानीय विज्ञहरु समेतको संलग्नतामा । |
| २० | बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी | सबै बाविके | सबै केन्द्र | √ | √ | √ | √ | सबै बाविके | स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी वडा र स्थानीय तहले सञ्चालन गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिलेख व्यवस्थापन, वृद्धि अनुगमनगरी कुपोषित बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने | | | | | | | | |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | सबै बाविके | √ | √ | √ | √ | √ | सबै बाविके | सङ्घ प्रदेश र स्थानीय तह, दिवा खाजा तथा)विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको क्रियाकलाप अनुसार( |
| २२ | सिकाइ सहजीकरण कार्यमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको समेत प्रयोग गर्ने। | स्थानीय तह, सबै केन्द्र | सबै केन्द्र | √ | √ | √ | √ | सबै बाविके | सङ्घ र प्रदेशको सहजीकरणमा वडा र स्थानीय तहले कार्यान्वयन गर्ने । |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू र अभिभावक तथा सरोकारवालाहरूका लागि नियमित अभिमुखीकरण | सबै बाविके | √ | √ | √ | √ | √ | सबै बाविके | विकास साझेदारहरुसँगको सहकार्यमा वडा र गाउँपालिकाले । |
| २४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका | वडा, स्थानीय तह सबै, बाबिके | √ | √ | √ | √ | √ | √ | विकास साझेदारहरुसँगको सहकार्यमा वडा र गाउँपालिकाले । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | | | | | | | | |
| २५ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने। | सबै बाबिके | √ | √ | √ | √ | √ | ३७ | विकास साझेदारहरुसँगको सहकार्यमा वडा र गाउँपालिकाले । |
| २६ | प्रारम्भिक बालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | सबै बाबिके | √ | √ | √ | √ | √ | ३७ | विकास साझेदारहरुसँगको सहकार्यमा वडा र गाउँपालिकाले । |
| २७ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन गरिने | कार्यान्वयन निरन्तर स्थानीय तह | √ | √ | √ | √ | √ | ३७ | सघ र प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाले सम्पादन गर्ने । |
| ३० | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरुको अनिवार्य | सबै बाबिके | √ | √ | √ | √ | √ | ७० | सघ र प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाले सम्पादन गर्ने । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराउने । | | | | | | | | |
| ३१ | कम्तिमा प्रत्यक वडामा एउटा बालउद्यानको स्थापना र सञ्चालन | सबै वडा | १ | २ | २ | २ | २ | ९ | गाउँपालिका र वडा पालिका |
| ३२ | प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको प्रभावकारिताको सङ्घ, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण | सबै वडा स्थानीय तह र बाबिके | √ | √ | √ | √ | √ | √ | विज्ञहरूलाई पनि समावेश गरी सङ्घ,प्रदेश ,स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षणमा। |
| ३३ | बालबालिका नभएका वा न्यून भएका बालविकास केन्द्रहरुको समयोजन र बढी संख्यामा भएका सहयोगी कार्यकर्ताहरुलाई आकर्षक सुविधा दिएर फेरी भेटौंला कार्यक्रम सञ्चालन। | बाविके | तयारी | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | संघ र प्रदेश सरकार सँगको सहकार्य र समन्वयको आधारमा पालिकाले। |

## ३.३ आधारभूत शिक्षा

## ३ .३.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । यसपूर्व भएको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ मा यसलाई नागरिकको मौलिक हक अन्तरर्गत (१) राखेर आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क गरी मातृभाषामा शिक्षा दिने ब्यवस्था गरेको छ । सबैका लागि शिक्षा २०००-२०१५, सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरु, इन्चोन घोषणा (२०१५- २०३०), संयुक्त राष्ट्संघ, मानव अधिकारको विश्वब्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धि ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुनेछ भनी उल्लेख गरिएको छ ।

गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । मुलुकले अघि सारेको सार्बजनिक विद्यालय सवलिकरण दशक २०७६ २०८५—अभियान सञ्चालन गर्ने नीति लगायत थुप्रै आधारहरुले आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि छथर गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ ।

## ३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप फ्यास प्रतिवेदन १०८० का अनुसार मुलुकभर आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गरिरहेका विद्यार्थीहरुको संख्या ५३७१७०७ रहेको छ । यी मध्ये सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको संख्या ३६९२८५९ र संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको संख्या १६७८८४८ रहेको छ । यसरी हेर्दा मुलुकको आधारभूत तहका विद्यार्थीहरुको कुल भर्नादर १२०.४ प्रतिशत र कक्षा १

देखि ८ को खुद भर्नादर ९५.१ प्रतिशत पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ८०.३ प्रतिशत र कक्षा ८ को टिकाउ दर ८६.२ प्रतिशत रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका ४.९ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् कक्षा दोहोऱ्याउने दर ७ प्रतिसत र कक्षा छोड्ने दर ३ प्रतिसत रहेको छ। (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ,२०८०)।

फ्लास रिपोर्ट २०८२ अनुसार छथर गाउँपालिका भित्र हाल सामुदायियक बालविकासको सङ्ख्या ४७, कक्षा १-५ सञ्चालित २२ कक्षा १-८ सञ्चालित ४ ( सामुदायिक २ वटा र संस्थागत २ ), कक्षा १-१० सञ्चालित ६ वटा ( सामुदायिक मात्रै ) र १-१२ सञ्चालित विद्यालयहरू ३ गरी जम्मा विद्यालयहरूको संख्या ४० रहेको छ। यसरी नै सामुदायिक विद्यालयमा आधारित बालविकासका विद्यार्थीको सङ्ख्या ३९२ जना, सामुदायिक विद्यालय तर्फ आधारभूत कक्षा १ देखि ५ सम्मको विद्यार्थी सङ्ख्या ११८३ छ भने आधारभूत तह कक्षा ६ देखि कक्षा ८ सम्मको विद्यार्थी सङ्ख्या ६७३ रहेको छ। यसरी नै कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुको सङ्ख्या ६६० रहेको छ। सामुदायिक विद्यालयहरूमा आधारभूत तहको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक संख्या प्राथमिक तहमा १३६ निम्न माध्यमिक तह ३७ जना र माध्यमिक तहमा २४ जनाका साथै राहत दरवन्दी तर्फ प्राथमिक तहमा १५ र निम्न माध्यमिक तहमा ६ र माध्यमिक तहमा ७ गरी जम्मा २२३ शिक्षकहरू कार्यरत छन्। प्राविधिक धार र उच्च माध्यमिक अनुदान गरी जम्मा ६ जना शिक्षकहरु अध्यापनरत रहेको देखिन्छ। छथरमा सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात हेर्दा बालविकासमा प्रति शिक्षक ८ जना, आधारभूत तह कक्षा १ देखि ५ सम्म प्रति शिक्षक ९ जना आधारभूत तह कक्षा ६ देखि ८ सम्म प्रति शिक्षक १९ जना र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म प्रति शिक्षक २१ जना विद्यार्थी रहेको देखिन्छ।

### ३.३.३ चुनौती र अवसर

नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई पूर्णरुपले निशुल्क र अनिवार्य किसिमले प्रदान गर्नु, विद्यालयमा विद्यार्थीको नियमितता र भर्नादरलाई बढाउनु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, उपयुक्त संख्यामा दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि

विद्यालयबीचको शिक्षण सिकाइको प्रक्रिया र उपलब्धिको खाडल घटाउनु, शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धी अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, विभिन्न किसिमका प्रकोप सङ्कट तथा महामारीबाट शिक्षालाई मुक्त बनाउनु लगायत विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धित चुनौतीहरु हुन् ।

आधारभूत तहको शिक्षाको सवालमा अवसरहरु पनि प्रशस्त देखिएका छन् । शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले गाउँपालिकाका निम्ति शिक्षामा सहभागीता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ । देशमा संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढिरहेको छ । शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धताहरु प्राप्त भइरहेका छन् । यसरी नै शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै गएको अवस्था छ । विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैंगिक समता सूचकाङ्कमा प्रगति देखिएको छ । स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यबस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ । शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिबृद्धि गर्न सकिने अवस्था देखिन्छ ।

## ३.३.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

प्रस्तुत छथर गाउँपालिकाको पाँच वर्षे स्थानीय शिक्षा योजनाले सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुका लागि समतामूलक किसिमबाट गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने समग्र उद्देश्यलाई पूरा गर्नका लागि निर्धारण गरेका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम रहेका छन् ।

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु । | १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानून तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।<br>२. प्रत्येक विद्यालयसँगको सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सेवाक्षेत्र भित्र विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>३. आधारभूत विद्यालय उमेरका आफ्ना परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराएमा गाउँपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गराइनेछ।<br>४. घरधुरी सर्वेक्षण मार्फत बालबालिकाहरुको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षामा पहुँच सनिश्चित गरिनेछ ।<br>५. आधारभूत शिक्षामा सबैको अपनत्व बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न बढैयाताल गाउँपलिकामा स्थायी बसोबास गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधी, वि व्य. स, शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गर्न गराउन कार्यविधि बनाइ लागु गरिनेछ ।<br>६. आधारभूत विद्यालय उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्थाको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र सञ्चार माध्यमसँग सहकार्य गरिने छ ।<br>७. विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिकरुपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सिमान्तिकृत, विपन्न द्वन्द्व पिडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरुलाई उनीहरुको अवसर लागत (Opportunity cost) लाई समेत दृष्टिगत |

| | | |
|---|---|---|
| | | गरी छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रुपमा उपलब्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरु उपलब्ध गराउन आवश्यक कार्य गरिनेछ । आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गरिनेछ ।<br>८. आधारभूत शिक्षालाई कानूनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस गाउँपालिकामा सरकारी ढुकुटीबाट तलवभत्ता खाने कुनै पनि जागिरेको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| २ | आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हाँसिल हुने अवस्था सुनिश्चित गर्नु । | १. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धी हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।<br>२. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणमार्फत जवाफदेहिता सुनिश्चिताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ ।<br>४. आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. आधारभूत शिक्षालाई कानुनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस छथर गाउँपालिकामा सरकारी ढुकुटीबाट तलव भता खाने कुनै पनि जागिरेको न्युनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उतीर्ण |

| | | |
|---|---|---|
| | | हुनु पर्ने प्रावधानको व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| ३ | आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु । | १. सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइ बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चतता प्रदान गरिनेछ ।<br>२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा संघ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. तीनै तहका सरकारको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरुमा दिवा खाजाको व्यवस्थापन गरिनेछ ।<br>४. विद्यालयमा जङ्कफुड, मध्यपान, धुमपान पूर्णरुपमा निषेध गरिनुका साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न रोक लगाइनेछ ।<br>५. संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिनेछ।<br>६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) र शिक्षण संस्थाहरुलाई प्रविधिससम्बन्धी सीप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यको कार्यान्वयन गरिनेछ । |
| ४ | आधारभूत शिक्षामा सुशासन र गुणस्तर अभिवृद्धि सुनिश्चित गर्नु । | १. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउँदै सिकाइमा सुधार ल्याउने अवस्था सिजर्ना गर्न कक्षाकोठा र प्रयोगात्मक |

| | | |
|---|---|---|
| | | कार्यमा आधारित मल्याङ्कनसंग सम्बन्धित क्षमताको विकास गरिनेछ ।<br>२. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. आधारभूत तहको कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा सञ्चालन गरी परीक्षाको नतिजा र निश्चित मानकका आधारमा मूल्याङ्कन गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षकहरु छनौट गरी पुरस्कृत गरिनेछ ।<br>४. कक्षा १ देखि कक्षा ३ सम्म विद्यार्थी सङ्ख्या न्यून भएका र समायोजन गर्न पनि दूरीको हिसावले असहज देखिएका विद्यालयहरुमा शिक्षकलाई प्रोत्साहन रकम प्रदान गरेर एकल शिक्षक विद्यालय सञ्चालनका लागि व्यवस्थापन गरिनेछ ।<br>५. शिक्षकलाई हरेक विद्यार्थीको व्यक्तिगत पृष्ठभूमिको बारेमा अनिवार्य रुपमा जानकारी हुने र यसरी हुने जानकारीलाई विद्यार्थीको सिकाइमा उपयोग गर्ने गरी प्रशसात्मक खोज विधिका माध्यमबाट कक्षाहरुमा सहजीकरण प्रक्रिया सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।<br>६. सबै विद्यालयहरुलाई सरोकारवालाहरुको व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोतसाधन परिचालन गरिनेछ ।<br>७. विद्यार्थी नभएका वा न्यून संख्यामा विद्यालयहरुको समयोजन र बढी संख्यामा भएका सम्बन्धित तहका शिक्षकहरुलाई आकर्षक सुविधा दिएर फेरी भेटौंला कार्यक्रम सञ्चालन गरिनेछ ।<br>८. विद्यालय समयोजन गर्दा विद्यार्थीको अध्ययन बिचैमा छुट्ने अवस्थालाई मध्यनजर राखी त्यस्ता साना कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालन भएका विद्यालयहरुलाइ एकल शिक्षकीय विद्यालयको रुपमा स्थापना गरी त्यस्ता विद्यालयमा अध्यापन |

| | | |
|---|---|---|
| | | गर्ने शिक्षकलाई अन्यलाई भन्दा थप सुविधा प्रदान गरिनेछ । |
| ५ | आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु । | १. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गरिने छ ।<br>२. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसुार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गरिने छ ।<br>३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसुार शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रणालीलाई परियोजना कार्य, प्रयोगात्मक कार्य र अनुभव एवम् अनुभूतिजन्य कार्यबाट सिक्ने गरी क्रियाकलापहरुको विकास एवम् सोको अभ्यास गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गरिनेछ । |

## ३.३.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप एवम् लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा यस तहको उमेर समूहका सबै बालबिलकाको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१. सबै बालबालिका गुणस्तरीय आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने ।
२. सम्बन्धित विद्यालयको सेवा क्षेत्र अन्तर्गतका बालबालिकाहरु सम्बन्धित विद्यालयमा नै अध्ययन गरेको हुने ।
३. संविधानको मर्म अनुसार आधारभूत शिक्षा नि शुल्क र अनिवार्य रुपमा सञ्चालन: भएको हुने ।
४. अनाथ र गरीविको रेखामुनी रहेका परिवारका बालबालिकाहरुले सहज बातावरणमा अनिवार्य र निशुल्क आधारभूत शिक्षा हासिल गरेका हुने ।
५. सबै अभिभावकहरु बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रुपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार भएको हुने ।
६. पेशाप्रति पर्याप्त समर्पण, सीप र संख्यामा भएका शिक्षकहरुले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने ।
७. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
८. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।
९. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।
११. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने ।
१२. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
१३. विद्यालयहरु सञ्चार सूचना र प्रविधिको उपलब्धता र उपयोगको हिसावले सम्पन्न भएका हुने ।

१४. जीवन र जगतप्रति सकारात्मक सोच, श्रमप्रतिको श्रद्धा, व्यवहारकुशल सीप र सामाजिक आचरणको हिसावले आधारभूत तह पूरा गरेका बालबालिकाहरु उल्लेख गर्न लायक भएका हुने ।

## ग) प्रमुख क्रियाकलापहरू  तथा लक्ष

### तालिका ३.३.: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयहरुको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन । | पटक | १ | १ | √ | √ | √ | १ | वडा पालिका र गाउँपालिका |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन । | पटक | १ | √ | √ | √ | √ | १ | संघ शिक्षक) व्यवस्थापन विकासको क्रियाकलाप अनुसार( र गाउँपालिका |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ३ | विद्यालयमा मापदण्डअनुसार नपुग शिक्षकको व्यवस्था | शिक्षक नपुगेका विद्यालयहरु | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र प्रदेश सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यको निरन्तरता । | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | वडा र गाउँपालिका |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर ) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, प्रदेश र गाउँपालिका विद्यालय) भौतिक सुधारको क्रियाकलाप अनुसार( |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र गाउँपालिका |
| | | पटक | १ | | | | १ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरुको कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, प्रदेश र गाउँपालिका पाठ्यक्रम) तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार( |
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास वहु) भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श (सेवासमेत । | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | संघ, प्रदेश तथा गाउँपालिका शिक्षक) व्यवस्थापन विकासको क्रियाकलाप अनुसार( |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायत का परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन। | योजना तयारी पटक | १ | | | | | | संघ, प्रदेश तथा गाउँपालिकाको आपसी सहकार्यमा स्थानीय तहबाट कार्यान्वयन |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १० | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास। | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | संघीय सरकार र प्रदेश सरकारको लगानी र सहजीकरणमा गाउँपालिकाबाट कार्यान्वयन। |
| ११ | शिक्षक तयारी, विकास र सहायता | तयारी कोर्ष र कार्यक्रम विकास | २ | | | | | | संघ / विश्वविद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रणालीको पुनर्संरचना । | सहायता संरचना | ३ | | | | | | तथा प्रदेश शिक्षक) व्यवस्थापन विकासको क्रिय◌ाकलाप अनुसार (सँगको आपसी सहकार्यमा गाउँपालिकाबाट कार्यान्वयन । |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध र दिवा खाजा सञ्चालन | विद्यालय प्रतिशत | ५० | ५० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा गाउँपालिकाको सहकार्यमा |
| | | विद्यार्थीहरु | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १३ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | अपाङ्ग विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, प्रदेश तथा गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | नि शुल्क:शिक्षाको सुनिश्चिततताका लागि –पाठ्यपुस्तक | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, तथा स्थानीय तह (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत) |
| | –आर्थिक रूपमा विपन्नका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | विपन्न विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | – अनाथ विद्यार्थीका लागि शिक्षा सहित खाना नाना र छानाको व्यवस्था | अनाथ विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | – सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत | विद्यालय प्रतिशत | ४० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश तथा गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी कार्यान्वयन | | | | | | | | |
| १६ | स्थानीय पाठ्यक्रममा आधारित एक विद्यालय एक ब्यवसाय कार्यक्रम सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिकाले विद्यालयलाई बीउ पूजी उपलब्ध गराएर |
| १७ | शिक्षण सिकाइमा सुधार र बालमैत्री विद्यालयको विकासका लागि प्रस्तावमा आधारित अनुदान प्रणालीको कार्यान्वयन | आवेदक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |
| १८ | शिक्षकलाई हरेक विद्यार्थीको व्यक्तिगत पृष्ठभूमिको बारेमा अनिवार्य रुपमा | सबै विद्यालय र सबै शिक्षक | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जानकारी हुने र यसरी हुने जानकारीलाई विद्यार्थीको सिकाइमा उपयोग गर्ने गरी प्रशसात्मक खोज विधिका माध्यमबाट कक्षाहरुमा सहजीकरण प्रक्रिया सञ्चालन | | | | | | | | |
| १९ | आधारभूत तह्मा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |
| २० | –शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना –विद्यालय व्यवस्थापन समिति, शिक्षक | प्रणाली सङ्ख्या | १ | १ | १ | १ | १ | १ | संघ, प्रदेश तथा गाउँपालिका |
| | | विद्यालय प्रतिशत | ३० | ४० | ३० | | | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | | | | | | | | |
| २१ | सरकारी ढुकुटीबाट तलव खाने कुनै पनि पदमा जागीर खानका लागि कम्तीमा पनि आधारभूत तहको शिक्षा पूरा गरेको योग्यता निर्धारण गरी सोको कार्यान्वयन | कार्यविधि निर्माण | √ | | | | | √ | गाउँपालिका |
| | | कार्यान्वयन | | √ | √ | √ | √ | √ | |
| २२ | विद्यार्थी नभएका वा न्यून संख्या भएका विद्यालयहरुको समायोजन र बढी संख्यामा भएका शिक्षकहरुलाई | सम्भाव्य विद्यालय र शिक्षकहरु | तयारी | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | संघ र प्रदेशसँगको सहकार्यका आधारमा गाउँपालिकाले गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आकर्षक सुविधा दिएर फेरी भेटौंला कार्यक्रम सञ्चालन | | | | | | | | |
| २३ | विद्यार्थी संख्या न्यून भएका दुर्गम वस्तीकात्यस्ता साना कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालन भएका साना विद्यालयहरुलाइ एकल शिक्षकीय विद्यालयको रुपमा स्थापना गरी त्यस्ता विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई अन्यलाई भन्दा थप सुविधा प्रदान गरिनेछ । | सम्भाव्य विद्यालय र शिक्षकहरु | तयारी | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | संघ र प्रदेशसँगको सहकार्यका आधारमा गाउँपालिकाले गर्ने |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ। माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ।

### ३.४.२ वर्तमान अवस्था

मुलुकको माध्यमिक तहको शिक्षाको अवस्था अध्ययन गर्दा यस तहमा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ। फ्लास प्रतिवेदन २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ८०.४% र ५७.९% पुगेको छ। कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६९.०% र ३७.२% मात्र रहेको देखिन्छ। यसले कक्षा ८ र कक्षा १० (एसईई) पछाडि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ। सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा कुल ७,८७,५८७ बालबालिकाहरू भर्ना भएका छन्। कक्षा ११ र कक्षा १२ मा ५,१५,०२० विद्यार्थी भर्ना भएका छन्। यसरी हेर्दा सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या १३,०२,६०७ रहेको देखिन्छ । त्यसरी नै संस्थागत

विद्यालयतर्फ कक्षा ९ र १० मा २,५७,५०५ (कुल विद्यार्थी सङ्ख्याको करिब २५%) तथा कक्षा ११ र कक्षा १२ मा २,११,४४३ विद्यार्थी (करिब २९%) अध्ययनरत रहेका छन्।

छथर गाउँपालिकाका ३७ ओटा सामुदायिक विद्यालयहरुमध्ये कक्षा १-३ सञ्चालित ४ , कक्षा १-५ सञ्चालित २२ , कक्षा १-८ सञ्चालित २, कक्षा १-१० सञ्चालित ६ र कक्षा १-१२ सञ्चालित ३ ओटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८२ मा बालविकासतर्फ जम्मा ३९२ मध्ये सामुदायिक तर्फ २८८ र संस्थागतमा १०४ विद्यार्थी रहेका, कक्षा १-५ मा ११८३, कक्षा ६-८ मा ६७३, कक्षा ९-१० मा ४०५ र कक्षा ११-१२ जम्मा २५५ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या २९०८ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या १४३२, छात्र संख्या १४७६ रहेको छ।

शैक्षिक तथ्याङ्क २०८२ अनुसार यस छथर गाउँपालिकामामा कक्षा ९–१० सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरु ७ वटा र कक्षा ११–१२ सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरु ८ वटा रहेका छन्। त्यसैगरी माध्यमिक तहमा कक्षा ९–१० को विद्यार्थी सङ्ख्या १६५४ रहेको छ जसमा छात्राको सङ्ख्या ८९१ र छात्रको सङ्ख्या ७६३ रहेको छ। त्यसैगरी कक्षा ११–१२ को विद्यार्थी सङ्ख्या ६४९ रहेको छ जसमा छात्राको सङ्ख्या ३९२ र छात्रको सङ्ख्या २५७ रहेको छ।

गाउँपालिकामा माध्यमिक तहमा स्थायी, अस्थायी, राहत र उच्च माध्यमिक अनुदानबाट राखिएका शिक्षक गरी कक्षा ९–१० मा २५ जना र कक्षा ११–१२ मा ६ जना गरी जम्मा ३१ शिक्षकहरु कार्यरत रहेका छन् । यस गाउँपालिकामा माध्यमिक तह कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षक विद्यार्थी अनुपात कक्षा २१ जना रहेको छ जनु अनुपात राष्ट्रिय प्रदेश र जिल्लाको अनुपातमा निकै कम हो ।। यसरी नै माध्यमिक तह कक्षा ९–१२ को कुल विद्यार्थी भर्ना दर ५८.४ प्रतिसत रहेको छ भने खुद भर्नादर ३२.५ प्रतिसत रहेको छ।

हाम्रो मुलुकमा विगत लामो समयदेखि नै विद्यालय र शिक्षकको क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ। विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ। कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन् । प्रधानानाध्यापकको छुट्टै पदको विकास गर्ने भन्ने नीति तय गरिए पनि कार्यान्वयन भएको छैन।

संघीयता संरचनाअनुसार तीन ओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। शिक्षा विकाससँग

सम्बन्धित संरचनाहरू पनि सोहिअनुसार बन्ने क्रममा छन् । शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ । शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तरगत तालिम केन्द्रहरू छन् । शिक्षकका केही पेसागत संगठनहरू तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू संचालन गर्दै आएका छन् ।

## ३.४.३ चुनौती र अवसर

माध्यमिक शिक्षाका चुनौतीको रुपमा निःशुल्क माध्यमिक शिक्षालाई निःशुल्क किसिमबाट कार्यान्वयन गर्नु, माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तह विशेषत: कक्षा १० बाट कक्षा ११ को संक्रमण दर तथा माध्यमिक तहमा खुद भर्नादर बढाउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तारमा विस्तार गर्नु, शिक्षकको पेशागत समर्पण र दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्ले त्यसको प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार गर्नु, डिजिटल डिभाईडलाई कम गर्नु, सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, संघीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु ,विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्नु, आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी माध्यमिक शिक्षाको प्रविष्टीलाई स्तरीय बनाउनु ,शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु ,विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउनु ,आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु आदिलाई लिन सकिन्छ ।

संघीयताको संक्रमणकालिन अवस्था, कर्मचारीहरूको समायोजन, स्थानीय र प्रदेश तहको संरचना, कानुन र व्यवस्थापकीय स्पष्टताको अभाव, शिक्षक व्यवस्थापन, हाम्रोजस्तो जनसंख्या र जन्मदर घट्दै गरेको पालिकामा शिक्षक र विद्यार्थीको अनुपातमा कमी, विद्यालयमा राजनीतिक हस्तक्षेप, विद्यालय सुपरिवेक्षण, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, माध्यमिक शिक्षामा न्यून लगानी, तीनवटा तहका सरकारहरुबीचको समन्वय र सहकार्य तथा शिक्षासम्बन्धी अधिकारको साझा बुझाईमा

अस्पष्टता, मेधावी व्यक्तिहरुको शिक्षण पेशामा आकर्षण, शिक्षकको पेसागत विकास, संस्थागत विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने कार्य, माध्यमिक शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने कार्य, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमको प्रभावकारी कार्यान्वयन, विद्यालय र नतिजामा आधारित सुपरिवेक्षण आदि पनि माध्यमिक शिक्षाका चुनौतीहरु हुन् ।

नेपालको संविधान (२०७२) को मौलिक हक सम्वन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी र पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ । संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेण्टी गरिएको छ । संविधानको त्यही धाराले अपांगता भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई उच्च शिक्षासम्म समेत शिक्षा निशुल्क हुने ब्यवस्था गरेको छ । त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क हुने ब्यवस्था गरेको छ । संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, ब्यावसायिक, सीपमूलक, रोजगारमूलक एबम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अंगिकार गरेको छ । त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र ब्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ । उल्लिखित कुराहरुलाई अवसरको रुपमा लिन सकिन्छ ।

शिक्षा नीति २०७६ ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेशागत विकास गर्न, शिक्षक बढुवासम्बन्धी कार्य सम्पादन गर्न र विद्यालय शिक्षा क्षेत्र योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरुलाई जिम्म्मेवार हुने गरी नीति अगाडी सारेको छ । उक्त नीतिले सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारीहरुलाई थप स्पष्ट बनाएको छ । यस गाउँपालिकाका माध्यमिम विद्यालयहरु प्राविधिक शिक्षातर्फ आकर्षित हुदै माध्यमिक तहमा विभिन्न स्ट्रिमका प्राविधिक कक्षाहरु सञ्चालन गरिरहेका छन् । शिक्षाका उल्लिखित सन्दर्भहरुलाई समेत अवसरको रुपमा हेर्न सकिन्छ ।

### ३.४.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

यस योजनाको माध्यमिक शिक्षा उपक्षेत्रको समग्र उद्देश्य माध्यमिक शिक्षामा सबको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई गाउँपालिका र समग्र मुलुकको निम्ति मध्यमस्तर र उच्च शिक्षाका निम्ति अब्वल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ भने यस अन्तर्गतका उद्देश्य र रणनीतिक क्रियाकलापहरु निम्न अनुसार रहेका छन् :

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | माध्यमिक शिक्षामा सबैको पहुँच र विद्यार्थी टिकाउदर बढाउन उनीहरुकै रुचि र आवश्यकता अनुसारको साधारण र प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा अवसर प्रदान गर्नु । | १. माध्यमिक शिक्षा प्राप्त गर्ने सबैका लागि पहुँच सुनिश्चित गर्ने र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. संघीय मापदण्ड अनुसार गाउँपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत माध्यमिक विद्यालयको स्थापना गर्नेछ ।<br>३. गाउँपालिकाले सर्वेक्षण गरी बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका आर्थिक रुपले विपन्नहरुका लागि अवाश्यकताको अधारमा साधारण, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता कोष स्थापना गरी लागु गरिनेछ ।<br>४. विद्यार्थीको नियमिततार टिकाउदर बढाउन तथा कक्षा छाड्ने दर न्युनिकरण गर्न शिक्षक , वि.व्य.स., शि. अ. संघ र जनप्रतिनिधिको प्रतिनिधित्व रहेको अभिभावक समन्वय टिम बनाइ अभियान सञ्चालन गरिने छ ।<br>५. विद्यार्थीको रुचि र आवश्यकतालाई मध्यनजर गरी उनीहरुकै संलग्नतामा सम्पादन हुने गरी व्यावहारिक किसिमले शिक्षण सिकाइ क्रियाकलापहरुको ढाँचा तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनकालागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>७. गाउँपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गरिनेछ । |

| | | |
|---|---|---|
| २ | माध्यमिक शिक्षालाई 'सिक्दै कमाउँदै' को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रम मार्फत विद्यार्थीमा अत्मनिर्भरता र श्रम प्रति सम्मान गर्ने भावनाको विकास गर्नु । | १. सिकाइ र सीपको तादात्म्यता मिलाइ आर्थिक सबलीकरण गर्न विद्यालयको परिवेश र स्रोत साधनको उपलब्धताको आधारमा कृषि, तरकारी,फलफूल, मेकानिक्स , सिलाइ बुनाइ , कुक, पशुपंक्षी पालन जस्ता कार्यक्रम लागु गरिने छ ।<br>२. सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरी खाने शिक्षाको रुपमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।<br>३. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप प्रमाणपत्र (Skill certificate) उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।<br>४. प्रदेश र संघसँगको समन्वयमा पढ्दै कमाउदै कार्यक्रमलाई विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन कार्यसँग जोडी विद्यार्थीहरुमा व्यावसायिक सीप प्रवर्धन गर्न विद्यार्थी ऋण सहुलियत कार्यक्रम समेत विकास गरी सञ्चालन गरिनेछ । |
| ३ | माध्यमिक शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान सिप, नैतिक मूल्य , स्वाभिमानी एवम् स्वयमसेवी भावना, साँस्कृतिक विविधता र पहिचानको आधार स्तम्भको रुपमा स्थापित गर्नु । | १. सघ र प्रदेश सरकारसँग सहकार्यका आधारमा माध्यमिक तहमा पठनपाठन हुने विषयका साथसाथै मानव मूल्य, स्थानीय सस्कृति, पूर्वीय दर्शनमा आधारित विषयवस्तुलाई सिकाइमा अन्तरघुलन गरी सेवाभावले ओतप्रोत नैतिकवान, इमानदार र खुसी नागरिक उत्पादन गर्ने कुरालाई उच्च प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय भाषा तथा सँस्कृति, इतिहास सम्बन्धी स्थानीय भौगोलिक परिवेश सुहाउँदो ज्ञान तथा सिप समावेश गरी जीवनोपयोगी सीपसंग आबद्ध गरिनेछ ।<br>३. स्थानीय तहले विद्यालयसंग समन्वय गरी माध्यमिक तहको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई प्रकोप, संकट तथा महामारी लगायतका विपतको बेला स्वयम् सेवा गर्ने गरी आवश्यक पूर्व अभ्यासका कार्यक्रम सञ्चालन गरिने छ । |
| ४ | निजी लगानीमा सञ्चालनमा आएका माध्यमिक विद्यालयको नियमन गरी नाफामूलकबाट | १. निजी लगानीका विद्यालयहरुको प्रभावकारीताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरुलाई सेवामूलक बनाउन संघ एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | सेवामूलकमा रुपान्तरण गर्न संघ एवम् प्रदेश सरकारसँग सहकार्य गर्नु । | २. निजी लगानीका विद्यालयहरुसँग उनीहरुको बारेमा कुनै पनि निर्णयहरु सम्पादन गर्दा उनीहरुको सहभागिता र सहमतिलाई प्रमुख आधार बनाइनेछ ।<br>३. स्थानीय तहद्धारा निजी लगानीका विद्यालयहरुको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगाएतका विषयमा नियमन गरिने छ ।<br>४. सामुदायिक विद्यालय नभएको सेवा क्षेत्रमा स्थापना भएर निशुल्क माध्यमिक शिक्षा प्रदान गर्न योगदान गर्ने संस्थागत विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गरिनेछ । |
| ५ | उच्च शिक्षा अध्ययनका लागि विषयगत लम्बीय सम्बन्ध र आधार स्थापित हुने गरी गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउनु । | १. विषय र विधिका हिसावले विद्यालय शिक्षादेखिनै विज्ञान, प्रविधि, ईन्जिनियर, कला र गणित (STEAM) को सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिने छ ।<br>२. सबै जसो माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउन विषयगत दक्षता हासिल गरेका शिक्षकहरुको समन्यायिक व्यवस्थापन मिलाइने छ ।<br>३. पालिकाभित्र स्रोत र साधनका हिसावले समेत सबै माध्यमकि विद्यालयहरुमा सबै किसिमका विषयहरुको पठनपाठन नगरी माध्यमिक विद्यालयहरुमा पठनपाठन हुने ऐच्छिक विषयहरुलाई माध्यमिक विद्यालय अनुसार फरक विद्यालयमा फरक विषय पठनपाठन हुने गरी आवश्यक व्यवस्थापन गरिनेछ । |
| ६ | माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गर्नु । | १. कक्षाकोठाको वातावरण सिकाइमैत्री, बालमैत्री, र अपाङ्गमैत्री हुनुका साथै छापामय बनाउनआवश्यक पहल गरिनेछ ।<br>२. विद्यालयहरुमा कम्प्युटर ल्याव, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षाकोठा र सामग्रीको व्यवस्था मिलाइनेछ ।<br>३. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ । |

| | | |
|---|---|---|
| | | ४. माध्यमिक तहमा (STEAM-Approach) को माध्यमबाट विद्यार्थीहरुमा व्यवहार कुशल सिपको विकास गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. संघीय सरकार, प्रदेश सरकारबाट नमुना विद्यालयको रूपमा छनोट भएका विद्यालयका साथै गाउँपालिका आफैले समेत एक वडामा एक विद्यालयलाई अनुकरणीय विद्यालय घोषित गरी तिनका नमुनायोग्य कार्यलाई अन्य फिडर विद्यालयहरुमा पनि लागु गर्न आवश्यक स्रोत सामग्री सहित पहल गरिनेछ ।<br>६. विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्था, अभिभावक लगायत सम्पुर्ण सरोकारवालाको अपनत्व बृद्धि गराइनेछ ।<br>७. माध्यमिक तहका कक्षाहरुमा विषयगत सिकाइको सहजता र सम्बन्ध स्थापित गर्न कक्षागत कक्षाकोठाका अतिरिक्त विषयगत सिकाइ कक्षाकोठा तयार गरी सहजीकरण गरिनेछ ।<br>८. माध्यमिक तहका कक्षाहरुमा विद्यार्थीहरुलाई आफ्नो सिकाइ उपलब्धि सुधारका लागि आफैले योजना निर्माण (Planning of Learning Achievement by Students- PLAS) गरी अध्ययन गर्ने कार्यालाई कार्यान्वयन गरिनेछ ।<br>९. माध्यमिक विद्यालयहरूलाई नियमन एवम् पुरष्कृत गर्न सङ्घ र प्रदेशसंग समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागू गरिनेछ ।<br>१०. विद्यालय (संस्थागत समेत)हरुको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरुले गरेको राम्रा अभ्यासहरुलाई सामुदायिक र संस्थागत विद्यालयहरुको बीचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेश्रोपक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । |

## ३ .४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई गाउँपालिका र समग्र मुलुकको आवश्यकता अनुसार सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने ।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने ।
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम, पाठ्य सामग्रीमा परिमार्जन, सहजीकरणमा सूचना र प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।
४. माध्यमिक शिक्षा पूरा गर्ने सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुने ।
६. शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।
७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग भएको हुने ।
८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको पेशागत क्षमता र समर्पणमा विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
९. पर्याप्त सीप र संख्यामा भएका दक्ष र पेशाप्रति समर्पित शिक्षकहरुले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने ।
१०. सबै अभिभावकहरु बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रुपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार हुने ।
११. शिक्षण सिकाइ क्रियाकलापहरुमा सिर्जनशिलता र नविनता प्रदर्शन गरी शैक्षिक उपलब्धिमा सुधार गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरु सम्मानित र पुरष्कृत भएका हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष

### तालिका ३.४.: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरूको तयारी र कार्यान्वयन। | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन। | पटक | १ | १ | √ | √ | √ | १ | गाउँपालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन। | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ (शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) र गाउँपालिका |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | विद्यालयमा मापदण्डअनुसार नपुग शिक्षकको व्यवस्था। | दरबन्दी नपुग विद्यालय | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र प्रदेश सरकार |
| ५ | सिर्जनात्मक क्रियाकलापका लागि विद्यालयहरुलाई प्रस्ताव | इच्छुक विद्यालय | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | र कामका आधारमा प्रोत्साहन अनुदान | | | | | | | | |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि ) | विद्यालय प्रतिसत | २५ % | २५% | २५% | २५% | २५% | १००% | सङ्घ, प्रदेश र गाउँपालिका (विद्यालय भौतिक सुधारको क्रियाकलाप अनुसार) |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय प्रतिशत | २५ % | २५% | २५% | २५% | २५% | १००% | सङ्घ, प्रदेश र गाउँपालिका |
| | | पटक | १ | | | | १ | २ | |
| ८ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरुको कार्यान्वयन | कक्षा प्रतिसत | २५ | २५ | २५ | २५ | | १०० | सङ्घ, प्रदेश र स्थानीय तहको आपसी समन्वयमा (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| ९ | व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | २० | २० | २० | १०० | सङ्घ, प्रदेश तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | योजना तयारी पटक | १ | | | | | | योजना निर्माणमा सङ्घ र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाबाट कार्यान्वयन |
| | | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| ११ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | १०० | १०० | संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहबाट कार्यान्वयन । |
| १२ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने कार्य संचालन । | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | सङ्घ, प्रदेश तथा गाउँपालिकाको सहकार्य सहलगानीमा |
| १३ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | √ | √ | √ | √ | √ | | सङ्घ, प्रदेश र गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | प्रतिशत | २५ | ३० | ३० | १५ | | १०० | प्रदेश तथा स्थानीय तह |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | विद्यालय प्रतिशत | ४० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ, प्रदेश र गाउँपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| १६ | सघ र प्रदेशसँगको सहकार्यमा पढ्दै र कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ र प्रदेश सरकारसँगको सहकार्यमा । |
| १७ | माध्यमिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित । | माध्यमिक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| १८ | विद्यालयहरुमा सिकाइ उपलब्धि सुकारका लागि PLAS कार्यक्रम सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सङ्घ, प्रदेश तथा गाउँपालिका |
| १९ | विशेषज्ञ सम्मिलित तेश्रो पक्षबाट विद्यालयको अनुगमन, सुपरीवेक्षण र प्रतिबेदन । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |

## ३.५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.५. १. परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास आजको अपरिहार्य आवश्यकता हो। यो शिक्षा श्रम, सिप, रोजगारी र उत्पादनसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । यसका अतिरिक्त यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ । त्यसैले पनि हाम्रो जस्तो बसिबसी खानका लागि पढ्नु पर्छ भन्ने मानसिकताले घर गरेको समाजमा गरिखाने शिक्षालाई प्राथिमकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिदैन। उल्लिखित विषयलाई आत्मसात गरी सरकारले गरिखाने शिक्षा अर्थात प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र बिस्तारलाई उच्च प्राथमिकतामा राखेर प्रत्येक स्थानिय तहसम्म यसको पहुँच विस्तार गरी सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवं स्वरोजगारका अवसरहरु श्रृजना गर्दै कामका लागि विदेश जाने युवाहरुलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ।

जुन मुलुकले आफ्नो स्रोत साधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन, त्यो मुलुकले युग अनुकुल आफुलाई बदल्न पनि सक्दैन। अतः यसका लागि शिक्षालाई सीपसँग, सीपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सीप र दक्षता सहितको श्रम शिक्षा दिनु जरुरी छ । माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक सीप र उद्यमशिलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी जीवन जिउन सक्ने हुनुपर्छ। यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको भएता पनि कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११-१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ ।

### ३.५.२. वर्तमान अवस्था

नेपालमा हाल बिभिन्न १२ वटा बिषयगत मन्त्रालयहरुले प्राबिधिक शिक्षा र सीपमूलक तालिमसँग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन। यसमध्ये पनि ६ वटा मन्त्रालयहरु (कृषि तथा पशुपंक्षी विकास, संस्कृति, पर्यटन तथा

नागरिक उड्डयन, शिक्षा, बिज्ञान तथा प्रबिधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरुपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ। यसरी नै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०८० को फ्लास प्रतिवेदनका आधारमा भन्नु पर्दा मुलुकभर प्राविधिक शिक्षा तर्फ टिएसएलसीका कार्यक्रमहरु सञ्चालन गर्ने शिक्षालयहरुको संख्या ४५५, डिप्लोमा तहको कार्यक्रमहरु सञ्चालन गर्ने शिक्षालयहरुको संख्या ४६५ र दुबै प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या १८६ रहेका छन् । त्यसरी नै लुम्बिनी प्रदेशमा टिएसएलसीका कार्यक्रमहरु सञ्चालन गर्ने शिक्षालयहरुको संख्या ७४, डिप्लोमा तहको कार्यक्रमहरु सञ्चालन गर्ने शिक्षालयहरुको संख्या ७८ र दुबै प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या ३३ रहेका छन् । यसरी नै कक्षा ९ देखि १२ सम्म प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या ८७९ र त्यहा अध्ययनरत विद्यार्थीहरुको सङ्ख्या २०३०६ जना रहेका छन् जस्मा छात्राको सङ्ख्या ८३९८ र छात्रहरुको सङ्ख्या ११९०८ रहेको छ । छथरमा प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरु एउटा पनि नभएको अवस्था पनि स्पष्टै छ ।

### ३.५.३. चुनौती र अवसर

प्राविधिक तथा व्यावसायिकको सन्दर्भमा कक्षा ९ देखि कक्षा १२ को प्राविधिक धारको पाठ्यक्रमलाई अधिकांश विद्यार्थीलाई आकर्षित गर्नेगरी परिमार्जन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गरी समावेश गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम संचालनका लागि दक्ष र अभिप्रेरित जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यावसायिक शिक्षालाई प्रवर्धन गर्नका लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राबिधिक र व्यावसायिक शिक्षा संचालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यान्वयनको लागि आवश्यक व्यवस्थापन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन ।

छथर गाउँपालिकाका माध्यमिक विद्यालयहरुले प्राविधिक र व्यावसायिक प्रकृतिका विषयहरु पठनपाठन आरम्भ हुनु, छथरका अन्य विद्यालयहरु समेत पढ्दै कमाउदै कार्यक्रम र प्राविधिक शिक्षाको हिसावले उपयुक्त र उर्वर हुनु, गाउँपालिका भित्र प्राविधिक एसएलसी र डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालनमा हुनु, कृषि, पशुपालन, इञ्जिनियरिङ, इलेक्ट्रिसिटी र इलोक्ट्रोनिक तर्फको प्राविधिक शिक्षा सञ्चालनका लागि गाउँपालिकाको परिवेश अनुकूल हुनु, प्राविधिक शिक्षा प्राप्त गरेका विद्यार्थीहरुले बेरोजगार बस्नु नपरेको कारण नागरिकहरुको प्राविधिक शिक्षा तर्फको आकर्षण बढ्नु  गाउँपालिकाभित्रै विश्व विद्यालय स्तरको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन हुनु आदि यस गाउँपालिकाका प्राविधिक शिक्षा तर्फका अवसरहरु  हुन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, विद्यालयदेखि उच्च शिक्षासम्म प्राविधिक शिक्षालाई प्राथिमकताका साथ सञ्चालन गर्नका लागि सरकारी नीति र कार्यक्रमहरु लागू हुदै गएको अवस्था हुनु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यावसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, छथर लगायत समग्र तेह्रथुमको परिवेश खाद्यान्न र माछापालनका लागि अनुकूल हुनु आदिलाई समेत  प्राविधिक र व्यावसायिक शिक्षाको क्षेत्रका अवसरको रूपमा लिन सकिन्छ ।

### ३.५.४. उद्देश्य र रणनीतिक क्रियाकलापहरु

यस योजनाको प्रस्तुत उपक्षेत्रको समग्र उद्देश्य  छथर गाउँपालिका लगायत समग्र मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन गर्ने रहेको छ भने यससँग सम्बन्धित विशिष्ट उद्देश्य र रणनीतिक क्रियाकलापहरु निम्नानुसार रहेका छन् ।

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विस्तार गर्नु । | १. पालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय विद्यालय, प्रदेश प्राविधिक शिक्षालय तथा संघीय र प्रदेश विश्वविद्यालयसँग सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | ३. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक,व्यावहारिक र समयानुकूल वनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, विभिन्न संघसंस्था लगायतका सरोकारवाला र समूदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिने छ ।<br>४. छथर गाउँपालिकामा संञ्चालित प्राविधिक शिक्षाका कक्षा ९ -१२ का लागि छुट्टै भवनमार्फत सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ ।<br>५. पालिकाभित्रका विद्यालयमा सम्भाव्यताका आधारमा विद्यालयको हावापानी,परिवेश, स्थानीय माग र क्षमताका आधारमा प्राविधिक धार तथा व्यावसायिक सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका कार्यक्रमहरुलाई गाउँपालिकाको आवश्यकता,सम्भाव्यता र मौलिकताअनुकूल हुनेगरी छनौट गरेर सञ्चालन गर्न गाउँपालिका स्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन गरी काय सञ्चालन गरिनेछ।<br>७. प्राथमिकताका आधारमा कृषि, विज्ञान तथा प्रविधि, इलिक्ट्रोनिक, इलेक्ट्रिसिटी, चिकित्साविज्ञान, आयुर्वेदिक, पर्यटन, इन्जिनियरिङ, नवीकरणीय उर्जा, अटोमोबाइल, पेन्टिङ, प्लम्विङ, शैलुन, सेकुरिटी गार्ड, उद्योग तथा व्यापार आदिमध्ये आवश्यकताका आधारमा सबै वा केही प्राविधिक विषयक्षेत्रलाई समेटिने गरी गाउँपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुको स्थापना र सञ्चालन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। |
| २ | प्राविधिक, व्यावसायिक र सिपमूलक | १. नवीन प्रविधि,व्यावसायिक दक्षता र परम्परागत सिपलाई आवश्यकता अनुसार एकीकृत गरी आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गरिनेछ। |

| | | |
|---|---|---|
| | शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसर वृद्धि गर्नु। | २. परम्परागत तथा पुर्ख्यौली सिप तथा व्यावसायलाई आधुनिक प्रविधिमार्फत स्थापित गर्दै परम्परागत व्यावसायिक सिपलाई प्रमाणीकरण गर्न संघीय र प्रदेशका त्यस सम्बन्धी संस्थागत संयन्त्रसँग सहकार्य गरिनेछ ।<br>३. पालिकाको केन्द्र वा पायक पर्ने स्थानमा प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षार्थीहरुबाट उत्पादित सामग्रीहरुको बजारिकरणका लागि गाउँपालिकाको अनुदानमा सुपथ मूल्य पसल सञ्चालन गरिने छ र त्यसको सुरुवात पालिका भित्रका समग्र सामुदायिक विद्यालयका विद्यार्थीहरुको पोसाकको एकरुपता एवम् विद्यालय दिवाखाजा कार्यक्रममा उत्पादित सामग्रीको उपयोग आदिबाट सुरुवात गरिनेछ।<br>४. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गर्दै लगिनेछ। |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्नु। | १. निजी क्षेत्रका रोजगारदाता संघसंस्थाहरुको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसीप र अन द जब ट्रेनिङ्ग संञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>२. शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९ -१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठयक्रम लागु गर्न संङघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>३. आर्थिक,सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई र अपाङ्गता भएका व्यक्तिहरुको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका कार्यक्रमहरु संञ्चालन गरिनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति |

| | | |
|---|---|---|
| | | अबलम्बन गर्न संङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।<br>५. गाउँपालिकामा प्राविधिक शिक्षा संञ्चालन गरेका विद्यालयहरुलाई त्यहाँ अध्ययनरत विद्यार्थी संङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कायक्रम उपलब्ध गराइनेछ ।प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनका साथै हाल गाउँपालिकाबाट त्यसप्रकारको शिक्षा अध्ययनका लागि वा उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न संङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ । |
| ४ | श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध गर्ने । | १. श्रम र श्रमिकप्रति सम्मान अभियानमार्फत अनुकरणीय श्रम गर्ने नवप्रवेशी श्रमिकलाई सम्मानका कार्यक्रम संञ्चालन गरिनेछ ।<br>२. प्राविधिक र व्यावसायिक क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चित ता हुने गरी कार्यक्रमको विकास गरेर कार्यान्वियन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवाउन्मुख बनाउनका लागि र प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठयक्रममा राट्रियता,नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>४. सबै क्षेत्र, हैसियत र वर्गका मानिसहरुमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | ५. लिम्बू जातिहरुको व्यावसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उनीहरुबाट उत्पादित हस्तकलासँग सम्बन्धित सामग्रीहरुको उत्पादनमा प्रोत्साहन तथा बजारिकरणमा प्रर्वद्धन गरी यस्ता सामग्रीमा आत्मनिर्भरउन्मूख हुदै वातावरण प्रदूषणजन्य आयातित सामग्रीहरुलाई पालिका भित्र प्रतिबन्धित गरिनेछ । ६. प्रत्येक वर्ष पालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आबद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वद्धन गरिनेछ । |

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

छथर गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाबाट सक्षम, सीपयुक्त र श्रमप्रति सम्मानभाव भएको जनशक्ति उत्पादन भइ आर्थिक उपार्जनका अवसरमा बृद्धि भएको हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रममा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि भएको हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाइको गठन भएको हुने ।
३. प्राविधिक धारतर्फको कक्षा ९–१२ र तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रम कार्यान्वियन भएको हुने ।
४. प्राविधिक शिक्षासम्बन्धी गतिविधिहरु प्रयोगात्मक, व्यावहारिक र समयानुकूल भएको हुने ।
५. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्ति पेशाप्रति समर्पित भइ काम गरेको हुने ।
६. नागरिकमा श्रमप्रतिको सम्मान भाव विकास भएको हुने ।

७. गाउँपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरुले विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्राप्त गरेको हुने ।
८. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिएको हुने ।

**(ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष**

**तालिका ३.५.: प्राविधिक तथा व्यावसायिकत शिक्षा र तालिमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानून, नियम, निर्देशिका र कार्यविधि बनाइ कार्यान्वयन । | पटक | १ | | | | १ | २ | सङ्घ, प्रदेश र गाउँपालिकाको आपसरी सहकार्य र समन्वयमा । |
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति एवम् विशेष सहुलियत दिने नीति अवलम्बन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वनय र सहकार्य । | लक्षित समूहको पहिचानको आधारमा संख्या | √ | √ | √ | √ | √ | √ | गाउँपालिकाको अगुवाइमा सङ्घ, प्रदेश सरकारसँग सहकार्य । |
| ३ | गाउँपालिका स्तरमा प्राविधिक शिक्षासम्बन्धी काम गर्नका लागि विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन र कार्यसञ्चालन । | पटक | १ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| ४ | आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक | सर्वे पश्चात आवश्यकता | √ | √ | √ | √ | √ | √ | गाउँपालिकाको अगुवाइमा सङ्घ र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षाको आवश्यकता पूरा गर्न छात्रवृत्ति एवम् प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन। | का आधारमा | | | | | | | प्रदेशसँग सहकार्य गर्दै |
| ५ | प्राथमिकताका आधारमा कृषि, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, नवीकरणीय ऊर्जा, प्लम्बिङ्ग, अटो मोवाइल, पेण्टीङ्ग, शैलुन, मेसन व्यवसाय, सेकुरिटी गार्ड, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुको स्थापना र संचालन। | सर्वे पश्चात मागका आधारमा | √ | √ | √ | √ | √ | √ | गाउँपालिकाको अगुवाइमा सङ्घ, प्रदेश सरकार र निजी क्षेत्र समेतको लगानीका आधारमा। |
| ६ | निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सीप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग सञ्चालन। | सर्वे पश्चात मागका आधारमा | √ | √ | √ | √ | √ | √ | सङ्घ, गाउँपालिका र निजी क्षेत्र समेतको लगानीका आधारमा। |
| ७ | प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दीगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेशामा सुनिश्चित ता प्रदान। | पेशामा निरन्तर प्रोत्साहन | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ८ | प्राविधिक धारतर्फको कक्षा ९-१२ र तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा | एउटै ढाँचामा संचालन | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रमको कार्यान्वयन। | | | | | | | | |
| ९ | प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको समायोजन। | पाठ्यक्रम परिमार्जन | १ | | | | | १ | सङ्घ र प्रदेशसँगको समन्वयमा |
| १० | गाउँपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरुमा विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम सञ्चालन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| ११ | थारु जातिहरुको व्यावसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उनीहरुबाट उत्पादित हस्तकलासँग सम्बन्धित सामग्रीहरुको उत्पादनमा प्रोत्साहन तथा बजारिकरणमा प्रर्वद्धन । | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| ११ | विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क। | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |

# ३.६ अनौपचारिक शिक्षा र निरन्तर सिकाइ

## ३.६. १ परिचय

शिक्षा सभ्य र सुसंस्कृत मानव जीवन पद्धतिको प्रमखु पूर्वाधार हो । यो मानव अधिकारको विषय पनि भएकाले सवैलाई सार्वजनिक शिक्षाको सुनिश्चित गर्नु राज्यको दायित्व हो । औपचारिक शिक्षावाट मात्र सवैलाई समय सुहाउदो सार्वजनिक शिक्षाको सर्वशुलभ पहुच नहुने हुदा औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकावाट समय सापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ ।

शिक्षा क्षेत्र योजना २०७७-८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगत आधा शताब्दीमा मुलुकमा भए गरेका परीक्षणहरू, विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरू तथा सबै सरोकारवालाहरूको सल्लाह र सुझाबको आधारमा समय सापेक्ष सुधार गरिएको छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानु पर्ने देखिन्छ ।

अनौपचारिकलगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाई समेत समकक्षता प्रदान गरी गतिशीलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework- NQF) नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालिन अनौपचारिक शिक्षा केन्द्र)

बाट आधारभूत तहको समकक्षी अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयारी भइरहेको छ । राष्ट्रिय शिक्षा नीति – २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

छथर गाउँपालिकाको शिक्षा क्षेत्रको योजनाको यस खण्डमा सिङ्गो मुलुक एवम् छथरमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्षहरू यसमा समावेश गरिएको छ ।

## ३.६.२ वर्तमान अवस्था

सन् १९९४ मा दूर शिक्षा केन्द्रको स्थापना, बि.सं. २००८ मा नन्दी रात्री मा.वि. बाट खुला पद्धति अंगालेर SLC परीक्षाको सञ्चालन, प्रथम पञ्चबर्षिय योजना (२०१३-२०१८) बाट प्रौढ साक्षरताको शुरुवात, २०६५-०६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान सञ्चालन, २०६९-०७२ को साक्षर नेपाल अभियान आदि कार्यक्रमहरु नेपालमा बैकल्पिक पद्धतिबाट सम्पूर्ण (विद्यालय बाहिर रहेका समेत) नागरिकलाई शिक्षित बनाउनका लागि प्रभावकारी भुमिका खेल्ने कार्यक्रमहरु रहेका थिए र प्रस्तुत कार्यक्रमहरुले उल्लिखित भूमिका निर्वाह गरेकोमा पनि कुनै सन्देह छैन ।

हाम्रो मुलुकमा योजनावद्ध विकासको शुरु संगै २०१३ देखि नै अनौपचारिक शिक्षाको विकास र विस्तार हुदै आएको छ । यस अन्तरगत मुख्य गरि आधारभुत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरोतर शिक्षा, साक्षरता अभियान लगाएतका कृयाकलाप हरु संचालन हुदै आएका छन । मुलुकको संविधान, आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, क्षेत्रगत ऐन नियम तथा तीनै तहका सरकारको नीति कार्यक्रम तथा बजेटमा समेत अनौपचारिक शिक्षालाई प्राथमिकताका साथ

राखिएको छ । शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि नेपालमा अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको गुणस्तरमा सुधार हुने नतिजाको अपेक्षा गरिएको थियो।

अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा बैकल्पिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गरिएको छ भने तालिम मापदण्ड निर्धारण गरी सोका आधारमा सहजकर्ताहरूका लागि तालिम प्रदान गरिएको छ। महिला सहभागिता र सशक्तिकरणमा बृद्धि भएको छ ।औपचारिक शिक्षाले विशेष गरी पिछडिएका समुदायका छात्राहरूको सहभागितामा वृध्दि भएको छ। सिकाइ सक्षमता १२ ओटा निर्धारण गरी साक्षर नेपाल अभियान सञ्चालन भई हालसम्म ६७ जिल्ला साक्षर घोषणा भएका छन् । उक्त अभियानकै क्रममा बढैयाताल गाउँपालिकाका साविकका गाविस र समग्र बर्दिया जिल्ला समेत २०७२ सालमा साक्षर घोषणा गरिएको देखिन्छ। त्यस अभियानमा १५ देखि ६० वर्ष उमेर समूहका मानिसहरुको साक्षरता दर ९५ प्रतिसत पुग्यो भने जिल्लालाई साक्षर घोषणा गर्न सकिने प्रावधान रहेको छ।

विगत देखिको प्रयासको फलस्वरुप २००७ सालमा २ प्रतिशत रहेको नेपालको साक्षरता दर राष्ट्रिय जनगणना २०७८ अनुसार ७६.३ रहेको देखिन्छ जसमा महिलाको साक्षरता दर ६९.४ र पुरुषको साक्षरता दर ८३.६ रहेको देखिन्छ। बढैयाताल गाउँपालिकाको सन्दर्भमा विश्लेषण गर्नु पर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार बढैयातालको गाउँपालिकाको कुल जनसङ्ख्या ५२,८१८ रहेको छ जसमा पुरुष २४,३८४ (४६.२%) र महिला २८,४३४ (५३.८%) रहेका छन्। यीमध्ये ५ वर्षमाथिको जनसङ्ख्यामध्ये ७६.७ प्रतिसत मानिसहरु साक्षर रहेका छन्। जसमध्ये पुरुषको साक्षरता प्रतिसत ८३.९ रहेको छ भने महिलाको साक्षरतादर ७०.७ रहेको छ । साक्षर भएका मध्ये पनि पूर्व प्राथिमक शिक्षासम्म मात्र अध्ययन गरेको जनसङ्ख्या १७९४ जना (४.८), प्राथमिक शिक्षासम्म अध्ययन गरेका १०६६१ जना (२८.३), निम्न माध्यमिक शिक्षासम्म अध्ययन गरेका ८९३२ जना (२३.८), माध्यमिक शिक्षासम्म अध्ययन गरेका ६५६९ जना (१७.५), एसएलसी अध्ययन गरेका ३०३७ जना (८.१), कक्षा १२ सम्म अध्ययन गरेका ३३१५ जना (८.८), स्नातकसम्म अध्ययन गरेका ८१८ जना (२.२), स्नातकोत्तरसम्म अध्ययन गरेका २९६ जना (०.८) र त्यसभन्दा माथि अध्ययन गरेका ४६ जना (०.१) देखिन्छन्।

संघीय सरकारले विद्यालय शिक्षाबाट विविध कारणले बञ्चित बालबालिकाका लागि खुला शिक्षा कार्यक्रम र प्रौढहरुका लागि अनौपचारिक प्रौढ विद्यालयहरु सञ्चालन गरेको छ । मुलुकमा त्यस्ता कार्यक्रम र विद्यालयहरुको सङ्ख्या आधारभूत तहमा क्रमश ३७ वटा र ५० वटा रहेका छन् भने माध्यमिक तहमा क्रमश ८४ वटा र २९ वटा रहेका छन् । यस्ता खुल्ला शिक्षा र अनौपचारिक शिक्षाका विद्यालयहरु छथर गाउँपालिका छैनन् । यसरी नै सामुदायिक सिकाइ केन्द्रहरु मुलुकभर २१५१ वटा भएकोमा छथर गाउँपालिकामा ३ वटा मात्रै रहेको देखिन्छ ।

## ३.६.३ चुनौती र अवसर

अनौपचारिक शिक्षाका समग्र चुनौतीहरुको रुपमा सबै नागरिकलाई कार्यमुलक साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजले पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट बञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच उपलब्ध गराउनु, साक्षरतालाई आय आर्जन र निरन्तर शिक्षासँग आवद्ध गर्नु आदि मुख्य चुनौतीहरु रहेका छन् । अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता, स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतीका रुपमा रहेका छन् ।

छथर गाउँपालिकाका अनौचारिक शिक्षा क्षेत्रका विशिष्ट चुनौतीहरुको रुपमा गाउँपालिका भित्रका थारु बस्तीमा बसोबास गरिरहेका र सिकाइको उमेर ढल्किसकेका व्यक्तिहरुलाई सिकाइको अवसर विस्तार गर्नु, निरक्षर व्यक्तिको तथ्याङ्क संकलन र निजहरुलाई सिकाइको लागि स्रोत व्यवस्थापन गर्नु, सामुदायिक सिकाइ केन्द्रहरुलाई अनौचारिक शिक्षाका निम्ति सक्रिय बनाउनु, कार्यक्रमको सफल कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु, शिक्षाका लागि समाजका हरेक तह र तप्काका व्यक्ति एवम् संस्थाको सहयोग र समर्थन प्राप्त गर्नु, कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त ज्ञान सिपलाई दिगो बनाउन उपयुक्त अवसरको सिर्जना गर्नु, सिकाइका लागि सिकाइ नभै सिकाइ प्रति सिकारुको अपनत्व बोध गराउनु, एकपटक सिकिसकेपछि सोको निरन्तरताका लागि पुन: सिकाइ कार्यक्रम सञ्चालन गर्नु, प्रौढहरुमा 'सिकेर के हुन्छ र ?' भन्ने मनोभावना हटाइ सिकाइले जीवन सहज बनाउछ भन्ने तर्फ

अभिप्रेरित बनाउनु, सिकारुको धर्म, संस्कृति आदि समेटेर उनीहरुकै मातृ भाषामा सिकाई सामग्रीको विकास गर्नु आदि रहेका छन् ।

वर्तमान सन्दर्भमा वहुशासकीय साझेदारहरुको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने संघीय सरकारको दिर्घकालिन सोच, साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि अवसरको रुपमा लिन सकिन्छ । गाउँपालिकामा यस पूर्व नै साक्षर घोषणा भइसकेकोलाई अवसरको रुपमा लिन सकिन्छ । त्यसरी नै पालिकामा सामुदायिक पुस्तकालय र सिकाइ केन्द्रहरु रहनु, शिक्षा र साक्षरताका क्षेत्रमा अन्य सहयोगी विकास साझेदारहरुले सहयोग गरिरहेको अवस्था हुनु, गाउँपालिका शिक्षा र साक्षरताको क्षेत्रमा लगानी गर्न प्रतिबद्ध हुनु आदिलाई यस गाउँपालिकामा भएका अनौपचारिक शिक्षाका अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ३.६.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको यस शिक्षा योजनाको प्रस्तुत उपक्षेत्रको समग्र उद्देश्य अनौपचारिक शिक्षालाई साक्षरताको मुल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर गाउँपालिका सहितको समुन्नत समाज निर्माण गर्ने रहेको र यस अन्तर्गतका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम रहेका छन् ।

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | विविध कारणबस यस गाउँपालिकाभित्र औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बीचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर | १.साक्षर घोषणा भइसकेको छथरलाई पूर्ण साक्षरका साथै शिक्षित छथर बनाउनका लागि आजीवन सिकाइका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. छथर गाउँपालिकाभित्र विविध कारणवश औपचारिक शिक्षाबाट वञ्चित विभिन्न उमेर समूहका नागरिकहरुको तथ्याङ्क सङकलन गर्न प्रत्येक |

| | | |
|---|---|---|
| | सबै गाउँवासी नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु । | वडाभित्रका माध्यमिक र आधारभूत विद्यालयका विद्यार्थीहरुलाई परियोजना कार्य मार्फत परिचालन गरिनेछ ।<br>३. विद्यालयका अभिभावक गोष्ठीमार्फत नवसाक्षर र निरक्षर नागरिकहरलाई चेतनामूलक साक्षरता कार्यकम सञ्चालन गरिनेछ ।<br>४. साक्षरता सिकाइका लागि स्थानीय रेडियो, टेलिभिजन, विभिन्न मोबाइल एप, अनलाइन जस्ता सञ्चार प्रविधि,सार्वजनिक पुस्तकालय,सामुदायिक सिकाइ केन्द्रमा पहुँचको अभिवृद्धि गरिनेछ ।<br>५. गाउँपालिकाका, विभिन्न सहकारी वित्तीय संस्था,विभिन्न आमा समूह,वनउपभोक्ता समूह, बालक्लव, रेडक्रस, स्काउट र सरकारी तथा गैरसरकारी संघसस्था र अन्य साझेदारहरु परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको निम्ति नागरिकहरुलाई अभिप्रेरित गरिनेछ ।<br>६. नागरिक समाज, आमा समूह, बालक्लव, युवाक्लव तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी गाँउपालिकालाई पूर्ण साक्षर गाँउपालिकाको सुनिश्चितताको घोषणा गरिनेछ । |
| | अनौपचारिक, खुला र निरन्तर शिक्षाका माध्यमबाट प्राप्त ज्ञान र सिपलाई दैनिक जीवनसँग जोडदै औपचारिक शिक्षाको समकक्षताको विकास र विस्तार गर्ने । | १. अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ ।<br>२. अनौपचारिक एवं आजीवन सिकाइका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच स्रोत साझेदारीको प्रारुप विकास गरी लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. राष्ट्रिय योग्यता प्रारुप अनुसार औपचारिक,अनौपचारिक र अतिरिक्त शिक्षाबीच |

| | | |
|---|---|---|
| | | समकक्षताको लागि निर्माण गरिएका नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको कार्यन्वयन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>४. अनौपचारिक शिक्षाको सञ्चालन र व्यवस्थापन पालिकाको समन्वयमा वडाले गर्नेछ र सोको प्रत्यक्ष सुपरीवेक्षण अनुगमन, मूल्याङ्कन र नियमन पालिकाले गर्नेछ । |
| | पठन संस्कृतिको विकास र निरन्तर शिक्षाको अभिन्न अङ्गको रुपमा छथर सार्वजनिक पुस्तकालय र सामुदयिक सिकाइ केन्द्र स्थापना, क्षमता अभिवृद्धि, व्यवस्थापन र सञ्चालन गर्ने । | १. सार्वजनिक पुस्तकालयलाई संघ र प्रदेशसँगको समन्वयमा सूचना तथा संञ्चार, प्रविधियूक्त बनाई क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. पुस्तकालयलाई आत्मनिर्भर बनाउँदै सार्वजनिक पुस्तकालयलाई पालिकाका सबै वडाहरुमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्रका सबै विद्यालयमा तह र कक्षाअनुसार सन्दर्भ सामग्री सहितका पुस्तकालयहरु स्थापना गरिनेछ ।<br>४. आजीवन सिकाइ तथा निरन्तर शिक्षालाई प्रभावकारी रुपमा सञ्चालनका लागि प्रत्येक वडामा साधन र स्रोतसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना, क्षमतावृद्धि, विस्तार र सुदृढीकरण गरिनेछ ।<br>५. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ. एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिनेछ । |
| | गाउँपालिकाका विभिन्न उमेर समूहका व्यक्तिहरुलाई | १. विभिन्न समुदायलाई कामको उनीहरुको व्यवहार र कामको प्रकृति हेरी अनौपचारिक शिक्षामा सहभागी गराईनेछ । |

| | | |
|---|---|---|
| | आवश्कतानुसार व्यवहारिक ज्ञान, सिप र सूचना प्रदान गर्ने । | २. व्यावहारिक शिक्षालाई वैयक्तिक विकास,सामाजिक सहभागिता एवम् कार्यथलोमा सफलता प्राप्तिका लागि अपनाइने अन्तरनिहित तथा अन्तरवैयक्तिक सामाजिक संवेगात्मक कार्यकुशल सिपसँग जोडिनेछ ।<br>३. व्यावव्हारिक सिप र साक्षरताका क्षेत्र (7Rs) पढाइ (Reading) लेखाइ (Writing) अङ्कगणित (Arithmetic) अधिकार (Right) उत्तरदायित्व(Responsibility) अन्तरसम्बन्ध (Relationship) मनोरञ्जन (Recreation) लाई अन्योन्याश्रित बनाई कार्यमूलक साक्षरता सिपसँग जोडिनेछ ।<br>४. गाउँपालिका क्षेत्रका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू (वैकल्पिक,अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि ) सञ्चालन गरिनेछ । |

## ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. गाउँपालिकाका सबै नागरिकहरुका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भइ यसकै कारण उनीहरुको जीवनस्तरमा सकारात्मक प्रभाव परेको हुने।

### ख) प्रमुख नतिजाहरू (Key results)

१. छथर गाउँपालिका पूर्ण साक्षर गाउँपालिकाको रुपमा घोषणा भइ नवसाक्षर र शिक्षालाई निरन्तरता दिन चाहनेहरुका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरुको प्रबन्ध भएको हुने।

२. सिकारुको आवश्यकताअनुसार आजीवन सिकाइका नमुना मोड्युल र सिकाइ सामग्रीहरू विकास भइ कार्यान्वयन भएको हुने।

३. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह् गर्ने आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास भएको हुने।

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार भई गरी राष्ट्रिय योग्यता प्रारूपअनुरुप समकक्षता प्रदान भएको हुने ।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार भइ कार्यान्वयन भएको हुने।

६. सामूदायिक सिकाई केन्द्रलाई प्रत्येक वडामा आवद्ध तथा विस्तार एवं प्रविधि मैत्री बनाइ सिकाइका अवसर प्रदान गरिएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### तालिका ३.६.: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | जिम्मेवार सरकार र निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | गाउँपालिकालाई पूर्ण साक्षर सुनिश्चितताको घोषणा। | पटक | १ | √ | √ | √ | √ | १ | गाउँपालिका |
| २ | 'साक्षर अभिभावक हाम्रो गौरव' लाई साक्षरता अभियानसँग गाँसेर विद्यालय सेवा क्षेत्र अन्तरगतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेको शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी आदिको परिचालन। | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका र विद्यालय |
| ३ | साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री स्थानीय भाषाका सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ४ | गाउँपालिकाको कम्तीमा एउटा सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ. एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास । | गाउँपालिका | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| ५ | सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाइ | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्नका लागि प्रोत्साहन। | | | | | | | |
| ६ | स्थानीय मागका आधारमा एउटा वडामा एउटा हुनेगरी सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन । | वडा | १ | २ | २ | २ | २ | ९ | गाउँपालिका |
| ७ | पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडामा रहेको सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ८ | सामुदायिक पुस्तकालयहरूको स्थापना र सञ्चालनलाई सामुदायिक सिकाइ केन्द्रसँगको आवद्ध कायम। | पुस्तकालय | | √ | √ | √ | √ | | सङ्घ, प्रदेश र गाउँपालिका |
| ९ | विद्यालय अध्ययनरत विद्यार्थीहरुबाट आफ्नो परिवारका निरक्षर सदस्यहरुलाई साक्षर बनाउनका लागि परियोजना एवम् प्रयोगात्मक कार्य संचालन | विद्यालयहरु | √ | √ | √ | √ | √ | √ | प्रदेश सरकार, स्थानीय सरकार र विद्यालयहरु |
| १० | सामुदायिक सिकाइ केन्द्रमा संयोजक व्यवस्था तथा सहयोगीको व्यवस्था | गाउँपालिका | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| ११ | तीनै तहका सरकारको लागत सहभागिताको प्रारूप तयार गरी सोको कार्यान्वयन । | पटक | १ | | | | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| १२ | एफएम रेडियो, सञ्चारकर्मी र मिडियासँग साक्षरता र निरन्तर शिक्षाका लागि सहकार्य। | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| १३ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास (मौलिक तथा परम्परागत ज्ञानसहित) र डिजिटाइज्ड) | मोड्युल | | १० | १० | १० | | ३० | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन,अनलाइन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन) | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र स्थानीय तह |
| १५ | राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यता प्रमाणीकरण तथा समकक्षतासम्बन्धी कार्यविधिको कार्यान्यिन / | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| १६ | साक्षरता र निरन्तर शिक्षाका लागि अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, पेशागत विद्यालय, व्यावसायिक विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतको संस्थागत विकास र सञ्चालनका लागि अनुदानको प्रवन्ध । | विभिन्न प्रकृतिका विद्यालयहरु | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र स्थानीय तह |

# परिच्छेद : चार

# शिक्षा योजनाका अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ परिचय

योजनामा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक शिक्षा र निरन्तर सिकाइसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका परिच्छेद ३ मा प्रस्तुत गर्ने काम भएको छ ।

प्रस्तुत परिच्छेदमा शिक्षाका उल्लिखित विभिन्न उपक्षेत्रहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन,, शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशिकरण र मनोसामाजिक परामर्श,आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ । यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरू दोहिरन जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरूले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुऱ्याउँने काम गर्दछ ।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जिवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक

प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

हाम्रो मुलुकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरूबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस गाउँपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमशः केही सकारात्मक कामहरु भएको देखिए तापनि त्यसको सँगसँगै प्रशस्त चुनौतीहरु पनि देखिएका छन् । अतः यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस गाउँपालिकाको सन्दर्भमा शिक्षक व्यवस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य, उद्देश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

## ४.२.२ वर्तमान अवस्था

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीले गरेको छ । नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ ।

यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ ।

फ्लास प्रतिवेदन २०८० का अनुसार नेपालमा सामुदायिक विद्यालयमा कार्यरत राहत र स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकको कुल सङ्ख्या १,५६,१७७ रहेको छ जसमध्ये आधारभूत तह कक्षा १ देखि ५ सम्म १०२०४७ जना, आधारभूत तह कक्षा ६ देखि ८ सम्म २५८३४ जना र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म २८२९६ जना रहेको देखिन्छ । साथै मुलुकमा सामुदायिक विद्यालयहरुको कुल सङ्ख्या २७,९९० रहेको छ भने मुलुकभर संस्थागत विद्यालयहरुको सङ्ख्या ७,८८६ रहेको छ । कक्षा १ देखि १२ सम्मका कुल विद्यार्थीहरुको सङ्ख्या ७१,४३,२६२ रहेको छ । तीमध्ये सामुदायिक विद्यालयमा ४९,९५,४६६ जना विद्यार्थीहरु अध्ययनरत छन् । तीमध्ये पनि कक्षा १ देखि कक्षा ८ सम्म ३६९२८५९ जना र कक्षा ९ देखि कक्षा १२ सम्म १३०२६०७ जना रहेका छन् ।

त्यसै गरी शैक्षिक तथ्याङ्क हेर्दा छथर गाउँपालिकामा सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल विद्यार्थीहरुको सङ्ख्या ९६८२ रहेको छ, जसमध्ये कक्षा १देखि ५ सम्म ४५६१ जना, कक्षा ६ देखि ८ सम्म २८१८ जना, कक्षा ९ देखि १० सम्म १६५४ जना र कक्षा ११ देखि कक्षा १२ सम्म ६४९ जना विद्यार्थी रहेको देखिन्छ । यसरी नै बढैयाताल गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको कुल सङ्ख्या २९२ (यीमध्ये महिला ९५ जना) रहेकोमा तीमध्ये प्राथमिक तहमा १६७ जना (यीमध्ये महिला ७५ जना), निम्न माध्यमिक तहमा ६२ जना (यीमध्ये महिला १३ जना), माध्यमिक तहमा ५१ जना (यीमध्ये महिला ७ जना) र उच्च माध्यमिक तहका १२ जना रहेका छन् । यसरी अध्ययन गर्दा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात प्राथमिक

तहमा २७ जना, निम्न माध्यमिक तहमा ४५ जना, माध्यमिक तहमा ३२ जना र उच्च माध्यमिक तहमा ५० जना रहेको देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा हालको शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा नेपाल सरकारबाट दायित्व नपर्ने गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक्ताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइने छ भनिएको छ । बढैयाताल गाउँपालिकाको हकमा राहत शिक्षकको व्यवस्थापनले शिक्षकको अपर्याप्ततालाई  केही हसम्म समाधान गरेपनि निम्न माध्यमिक र माध्यमिक र उच्च माध्यमिक तहमा भएको शिक्षक विद्यार्थीको उच्च अनुपातलाई उपयुक्त बनाउन र माध्यमिक विद्यालयहरुमा विषयअनुसारको  शिक्षकको व्यवस्थाका लागि शिक्षक दरबन्दी थप गर्नु पर्ने देखिन्छ ।

## ४.२.३ चुनौती र अवसर

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेशा बनाएकालाई शिक्षण पेशामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेशागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दिको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै लगानीबाट गर्नेगरी निरन्तर स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र बृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरु हुन् ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेशागत संस्थातिर नभई विशुद्ध पेशाको उन्नयनमा सहयोग पुरयाउने गरी सबैको साझा पेशागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु,

विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी बनाउनु, शिक्षक नियुक्ति र व्यवस्थापनको विविधतालाई एकिकृत किसिमबाट समायोजन गर्नु छथर गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात राष्ट्रिय अनुपातभन्दा अधिक हुनु, गाउँपालिकाले आफ्नै स्रोतबाट नपुग भएका शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु आदि पनि शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरु नै हुन् ।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेशागत विकास प्रारुपअनुसार पेसागत विकासका विविध तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु, शिक्षकका पेशागत संस्थाहरु प्रविधि तथा अन्य पेशागत विकाससम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजिकरणमा अभिप्रेरित देखिनु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

## ४.२.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

उपर्युक्त चुनौती र अवसरहरूका आधारमा छथर गाउँपालिकाको पाँचवर्षे स्थानीय शिक्षा योजनामा शिक्षक व्यवस्थापन र विकासको समग्र उद्देश्य पर्याप्त सङ्ख्यामा भएका पेशाप्रति समर्पित र दक्ष शिक्षकहरुबाट बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी भइ सहजीकरण गर्नु रहेको छ भने योसँग सम्बन्धित उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम निर्धारण गरिएका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | गाउँपालिकाको शिक्षक ब्यवस्थापन गर्न समय सापेक्ष शिक्षक तयारीको स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेशाप्रति समर्पित र सक्षम शिक्षकको आपूर्ति गर्नु । | १. शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरुको पेशागत आचारसंहिता निर्माण गरी सो अनुसार लागू भए नभएको अनुगमन गरिनेछ ।<br>२. शिक्षकहरुको शैक्षिक योग्यताका सम्बन्धमा प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण उम्मेदवारलाई कायम गरी शिक्षकको योग्यता अद्यावधिक संघ र प्रदेशसँग सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | ३. शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति र पदस्थापनमा योगदान गरिनेछ ।<br>४. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ।<br>५. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत , विषयगत सरोकारवाला निकायको समन्वयको आधारमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ ।<br>६. गाउँपालिकास्तरमा नियुक्ति गरिएका शिक्षकहरुको तलब स्केल सरकारी सरह कायम गरी उनीहरुको दक्षता र योग्यताका आधारमा स्थायी गर्नका लागि प्रदेश र संघ सरकारसँग सहकार्य गरिनेछ ।<br>७. सबै विद्यालयमा शिक्षकका साथै क्रमश कर्मचारी, नर्स, कुचिकार, माली, सेक्युरिटी गार्डको व्यवस्था गरिनेछ।<br>८. शिक्षण पेशामा मेधावी विद्यार्थीहरुलाई आकर्षित गर्न छनौट तथा वृति विकास प्रणालीलाई योग्यतामा आधारित बनाई परीक्षण प्रणालीमा सुधार गरी वस्तुनिष्ठ तथा विश्वनीय परीक्षण प्रणालीको विकास गरिनेछ।<br>९. विषयवस्तुका अतिरिक्त शिक्षण पेसा प्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सूचना र प्रविधिमा दक्ष, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसावले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी सङ्घीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्न योगदान गरिनेछ। |
| २ | गाउँपालिकामा शिक्षक व्यवस्थापन गर्न विषयविज्ञ, स्रोत शिक्षक, रोष्टर शिक्षक | १. गाउँपालिका भित्रका विद्यालयहरूमा शिक्षक छनौट र तालिम सञ्चालन गर्न विषयगतरूपमा आफ्नो विषयमा दक्षता राख्ने शिक्षकहरु मध्येबाट विषयविज्ञ र रोष्टर शिक्षकको व्यवस्था गरी परिचालन गरिनेछ। |

| | | |
|---|---|---|
| | र शिक्षक बैङ्कको व्यवस्था गर्नु । | २. विद्यालयको शिक्षण सिकाइमा प्राविधिक सहायता प्रदान गर्न र अन्य शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दुई जना विद्यालय सुपरिवेक्षक,एक/एक जना सुचना प्रविधि, खेलकुद र सङ्गीत शिक्षकहरूको रूपमा नियुक्ति गरी परिचालन गर्ने व्यवस्था मिलाइने छ ।<br>३. विद्यालयमा शिक्षक सुत्केरी विदा, प्रसुति स्याहार विदा, किरिया विदा जस्ता विभिन्न कारणले अनुपस्थित भई शिक्षक विहिन हुने अवस्थामा गाउँपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गर्नेछ।<br>४. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतिक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्यमा आवश्यक योगदान गरिनेछ ।<br>५. प्रदेश र स्थानीय तहबाट सिर्जना गरिएका शिक्षक दरबन्दीमा स्थायी नियुक्ति गर्नका लागि प्रदेश स्तरमा स्वायत्त संस्थाको रुपमा प्रदेश शिक्षक सेवा आयोगको स्थापना गरी तत्सम्बन्धी कार्य गर्नका लागि पहल गरिनेछ । |
| ३ | शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाउनु । | १. शिक्षकहरूको पेशागत विकासका सवालमा नीति निर्माण र कार्यान्वयनका सवालमा पेशागत संघसंगठन एवम् स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ ।<br>२. शिक्षकहरुको साझा सङ्गठनको रुपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि सङ्घ एवम् स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>३. शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवा लगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | ४. शिक्षकको पेशागत विकास र समयसापेक्ष अद्यावधिक हुनका लागि शिक्षकका निम्ति मागको आधारमा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ |
| ४ | शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्नु । | १. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेहीहुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्याकको वृति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरिनेछ ।<br>२. पालिका भित्रविद्यालयमा कार्यरत गाउँपालिका अनुदान शिक्षक तथा कर्मचारीको तलब नेपाल सरकारले निर्धारण गरेको सम्बन्धित तहको न्युनतम तलब स्केलसँग बराबर हुनेगरी निर्धारण गरिनेछ ।<br>३. शिक्षकको बढुवा र वृत्ति विकासलाई शिक्षकहरुले गर्ने शिक्षा सम्बन्धी लेखन, अध्ययन र अनुसन्धानसँग समेत आवद्ध गरिनेछ । |
| ५ | शिक्षक पुरस्कृत र दण्डको प्रावधानलाइ वस्तुनिष्ठ र न्यायोचित हुने गरी प्रभावकारी बनाउनु । | १. शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीकोसिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाइ लागू गरिनेछ ।<br>२. बार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र स्थानीय तहले प्रशंसा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनुका साथै प्रदेश र संघीय सरकारलाई समेत सिफारिस गरिनेछ ।<br>३. शिक्षकको कार्यसम्पादनका बस्तुनिष्ठ सुचकहरूका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागु गरिनेछ ।<br>४. कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानूनी प्रावधान बनाइ सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |

## ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको हुने ।

### ख) नतिजा (Results)

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास भएको हुने ।
२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार भएको हुने ।
३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने ।
४. कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रम निर्माण भइ लागू भएको हुने ।
५. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने ।
६. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने ।
७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुने ।
८. विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण र शिक्षकको आपूर्ति नियमित रूपमा भएको हुने ।
९. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुने ।
१०. पारदर्शी, बस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरष्कार पद्धति स्थापित भएको हुने ।
११. शिक्षकहरु राजनीतिक आस्थाको हिसावले हुने गुटउपगुट र झुण्डलाई छोडेर विद्यार्थीको सिकाइ उपलब्धिमा समर्पित हुनुका साथै आफू स्वयमको पेशागत विकासका लागि एउटै

साझा संस्थामा आबद्ध हुने भएको कारण शिक्षकहरुमा पेशाप्रतिको समर्पण र विद्यार्थीप्रतिको सेवाभाव उच्च भएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू  तथा लक्ष्य

तालिका नं : ४.२

### शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति बस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन  गर्ने। | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |
| २ | गाउँपालिकाका सबै शिक्षकको स्वास्थ्य विमा अनिवार्य गरी सोको कार्यान्वयन गर्ने। | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |
| ३ | सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनको निर्माण एवम् कार्यान्वयन  गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |
| ४ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी  नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण  गरी कार्यान्वयन गर्ने। | दरबन्दी सिर्जना | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| | | वितरण | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय तहबाट महंगी, यातायात, खाजा खर्च , सञ्चार खर्च आदिको व्यवस्था गरेर निजामतिको तुलनामा शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाई सोको कार्यान्वयन गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ६ | बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाइ कम्तिमा एउटा शैक्षिक मजदूरले पाउनु पर्ने सुविधामा नघटाइ सङ्घले दिएको सुविधामा थप गरी तलवभत्ता उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयन गर्ने। | बाविकेका शिक्षक र विद्यालयका कर्मचारी | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ७ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूस्लाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |
| ८ | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |
| ९ | शिक्षण पेशालाई रोजाइको पेसा बनाउन चाहनेहरुका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवाकालीन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | र मनोसामाजिक परामर्शको व्यवस्था गर्ने । | | | | | | | | |
| १० | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने । | सबै प्र अ | १९ | १९ | १९ | १९ | १९ | १९ | प्रदेश र स्थानीय तहको सहकार्य । |
| ११ | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकले शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्थापन गर्ने । | कानूनमा संशोधन गरेर | √ | √ | √ | √ | √ | √ | प्रदेश र स्थानीय तहको सहकार्य । |
| १२ | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरुको सुधारका लागि कार्यमुलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ठ अनुसन्धानलाइ गाउँपालिकाले प्रकाशन गरी सम्प्रेषण गर्ने । | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | प्रदेश सरकारसँग सहकार्य |
| १३ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन/कार्यविधिको विकास गर्ने । | कार्यविधि निर्माण | १ | १ | | | | | प्रदेश सरकारसँग सहकार्य |
| १४ | मार्गदर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल/समूह निर्माण गर्ने । | गाउँपालिका | १ | १ | १ | १ | १ | १ | प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शिक्षकहरुको संस्था शिक्षक महासंघलाई शिक्षकहरुको पेशागत सहयोगको निम्ति जिम्मेवार बनाउने । | गाउँपालिका | √ | √ | √ | √ | √ | √ | शिक्षक महासङ्घ सँग सहकार्य । |
| १६ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । | सबै विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | प्रदेशसँग सहकार्य । |
| १७ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गर्ने । | गाउँपालिका | √ | √ | √ | √ | √ | √ | प्रदेशसँग सहकार्य । |
| १८ | सहपाठी कक्षाअवलोकन गर्ने गराउने । (प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षाअवलोकन र पृष्ठपोषण आदानप्रदान) | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ | विद्यालयसँग सहकार्य |
| १९ | शिक्षकको पेशागत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहरुलाई पेशागत विकास तालिम लिन प्रेरित गर्ने र तालिम पश्चात विद्यालयमा आइ सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने । | शिक्षक संख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | प्रदेश र तालिम केन्द्रसँग सहकार्य । |
| २० | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेशागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने । | समूह संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | शिक्षक समूहसँग सहकार्य । |
| २१ | स्थानीय पालिकास्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले आफ्नो विद्यालयमा गरेको केही न केही अनुकरणीय कार्य अर्थात असल अभ्यासलाई प्रस्तुतिका लागि अनिवार्य गर्ने । | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | प्रधानाध्यापकहरुसँग सहकार्य । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | विद्यालयहरुले गरेका असल अभ्यासहरुको अवलोकन एवम् सिकाइका लागि अवलोकन भ्रमणको व्यवस्था (पालिका र प्रदेशस्तरमा) गर्ने । | पटक | २ | २ | २ | २ | २ | ८ | विद्यालयहरुसँग सहकार्य । |
| २३ | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने । *(प्रत्येक शिक्षकले प्रत्येक ७ वर्षमा तालिम पाउने)* | निरन्तर | √ | √ | √ | √ | √ | √ | शिक्षक र तालिम केन्द्रसँग सहकार्य । |
| २४ | विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुको साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गर्ने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रधानाध्यापकहरुसँग सहकार्य । |
| २५ | विद्यालयलाई प्रविधिका हिसावले स्रोतसम्पन्न बनाउने । | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | सबै | विद्यालयसँग सहकार्य |
| २६ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रधानाध्यापकहरुसँग सहकार्य । |
| २७ | विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ र प्रदेशसँग सहकार्य |
| २८ | शिक्षकको बढुवा, सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाइ सोको कार्यान्वयन । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ र प्रदेशसँग सहकार्य |
| २९ | शिक्षकले शिक्षणमा बिताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | सबै विद्यालय | ७ | ७ | ७ | ७ | ७ | सबै | प्रधानाध्यापकहरुसँग सहकार्य । |
| ३० | विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये हरेक हिसावले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने । | सबै विद्यालय | ७ | ७ | ७ | ७ | ७ | सबै | विव्यससँग सहकार्य । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र विव्यसले पालिकासँग करार सम्झौता गरी कार्य गर्ने । | सबै विद्यालय | ७ | ७ | ७ | ७ | ७ | सबै | प्रअ, विद्यालय र विव्यससँग सहकार्य । |
| ३२ | राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दीका लागि प्रदेश सरकारसँग सहकार्य र सहलगानीका आधारमा शिक्षक दरबन्दीको सिर्जना गर्ने । | शिक्षक दरबन्दी | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेशसँग सहकार्य । |
| ३३ | मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसावले फेहरिष्त तयारी गरी विज्ञापनका लागि प्रदेश शिक्षक आयोगमा पठाउने । | शिक्षक दरबन्दी | √ | √ | √ | √ | √ | √ | प्रदेशसँग सहकार्य । |
| ३४ | स्थायी शिक्षक नआउदासम्म बैकल्पिक सूचीमा उम्मेवारहरुलाई करार नियुक्ति गरी काममा लगाउने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ३५ | एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भइ काम गर्ने शिक्षकको व्यवस्थापन गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

# ४.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन

## ४.३.१ परिचय

पाठ्यक्रम औपचारिक शिक्षाको बाटो हो। यही बाटोमा मानिसलाई समुन्नति शिखरमा पुऱ्याउने औपचारिक शिक्षारुपि साधन हिड्ने गर्दछ वा शिक्षा हिड्नु पर्दछ। कुनै मुलुक वा प्रदेश वा पालिका वा विद्यालयको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरुले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्दछ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले तय गर्दछ। यत्ति मात्र नभइ पाठ्यक्रमले उक्त बाटोमा सिकारुलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत पाठ्यक्रमले व्याख्या गर्दछ । पाठ्यक्रमले देखाएको बाटोमा सिकारु हिड्न सकेनसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित बाटोमा हिडेको भएमा सिकारुलाई पाठ्यक्रमले नै तोकेको बाटोमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ। यसरी पाठ्यक्रम र मुल्याङ्कनले एउटै सिक्काका दुईपाटा भएर काम गरिरहेका हुन्छन्। अर्को शब्दमा भन्नुपर्दा मूल्याङ्कनको पाटोलाई समेत पाठ्यक्रमले आफूमा समाहित गरेर पाठ्यक्रम अघि बढ्ने गर्दछ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान सिप तथा अभिवृदिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुसार समायोजन हुन रोजगारी प्राप्त गर्न पेसा व्यवसाय सञ्चालन गर्न आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनु पर्दछ। यसका साथै पाठ्यक्रम निश्चित मुल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मुल्य मान्यता व्यवहारलाई सान्दर्भिककिरण सहित आत्मसाथ गर्न विवेद रहित समता मुलक र समावेशी दृष्टीकोण अनुरुप व्यवहार गर्न आफ्नो र अरुको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक र तथ्यपरक ढंगबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता ,सिकारुको रुचि , सामाजिक मुल्य,मान्यता, र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान,सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशिल, लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक हुन्छ।

शिक्षा क्षेत्र योजनाको प्रस्तुत खण्डमा नेपालमा विद्यालय तह (बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मको) पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरिएको छ । पाठ्यक्रम र सन्दर्भ सामग्रीको सवालमा बढैयाताल गाउँपालिकाका प्रयासहरुलाई सन्दर्भ अनुसार जोड्ने काम समेत गरिएको छ । पाठ्यक्रमको सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरुको पहिचान गरिएको छ। पहिचान गरिएका चुनौती र अवसरहरुलाई मध्यनजर गरी यस

योजना अवधिमा बढैयाताल गाउँपालिकामा पाठ्यक्रम र मूल्याङ्कनलाई अझ सान्दर्भिक बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्षहरू प्रस्तुत गरिएको छ ।

## ४.३.२ वर्तमान अवस्था

शिक्षाका अधिकांस सरोकारवालाहरु अहिले पनि पाठ्यक्रमतिर भन्दा पनि पाठ्यपुस्तकतिर बढी चासो राखिरहेका हुन्छन् । मिडियाले समेत पाठ्यपुस्तकहरु सम्बन्धित विद्यालयमा पुगे नपुगेको कुरालाई प्रमुख खवर बनाइरहेको हुन्छ । अरुका त कुरै टाढा भयो, कतिपय शिक्षकहरुले समेत पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई प्राथमिकतामा राखी पठनपाठन गरेका तथ्यहरु भेटिन्छन् । यसो हुनुमा पठनपाठन सुरु भएको केही दशक नाघिसकेपछि मात्रै औपचारिक रुपमा हाम्रो मुलुकमा पाठ्यक्रमको जन्म भएको सन्दर्भले भूमिका निर्वाह गरेको हुन सक्छ यसकारण कि शिक्षक, विद्यार्थी र शिक्षाका सरोकारवालाहरुले पाठ्यक्रमलाई भन्दा पनि पहिले पाठ्यपुस्तकलाई देख्ने मौका पाए । नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअर्न्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । हालको अवस्थामा वि.सं.२०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सोको कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७६ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भई वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयन भएको छ ।

यसरी कार्यान्वयन हुन गइरहेको पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलापहरुको तर्जुमा गरिएको छ । पाठ्यभारलाई विस्थापन गरेर पाठ्यघण्टाको व्यवस्था गरिएको छ । आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई व्यावहारिक किसिमले सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । कक्षा १ देखि कक्षा ३ सम्मको मूल्याङ्कन प्रणालीलाई सिकाइ उपलब्धिमा आधारित गरिएको छ भने

कक्षा ४ देखि कक्षा ८ सम्मको मूल्याङ्कन प्रणालीलाई सैद्धान्तिक परीक्षा र परियोजना कार्यमा आधारित बनाइएको छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Based) मा निर्धारित गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सोअनुरुप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ । यसका लागि शिक्षकको तयारी, क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्त्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीयलगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ ।  विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्याङ्कनलाई सँगसँगै हिडाउन अपेक्षाकृत सकिएको छैन । अन्य मुलुकमा सफल भएको निरन्तर मूल्याङ्कन प्रणाली हाम्रो मुलुकमा असफल भएको छ । हाल कार्यान्वयन भइरहेको सिकाइ उपलब्धिमा आधारित र परियोजना कार्यमा आधारित मूल्याङ्कन प्रणाली सफल र प्रभावकारी हुनका लागि पनि विद्यालयको कुशल व्यवस्थापन र शिक्षकको समर्पणको आवश्यक पर्दछ । यसतर्फ ध्यान

दिन सकिएन भने अहिलेको मूल्याङ्कनको हविगत पनि निरन्तर मूल्याङ्कनको जस्तै नहोला भन्न सकिन्न । सबै कक्षाहरुमा नयाँ पाठ्यक्रम कार्यान्वयन भइसक्दा समेत शिक्षकहरुलाई यस बारेमा अभिमुखीकरण गर्न नसकेको अवस्था छ । निर्माणात्मक मूल्याङ्कन प्रभावकारी हुन नसकिरहेको अवस्था छ ।

पूर्वीय दर्शनमा आधारित शिक्षा, मातृभाषा तथा स्थानीय विषय, संस्कृतलगायत शास्त्रीय भाषा शिक्षाका लागि कानुनी तथा नीतिगत आधारहरू तयार भई मौलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै स्थानीय तह तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरिएको छ । विडम्वना भन्नुपर्छ हालसम्म आइपुग्दा पनि कतिपय पालिकाहरुले यसतर्फ गम्भीर नभएको अवस्था छ । यो समस्या छथर गाउँपालिकामा पनि केही हदसम्म देखिएको छ । पालिकाले अझैसम्म पनि तोके बमोजिमको पाठ्यघण्टा र विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम र सोही अनुसारका पाठ्यपुस्तकहरु प्रकाशन गरी पठनपाठन गर्न नसकेको अवस्था छ । अब भने बढैयाताल गाउँपालिकाले पाठ्यकमको आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु पनि लेखन एवम् प्रकाशन गर्ने कामलाई तिव्रता दिएको छ । कोविद १९ को कारण विद्यालयहरु बन्द भएको अवस्थामा घरमै बसेर अध्ययन गर्नका लागि छथर गाउँपालिकाले स्वाध्ययन सामग्री प्रकाशन गरेर विद्यार्थीहरुलाई वितरण गरेको अवस्था थियो ।

संघीय सरकारले स्थानीय तहमार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विकल्पविहिन र प्रतिस्पर्धाविना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । विद्यार्थीको हातमा सरकारी पाठ्यपुस्तक आइपुग्दा कागज र छपाइको गुणस्तर निजीको तुलनामा कमजोर देखिएकोले विद्यार्थीहरु निजी प्रकाशनतिर आकर्षित भएको अवस्था छ । यसका लागि पुस्तक डिजायन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ । अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रती तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टल (e-Learning Portal) मा उक्त सिकाइ सामग्रीहरू राखिएका छन् ।

माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेबसाइटमा राखिएका छन् ।

## ४.३.३ चुनौती र अवसर

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था गर्नु, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि स्थानीय तहको क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु, पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु, पालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु, बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी भाषाको छनोट गर्नु, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा आदिको प्रयोग गर्नु, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन गर्नु, अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्नु, मूल्याङ्कनलाई व्यावहारिक र प्रयोजनमूलक बनाउनु आदि पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

यसका अतिरिक्त शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चित गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षणसिकाइसँग जोड्नु, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान (राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन) गर्नु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु, अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइको लागि सीप प्रविधि र पहुँमा विस्तार गर्नु, पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम

गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु आदि समेतलाई पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङकन प्रणालीमा कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्षभन्दा सीप र सिर्जनालाई प्राथमिकता दिने कार्यको आरम्भ हुनु, मूल्याङकन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुदै जानु, स्थानीय ज्ञान, सीप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने नीति र कार्यक्रमहरुको विकास गरिनु, तुलनात्मक रुपमा पहिलेको भन्दा पाठ्यपुस्तक छपाइ, गुणस्तर र डिजाइनमा सुधार हुदै जानु, पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, पहिले भन्दा अहिलेको शैक्षिक सत्रमा पाठ्यपुस्तकहरु समयमै उपलब्ध हुनु, वेभसाइटहरुमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भसामग्रीका इकपिहरु पढ्न मिल्ने गरी उपलब्ध हुदै जानु, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विद्यालयहरुमा बालबालिकाहरुका निम्ति कक्षाकोठाहरुमा सन्दर्भ सामग्रीहरुसहितका बुककर्नरहरुको व्यवस्था हुनु, छथर लगायतका पालिकाहरुले आफ्नै परिवेश अनुकूलको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था हुनु, कतिपय कक्षाकोठाहरु डिजीटल किसिमबाट सञ्चालन हुदै जानु जस्ता पक्षहरुलाई पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङकन प्रणालीमा देखिएका अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ४.३.४ उद्देश्यहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाले पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको समग्र उद्देश्यको रुपमा पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु रहेको छ भने यससम्बन्धी उद्देश्य र रणनीतिक क्रियाकलापहरू देहायबमोजिम रहेका छन् :

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र | १) स्थानीय पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष, सान्दर्भिक र गुणस्तरीय) बनाई समृद्ध गाउँपालिका बनाउनका लागि सक्षम र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नको लागि स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन र मूल्याङ्कन गरी आवधिक रुपमा परिमार्जन र सुधार गरिनेछ । |

| | | |
|---|---|---|
| | प्रभावकारी) बनाउने । | २) ९.३२.२ समयको माग संगसंगै विकसित भइरहेको विज्ञान र प्रविधिको परिवर्तनलाई सम्बोधन र तिनीहरुलाई समावेश गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल, छरितो बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |
| २ | यस गाउँपालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनको क्षेत्रमा कार्य गर्नका लागि आवश्यक पर्ने उपयुक्त संरचनासहित दक्ष जनशक्तिको व्यवस्था गर्ने। | १) स्थानीय तहबाट प्रकाशित हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रियालाई अवलम्वन गरी पाठ्यपुस्तकको विकास गरिने छ । कागज तथा छपाइको गुणस्तर समेत सुधार गरी बहुवर्षीय प्रयोगको सम्भाव्यता परीक्षण गरिनेछ ।<br>२) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी त्यसलाई प्रयोग र व्यवस्थित गर्न गाउँपालिकाले आफ्नो र विद्यालयको सक्षमता, जिम्मेवारी र जवाफदेहिताको विकास गर्नेछ ।<br>३) भाषा आयोगको परामर्शमा पालिकास्तरीय प्रज्ञा प्रतिष्ठानको स्थापना गरी विद्यालय तहको पाठ्यक्रम विकासमा सहयोग पुग्नेगरी भाषिक तथा साहित्यिक लेख्य परम्पराको विकास गर्ने कार्यको आरम्भ गरिनेछ ।<br>४) संघीय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यका आधारमा स्थानीय पाठ्यक्रम विकास गरी मौजुदा संरचनालाई पुनरावलोकन गरिनेछ । |
| ३ | सिकाइलाई सिकारुको दैनिक जीवनसँग सम्बन्धित हुने गरी विषयवस्तुलाई अन्तर सम्बन्धित हुने गरी सिकाइ क्रियाकलापहरुलाई सञ्चालनमा ल्याउने। | १) वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी सम्बन्धित स्थानीय तहमा पर्न सक्ने विपद, महामारी र संकटपूर्ण अवस्थामा सिकाइलाई निरन्तरता दिनको लागि सामुदायिक विद्यालयको संरचनामा संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता र पर्याप्त सिकाइलाई आवश्यक सामग्री विकास गरी सिकाइ अवसरको अभिवृद्धि गरिनेछ ।<br>२) शिक्षण सिकाइलाई दैनिक जीवन र व्यवहारसँग सम्बन्धित हुने गरी तदनुरुपका कक्षा कार्य र परियोजना कार्यहरु मार्फत सहजीकरण गर्नका लागि |

| | | |
|---|---|---|
| | | पालिकाका सम्पूर्ण विद्यालयहरुलाई सक्षम बनाउँदै लगिनेछ । |
| ४ | पूर्वीय दर्शन अनुसार मूल्य मान्यता र आदर्शलाई अन्तर सम्बन्धित विषयवस्तुको रुपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धानमुखी तरिकाले विकास गरी कार्यान्वयन गर्ने । | १) पूर्वीय दर्शन, मानव मूल्य र आदर्शमा आधारित समाज निर्माणमा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग गरी सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र राजनैतिक जस्ता कुराहरुलाई पाठ्यक्रममा समावेश गर्न स्थानीय पाठ्यक्रमलाई समसायिक, सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिनेछ ।<br>२) स्थानीय पाठ्यक्रम, तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवाला निकायहरुलाई अपनत्व हुने गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका लागि कार्यान्वयनमा लगिनेछ, साथै विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवाला निकायलाई प्रभावकारी ढङ्गबाट प्रबोधिकरण गरिनेछ ।<br>३) संघीय संरचना अनुसार स्थानीय तहबाट स्थानीय पाठ्यक्रम विकास गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका गर्नका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४) स्थानीय तहबाट निर्माण गरिने पाठ्क्रम र सन्दर्भ सामग्रीहरु स्थानीय आवश्यकतामा आधारित बनाई निर्माण र कार्यान्वयन गरिनेछ ।<br>५) विद्यालयमा सम्पादन गरिने शिक्षण सिकाइ क्रियाकलापहरु पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुने गरी सञ्चालन र कार्यान्वयन गरिनेछ । |
| ५ | कक्षाकोठाको शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा मात्र सीमित नगरी पाठ्यक्रमको उदेश्य पुरा गर्न अन्य उपयुक्त क्रियाकलापहरु | १) परम्परागत पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित, अपाङ्गमैत्री बनाई सूचना र सञ्चार प्रविधिको उचित प्रयोग गर्दै सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक, समस्या समाधान केन्द्रित विधिको विकास गरिनेछ रशिक्षण सिकाइमा पाठ्यपुस्तकको मात्र निर्भरतालाई न्युनिकरण गर्दै लगिनेछ । |

| | | |
|---|---|---|
| | सञ्चालनका लागि शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्ने । | २) सामुदायिक विद्यालयहरुलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयहरुलाई सक्षम बनाउँदै लगिनेछ ।<br>३) पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरुलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाईनेछ र सिकारुको सिकाइ उपलब्धीप्रति सम्बन्धित शिक्षकलाई जिम्मेवार र जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्तिविकाससँग जोड्दै लगिनेछ ।<br>४) पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा विकसित नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने र विकास गर्नुपर्ने सक्षमताको यकिन गरी तदनुसार शिक्षकको पेसागत सक्षमतामा विकास गरी पाठ्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।<br>५) विद्यार्थीहरुलाई पाठ्यपुस्तकप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने क्रममा हप्तामा एक दिनलाई पाठ्यपुस्तकमुक्त शिक्षण सिकाइ दिवसको रुपमा घोषणा गरी तदनुरुपमा क्रियाकलापहरु सञ्चालन गरी पठनपाठन गरिनेछ |
| ६ | पाठ्यक्रममा आधारित शिक्षण सिकाइ प्रक्रियाद्धारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सीप, र व्यवहार विकासमा सहजीकरण गर्ने । | १) शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरुको विकास, परिमार्जन तथा समायोजन गरी डिजीटलाइज्ड, अनलाइन सिकाइ पोर्टलमार्फत सर्वसुलभ गराइने छ ।<br>२) पाठ्यक्रम विकास गरी त्यसलाई कार्यान्वयनमा लैजानको लागि सम्वद्ध सरोकारवालाहरु, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, शिक्षाप्रमी, बद्धिजीवि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, परम्परागत ज्ञान र सीपका ज्ञाताहरु,अनुसन्धाताहरु आदिको सहभागिता र भूमिकामा बृद्धि गरिने छ । |

| | | |
|---|---|---|
| ७ | सिकारुको सिकाइको क्रममा देखिएका समस्याहरुको समाधान गर्नको लागि उपयुक्त शैक्षिक सामग्री र सहजीकरणका साथै आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने । | १) शिक्षण सिकाइलाई भन्दा परीक्षालाई बढी महत्व दिने संस्कारलाई केही हदसम्म न्युनिकरण गरी शिक्षण सिकाइ प्रक्रियालाई प्राथमिकतामा राखिनेछ ।<br>२) विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई विश्वसनीय, बैध र बस्तुनिष्ठ बनाइनेछ ।<br>३) बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ , यसका लागि विशेष गरी प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग हुने गरी व्यवस्था मिलाइने छ ।<br>४) संघीय र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउनका लागि सिकाइ सामग्रीलाई ब्रेललिपिको व्यवस्था गर्ने र श्रव्यदृश्यमा आधारित सांकेतिक भाषाका शैक्षिक सामग्रीको विकास र प्रयोगलाई कार्यान्वयनमा ल्याउनको लागि उच्च प्राथमिकतामा राखिने छ ।<br>५) प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग, थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्न योगदान गरिनेछ । |

### ४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

विद्यालय शिक्षाको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग भएको हुने ।

**ख) नतिजा(Results)**

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मको पाठ्यक्रम विकास भइ प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने ।

२) कक्षा १–८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको हुने ।

३) प्रारम्भिक बालविकास र शिक्षादेखि आधारभूत तहसम्म विशेषत कक्षा १–३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण भएको हुने ।

४) बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार गर्न आवश्यक योगदान भएको हुने ।

५) कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने ।

६) पाठ्यसामग्रीहरू अपाङ्ग मैत्री तथा सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष भएको हुने ।

७) सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी भएको हुने ।

८) पाठ्यक्रम कार्यान्वयनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व बहन भएको हुने ।

९) गाउँपालिकास्तरको पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना भएको हुने ।

१०) सङ्घ र प्रदेश सरकारको समन्वय र सहकार्यमा बढैयाताल गाउँपालिकाले निर्माण गर्ने स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्रीहरु स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवता र पूर्वीय दर्शनमा आधारित भएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष (Major activities and target)

### तालिका ४.३.: पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षक निर्देशिका विकास, पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण आदि गरी राष्ट्रिय एवम् स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन । | कक्षा/ विषय | √ | √ | √ | √ | √ | निरन्तर | सङ्घको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग । |
| २ | विद्यार्थी मूल्याङ्कनका लागि विकास गरिएका मापदण्ड (आन्तरिक, प्रयोगात्मक, बाह्य) हरुको प्रवोधिकरण र कार्यान्वयन । | कक्षा/ विपय | √ | √ | √ | √ | √ | निरन्तर | सङ्घको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोग । |
| ३ | प्राविधिक धारतर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री अन्तरगत समस्या तथा विकल्प पहिचान र संरचना तयारी, पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास | विषय क्षेत्र र पटक | १ √ | √ | √ | | | निरन्तर | सङ्घीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामग्री समायोजन, परिमार्जन तथा विकास प्रयोगात्मक कार्यविधि विकास  र पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण । | | | | | | | | सरकारको सहयोग । |
| ४ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा |
| ५ | विभिन्न विषयमा विद्यार्थीका लागि नमूना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास गरी सम्पूर्ण सामग्रीलाई डिजिटलाइज गरी केद्रको इ-पुस्तकालयमा व्यवस्थित गरी सार्वजनिक पहुँच हुने गरी राख्ने । | पद्धति कक्षा विषय पटक | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | दृष्टिविहिन तथा श्रवण क्षमताविहिनले समेत प्रयोग गर्न सक्ने गरी सङ्घको नेतृत्वमा निर्माण |
| ६ | | | | | | | | | |
| | – स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | कक्षा/विषय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | | गाउँपालिकाले सम्पादन गर्ने |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | –स्थानीय सरकार तहमा पाठ्यक्रमको विकास, कार्यान्वयन, परीक्षा तथा मूल्याङ्कन, अनुगमनलगायतका प्राविधिक सहयोगका लागि स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको व्यवस्था | पटक | १ | १ | | | | | सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यका आधारमा गाउँपालिकाले सम्पादन गर्ने |
| | –नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणालीमार्फत् शिक्षकको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | तीनै सरकारको सहकार्यमा |
| ९ | आधारभूत तथा माध्यमिक तहका सार्वजनिक परीक्षा प्रणाली सुधारका लागि क्षमता विकास गर्ने | स्थानीय तह | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ, प्रदेश र स्थानीय तह |
| १० | गाउँपालिका स्तरमा पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि  उपयुक्त संरचनाको स्थापना हुने । | स्थापना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ र प्रदेशसँगको सहकार्यमा गाउँपालिकाले सम्पादन गर्ने |
| ११ | स्थानीय तहले निर्माण गर्ने पाठ्यक्रम र पाठ्यपुस्तक स्थानीय आवश्यकता, | लेखन र प्रकाशन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ र प्रदेशसँगको सहकार्यका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्यनिष्ठ समाज एवम् मानवता र पूर्वीय दर्शनमा आधारित हुने | | | | | | | | आधारमा गाउँपालिकाले सम्पादन गर्ने |
| १२ | स्थानीय तहबाट स्थानीय आवश्यकता अनुसार मातृभाषा लगायत अन्य भाषाका पाठ्यपुस्तक र सन्दर्भ सामग्री सम्पादन प्रकाशन र वितरण सम्बन्धी कार्य गरिने । | लेखन र प्रकाशन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ र प्रदेशसँगको सहकार्यका आधारमा गाउँपालिकाले सम्पादन एवम् प्रकाशन गर्ने । |
| १३ | विद्यार्थीहरुलाई पाठ्यपुस्तकप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने क्रममा हप्तामा एक दिनलाई पाठ्यपुस्तकमुक्त शिक्षण सिकाइ दिवसको रुपमा घोषणा गरी पठनपाठन गरिने । | सबै विद्यालयहरु | हप्तामा एक दिन | हप्तामा एक दिन | हप्तामा एक दिन | हप्तामा एक दिन | हप्तामा एक दिन | | विद्यालय र पालिकाको सहमतिमा |

# ४.४. शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श

## ४.४.१ परिचय

सामान्य किसिमले हेर्दा संसारमा भएका सबै मानिसहरु एकैकिसिमका जस्ता देखिन्छन् । सबैका शरीरका अङ्ग र इन्द्रीयहरु उस्तै छन् र ती अङ्ग र इन्द्रीयहरुले गर्ने काम पनि उस्तै छन् । शरीरभित्रका प्रणालीहरुले गर्ने काम पनि उस्तै हुन् । यत्ति हुँदाहुदै पनि मानिसहरु एकअर्कासँग हुबहु मिल्दैनन् । देख्ने बित्तिकै सबै मानिसहरुको बीचमा भिन्नता देखिन्छ । त्यसैले पनि अहिलेसम्म संसारका कुनै आमा पनि आफ्नो सन्तति कुन हो भनेर द्विविधामा परेको अवस्था छैन । करोडौको मात्र होइन अरबौंको भीडमा पनि मानिसहरु प्रष्ट चिनिन्छन् । यसप्रकार जसरी बाहिर हेर्दा मानिसहरु फरक छन् उनीहरुको रुचि, स्वभाव, क्षमता र सम्भावनाका हिसावले पनि मानिसहरु एकअर्कासँग फरक हुन्छन् । जसरी बगैचामा थरिथरिका फूलहरुको व्यवस्थापनले बगैचा सुन्दर देखिन्छ, त्यसरी नै फरकफरक स्वभाव, रुचि, क्षमता र सम्भावना भएका मानिसहरुको तदनुरुपको व्यवस्थापनले पनि मानिसहरुको बस्ती मानव बगैचा जस्तो देखिन्छ । यही कुराको अध्ययन, विश्लेषण र सम्बोधन गर्ने काम योजनाको प्रस्तुत खण्डमा गरिनेछ ।

नेपाल सामाजिक–सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता (equity) कायम गर्नु आवश्यक छ । यस्तो

समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न (inclusion) प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकार शिक्षामा विविधता (diversity), समता (equity) र समावेशिता (inclusion) को प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ ।

विविधताको सम्मान गर्न नसकेको कारणबाट व्यक्तिमा मनोसामाजिक समस्याहरु बल्झिने गर्दछन् । यी कुराहरु जानी वा नजानी बालबालिकाहरुमा विद्यालय र परिवारले समेत सिर्जना गरिरहेको हुन्छ । कतिपय कामहरु बालबालिकाको विकासका निम्ति गरिएका भए तापनि त्यसले उनीहरुको विकासमा बाधा पुयाइरहेको हुन्छ । यस्ता बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवशअनुसार भिन्नता हुनसक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरू भौतिक तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुनसक्दछन् । कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन् । यस्तो अवस्थामा बालबालिकालाई मनोसामाजिक परामर्शको आवश्यकता हुने गर्दछ ।

हाम्रो जस्तो मुलुकमा अभिभावक र विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको अहम महत्व छ । अभिभावकहरुमा चेतनाको अभाव छ । बालबालिकाहरु चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो । हाम्रा कतिपय अभिभावकहरुलाई चकचक नगर्ने, एकैठाउँमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिकाहरु मन पर्छ जब कि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो । बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरु छन् । जसले गर्दा बालबालिकाहरुको उपयुक्त विकासमा बाधा पुऱ्याइरहेको हुन्छ । कतिपय बालबालिकाहरुले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ, हामी अभिभावक भने त्यसलाई पनि हुर्कन र फष्टाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौं । यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यससम्बन्धी सीपको विकास गर्न आवश्यक देखिन्छ ।

यस परिच्छेदमा विविधताको सम्मान र समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरी

त्यसमा देखिएका अन्तरहरू (gaps) का आधारमा चुनौतीहरू पहिचान गरिएको छ । यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ ।

## ४.४.२. वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवासीय प्रबन्धको सुरुआत भएको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यसलाई नेपाल अपाङ्ग अन्ध सङ्घ र नवजीवन गृह एवम् केही समयपछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भरइरहेको छ ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रबन्ध भएको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको

अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । मुलुकमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्वहाली भए पछि शिक्षामा केही हदसम्म लगानीको पनि वृद्धि भयो । विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रबृत्तिको व्यवस्था गरियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालन गरिएको यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य समूहको भर्नादर उल्लेख्य रुपमा बढेको अवस्था छ । करिव तीन दशक अघि सबै छात्रा र सबै दलित विद्यार्थीहरुका लागि ब्लाङकेट अप्रोचबाट कार्यान्वयन गरिएको यो छात्रवृत्ति कार्यक्रम अहिले पनि त्यही किसिमबाट कार्यान्वयन भइरहेको छ र छात्रवृत्ति रकम पनि खासै समसामयिक हुने गरी वृद्धि गर्न सकिएको छैन । अहिलेको आवश्यकता भनेको छात्राहरु र दलितहरुमध्ये पनि विपन्न समूहलाइ छनोट गरी महङ्गी समेतलाई मध्यनजर गरी छात्रवृत्ति रकम दिनु पर्ने देखिन्छ । यसका अतिरिक्त यस प्रकारको छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सिमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरीव तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति छात्राहरुको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरुका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कूल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति संघीय सरकारले प्रदान गर्ने गरेको छ । यस्तो छात्रवृत्ति कार्यक्रममा हालको अवस्थामा प्रति विद्यार्थी मासिक चारहजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ । प्रति विद्यार्थी मासिक किसिमले दिने यो रकम विद्यार्थीहरुका खाना लगायत सरसफाई र शैक्षिक सामग्रीसम्बन्धी आवश्यकता पूरा गर्न अपर्याप्त देखिन्छ ।

गैरआवासीय विद्यार्थीहरुका निम्ति प्रदान गरिने छात्रवृत्ति पनि अपर्याप्त रहेको छ र त्यसको दुरुपयोग पनि त्यत्तिकै देखिन्छ । विद्यालयदेखि अभिभावकसम्म पुग्दा विद्यार्थीलाई जे कामको लागि दिइएको हो त्यो काममा कमैमात्र प्रयोग भएको देखिन्छ । गरीविको रेखामुनी

रहेका बालबालिकाले छात्रबृत्ति पाउन नसकेको अवस्था छ। अबको आवश्यकता भनेको जाति र लिङ्को आधारमा भन्दा पनि विपन्नताको आधारमा छात्रवृत्ति दिनु पर्ने हुन्छ र यो रकम पुग्ने गरी पनि हुनु आवश्यक छ। विद्यार्थीहरु जति बेला छात्रवृत्ति बाँडिन्छ त्यत्तिबेलामात्र विद्यालयमा आउने र अरु समयमा नआउने वा कम आउने समस्या पनि कतिपय विद्यालयहरुमा छ। सरकारले प्रदान गर्ने छात्रवृत्ति संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले नपाउने भएको हुँदा विद्यार्थीहरु संस्थागत विद्यालयमा अध्ययन गरे पनि सामुदायिक विद्यालयबाट परीक्षा दिने कार्य हिमाली जिल्लाहरुमा चर्को छ। यो समस्या लगायत छात्रवृत्तिको दुरुपयोगलाई नियन्त्रण गर्न भौचर प्रणालीबाट पुग्ने मात्रामा छात्रवृत्ति दिनु पनि त्यत्तिकै जरुरी छ।

देशका संघीयताको कार्यान्वनय सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय तहहरुले विपन्न समुदाय र छात्राहरुका निम्ति पनि छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ। सघीय सरकारले शशर्त अनुदानको रुपमा आधारभूत तहका छात्रा र दलित विद्यार्थीहरुका निम्ति छात्रवृत्ति उपलब्ध गराउने गरेको छ। यसैगरी अति विपन्न लक्षित समूहका विद्यार्थीहरुका निम्ति समेत संघीय सरकार मार्फत छात्रवृत्ति दिने गरिएको त। कतिपय पालिकाहरुले उच्च प्राविधिक शिक्षाको अध्ययनका लागि समेत दलित र विपन्न विद्यार्थीहरुका निम्ति छात्रवृत्ति उपलब्ध गराउने गरेको छ। कतिपय पालिकाहरुले अनाथ बालबालिकाहरुका निम्ति छात्रवृत्ति र आवासीय विद्यालयको सुविधासमेत उपलब्ध गराउने गरेको अवस्था छ। यो मामलामा बढैयाताल गाउँपालिकाले स्पष्ट नीति र कार्यक्रमका साथ अघि बढ्न बाँकी देखिन्छ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुदै गएपछि समाजका हुने विकृत्तिहरु पनि बढ्दै गएको अवस्था छ। यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरु बढि प्रताडित भएको देखिन्छ। बालबालिकाहरुको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक बृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरु देखा पर्ने गर्दछन्। यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरुलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ। बालबालिकाको निम्ति यो परामर्शको टडकारो आवश्यकता भएपनि सरकारी तवरबाट यसलाई महत्व दिएको देखिदैन। गैर सरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरुमा शिक्षकहरुका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ। विदेश जाने विद्यार्थीहरुका निम्ति परामर्श दिने उद्देश्यले शहरका गल्ली र चोकहरुमा कल्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरु स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरु सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार छथर गाउँपालिकाको कुल जनसङ्ख्याको २.९ प्रतिशत जनसङ्ख्यामा अपाङ्गताको अवस्था छ। तीमध्ये महिलाको प्रतिशत २.४ रहेको छ भने

पुरुषको प्रतिशत ३.४ रहेको देखिन्छ। तेह्रथुम जिल्लाको कुरा गर्ने हो भने कुल जनसङ्ख्याको २.४ प्रतिशत र कोशी प्रदेशको ३.१ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको अवस्था छ। यसरी अपाङ्गता भएको जनसङ्ख्याको तुलना गर्दा तेह्रथुम जिल्ला र समग्र मुलुकको तुलनामा छथर गाउँपालिकाको प्रतिशत बढी देखिन्छ भने कोशी प्रदेशको प्रतिशतको तुलनामा कम देखिन्छ।

अपाङ्गता भएका विद्यार्थीहरुलाई पठनपाठन गर्नका लागि यस पालिकाको श्री भवानी माध्यमिक विद्यालय सिमरामा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि आवासीय सुविधा सहित स्रोतकक्षाको व्यवस्था गरिएको छ। यसरी नै तेह्रथुम जिल्लाको छथर गाउँपालिकाको तर्फबाट विशेष शिक्षाको प्रवर्धनका लागि थप व्यवस्था केही त्यस्तो गरेको देखिदैन। फ्लास प्रतिवेदन २०८० अनुसार समग्र अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षा दिनका लागि मुलुकमा विशेष विद्यालयहरुका ३६ वटा दृष्टिविहीन र बहिरा बालबालिकाहरुका लागि १२ विद्यालय र स्रोतकक्षाहरुको सङ्ख्या ३८० रहेको छ। त्यसरी नै कुल विद्यार्थीहरुमध्ये विद्यालयमा भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरुको प्रतिसत ०.३ रहेको देखिन्छ।

यसरी नै समताको दृष्टिले कुरा गर्दा मुलुकमा महिला शिक्षकहरुको अनुपात आधारभूत तह कक्षा १ देखि ५ सम्म ५४.१ प्रतिसत रहेको देखिन्छ जुन उत्साहजनन हो। यो प्रतिसत माध्यमिक कक्षा ९ देखि १० सम्म १९ प्रतिसत मात्र देखिन्छ जुन तुलनात्मक रुपमा निकै न्यून हो। त्यसरी नै कुल विद्यार्थीहरुमध्ये दलित विद्यार्थीहरुको प्रतिसत आधारभूत तह कक्षा १ देखि ५ सम्म १७.७ र कक्षा ९ देखि १२ सम्म १२.६ रहेको देखिन्छ। सघीय सरकारले विद्यालय शिक्षा छात्रा दलित जनजाति विपन्न र अपाङ्गता भएका विद्यार्थीहरुको सहभागिता अभिबृद्धि गर्न विभिन्न छात्रवृत्ति कार्यक्रमहरु सशर्त अनुदानको रुपमा स्थानीय सरकारमार्फत प्रदान गरिरहेको अवस्था छ। कतिपय पालिकाहरुले आफ्नो बजेटबाट समेत विभिन्न लक्षित समूहका विद्यार्थीहरुका निम्ति छात्रवृत्ति कार्यक्रमहरु प्रदान गरेको देखिन्छ। छथर गाउँपालिका भने यो सवालमा अघि बढेको अवस्था देखिदैन।

### ४.४.३. चुनौती तथा अवसरहरु

बालबालिकालाई समावेशी तथा विशेष शिक्षा प्रदान गर्नका लागि अपांगता भएका बालबालिकालाई शैक्षिक अवसर प्रदान गर्ने क्रममा घरपरिवार, समुदाय र विद्यालयहरुबाट उचित सहयोग र सकारात्मक सोचमा प्रवर्धन गर्नु, अपांगता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु, विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धी हासिल गर्नु, अपांगताको प्रकृतिका आधारमा

बालबालिकाका निम्ति सहज पहुच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरुको स्थापना र सञ्चालन गर्नु, दृष्टिविहीन बालबालिकाहरुका निम्ति आवश्यक पर्ने ब्रेललिपिका पाठ्यपुस्तक र सन्दर्भ सामग्री एवम सुस्त श्रवण भएका बालबालिकाहरुका निम्ति साङ्केतिक भाषाको सीप भएका शिक्षकहरुको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु, विविध प्रकारका बालबालिकाको तथ्यांक तथा सूचनालाई अद्यावधिक गर्नु, समावेशी किसिमबाट बालबालिकाको आवश्यकता र सिकाईलाई सहज बनाउने गरी नविनतम् सूचना प्रविधिको अवलम्बन र उपयोग गर्ने कार्यलाई व्यवस्थित गर्नु, समावेशी र विशेष शिक्षा अनुकुलन मूल्यांकन परीक्षा प्रणाली र सिकाई व्यवस्थापनका लागि प्रर्याप्त खोज, अनुसन्धान तथा अभ्यास हुनु, समाजमा विद्यमान कतिपय कुरिति र कुप्रथा विद्यमान भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु आदि जस्ता चुनौतीहरु समावेशी एवम् विशेष शिक्षाको क्षेत्रमा प्रमुख रुपमा रहेका छन् ।

त्यसरी नै छात्रवृत्ति र मनोसामाजिक परामर्श सेवाका सम्बन्धमा देखापरेका प्रमुख चुनौतीहरूमा धेरै विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकमलाई समयसापेक्ष बृद्धि गर्नु, धेरैजसो छात्रवृत्तिहरू ब्लाङ्केट अप्रोचबाट नभई निश्चित आधार तथा आवश्यकतामा आधारित बनाई प्रदान गर्नु, अधिकांश छात्रवृत्ति गरिबी केन्द्रित नभई जातजाति र लिङ्गलाई आधार मानेर प्रदान गरिनाले यसको औचित्य र सान्दर्भिकतामा प्रश्न उठ्नु, आवासीय बाहेकका छात्रवृत्तिका उद्देश्य तथा उपयोगिता स्पष्ट पार्नु, जातजाति र लिङ्गका आधारमा दिइने छात्रवृत्तिप्रति नागरिक समाजमा सकारात्मक भावनाको विकास गर्नु, छात्रवृत्ति कार्यक्रमको सहयोगबाट सामाजिक विभेदलाई न्यूनिकरण गर्नु , लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहलाई स्वायत्तता प्रदान गर्नु, छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु, विद्यार्थीको निम्ति प्रदान गरिने मनोसामाजिक परामर्शको क्षेत्रलाई सरकारको प्राथमिकतामा पार्नु, मनोसामाजिक परामर्शको पहुँच लक्षित समूहसम्म पुऱ्याउनु आदि रहेका छन् ।

यस गाउँपालिकाका कर्णाली माध्यमिक विद्यालय अनामनगर र जनता माध्यमिक विद्यालय महतगाउँमा आवासीय रुपमा अपाङ्गता भएका विद्यार्थीहरुले पठनपाठन कार्य भइरहेको, विद्यालय शिक्षा र शिक्षक तालिम कार्यक्रम मार्फत फरक क्षमता र विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि अन्य बालबालिकाहरुसँगै समावेशी किसिमबाट शिक्षण सिकाइ गर्ने कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिएको, संघीय सरकारबाट प्राथमिक तहका पाठ्यपुस्तकहरु २५ भन्दा बढि मातृभाषामा प्रकाशन गरी पठनपाठनका लागि प्रयोग

गरिएको, शिक्षा ऐन एवम् शिक्षक सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाएको आदिलाई यस क्षेत्रका अवसरका रुपमा लिन सकिन्छ ।

यसका साथै छात्रवृत्तिले दलित, छात्रा, अपाङ्गता भएका विद्यार्थी, लोपान्मुख, सिमान्तकृत, विपन्न, द्वन्द्वपिडित र सहिदका परिवारका बालबालिकाहरुको शिक्षामा पहुँचको बृद्धि भएको, छात्रवृत्ति लगायतका कार्यक्रमहरुले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित बनाएको, शिक्षालाई समावेशी बनाउने कार्यमा गैरसरकारी क्षेत्रबाट पनि योगदान भइरहेको, मनोसामाजिक परामर्शको क्षेत्र सबैको चासोको क्षेत्र हुदै गएको, मनोसामाजिक परामर्शको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सीमित भए पनि पाठ्यक्रमहरुमा समेत मनोसामाजिक परामर्शको क्षेत्रलाई समेटिएको आदिलाई पनि शिक्षालाई समावेशीका साथै मनोसामाजिक परामर्शयुक्त बनाउने सवालमा अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ४.४.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाको यस उपक्षेत्रको समग्र उद्देश्य विभिन्न कारणले शिक्षाबाट बञ्चित र अपांगता भएका गाउँपालिकाका सबै प्रकारका व्यक्तिका लागि अधिकारमुखी अवधारणाका आधारमा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सहितको गुणस्तरीय समावेशी एवम् विशेष शिक्षाका अवसर मार्फत सक्षम र प्रतिष्पर्धी नागरिक उत्पादन गर्नु रहेकोमा यस अन्तर्गतका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् :

| क सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | दलित, महिला, सिमान्तकृत आदिवासी जनजाति, विभिन्न खाले अपाङ्गता भएका, भौगोलिक कठिनाइमा बसोवास गर्ने, असहाय तथा आर्थिक रुपले विपन्न, प्राकृतिक प्रकोपका कारण विस्थापित हुन पुगेका, जोखिममा रहेका तथा द्वन्द्व प्रभावित | १. दलित तथा सिमान्तकृत समुदायका बालबालिका, जुनसुकै किसिमका अपाङ्गता भएका, सामाजिक बहिस्करणमा परेका तथा विपन्न परिवारका बालबालिकालाई समाहित गर्दै आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन र पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सबै तह र सबै प्रकारका विद्यालयहरुमा छात्रछात्रा तथा अपाङ्गमैत्री भौतिक एवम शैक्षिक वातावरणको विकास गरी लक्षित वर्गका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ।<br>३. प्राकृतिक प्रकोपका कारण विस्थापीत हुन पुगेका, जोखिममा रहेका, घर र विद्यालयको दुरी टाढा भई |

| | | |
|---|---|---|
| | बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नु । | आवत जावत गर्न अप्ठेरोमा रहेका तथा द्वन्द्व प्रभावित बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता र आर्थिक विपन्नतालाई प्रमुख आधार बनाइ लक्षित समूहलाइ शैक्षिक समस्या समाधानका लागि पुग्ने गरी छात्रवृत्ति एवम् प्रोत्साहन कार्यक्रमलाई सञ्चालन गरिनेछ । |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइका सहयोगी सामग्री लगायत समग्र शैक्षिक गतिविधिमा समता तथा समावेशिता कायम गरी सिकाइलाई विविधतापूर्ण बनाउनु । | १. लक्षित समूहका बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा समसामयिक परिवर्तन गर्न र सहयोगी शैक्षिक सामग्रीको विकास गरिनेछ ।<br>२. अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराइनेछ।<br>३. विशेष बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन र दिगो विकासका लागि हरित सीपमा आधारित जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिनेछ ।<br>४. अपांगमैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नविनतम सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको व्यवस्था गरिनेछ ।<br>५. गाउँपालिकाभित्र निर्माण भइसकेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरुलाई अपाङ्गतामैत्री बनाउदै लिने सवालमा गाउँपालिकाबाट सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>६. अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालयका साथै गृह विद्यालयको समेत स्थापना गरिनेछ ।<br>७. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि |

| | | |
|---|---|---|
| | | व्यावसायिक सीप सिक्ने अवसर प्रदान गर्न भूमिका निर्वाह गरिनेछ। |
| ३ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, अवहेलना नभएको र सबै बालबालिकाले सम्मानित महशुस गर्ने वातावरण कायम गर्नु । | १. विद्यालयको वातावरणलाई विभेदरहित, शान्त र सुव्यवस्थित बनाउँदै विद्यालय प्रवेश गर्ने सबै बालबालिकाले सम्मानपूर्ण वातावरणमा अध्ययन गर्न, सिक्न, खेल्न र आफ्नो प्रतिभाको प्रस्फुटन गर्न सक्ने वातावरण सिर्जना गरिनेछ ।<br>२. विद्यालयमा बालबालिकाको उमेर, जाति, लिङ्ग, वर्ण, अपाङ्गता, भाषा, धर्म, संस्कृति, विपन्नता, सम्पन्नता, शारीरिक बनावट, असहायपन आदिलाई लिएर शिक्षक – विद्यार्थी तथा विद्यार्थी – विद्यार्थी बिच भेदभाव नगरिने वातावरणको सिर्जना गरिनेछ।<br>३. हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ। छात्रवृत्तिका लागि मूलतः गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था मिलाइनेछ।<br>४. गाउँपालिकामा रहेको विभिन्न कारणले अभिभावकविहीन भएका बालबालिकाको अभिभभावकको भूमिका गाउँपालिकाले निर्वाह गर्दै उनीहरुको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यका निम्ति विशेष व्यवस्था गर्नेछ।<br>५. सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा गाउँपालिकामा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिनेछ। |
| ४ | विद्यालयका पूर्व निर्मित संरचनाहरुमा समयसापेक्ष सुधार गर्दै नव निर्माण हुने संरचनाहरुलाई बालमैत्री, अपाङ्गमैत्री | १. विद्यमान संरचनाहरुमा समयानुकुल परिवर्तन र सुधार गर्दै लगिने तथा विद्यालयका लागि नयाँ निर्माण गरिने भौतिक संरचनाहरु ( जस्तै धारा, कक्षाकोठा, रेलिङ, फर्निचर, शौचालय आदि ) अपाङ्गमैत्री, बालमैत्री तथा छात्रछात्रामैत्री बनाइनेछ।<br>२. शारीरिक अपाङ्गता भएका तथा घर र विद्यालय बीचको दुरी पैदल हिँडाइमा एक घण्टा भन्दा बढि लाग्ने |

| | | |
|---|---|---|
| | र छात्रछात्रामैत्री बनाउनु । | विशेषगरी माध्यमिक तहका विद्यार्थीहरुलाई मध्यनजर गरी आवश्यकताका आधारमा विद्यालयमा छात्र छात्रा आवासगृहको व्यवस्था गरिनेछ ।<br>३. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गताको प्रकृति र स्तरअनुसार आवश्यक शैक्षिक सामग्री, खेल सामग्रीको समुचित प्रबन्ध गरिनेछ ।<br>४. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ ।<br>५. गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाइ एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनुका साथै उद्देश्यअनुरुप पर्याप्त हुने गरी छात्रवृत्ति रकमको समय अनुसार पुनरावलोकन गर्दै लगिनेछ ।<br>६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिनेछ । |
| ५ | र असहज परिस्थितिका कारण विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई मनोसामाजिक परामर्शका माध्यमबाट विद्यालयमा आउने वातावरण सिर्जना गरि विद्यालय तहको शिक्षा पूरा गर्ने अवसरको सुनिश्चितता गर्नु । | १. विभिन्न असहज परिस्थितिका कारणले अप्ठेरो अवस्थामा बाँचिरहेका बालबालिकाहरुलाई मनोसामाजिक परामर्शका माध्यमबाट उनीहरुको घरायसी वातावरणलाई बालमैत्री र सिकाइका लागि अनुकुल बनाउन सहयोग गरिनेछ ।<br>२. फरक क्षमता भएका, ढिलो सिक्ने बालबालिका, तीक्ष्ण बौद्धिक क्षमताका र सामान्य सिकाइ क्षमता भएका सबै बालबालिकालाई सम्बोधन हुने गरी उनीहरुको पठनपाठनलाई अर्थपूर्ण बनाउन मनोसामाजिक परामर्शलाई जोड दिइनेछ ।<br>३. विद्यालय आउने उमेर पुगिसकेका तर विद्यालयमा भर्ना नभएका बालबालिकाहरुलाई औपचारिक विद्यालय शिक्षा प्रदान गर्न मनोसामाजिक परामर्शका |

| | | |
|---|---|---|
| | | माध्यमबाट विद्यालय आउने वातावरण तयार गरिनेछ ।<br>४. तह पूरा नगरी विभिन्न कारणले बिचैमा विद्यालय छाडेका पूर्व विद्यार्थीहरुले पुनः भर्ना भई अध्ययन गर्न चाहेमा उचित सल्लाह, मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग उपलब्ध गराई विद्यालय प्रवेशको लागि अभिप्रेरित गरिनेछ ।<br>५. घरायसी वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरु अघि बढाउने सवालमा अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरुको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गरिनेछ ।<br>६. विद्यार्थीहरुमा मनोसामाजिक समस्याहरु सघन रुपमा देखिदै गएको कारण उनीहरुको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी गाउँपालिकाबाट यससम्बन्धी आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ ।<br>७. विद्यार्थीहरुलाई उचित र नियमित किसिमले मनोसामाजिक परामर्श प्रदान गर्नका लागि शिक्षकहरुमा समेत यससम्बन्धी आधारभूत जानकारी र सिपको विकास गरी प्रत्येक शिक्षकलाई निश्चित विद्यार्थीहरुप्रति मनोसामाजिक परामर्शका लागि जिम्मेवार बनाइनेछ । |
| ६ | किशोरकिशोरीहरुमा उमेरका कारण आउने शारीरिक तथा मानसिक परिवर्तनलाई आत्मसात गर्दै सानै उमेरमा गर्ने विवाहलाई रोक्न विद्यालयमा मनोसामाजिक परामर्श तथा सल्लाह प्रदान गर्नु । | १. आधारभूत तहसम्मको पढाइ समेत पूरा नगरी रोजगारीको खोजीमा लाग्ने, घरकै काममा अलमलिने तथा विद्यालयको उपस्थितिलाई अनियमित बनाईरहेका बालबालिकालाई विद्यालयमा नियमित उपस्थितिका लागि आवश्यक सहयोग उपलब्ध गराउन पहल गर्नुका साथै उनीहरुका अभिभावकलाई जिम्मेवार बनाइनेछ ।<br>२. बाल विवाहलाई न्युनीकरण गर्न बालबालिका र उनीहरुका अभिभावकलाई सल्लाह र मनोसामाजिक परामर्श, कानूनी सचेतना कार्यक्रम र अभिभावक शिक्षा सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ३. विद्यार्थीलाई उचित र नियमित किसिमले मनोसामाजिक परामर्श प्रदान गर्नका लागि शिक्षकहरुलाई आधारभूत तहको तालिम र सिपको विकास गरी प्रत्येक विद्यालयमा आवश्यकताका आधारमा कार्यरत शिक्षकलाई मनोपरामर्श दाताको रुपमा क्षमताको विकास गरिनेछ । |

## ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

२. विद्यालय तहको शिक्षामा उचित मनोसामाजिक परामर्शका साथ समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

### ख) नतिजा (Key Results)

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार भएको हुने।
३. अपांगता भएका व्यक्तिहरुको गुणस्तरीय जीवनयापन र आत्मनिर्भर दिनचर्या कायम भएको हुने ।
४. अपांगता र प्रविधि मैत्री विद्यालय र कक्षाकोठा व्यवस्थापन भएको हुने ।
५. समावेशी विद्यालय र अपांगमैत्री सिकाई वातावरण स्थापना भएको हुने ।
६. समावेशी र विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष सीपयुक्त र तालिमप्राप्त शिक्षकको उचित व्यवस्था भएको हुने ।
७. समावेशी र विशेष शिक्षामार्फत गुणस्तरीय, दक्ष र सक्षम जनशक्ति उत्पादन र त्यसको उचित व्यवस्थापन भएको हुने।
८. अपांगता भएका बालबालिकाको सिकाईमा आधारित विभिन्न सिकाई सामग्रीको प्रयोग र व्यवस्थापन भएको हुने ।
९. बालबालिकाको आवश्यकतालाई पहिचान गरी विशेष विद्यालयहरु स्थापना भएका हुने ।

१०. लक्षित समूहका बालबालिकाको शिक्षा र सिकाइमा अभिभावकको विशेष सक्रियता भएको हुने ।

११. विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही भएको हुने ।

१२. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपारइरहित बालमैत्री वातावरण सिर्जना भएको हुने ।

१३. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि भएको हुने ।

१४. विशेषतः गरिबी र कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यिन हुने ।

१५. अभिभावकविहीन बालबालिकाको अभिभभावकको भूमिका गाउँपालिकाले निर्वाह गर्दै उनीहरुको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यका निम्ति विशेष व्यवस्था गरेको हुने ।

१६. लक्ष्यित समूहको विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइमा सहभागिताको दरमा सुधार भई सिकाइमा सुधार भएको हुने ।

१७. छात्रवृत्तिलाई भौचर एवम् एकद्वार प्रणालीबाट वितरण गरी यसको दुरुपयोगमा न्यूनिकरण भइ उपलब्धिमा सुधार भएको हुने ।

१८. विविध किसिमका कठिनाइ असहज परिवेश र समस्यामा परिरहेका बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरी शिक्षामा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुने।

## ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य

### तालिका ४.४: समतामूलक  समावेशिकरण र मनोसामाजिक परामर्श सेवाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | गाउँपालिकामा व्यक्तिको अवस्था र सिकाइ आवश्यकता  पहिचान गर्ने गरी संयत्रको विकास र सोको परिचालन। | पटक | √ | १ | √ | √ | √ | १ | गाउँपालिका |
| २ | कुनै पनि व्यक्ति शिक्षाको अवसरबाट बञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा  गरी कार्यान्वयन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयनमा गाउँपालिका |
| ४ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयनमा गाउँपालिका |
| ५ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागत (Opportunity Cost) सँग तादात्म्य गरी छात्रवृत्ति दिने व्यवस्था। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयनमा गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिक मैत्री हुने गरी निर्माण। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयनमा गाउँपालिका |
| ७ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको समन्वयनमा गाउँपालिका |
| ८ | दिवाखाजा कार्यक्रम कक्षा ८ सम्म विस्तार गरी यसलाई पर्याप्त र प्रभावकारी बनाउनका लागि अभिभावक संघ र प्रदेश सरकारसँग सहकार्य। | निरन्तर | √ | √ | √ | √ | √ | √ | अभिभावक, संघ र प्रदेश सरकारसँग सहकार्य। |
| ९ | विशेष आवश्यकता हुने बालबालिकाहरूका लागि मौजुदा पाठ्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन। | पटक | १ | | | | | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १० | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूको प्रविष्टी। | पटक | १ | | | | | १ | सङ्घ, प्रदेश सरकार र गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय शिक्षा तथा आजीवन सिकाइको आवश्यकता अनुसारको सिकाइ सामग्रीको विकास । | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १२ | सिकाइ सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश |
| १३ | राष्ट्रिय पाठयक्रम प्रारूप अनुरुप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकताअनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रधानअध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण। | पटक | | १ | | १ | | २ | सङ्घ, प्रदेश सरकार र गाउँपालिका |
| १४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइमा सुनिश्चितता। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १५ | शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरूको सहभागिता बढाई समावेशी तुल्याउन उल्लिखित समूहलाई शिक्षक तयारीका लागि छात्रवृत्तिको अवसर प्रदान। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश सरकार र गाउँपालिका |
| १५ | अभिभावकविहीन बालबालिकाको अभिभभावकको भूमिका गाउँपालिकाले निर्वाह गर्दै उनीहरुको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यका निम्ति विशेष व्यवस्था। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तह्का शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास । | पटक | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश सरकार र गाउँपालिका |
| १७ | पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्धता। | पटक | १ | १ | १ | | | ३ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १८ | आधारभूत तह सम्मको शिक्षा मातृभाषा/बहुभाषामा पाउने व्यवस्था गर्ने तथा मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माणमा सहकार्य । | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १९ | समता रणनीतिले गरेको व्यवस्थाअनुसार लैङ्गिक समानता र समावेशीकरणलाई एकीकृत मुद्दाको रूपमा सम्बोधन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २० | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गरिने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २१ | पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरणा तथा सिकाइ प्रक्रियालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश सरकार र गाउँपालिका |
| २३ | **लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, जातीय विभेद आदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि** | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र वडा पालिका र विद्यालय |
| २४ | छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास र कार्यान्वयन । | पटक | १ | | - | | - | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २५ | गाउँपालिका स्तरमा छात्रवृत्ति व्यवस्थापन समिति गठन र कार्य सञ्चालन । | पटक | १ | | | | | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २६ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण । | लक्षित विद्यार्थी | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २७ | अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास सम्बन्धी भवन आचार संहिताको पूर्ण रुपमा कार्यान्वयन । | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २८ | मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना र कार्यान्वयन । | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २९ | अनुगमन तथा मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश र गाउँपालिका |

# ४.५. शिक्षामा सूचना र सञ्चार प्रविधि

## ४.५.१ परिचय

सूचना तथा संचार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सूचना तथा संचार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा संचार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा संचार प्रविधिको प्रयोगले सहयोग पुऱ्याउने पर्दछ । यी चारओटा मार्गदर्शन सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा संचार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरु अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार र प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा संचार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा संचार प्रविधि सम्बन्धी बढैयाताल गाउँपालिका लगायत मुलुकको समेत वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरु सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरू जस्तैः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरू पनि उल्लेख गरिएको भए पनि समग्रतामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विश्लेषणका आधारमा यस परिच्छेदमा योजनाको खाका समावेश गरिएको छ । त्यसैले यस परिच्छेदका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित गराइनु आवश्यक देखिन्छ।

## ४.५.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति, कानून तथा रणनीतिहरूको अवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रतिको समीक्षा गर्नुपर्ने हुन्छ। नेपालले बोर्ड बैंक नीति, २०७१ ल्याई विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षाको विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारको संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। एकातिर शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने अर्कोतिर शिक्षामा सूचना तथा संचार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ तयार भई रणनीति, कार्यक्रम तथा लक्ष्यहरु निर्धारण गरिएको छ।

विद्यालय शिक्षा क्षेत्र योजनामा पनि सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समावेश गरिएका प्रमुख क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने आदि रहेका थिए। शिक्षाको सोचपत्र २०७९ ले

अब तुरुन्तै कक्षाकोठामा सञ्चालन हुने कम्तिमा चालीस प्रतिशत क्रियाकलापहरु सूचना र प्रविधिमा आधारित हुनु पर्ने कुरालाई प्राथमिकता दिएर उल्लेख गरेको छ ।

एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको छ तापनि धेरैजसो विद्यालयमा कम्प्युटरलगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन । त्यसैगरी विद्यालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरु बीच सम्बन्ध स्थापित गर्न कठिनाइ भएको छ । विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासमा वार्षिक रुपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरुमा कम्प्यूटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि एकातिर यी सुविधाहरु न्यून छन् भने अर्कोतिर शिक्षण सिकाइमा यी स्रोतहरुको प्रयोग गर्ने विद्यालयहरुको सङ्ख्या ज्यादै कम रहेको छ । । कतिपय विद्यालयहरुको विभिन्न व्यक्ति तथा संघसंस्था मार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गरेका छन् । एकातिर साधन तथा संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि गर्नु पर्ने देखिन्छ ।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीको पर्याप्त नहुनु पनि समस्याका रूपमा रहेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजीटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरुबाट पनि विभिन्न विषयमा केही डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । संशोधित पाठ्यक्रम अनुसार कक्षा ११ र कक्षा १२ मा कम्प्यूटर शिक्षालाई समेत समावेश गरी जीवनोपयोगी शिक्षा विषयलाई अनिवार्य गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको प्रश्न पत्रलाई अनलाइन मार्फत परीक्षा केन्द्रलाई उपलब्ध गराउने प्रणालीलाई संस्थागत गरेको छ । यसका साथै कतिपय विश्वविद्यालय कलेज र विद्यालयहरुले पनि आफ्ना परीक्षा र शिक्षण सिकाइ क्रियाकलापहरु अनलाइन प्रणालीबाट सञ्चालन गरेका छन् र शिक्षण सिकाइ पनि अनलाइन मार्फत नै सञ्चालन गरेको अवस्था छ ।

दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरु डिजिटलाइज गर्ने कार्य भएको छ । कोभिड १९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेभ पोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीय प्रति वेवसाइटमा राख्ने गरिएको छ । प्रविधिमैत्री शिक्षक समाजले कोभिड १९ को कारण विद्यालय बन्द भएको अवधिमा विभिन्न प्रदेश, जिल्ला र पालिकाका शिक्षकहरुका निम्ति अनलाइन मार्फत

आइसीटी र पेशागत विकास सम्बन्धी वेभिनारहरु सञ्चालन गरेको छ । कोविड १९ को महामारीको अवधिमा छथर गाउँपालिकाले पनि अनलाइन मार्फत शिक्षक र विद्यार्थीहिरुका लागि शिक्षण सिकाइ कार्यक्रमहरु सञ्चालन गरेको र विद्यार्थीहिरुका निम्ति घरमै बसेर अध्ययन गर्नका लागि सन्दर्भ सामग्रीको प्रकाशन गरी वितरण गर्ने काम गरेको थियो । साथै गाउँपालिकाले विद्यार्थीको घरको कोठालाई नै अस्थायी कक्षाकोठाको उपमा दिएर सिकाइ कार्यक्रम सञ्चालन गरेको थियो ।

विद्यार्थी र अभिभावकहरु आफूसँग भएको स्मार्ट फोनमा भएका विभिन्न एप्सहरुको प्रयोग गर्दै डिजिटल दुनियाँमा प्रवेश गरेको अवस्था छ । उनीहरुमा भएको यो साधन क्षमता र चासोलाई सकारात्मक किसिमले स्वीकार गर्दै शिक्षण सिकाइ क्रियाकलापसँग यसको मितेरी गाँस्नु पर्ने जरुरी देखिन्छ । कतिपयले सीमित मात्रामा भए पनि शिक्षण सिकाइको क्षेत्रमा विकास भएका एप्स र पोर्टलहरुको प्रयोग गरी शिक्षण सिकाइको सिलसिलामा सम्पादन गर्नु पर्ने परियोजना कार्य गृहकार्य लगायतका अन्य अध्ययन सम्बन्धी कार्यमा समेत सदुपयोग गरिरहेको अवस्था छ । यसका अतिरिक्त कतिपयले आफुसँग भएको स्मार्ट फोनको दुरुपयोग गरेर आफूलाई बरबादीतिर धकेलिरहेका दृष्टान्तहरु पनि समाजमा बग्रेल्ति रहेका छन् । यसकारण पनि विकसित मुलुकहरुले डिजीटल डिभाइसहरुको प्रयोगलाई व्यवस्थित गर्नका लागि समेत साइवरसम्बन्धी कानूनहरु समेत बनाइ लागू गरेको अवस्था छ र यो सवालमा हाम्रो मुलुकले समेत पहल गरेको देखिन्छ ।

माथि उल्लेखित उपलब्धि तथा अवसरहरूको आधारमा गत शैक्षिक २०७६-७७ को कोभिड १९ को प्रभावबाट मुलुकभरका सबै विद्यालयहरू ६ महिना भन्दा बढी समय अप्रत्यासित रूपमा बन्द रहन गएको अवस्थामा शिक्षा मन्त्रालयले विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्य योजना जारी गरी सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी प्रयास र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि विविध वैकल्पिक सिकाइका विधिहरूको विकास, व्यवस्थापन र सञ्चालन गरेको मध्ये प्रविधिमा आधारित विभिन्न विधिहरु प्रमुख रहेका थिए । यी विधिहरूमा प्रमुखतः छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी. बाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू Online Portal हरूको पहुँचबाट प्राप्त सामग्रीहरू CEHRD learning portal. You tube Channel Virtual classes, CDC को ई-पुस्तकालय साथै अन्य संस्थाहरूद्वारा निर्मित Online सामग्रीहरू र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य माध्यम रहेका थिए । यस अवधिमा भए गरेका क्रियाकलापहरूको आधारमा मुलुक भर लगभग १३ प्रतिसत विद्यालयहरुले मात्र वेभमा आधारित सामग्री प्रयोग गरेको देखिन्छ भने छथर

गाउँपालिकाको यो प्रतिसत ०००० भन्दा बढि देखिन्छ । बाँकी अरु विद्यालयहरूले अन्य वैकल्पिक विधिहरू प्रयोग गरेको देखिन्छ ।

शैक्षिक व्यवस्थापनमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) स्थापना र स्थानीय तहसम्म एकीकृत सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) विकास गरी अनलाइन गरिएको छ । त्यसैगरी विभिन्न सूचना तथा कतिपय सेवाका लागि आवेदन दिने लगायतका कार्यका लागि अनलाइन पद्धति विकास गरिएको छ । विद्यालयको लेखाप्रणालीलाई व्यवस्थित गर्ने, परीक्षाका फाराम लगायतका कार्यलाई अनलाइन गर्न थप कार्य गर्नु पर्ने देखिन्छ । फ्लास प्रतिवेदन २०८० का आधारमा भन्नु पर्दा मुलुकका जम्मा २७९६३ सामुदायिक विद्यालयहरूमध्ये ६९.६ प्रतिसत विद्यालयमा विद्युत र ४३.१% विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध छ भने ५८.१ प्रतिसत विद्यालयहरुमा कम्प्यूटर र तत्सम्बन्धी उपकरणहरुको सुविधा छ । एक अर्को अध्ययन प्रतिवेदनका अनुसार कम्प्यूटरको सुविधा भएका विद्यालयमध्ये करिव ३७.०४ विद्यालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्यूटरको प्रयोग भएको देखिन्छ । प्रशासनिक कार्यमा मात्र कम्प्यूटर सुविधा प्रयोग गर्ने विद्यालयको सङ्ख्या कम्प्यूटरको सुविधा हुनेमध्ये करिव ३६ प्रतिशत रहेको हुँदा कतिपय विद्यालयमा कम्प्यूटर भए पनि प्रयोग नभएको अवस्था पनि छ । छथर गाउँपालिकाका सबै विद्यालयहरुमा विद्युत सेवा पुगेको छ भने इन्टरनेट सेवा पुगेका विद्यालयहरुको प्रतिसत १०० रहेको छ ।

शिक्षामा सूचना तथा संचार प्रविधिसम्बन्धी गुरु योजना २०१३-२०१७ मा दश हजार विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा कनेक्टिभिटी सहितको संरचना तयार गर्ने लक्ष्य राखेकोमा हालसम्म करिब १२ हजारको हाराहारीका सामुदायिक विद्यालयमा कम्प्युटर भए तापनि केही विद्यालयहरूमा मात्र व्यवस्थित रूपमा संरचना तयार भएको देखिन्छ । इन्टरनेट सुविधा भएका सामुदायिक विद्यालयहरू करिव ५ हजार ४ सय विद्यालय मात्र रहेका देखिन्छन् । त्यसै गरी केन्द्रमा डिजिटल पुस्तकालय, डाटा केन्द्र र डिजिटल स्टुडियो स्थापना उल्लेख्य प्रगति भएको देखिदैन । केही प्रशिक्षक, शिक्षक तथा कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम दिइएको छ भने यसलाई विस्तार गर्नुपर्ने जरुरी देखिन्छ । वि.सं. २०७६ देखि नेपाल दूरसञ्चार प्राधिकरणले पनि ग्रामीण दूरसञ्चार विकास कोष मार्फत मुलुकभरका केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ ।

### ४.५.३ चुनौती र अवसर

उल्लिखित समीक्षाका आधारका शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी केही चूनौतिहरूको पहिचान गरिएको छ । तीमध्ये सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै शिक्षालयहरुमा त्यसको व्यवस्थापन गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, STEAM ल्याबको स्थापना र व्यवस्थापन गर्नु, STEAM अप्रोच अनुसार सिकाइ वातावरणको निर्माण गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि )E-governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका विच समन्वय र सहकार्य व्यवस्थित गर्नु, सूचना र सञ्चारको प्राणको रुपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु, सूचना र सञ्चार प्रविधिको दुरुपयोगलाई न्यूनिकरण गर्नु, सूचना र प्रविधिको प्रभावकाकारी प्रयोगका लागि शिक्षक र कर्मचारीहरुमा दक्षताको विकास गर्नु आदि प्रमुख रुपमा रहेका छन् ।

शिक्षामा सूचना र सञ्चार क्षेत्रका अवसरहरुको रुपमा कोविद १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरुलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाइनबाट हुने शिक्षण सिकाइमा सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रुपमा विकास हुनु, विद्यार्थीहरुमा अनलाइन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरुमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, बढैयातालका सबै विद्यालयहरुमा विद्युत सेवा र अधिकांश विद्यालयहरुमा इन्टरनेट सेवा पुगेको अवस्था हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरु प्रतिष्पधात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै संघसंस्थाहरुले अनलाइनमा पढ्न मिल्नेगरी पाठ्यसामग्रीको विकास गर्नु आदिलाई लिन सकिन्छ।

## ४.५.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाको प्रस्तुत विषयको समग्र उद्देश्य शिक्षालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार र विकास गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुऱ्याउनुका साथै शैक्षिक व्यवस्थापनमा सुधार ल्याई सुशासनको प्रवर्धन हुनु भन्ने रहेकोमा यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम रहेका छन :

| क सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्नु । | १. सबै सूचनाहरू प्राप्त हुने गरी क्लाउड प्रविधिबाट पालिकामा डाटा सेन्टर तथा डिजिटलल्याबको स्थापना र सञ्चालन गर्नका लागि संघ, प्रदेश सरकार, नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. सबै पाठ्यक्रम तथा पाठ्य सामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।<br>३. घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरु मार्फत सक्रिय र जिम्मेवारी हुन प्रोत्साहित गरिने छ ।<br>४. विद्यालयमा विद्युतीय पुस्तकालय (E-Library) को अन्तर सञ्जाल निर्माण गरी प्रविधियुक्त पठन संस्कृतिको विकास गरिने छ ।<br>५. सिकारुकेन्द्रित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्री ट्याब्लेट, स्मार्टफोन, मोबाइल आदिको प्रयोगमा सुलभता ल्याइने छ ।<br>६. शिक्षण सिकाइमा STEAM लाई सूचना प्रविधिसँग जोडेर क्रमशः कक्षाकोठामा कार्यान्वयन गरिनेछ ।<br>७. शिक्षकहरुको हाजिरी अभिलेख पालिकामा नै रहने गरी इ-हाजिरीको व्यवस्था गरिनेछ । |

| | | |
|---|---|---|
| २ | डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु । | १. विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुनेगरी डिजिटल सामग्री विकास गरिनेछ ।<br>२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तारमार्फत विद्यालय शिक्षक र विद्यार्थीको पहुँचमा विस्तार गर्न एक शिक्षक एक ल्यापटप, विपन्न विद्यार्थी स्मार्टफोन कार्यक्रम लागू गरिनेछ ।<br>३. स्थानीय तहमा एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा अनुसार सामुदायिक सिकाइ केन्द्रलाई (Digital Learning Center) को रुपमा विकास गरी औपचारिक शिक्षाका साथै साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलापहरु सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाइनेछ ।<br>४. सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरुलाई प्रविधिसम्वन्धी आधारभूत सिपको विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।<br>५. सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सेवालाई सहज र प्रभावकारी बनाइनेछ । |
| ३ | शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज, छिटोछरितो र सस्तो बनाउन प्रविधिमैत्री पूर्वाधार विकासका लागि आवश्यक लगानी वृद्धि गर्नु । | १. सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।<br>२. IEMIS को प्रयोगलाई व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अपलोड अर्थात सूचनालाई प्रविष्ट गर्न सक्ने र उक्त अद्यावधिक सूचना सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>३. पालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच विद्यालयमा इन्टरनेट सेवालाई सस्तो, छिटो र |

| | | |
|---|---|---|
| | | सर्वसुलभ बनाउनका लागि समन्वय र सहकार्यमा अभिवृद्धि गरी सबै विद्यालयमा जडान गर्ने व्यवस्था गरिनेछ ।<br>४. प्रारम्भिक तहदेखि उच्च तहसम्मको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै कक्षाकोठाहरूमा स्मार्ट टि भि, डिजिटल बोर्ड, स्मार्ट बोर्ड, प्रोजेक्टर आदि प्रविधिको पहुँचमा विस्तार गरिनेछ ।<br>५. विद्यालय प्रशासनद्वारा प्रसारण गर्नुपर्ने सूचनालाई एकैपटक सबै कक्षा र विद्यार्थीसमक्ष पुग्नेगरी प्रधानाध्यापक कार्यकक्षमा सूचना प्रसारण प्रणालीको विकास गरिनेछ ।<br>६. प्रत्येक बालबालिकाहरु विद्यालयभित्र प्रवेश गरेको र विद्यालयबाट घर गएको सूचना अभिभावकको मोवाइलमा प्राप्त हुने सफ्टवेयरको सूचना प्रसारण प्रणाली व्यवस्था गरिनेछ । |
| ४ | शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउनु । | १. संघ र प्रदेश सरकारसँगको सहकार्यको माध्यमबाट गाउँपालिकाका सबै विद्यालयहरुलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरूमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिनेछ।<br>२. सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षण पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>३. तालिम केन्द्रहरूमा मिश्रित पद्धति (Blended Approach ) बाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षकको पेसागत विकासमा सहयोग पुर्‍याउन संघ र प्रदेशसँग सहकार्य गरिनेछ ।<br>४. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि न्यूनतम सिप र क्षमता पनि नभएका शिक्षकहरुलाई |

| | | |
|---|---|---|
| | | शिक्षणपेशाबाट विदाइ हुनका लागि आकर्षक कार्यक्रमको विकास गरी कार्यान्वयन गरिनेछ ।<br>५. विद्यालयमा आइसीटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिनेछ ।<br>६. शिक्षकहरुमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासंघ र पेशागत संघ संगठन आदि संस्थालाई समेत जिम्मेवार बनाईनेछ ।<br>७. सूचना प्रविधिमा दक्षता हासिल गर्न नसकेका शिक्षकहरूको क्षमता विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सूचना, सञ्चार तथा प्रविधि विज्ञको व्यवस्था गरी सहजीकरण गरिनेछ ।<br>८. गाउँपालिकाले शिक्षकहरुलाई म्याचिङ्ग फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरी सञ्चालन गरिनेछ । |
| ५ | शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, छिटोछरितो, पारदर्शी र समतामूलक बनाउनु । | १. आईसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने छ ।<br>२. गाउँपालिका र शिक्षालयहरू बीचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमश पूर्ण रुपले कागजविहीन पद्धतिमा रुपान्तरण गरिनेछ । सोकार्यका लागि गाउँपालिकाबाट हरेक विद्यालयमा आइसीटी सम्बन्धी सक्षम व्यक्तिको व्यवस्था गरिनेछ ।<br>३. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उद्देश्य केन्द्रित वनाउन सबै कक्षा कोठाहरूमा सिसि टिभि जडान गरी शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिनेछ ।<br>४. विद्यालय र विद्यार्थीहरुको सुरक्षाका लागि विद्यालयको विभिन्न स्थानमा सिसि टिभि जडान गरी सोको प्रभावकारी प्रयोग गरिनेछ । |

| | | |
|---|---|---|
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा हुन सक्ने अवाञ्छनीय प्रयोगका साथै अनपेक्षित सूचना प्रवाहलाई निरुत्साहित गर्नु । | १. शिक्षा मन्त्रालयद्वारा तर्जुमा गरिएको शिक्षामा सूचना तथा सञ्चार गुरु योजनाको प्रभावकारी कार्यान्वयन र नियमन कार्यको लागि विशेष व्यवस्था सहित संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>२. सूचना र सञ्चारको दुरुपयोगको न्यूनीकरण र साइबर अपराधहरूलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानूनको निर्माण एवम् कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। |
| ७ | प्रत्येक विद्यालयहरूको Website तथा Blog निर्माण गरी सम्पूर्ण विद्यालयका गतिविधिहरूलाई विद्यार्थी र अभिभावकको हितमा प्रयोग गर्नु । | १. विद्यालयको गतिविधिहरूलाई सबैको पहुँचयोग्य बनाउन गाउँपालिका भित्रका सबै विद्यालयहरूको Website तथा Blog निर्माण गरी यसको प्रभावकारी र निरन्तर प्रयोग गरिनेछ ।<br>२. Website तथा Blog मार्फत विद्यार्थीका लागि परियोजना कार्य नतिजा प्रकाशन तथा विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गरिनेछ। |

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरु र तथा लक्ष्य

#### क) उपलब्धि

१. शिक्षालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुग्नाका साथै शैक्षिक व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्धन हुने ।

#### ख) प्रमुख नतिजा

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुने ।
२. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

३. सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने ।
४. सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनुका साथै विद्यालयका हरेक शिक्षकमा प्रविधिसम्बन्धी न्यूनतम क्षमता र सिपको विकास भएको हुने ।
६. सूचना प्रविधिको प्रयोगमा विस्तार गरी औपचारिक र अनौचारिक दुबै प्रकारको शिक्षा र सिकाइका निम्ति सामुदायिक सिकाइ केन्द्रलाई डिजीटल लर्निङ्ग सेन्टरको रुपमा विकास गरिएको हुने ।
७. सूचना प्रविधिको प्रयोगले विद्यालयदेखि गाउँपालिका, प्रदेश, संघ लगायत विभिन्न निकायहरूसम्मको सम्बन्ध व्यवस्थापन र सुशासनमा सुधार भएको हुने ।
८. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत भएको हुने।
९. सूचना र प्रविधिको सही किसिमले प्रयोग गर्न लागि निर्माण गरिएका नियम कानून र आचारसंहिताको सवैबाट पालना भएको हुने ।
१०. शिक्षकहरुलाई म्याचिङ्ग फण्डको आधारमा ल्यापटप प्राप्त गरी शिक्षण सिकाइमा प्रयोग गरेको हुने ।
११. घरपरिवार र समूदायको वातावरण समेत प्रविधिमैत्री भइ अनावश्यक रुपमा हुने वाह्य आवतजावत र भीडभाड न्यूनिकरण भएको हुने ।
१२. गाउँपालिका र शिक्षालयहरु बीचको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजनाअवधिसम्म पूर्ण रुपले कागजविहीन (Paperless) पद्धतिमा रुपान्तरण भएको हुने ।
१३. सूचना र सञ्चारको दुरुपयोग र साइवर अपराधका घटनाहरुमा न्यूनिकरण भएको हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

### तालिका ४.५. : शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्रियाकलापहरु तथा लक्ष्य

| क्र स | क्रियाकलाप | एकाइ | पहिलो ५ बर्षको लक्ष्य | | | | | जम्मा | जिम्मेवार सरकार र निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सवै सूचनाहरु प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्यावको स्थापना र संचालन । | सबै शिक्षण संस्थाहरु | √ | √ | √ | | | १००% | संघ, प्रदेश र स्थानीय तह |
| २ | सवै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार । | सबै शिक्षण संस्थाहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ३ | सबै शिक्षणसंस्थाहरुलाई इन्टरनेट कनेक्टीभिटीमा जडान गरी सञ्चालन । | सबै शिक्षण संस्थाहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ४ | शिक्षकहरुमा सञ्चार र प्रविधिसम्बन्धी क्षमताको विकास । | सबै शिक्षकहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ५ | गाउँपालिकामा रहेको नमूना एवम् बृहत विद्यालयबाट अन्य विद्यालयका कक्षाकोठाका विद्यार्थीहरुसम्म पुग्ने गरी प्रविधिको प्रयो गरी नमूना कक्षाहरुको प्रशारण । | सबै विद्यालय | तयारी | कनेक्टीभिटी जडान | सञ्चालन | सञ्चालन | सञ्चालन | १००% | संघ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सबै विद्यालयहरुमा ई -पुस्तकालय र ICT संरचनाको विस्तार। | सबै शिक्षण संस्थाहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ७ | शिक्षक छनौट पाठ्यक्रमलाई परिमार्जन गरी आइसीटी सम्बन्धीको कोर्सलाई पाठ्यक्रममा समावेश। | पाठ्यक्रम परिमार्जन | √ | √ | | | | १००% | संघ, प्रदेश र शिक्षक सेवा आयोग |
| ८ | शिक्षक र शैक्षिक व्यवस्थापनको ICT सम्बन्धी क्षमता अभिवृद्धि । | सवै शिक्षकहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ९ | विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्रीको विकास। | सामग्रीहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १० | अन्तरक्रियात्मक डिजिटल सामग्रीहरू विभिन्न किसिमका क्षमता भएकाहरूका लागि पनि उपयुक्त हुने गरी विकास | सामग्रीहरु | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ११ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजीटल लर्निङ सेण्टरको रुपमा विकास। | सबै | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १२ | सूचना र प्रविधिमा अनुकरणीय क्षमता भएको जनशक्तिका निम्ति प्रोत्साहन कार्यक्रम सञ्चालन। | कार्यक्रम | √ | √ | √ | √ | √ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १३ | शिक्षकहरुलाई उनीहरुले जम्मा गरेको म्याचिङ्ग फण्डको आधारमा एक | म्याचिङ् फण्डका | √ | √ | √ | √ | √ | √ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास र कार्यान्वयन । | आधार मा | | | | | | | |
| १४ | सूचना र प्रविधिको प्रयोगलाई उपयुक्त र सामाजिक बनाउनका लागि आवश्यक कानून र आचार संहिताको निर्माण र कार्यान्वयन । | कानूनको निर्माण र कार्यान्वयन | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| १५ | परिवार र समूदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन । | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| १६ | गाउँपालिका र शिक्षालयहरु बीचको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजनाअवधिसम्म पूर्ण रुपले कागजविहीन (Paperless) हुने गरी विकास । | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| १७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतनाको अभिबृद्धिका कारण सूचना र सञ्चारको दुरुपयोग र साइवर अपराधका घटनाहरुमा न्यूनिकरण । | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालय र कक्षाकोठाहरुमा सिकाइ र सुरक्षामा प्रभावकारिताका लागि सिसि क्यामेराको जडान | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |

# ४.६. विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता

## ४.७.१. परिचय

हरेक बालबालिकाहरुले सुरक्षित रुपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरुको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो । विद्यालयमा बालबालिकाहरुका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ जहाँ बालबालिकाहरुले रमाएर सिक्ने वातावरण तयार होस तर विडम्वना अझै पनि अधिकांस विद्यालयमा शिक्षक र बालबालिकाहरु प्राकृतिक प्रकोप, हिंसा, द्वन्द्व आदिका कारणले भौतिक, शारीरीक र मनोवैज्ञानिक रुपमा असुरक्षित भएको विभिन्न तथ्यांकले देखाउँछ ।

सुरक्षित विद्यालय अधिकारमा आधारित छ, जहाँ शिक्षक, कर्मचारी र बालबालिकाहरुले सुरक्षित महशुस गर्ने वातावरण हुन्छ र यसका लागि विद्यालयसंग सम्बधित सबै सरोकारवालाहरु जिम्मेवार हुन्छन । सुरक्षित विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई आपतकालिन अवस्थामा गर्नुपर्ने कार्यका बारेमा जानकारी हुनुका साथै जोखिमबाट सुरक्षित रहनका लागि योजनाहरु तयार गरी कार्यान्वियनमा रहेको, सरोकारवालाहरुबीच सम्मानजनक ब्यबहार र सम्बन्धहरु कायम रहेको, विद्यालय भवन र सिकाइका सुविधाहरु सुरक्षित र सबै बालबालिकाहरुको लागि पहुँचयोग्य भएको हुन्छ । यस्तो अवस्थामा शिक्षण संस्थाहरुबाट हिंसा, द्वन्द्व र विविध किसिमका दुर्घटनाको अवस्थाबाट हुन सक्ने जोखीमलाई न्यूनीकरण गर्नका लागि रिपोर्टिङ र प्रतिकार्य गर्नका साथै विपदको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन सक्ने गरी योजना बनाइएको हुन्छ ।

मुलुक गरीव र विपन्न छ भने त्यो मुलुकमा अराजकता बढेको हुन्छ र बाहुबलले राज गरेको हुन्छ । अर्थात अर्को शब्दमा भन्नु पर्दा मुलुकमा अराजकता र बाहुबलले राज गरेकै कारण मुलुक गरीवि र विपन्नताबाट मुक्त हुन नसकिरहेको अवस्था हुन्छ । यस्तो अवस्था भोगिरहेको मुलुकमा सबैभन्दा कष्टकर जीवन त्यो मुलुकका बालबालिकाहरुले बाँचिरहेका हुन्छन् । किनभने उनीहरुसँग बाहुबल पनि हुदैन र तिकडमको खेलखेल्ने तरिका पनि हुदैन । उनीहरुको बारेमा सोच्ने अभिभावकहरुले समेत आफ्नै बारेमा सोच्न नभ्याइरहेको अवस्था हुन्छ । हाम्रो देशका बालबालिकाले समेत यस्तै परिवेशको सिकार भइरहेको अवस्था छ । समग्र मुलुकका बालबालिकाहरुको अवस्था नै यस्तै जर्जर भएपछि यस बढैयाताल गाउँपालिकाको अवस्था पनि

तात्विक हिसावले त्यो भन्दा फरक नभएको अवस्था छ । यस्तै यस्तै परिवेशलाई छिचोल्दै योजनाको प्रस्तुत खण्डमा बालबालिकाका निम्ति विद्यालयलाई सुरक्षित बनाउन र आपतकालीन तथा सङ्कटकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिनका लागि भएगरेका प्रयास, सामना गरिरहेका चुनौती, उपलब्ध अवसरहरुलाई मध्यनजर राखी उद्देश्य, रणनीति र कार्यक्रम तथा लक्ष्यहरु निर्धारण गरिएको छ ।

## ४.६.२. वर्तमान अवस्था

सुरक्षित विद्यालय र जस्तोसुकै विपदको अवस्थामा पनि शिक्षालाई निरन्तरता दिने कुरा नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र विकास योजना, बृहत विद्यालय सुरक्षा गुरु योजना, बृहत विद्यालय सुरक्षा न्युनतम प्याकेज जस्ता थुप्रै नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ । यद्यपि अझै पनि विद्यालयहरुलाई विपद प्रतिरोधी, हिंसामुक्त र शान्ति क्षेत्रको रुपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रुपमा स्थापित गर्न धेरै नै कामहरु गर्नुपर्ने देखिन्छ ।

यस छथर गाउँपालिकामा सञ्चालनमा रहेका विद्यालयहरुमा देखिन सक्ने जोखिमका क्षेत्रहरु र हुनसक्ने आपतकालिन अवस्थाहरु अनगिन्ति छन् । तीमध्ये प्राकृतिका प्रकोप, हिंसा, द्वन्द्व, दैनिक हुन सक्ने दुर्घटना र द्वन्द्व, विस्थापन, बसाइसराइ आदि प्रमुख रहेका छन् । प्राकृतिक प्रकोप अन्तर्गत भूकम्प, आगलागि, महामारी, बाढिपहिरो, चट्याङ, हावाहुरी, खडेरी, अति चिसो तथा प्रतिकूल वातावरण, हिमपात, वायू प्रदूषण आदिको पर्दछन् । हिंसा अन्तर्गत दुर्व्यवहार, भेदभाव, वेवास्ता, यौन शोषण, श्रम शोषण, शारीरिक तथा मानसिक दण्ड सजाय, बुलिङ आदि पर्दछन् । त्यसैगरी द्वन्द्व अन्तर्गत विद्यालयमा राजनितीक गतिविधि हुनु, विद्यार्थी र शिक्षकहरुलाई राजनीतिक गतिविधिमा संलग्न गराइनु, विद्यालयलाई बन्दको निशाना बनाइनु, धार्मिक, जातीय, बर्गीय र अन्य द्वन्द्व आदि पर्दछन् भने दैनिक हुन सक्ने घटना अन्गर्तत सडक दुर्घटना, विद्यालयमा हुने गैर संरचनागत जोखिम, कमजोर भौतिक पूर्वाधारबाट हुने दुर्घटना आदि पर्दछन् । विस्थापन र बसाइसराई अन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आादि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार कुण्ठित भएका सन्दर्भहरु पर्दछन् ।

शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित सङ्कटका बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने हुन्छ ।

क) **अधिकार (Right):** कतिपय अवस्थामा संकटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ । नागरिक तथा बालबालिकाको बाच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपतको समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ ।

ख) **समावेशीकरण (Inclusiveness):** जोखिम वा संकटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा बृद्ध बृद्धालाई बढी प्रभावित गरेको हुन्छ र यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन् । तसर्थ विपतको समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ ।

ग) **समता र न्याय (Equity and justice)**: जोखिमले सामाजिक भिन्नता (social divide) बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको (blanket approach) योजनाले सबैलाई न्याय नगर्न सक्छ । त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानता (Raow, 2001) का आधारमा विपदको व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनुपर्दछ ।

घ) **पहुँच (Access):** विपदको समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न, बास, औषधि उपचार, शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको पहुँचबाट बञ्चित हुन सक्छन् । तसर्थ विपद या संकटकालीन समयमा ती आधारभूत आवश्यकामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनुपर्दछ ।

ङ) **गुणस्तर र सुशासन (Quality and good governance):** जोखिम वा संकटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरिनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वा विधिमा आधारित (rule of law), उत्तरदायित्व (accountability), पारदर्शिता (transparency) र सहभागिता (participation) सुनिश्चित हुनु पर्दछ ।

च) **सेवाको दक्षता (Eefficiency of service):** सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै संकटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन् । फलस्वरूप संकट वा विपदबाट हुने क्षति कम हुन जान्छ । मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ ।

## ४.६.३. अवसर र चुनौतीहरु

छथर गाउँपालिकाको शिक्षामा प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक र सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु, केही हदसम्म अबका दिनहरुमा यन्त्रहरुको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु, स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने भन्नेबारेमा विश्वस्त र भरपर्दो वातावरणको निर्माण गर्नु , विद्यालय सुरक्षाका लागि नीतिगत रुपमा भएका ब्यबस्थाहरुलाई कार्यान्वयन गर्नु, विपद्सम्बन्धी भएका योजना र कार्यक्रमहरुको विपद्को समयमा ठिक र प्रभावकारी किसिमले कार्यान्वयन हुनु जस्ता चुनौतीहरु प्रमुख रुपमा रहेका छन् ।

सुरक्षित बिधालय अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ? विपदको अवस्थामा मात्रै नभै सामान्य अवस्थामा पनि बालबालिकाहरुको सुरक्षित सिकाइको वातावरणलाई कसरी सुनिश्चित गर्ने ? छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग (component) मा यस विषयको प्रत्याभूति गर्ने ? प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ? अनुमान गर्न नसकिने (Unpredictable) घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ? कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय प्रदेश र स्थानीय तहका हुन्छन् । यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ? योजना तत्कालिक बनाउने कि दीर्घकालिन ? संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ? आदि सवालहरु पनि सुरक्षित विद्यालय व्यवस्थापनको क्षेत्रमा गम्भीर रुपमा देखिएका मुद्दाहरु हुन ।

छथर गाउँपालिकालाई समेत असर पर्ने गरी मुलुकलाई नै धरासायी हुने गरी २०७२ मा आएको भुकम्पले दिएको सन्देशकै कारण छथर लगायत मुलुकका सबै पालिकाहरुमा भवन निर्माण सम्बन्धी आचारसंहिताले प्रभावकारी कार्यान्वयन गर्ने सवालमा तीनै तहका सरकारहरु सक्रिय देखिएका छन् । विभिन्न क्षेत्रमा बनेका ऐन कानून र नीति नियमहरुले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहारलाई अन्त गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ । विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरुमा हस्ताक्षर गरेको छ । मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका सङ्घसंस्थाहरु

पनि सरकारसँग सहकार्य र सहलगानी गर्ने सवालमा अघि बढेको अवस्था छ । सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसावले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ । महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरु र उनीहरु मार्फत सञ्चालन भएका सङ्घसंस्थाहरुले समेत उल्लेख्य योगदान गरेको अवस्था छ । कोविदन १९ का कारण सरकार लगायत धेरै विद्यालयहरुले आफूलाई अनलाइन सिकाइका निम्ति सक्षमताको विकास गरेका छन् । त्यतिबेला छथर घरमै अध्ययन गर्नका लागि सन्दर्भ सामग्रीको समेत प्रकाशन गरेको थियो । उल्लिखित पक्षहरुलाई योजनाको यस खण्डका निम्ति अवसरको रुपमा लिन सकिन्छ ।

## ४.६.४. उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाको प्रस्तुत खण्डको विषयको समग्र उद्देश्य सम्भावित जोखिमको पूर्वानूमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सवै प्रकारका हिसा विभेद  प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गर्नु रहेको छ भने यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम रहेका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | विद्यालय सुरक्षा र विपद न्यूनीकरणका लागि सम्भाव्य जोखिम कम गर्न प्रदेश सरकार, संघीय सरकार र विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण सिर्जना गर्नु । | १. स्थानीय क्षेत्रको शिक्षामा प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पार्ने विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटापन्नता (Vulnerability) को मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।<br>२. गाउँपालिकाले संकटापन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना बनाई विद्यालयमा पनि योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।<br>३. स्थानीय सरकार,शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा पूर्वतयारी, रोकथाम, प्रतिकार्य र पुर्नरस्थापनाका लागि क्षमताको विकास गरिनेछ ।<br>४. विद्यालयमा विपद् प्रतिरोधात्मक भौतिक पूर्वधार निर्माण तथा पुर्नस्थापना गरिनेछ ।<br>५. प्रत्येक विद्यालयमा सबैले देख्ने गरी विद्यालय सुरक्षा नक्सा राख्ने कार्यलाई अनिवार्य गरिने छ । |

| | | |
|---|---|---|
| २ | विद्यालय सुरक्षा र विपद न्यूनीकरणका लागि विभिन्न परिवेशमा रहेका बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु । | १. शैक्षिक सेवाको निरन्तरता प्रदान गर्नआवश्यक पर्ने यन्त्र उपकरण, शैक्षिक सामग्री, औषधी, खाद्यान्न, पोशाक लगायत राहतका सामग्रीको व्यवस्था गरिने छ ।<br>२. प्राकृतिक प्रकोप, महामारी जस्ता विभिन्न आपतकालमा पनि बालबालिकाको शिक्षालाई प्रभावित हुन नदिन टोल शिक्षा, स्व अध्ययन सामग्री, सूचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता बैकल्पिक व्यवस्थालाई उपयोगमा ल्याइनेछ ।<br>३. आपतकाल तथा संकटमा शिक्षाको निरन्तरताका लागि पालिकाले सामग्रीको विकास गरी स्वयम्सेवी शिक्षा दिन सम्बन्धित टोलमा उच्च शिक्षा अध्ययन गरेका जनशक्ति परिचालन गर्न पहल गरिने छ ।<br>४. आपतकाल तथा संकटमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई स्थानीयकृत गरिने छ ।<br>५. विद्यालयमा वालबालिकाहरुको आपतकालीन सूचना सम्प्रेषण समूह निर्माण गरी फोकल पर्सन मार्फत सूचना आदान प्रदान गर्ने माध्यम बनाइनेछ । |
| ३ | विद्यालय सुरक्षा र विपद न्यूनीकरणका पक्षमा प्रतिकार्य (Responses) का लागि गाँउपालिकास्तरीय संयन्त्रको विकास गर्नु । | १. प्राकृतिक विपद्, महामारी, शान्ति सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरुबिच समन्वय तथा जिम्मेवारीको संयन्त्र बनाइनेछ ।<br>२. विपद् तथा संकटको व्यवस्थापनसँग सम्बन्धित गाँउपालिकास्तरीय संयन्त्रमार्फत मापदण्ड र निर्देशिका बनाई कार्यन्वयनमा ल्याइनेछ ।<br>३. विपदमा सेवा प्रवाहको संयन्त्र प्रणाली र सेवा प्रवाहको रणनीति केन्द्रको स्थापना गरिनेछ ।<br>४. हिंशा र हेपाइमा परेका बालबालिकालाई न्याय र पिडकलाई सजाय दिने सवालमा सून्य सहनशीलता अपनाइ कानून निर्माण गरी कार्यान्वयन गर्ने सवालमा |

| | | |
|---|---|---|
| | | सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिनेछ ।<br>५. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिनेछ ।<br>६. बाढीपहिरो, भूकम्प र महामारीको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा **बहुउद्देश्यीय साझा घर** निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयन गरिनेछ र यस्तो प्रकोप र सङ्कटको समय विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्दै लगिनेछ ।<br>७. नगर, वडा र विद्यालयस्तरमा विपदको समयमा शैक्षिक क्षेत्रमा  सहयोग पुग्ने गरी स्थायी किसिमको विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ । |
| ४ | विद्यालय शान्ति क्षेत्रको अवधारणाअनुसार विद्यालयमा शान्त र सुरक्षित वातावरणको सृजना गर्नु । | १. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को मर्मअनुसार विद्यालयमा सशस्त्र गतिविधि, द्वन्द्व, र हिंसाजस्ता कार्य हुन नदिन दलगत राजनीति र अन्य हस्तक्षेपलाई निरुत्साहित गरी विद्यालयमा गठन गरिने दलगत विद्यार्थी संगठनलाई पूर्ण प्रतिबन्ध लगाइनेछ ।<br>२. विद्यालयहरुमा बालबालिकाहरुको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गरिनेछ ।<br>३. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालयहहरुसंग समन्वय र सहकार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | ४. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिनेछ ।<br>५. स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापन सामाजिक भेदभावमुक्त समाज निर्माण र सुरक्षित विद्यालय सम्बन्धी व्यावहारिक विषयवस्तु समावेश गरी शिक्षण सिकाइ गरिनेछ ।<br>६. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइनेछ । |
| ५ | विपद् प्रभावित बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक पक्षको ख्याल गर्दै मनोवैज्ञानिक सहजता कायम गर्न सहज समायोजनको वातावरण तयार गर्नु । | १. संकटपूर्ण अवस्थामा कसरी सुरक्षित रहने भन्ने सम्बन्धमा विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुलाई आधारभूत ज्ञान, सीप सहितको तालिम प्रदान गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विपद प्रभावित बालबालिकाहरुलाई सामान्य अवस्थामा फर्काइ उनीहरुको पढाइलाई अझ प्रभावित हुन नदिन मनोसामाजिक परामर्श प्रदान गरिनेछ ।<br>३. माध्यमिक विद्यालयमा मनोपरामर्शसम्बन्धी दक्षता भएको विद्यालय नर्सको व्यवस्था गरिनेछ र आधारभूत विद्यालयमा घुम्ती नर्सको व्यवस्था गरिनेछ ।<br>४. विद्यालयमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित |

| | | |
|---|---|---|
| | | विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अभिप्रेरित गरिनेछ । ५. सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने समन्वय तथा सहजिकरण गरिनेछ । |

## ४.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## क) उपलब्धि

**१.** छथर गाउँपालिकाको शिक्षा क्षेत्रका सम्भावित जोखिमको पूर्वानूमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने ।

### ख) प्रमुख नतिजा

१. सामान्य अवस्था र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास भएको हुने ।
३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील भएको हुने ।
४. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह तथा सिकाइको निरन्तरता भएको हुने ।
५. युद्ध, सामाजिक द्वन्द, हिंशा, बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता भएको हुने ।

६. विद्यालयमा शिक्षक र विद्यार्थीहरु सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना भएको हुने ।
७. हिंशा र हेपाइमा परेका बालबालिकालाई न्याय र पिडकलाई सजाय दिने सवालमा सून्य सहनशीलता अपनाउने गरी कानून निर्माण गरी कार्यान्वयन भएको हुने ।
८. बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्नका लागि सङ्कटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा साझा घर निर्माण गरिएको हुने ।

*ग) प्रमुख क्रियाकलाप र लक्ष्य*

## तालिका नं ४.६: विद्यालय सुरक्षा, विपद न्यूनीकरण र उत्थानशीलता सम्बन्धी प्रमुख क्रियाकलाप र लक्ष्य

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ वर्षको लक्ष्य | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सुरक्षित विद्यालय सम्बन्धि नीति, रणनिति र मापदन्ड निर्माण र कार्यान्वयन । | सवै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | सुरक्षित विद्यालय सम्बन्धि विषयलाइ समावेश गरी पठनपाठन गर्न विद्यालयहरुलाई सहजिकरण । | सवै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | नगर, वडा र विद्यालयहरुका विपदको समयमा सहयोग पुग्ने गरी विपद व्यवस्थापन कोषको स्थापना र सञ्चालन । | नगर वडा र विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका र विद्यालय |
| ४ | विपद्को जोखिमलाई न्यूनिकरण गर्नका लागि घर र विद्यालयमा सुरक्षित स्थलको | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | घरपरिवार, विद्यालय र पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पहिचान गरी विद्यालय परिवार सबैलाई सोको उपयोग । | | | | | | | | |
| ५ | बृहतर विद्यालय सुरक्षा सम्बन्धि विद्यालयका प्र.अ. र विद्यालय सम्पर्क शिक्षकलाइ तालिम प्रदान । | प्रअ र शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैगिक तथा सामाजिक समावेशिकरण विषयको तालिम प्याकेजको निर्माण गरि सम्पुर्ण शिक्षकहरुलाइ तालिम प्रदान । | सबै शिक्षकहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | उत्थानशिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्नका लागि कार्यक्रमा सञ्चालन र सहयोग । | सबै विद्यालयहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| ८ | विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान (विद्यालय परिसरको विपद् जोखिम मुल्यांकन गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापनसहित | सबै विद्यालयह | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका र सबै विद्यालयहरु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्नका लागि सहयोग। | | | | | | | | |
| ९ | सबै विद्यालयहरूको स्तरोन्नति (अपांगतामैत्रि, बालमैत्रि, विपद उत्थानशिल) गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयको रूपमा विकास। | सबै विद्यालय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| १० | Education can't Wait लाई आत्मासाथ गर्दे जुन सुकै विपदमा पनि शिक्षालाइ निरन्तरता दिनका लागि हरेक विद्यालय र पालिकाको भैपरी शिक्षा योजना तयार गरी कार्यान्वयन। | पालिका र विद्यालय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| ११ | विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय र सम्बन्धित सङ्घसंस्थाहरूको संलग्नतामा विद्यालयको घेराबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री बनाउन सहयोग तथा सहकार्य । | सबै विद्यालय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्नका लागि समन्वय र सहजिकरण। | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |
| १३ | सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन। | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| १४ | विद्यालयहरुलाई विपदको अवस्थामा शिक्षालाइ निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक, खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस तथा अन्य राहत सामग्री | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (Relief Materails) को प्रबन्ध गर्नका लागि सहयोग। | | | | | | | | |
| १५ | विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालय र सङ्घसंस्थाहरुसंग समन्वय र सहकार्य। | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |
| १६ | विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य। | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| १७ | विद्यालयहरुमा स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिका स्वास्थ्य कर्मी कार्यकर्ताको व्यवस्था । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| १८ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापण्ड, निर्देशिका तथा कार्यविधिहरू एकीकृत गरी कार्यान्वयन। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह Safe learning action group निर्माण र परिचालन। | सबै विद्यालय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | स्थानीय तह |
| २० | हिंशा र हेपाइमा परेका बालबालिकालाई न्याय र पिडकलाई सजाय दिने सवालमा सून्य सहनशीलता अपनाउने गरी कानून निर्माण गरी कार्यान्वयन। | सबै विद्यालय | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |
| २१ | बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्नका लागि सङ्कटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा बहुउद्देश्यीय साझा घर निर्माण र प्रयोग। | सबै टोलहरु | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | स्थानीय तह |

# ४.७. शिक्षामा भौतिक पूर्वाधार विकास

## ४.७.१. परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश बर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

## ४.७.२. वर्तमान अवस्था

नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,५२० मध्ये २७,५४० सामुदायिक विद्यालय रहेका छन् । देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन् । ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने ११,०६९ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या ९३,७२५ रहेकोमा धेरे जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी

विद्यालयहरूमा जम्मा ५४,२८३ स्टाफ कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् ।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारी भएकाले कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीयतहबाट हुँदै आएको छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । केही वर्ष अघि मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने. दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् । प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन ।

छथर गाउँपालिकामा ४८ वटा सामुदायिक विद्यालयहरु छन् । यी सबै विद्यालयहरुको भवनहरु तोकिएका मापदण्डका आधारमा बनेका छन् भन्ने अवस्था देखिदैन । केही त जस्ताका छाना भएका र कच्ची प्रकृतिमा पनि छन् । छथरमा विद्यालयहरु जस्तापाताका छानाबाट मुक्त हुन नसिकरहेको अवस्था छ जसले गर्दा कुनै सिजनमा पनि सिकाइका लागि वातावरण मैत्रीपूर्ण नभइरहेको अवस्था छ । विद्यालय विद्युत सेवा पुगेपनि त्यसबाट कक्षाकोठाहरुमा मल्टीमिडिया जडान गरी शिक्षण सिकाइलाई प्रविधिमा आधारित बनाउन सकिएको छैन ।

सिमित विद्यालयहरुमा मात्रै छापामय वातावरण भएका कोठाको संख्या र बुक कर्नरको व्यवस्था गरिएको छ । विशेषगरी केही माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याबको व्यवस्था भए पनि त्यसको प्रभावकारी प्रयोग भएको देखिदैन । सबै विद्यालयहरुमा सौचालय र खानेपानीको सुविधा भएपनि सरसफाइको हिसावले सौचालयहरु र शुद्धताको हिसावले खानेपानी त्यति व्यवस्थित देखिदैनन् । खेलमैदान अपर्याप्त भए पनि सबै विद्यालयहरुमा रहेको छ । कच्ची, पक्की र तारवार गरेर सवै विद्यालयहरुमा नै घेरावारको व्यवस्था पनि गरिएको देखिन्छ ।

२०७६ सालमा कोविदको पहिलो लहर चलेको समयमा विद्यालयलाई क्वारेन्टाइनको रुपमा प्रयोग गरी मुलुक बाहिरबाट आएका मानिसहरुलाई राखिएको थियो । विद्यालयहरुमा बनाइएका त्यस्ता क्वारेन्टाइनहरुमा बसेका मानिसहरुले खानेपानी, सौचालय र फ्यान आदि नभएको भन्दै आन्दोलन गरेका थिए । साँच्ची विद्यार्थीहरुले त्यस्तो विद्यालयमा कसरी वर्षौंदेखि बसेर अध्ययन गरे होलान् ? यो एउटा सानो उदाहरण मात्र हो । सन्दर्भ गम्भीर छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पालामा कर्कट पाताले छाएका मोडलका विद्यालय भवन मुलुक भरि धेरै निर्माण भए । बालबालिकाका लागि त्यस्तो भवन कुनै पनि सिजनमा उपयुक्त नहुने हिरासत जस्तो हुदोरहेछ । हिउदमा अत्यधिक चिसो, गर्मीमा अत्यधिक गर्मी र वर्षामा पानी परेको आवाजले शिक्षण सिकाइ क्रियाकलाप अवरुद्ध हुने । बालमैत्री, सिकाइमैत्री जे जस्तो भनिए पनि भवन बनाउदा लागतमैत्रीलाई बढि ख्याल गरिएको देखिन्छ । लागत पनि तराइदेखि हिमालसम्म, गाउदेखि शहरसम्म, राजधानी देखि मोफसलसम्म सबैतिर एउटै । त्यो क्रम अहिले पनि जारी छ ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको थियो भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेको देखियो । भवन बनाउने बजेट काठमाडौंदेखि तेह्रथुमसम्म उही छ । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ । नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरुले समेत विद्यालयको अरु पक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् । रकम नपुगेर कतिपय पूर्वाधारहरु अधकल्चो अवस्थामा छन् । कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजूरीका कारण काम हुन नसकेका अवस्थाहरु पनि छन् । भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गतामैत्री

बन्न सकेका छैनन् । पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरु उठिरहेका छन् । कसैले कहिल्यै नपाउने र कसैले सधैं पाइरहने अवस्था भइरहेको गुनासो गर्छन मर्कामा परेकाहरु ।

## ४.७.३. चुनौती र अवसर

योजनाको प्रस्तुत खण्ड विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरू अन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसमा लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी  विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु,  आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनाउनु, पूर्वाधारका कार्यक्रमहरु वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका आधारमा वितरण गर्नु, पूर्वाधार निर्माण कार्यक्रम वितरण गर्दा तीनवटा सरकारको विचमा समन्वयको वातावरण हुनु, स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन् ।

विद्यालय पूर्वाधार निर्माणको  सवालमा अवसरहरु पनि पर्याप्त देखिन्छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारबाट पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका सवालमा बढैयातालमा रुम टू रिड लगायतका गैरसरकारी संस्थाहरुले समेत योगदान गर्नु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्म पनि अक्षुण्ण जस्तै हुनु, अधिकांस विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको देखिनु, अन्यत्रको तुलनामा बढैयातालका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु, कतिपय विद्यालयहरुमा पूर्वाधारतर्फ मर्मत सम्भारका लागि आफ्नै आयस्रोत हुनु, मन्त्रालय र विभागले समेत २०७२ को भूकम्प पछि निर्माण हुने पूर्वाधारहरुलाई भूकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु आदिलाई अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ४.७.४. उद्देश्य र रणनीतिक क्रियाकलापहरु

योजनाको प्रस्तुत खण्डको विषयको समग्र उद्देश्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् :

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकताका आधारमा उपलब्ध गराउनु । | १. यस पालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुले पूर्वाधार निर्माण गर्नका लागि मागमा आधारित भन्दा पनि वास्तविक आवश्यकताका आधारमा पूर्वाधार निर्माण गरिनेछ ।<br>२. पूर्वाधार निर्माण गर्दा विवादरहित तरिकाले आचार संहिता बनाई कार्यान्वयन गरिनेछ । |
| २ | भौतिक पूर्वाधार विकासका हिसाबले शैक्षिक संस्थाहरुलाई समृद्ध बनाउनु । | १. विद्यालयमा भौतिक पूर्वधार निर्माण गर्दा विद्यार्थी सङ्ख्या, सञ्चालित तह, मौजुदा कक्षाकोठा आदि जस्ता मानक निर्धारण गरी प्राथमिकताका आधारमा निर्माण गरिनेछ ।<br>२. विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा कक्षाकोठा, शिक्षकस्टाफ कक्ष, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय र आराम कक्ष आदि योजना अनुसारको डिजाइन गरी निर्माण गरिनेछ, साथै विद्यार्थी संख्याको आधारमा शौचालय, स्वच्छ खानेपानी, पर्याप्त खेलमैदान, प्राथमिक उपचार बाकस, सरसफाई किट जस्ता आवश्यक पर्ने कुराहरुको समेत व्यवस्थापन गरिनेछ ।<br>३. एउटा विद्यालयलाई भौतिक पूर्वाधारको हिसावले सम्पन्न बनाइसकेपछि केही एक दशकसम्म उक्त विद्यालयमा भौतिक पूर्वाधारका कार्यक्रम नपर्ने गरी अर्को विद्यालयमा भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४. यस पालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधार एकै डिजाइनको बनाउनको लागि कार्यनीति बनाई लागू गरिनेछ । |
| ३ | गुणस्तरीय शिक्षामा योगदान पुग्नेगरी भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गमैत्री भौतिक | १. विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने सबै प्रकारका भौतिक पूर्वाधारहरु भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गमैत्री बनाईनेछ । |

| | | |
|---|---|---|
| | संरचनाको व्यवस्थापन गर्नु । | २. विद्यालयमा प्रवेश गर्ने वित्तिकै विद्यार्थीहरुले आफ्नै घरमा जस्तै सुरक्षित छु भन्ने महसुस गराउने वातावरणीय पक्षलाई एकिकृत प्रणाली (बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री, सुरक्षित, हिंसा रहित एवम् भयरहित सिकाइ केन्द्र) को माध्यमबाट विद्यालयहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>३. सुरक्षित विद्यालय बनाउनका लागि जस्तापातायुक्त भवनहरुलाई विस्थापित गरी पक्की भवन निर्माण गर्ने कार्यलाई तीब्रता दिइनेछ ।<br>४. पालिकाभरिका विद्यालय भवनको रंगरोगनमा समान किसिमको रङ्गको प्रयोग गरिनेछ र तहअनुसार र विषय अनुसारका कक्षाकोठाहरु सजावट गरी शिक्षणमैत्री कक्षाकोठाको विकास गरिनेछ ।<br>५. "एक विद्यार्थी एक विरुवा" र "एक विद्यालय एक बालमैत्री बगैँचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय कार्यलाई तीब्रता दिइने छ ।<br>६. छात्रामैत्री शौचालयको निर्माण गरी भेण्डिङ मेसिन, इन्सुलेटर र स्यानिटरी प्याडको समेत व्यवस्थापन गरिनेछ । प्रयोग गरिसकेका स्यानिटरी प्याडको व्यवस्थापनका लागि आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।<br>७. सरकारी तथा गैह्रसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी, प्रतिकार्य सम्बन्धी तालिम तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।<br>८. शुद्ध पिउने चिसो तथा तातो पानीको लागि वाटर फिल्टर र वाटर डिस्पेन्सरको व्यवस्था गरिनेछ । |
| ४ | विद्यालयमा पूर्वाधारका लागि आवश्यक पर्ने मापदण्ड विकास र कार्यान्वयन गर्नु । | १. पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोतको उचित व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने मापदण्ड तयार गरी लागू गरिनेछ ।<br>२. पूर्वाधार विकासका लागि पालिकाको भूगोल, हावापानी र विद्यार्थी संख्याको प्रक्षेपण जस्ता |

| | | |
|---|---|---|
| | | कुराहरुलाई मध्यनजर गरी लागतका आधारमा कार्यनीति बनाई लागू गरिनेछ । |
| ५ | पूर्वाधार विकासका लागि पारदर्शी, एंव जवाफदेही प्रणालीको विकासमा जोड दिनु । | १. शैक्षिक संस्थाहरुको लागि निर्माण गरिएका पूर्वाधारहरु विद्यालयभन्दा बाहिरका अन्य निकायहरुले भाडा वा करारका आधारमा उपयोग गरेवापतको विद्यालयमा प्राप्त हुने आम्दानीलाई विद्यालयको मर्मत सम्भार कार्यमा उपयोग गरिनेछ ।<br>२. विद्यालयमा पूर्वाधार विकासका लागि विभिन्न संघ संस्थाहरुसँग लागत साझेदारी गरिनेछ ।<br>३. विद्यालयमा निर्माण गरिएका पूर्वाधारहरुको संरक्षण र निगरानीका लागि स्थानीय बासिन्दाहरुलाई नै अपनत्वको भावना जागृत गराउने वातावरण तयार गरिनेछ ।<br>४. बालबालिकाहरुको मनोरञ्जन र उनीहरुको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुऱ्याउनका लागि कम्तिमा प्रत्येक वडामा एउटा बालउद्यानको स्थापना र विकास गरी सञ्चालनमा ल्याइनेछ । |

## ४.८.५. उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

### ख) नतिजा

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित भएको हुने ।

२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार भएको हुने ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास भएको हुने ।

४. देशका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणाअनुसार विकास भएको हुने ।
६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना उपलब्ध भएको हुने ।
७. पूर्वाधार विकासका लागि आवश्यक विधि. मापदण्ड र स्तरीकरणका सूचक तयार भएको हुने ।
८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास भएको हुने ।
९. विद्यालय पूर्वाधार विकासका कामहरु दीगो र विवादरहित भएको हुने ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य

## तालिका ४.७.: विद्यालय भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय र सरकार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित । | पटक | १ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालयहरुको पूर्वाधार विकास मास्टर प्लानको निर्माण र कार्यान्वयन । | पटक | १ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ३ | पूर्वाधार विकास प्रारूप विकास र तीनै तहमा स्रोतको विनियोजन । | पटक नियमित | १ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ४ | एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) अनुरूप भौतिक पूर्वाधारको विकास । | विद्यालय सङ्ख्या | १ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ५ | विद्यालयहरुको पूर्वाधार निर्माणको मापदण्ड एवं स्तरीकरणका सूचक विकास र सोको कार्यान्वयन । | पटक | १ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ६ | विद्यालयहरुमा अपाङ्गतामैत्री र लैङ्गिक मैत्री संरचनाको विकास । | विद्यालय सङ्ख्या | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयहरूमा बनेका संरचनाको नियमितरुपमा सम्बर्धन तथा मर्मत सम्भार । | विद्यालय सङ्ख्या | √ | √ | √ | √ | √ | √ | स्थानीय तह |
| ८ | विद्यालयको पूर्वाधार निर्माण र संरक्षणका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास | समूदाय | √ | √ | √ | √ | √ | √ | स्थानीय तह, विद्यालय र समूदाय |

# परिच्छेद : ५

# तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध

## ५.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय राज्यको रुपमा व्यवस्था गरी मुलकुमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको अवस्था छ । जसअन्तर्गत मुलुकमा अहिले एउटा संघीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरु रहेको अवस्था छ । संघीय संरचना अनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसूची ५, ६, ८ र ९ को व्यवस्था गरेको छ । जसअन्तरगत अनुसूची ५ को बुँदा १५ ले संघको एकल शैक्षिक दायित्व तोकेको छ । अनुसूची ६ को बुदाँ ८ ले प्रदेशको एकल शैक्षिक दायित्व उल्लेख गरेको छ । त्यस्तै अनुसूची ६ को बुदाँ १८ ले भाषा, लिपि आदिलाई संघीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ । अनुसूची ८ को बुदाँ ८ ले स्थानीय सरकारको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्वको व्यवस्था गरेको छ ।अनुसूची ९ को बुँदा २ ले स्थानीय सरकार, प्रदेश सरकार, तथा संघीय सरकारको साझा शैक्षिक दायित्व उल्लेख गरेकोछ । संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षा क्षेत्रको नेतृत्व गरेकोछ ।

## ५.२. वर्तमान अवस्था

संघीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति, संघीय ऐन, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ । उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास, प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ । संविधानले संघीय सरकार मातहत उच्च शिक्षा तर्फ केन्द्रिय विश्वविद्यालयहरु र यससंग सम्बन्धित संकायहरु, आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरु, विभिन्न आयोगहरु तथा कार्यालयहरु रहेका छन । त्यसैगरी विद्यालय शिक्षा तर्फ शिक्षा तथा मानवश्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरु क्रियाशील रहेका छन । त्यसैगरी विभिन्न प्राज्ञ प्रतिष्ठानहरु, पुस्तकालयहरु,अनुष्ठानहरु पनि रहेका छन ।

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय स्थापना भइ सञ्चालनमा रहेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य तथा जनसंख्या, शिक्षा तथा मानव संशाधन, महिला तथा बालबालिका, युवा तथा खेलकुद, भाषा, धर्म तथा संस्कृति, श्रम तथा रोजगार, पोषण, खानेपानी तथा सरसफाइ गरी ७ वटा विषयगत कार्यक्षेत्र रहेका छन् । संविधानले स्थानीय तहको अधिकार र जिम्मेवारी भनी आधारभूत तहको शिक्षालाई तोकेकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ ( ज) मा आधारभूत र माध्यमिक शिक्षा अन्तर्गत स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु देहायबमोजिम तोकेको छः

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय सरकारको जिम्मेवारीभित्र देहायका कुराहरु समावेश गरेको छः

- प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
- आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
- अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यव्रmम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

- अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवद्र्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

संविधान र ऐनकानुनले तोकिएका जिम्मेवारीहरू सम्पादन गर्नका लागि लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा सामाजिक विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र प्रत्येक दुई जिल्लामा काम गर्नका लागि सामाजिक विकास डिभीजन कार्यालयहरुको स्थापना गरी कामकाज भइरहेको अवस्था छ । संघीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश सरकारको मातहतमा रहेको सामाजिक विकास डिभीजन कार्यालयको बीचमा कामकाजको क्रममा सरोकारवालाहरुको बीचमा अनावश्यक द्विविधा देखिएको अवस्था पनि छ । यद्यपि यस्ता द्विविधाहरु अरु सवालहरुमा पनि देखापरेका छन् । संविधानले तोकेबमोजिमका शिक्षाका कार्यहरु स्थानीय तहमा शिक्षा, युवा तथा खेलकूद शाखाबाट संचालन हुदै आइरहेको छ ।

मुलुकमा मूल कानुनको रुपमा संविधान जारी भए पनि अरु कानूनहरु बनिसकेको अवस्था छैन । संविधानले कुन सरकारले शिक्षाको कुन काम गर्ने भन्ने सम्बन्धमा कानून बनाइ व्याख्या गर्नु आवश्यक छ । यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र संघीयताको मर्म अनुरुप संशोधन हुन सकिरहेको छैन । कतिपय स्थानीय तहबाट संविधानले आफुलाई दिएको अधिकार भनेर शिक्षकको नियुक्ति र सरुवा, एसइइको परीक्षा सञ्चालन, विद्यालयहरुको भौतिक पूर्वाधार विकास लगायतका सवालहरुमा काम गर्न रुचि देखाएको अवस्था छ । विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएको छ । पुरानो संरचना अन्तर्गतका स्रोतकेन्द्रहरु खारेज गरिएको कारण विद्यालयहरुमा हुने सुपरीवेक्षण र अनुगमन प्रायः शून्य भएको अवस्था छ ।

## ५.३. चुनौती र अवसर

संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सवैको बुझाइमा एकरुपता कायम हुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मतैक्यता हुनु, एकअर्का बीचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था हुनु, संघीय संरचनाअनुसारको शिक्षाको ऐनकानून निर्माण हुनु, स्थानीय तहमा शिक्षासम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था हुनु जस्ता चुनौतीहरु प्रमुख रुपमा रहेका छन् । त्यसरी नै संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले चेतनाको विकास र ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी अनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि पनि उल्लेख्य चुनौतीको रुपमा रहेका छन् ।

नेपालको संविधानले नै तीन तहका सरकारहरुले गर्नु पर्ने शिक्षाका जिम्मेवारीहरु किटान गरेको अवस्था छ । मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहित संघीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरुबाट शिक्षाको संरचनामा थप चासो राखेर काम गर्ने जमर्को भइरहेको छ । तीनवटै सरकारहरुले आआफ्नै किसिमले क्षमता विकासका कार्यक्रम संचालन गरिरहेका छन् । विद्यालयहरुको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको अवस्था छ । बिशेषगरी बढैयाताल गाउँपालिकाले प्राथिमक तहमा शिक्षक दरबन्दी पर्याप्त देखिन्छ । यस पालिकाले आफ्नो सामान्यीकरण बजेटको केही बजेट शिक्षामा पनि लगानी गरेको अवस्था छ । बालबिवकासका सहयोगी कार्यकर्ताहरुको सुविधामा थप गरेको अवस्था छ । बालबिकास देखि कक्षा १२ सम्मको कक्षा संचालनको अनुमति स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरुलाई तह वा कथा थप गर्ने काममा सहज भएको छ । उल्लिखित पक्षहरुलाई यस पालिकाको लागि शिक्षामा भएका अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ५.४. उद्देश्य र रणनीतिक क्रियाकलापहरु

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास हुनु योजनाको प्रस्तुत विषय क्षेत्रको समग्र उद्देश्य रहेको छ भने यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु निम्नबमोजिम रहेका छन् ।

| क्र सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारको बीचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलताहरुको निराकरण गर्न योगदान गर्नु । | १. संघीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड निर्माण, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान, पाठयक्रमको प्रारुप तयार निर्माण, स्थायी शिक्षक छनौट र सिफारिस, माध्यमिक तहको अन्तमा हुने परीक्षा सञ्चालन, शैक्षिक अनुसन्धान, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरुसँग समन्वय र सहकार्य, संस्थाहरुको सक्षमता मापन सम्बन्धी मापदण्ड निर्माण आदिसम्बन्धी काम र सोको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन गरिनेछ ।<br>२. प्रदेश सरकारले प्रदेशको शिक्षासम्बन्धी नीति बनाउने, प्रदेशको आवश्यकता अनुसारको उच्च तहसम्मको शिक्षा प्रदान गर्ने, पुस्तकालयको विकास र विस्तार गर्ने, अनौपचारिक र भरचुअल एवम दूर शिक्षा मार्फत शिक्षा प्रदान गर्ने, जनशक्तिको क्षमता विकास गर्ने, माध्यमिक शिक्षा परीक्षा सञ्चालन र सोको प्रमाणीकरण गर्ने, विद्यालय तहको पाठ्यक्रम र सन्दर्भसामग्री निर्माण र विकास गर्ने, शिक्षकको अभिलेख र सेवासुविधासम्बन्धी काम गर्ने, प्राविधिक र व्यावसयिक शिक्षासम्बन्धी काम गर्ने, माध्यमिक तहका शिक्षकको कार्यसम्पादन मूल्याङकन र बढुवासम्बन्धी काम गर्ने एवम् विद्यालय नक्साङ्कन गर्ने जस्ता कामहरु सम्पादन गर्नेछ ।<br>३. शिक्षण पेशाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेशामा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नका लागि व्यक्तिको मनोबैज्ञानिक र मनोसामाजिक पक्ष एवम् प्रविधिसम्बन्धी सीप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको पाठ्यक्रमलाई पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।<br>४. तीनवटै सरकार र तिनका संरचनाहरुको बीचमा प्रभावकारी रुपमा सहकार्यको वातावरण निर्माण गर्नका लागि कानूनद्वारा नै कसले के काम गर्ने भनी स्पष्ट रुपमा |

| | | |
|---|---|---|
| | | किटान गरिनेछ र को कुन सरकारको भनेर खोजी गर्नुभन्दा पनि हामी सवै नेपाली हौं भन्ने भावनाबाट अभिप्रेरित भइ काम गर्ने संस्कृतिको विकास गरिनेछ । |
| २ | संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरुको प्रभावकारी रुपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु । | १. संघीय सरकारबाट आफूलाई तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, पाठयक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रजस्ता संरचनाहरुको विकास गरी कामको बाँडफाँड र सोको कार्यान्वयन गरिनेछ ।<br>२. प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका कामहरु सम्पादन गर्नका लागि सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रादेशिक पुस्तकालय, पाठ्यक्रम तथा मानव संशाधन विकास एवम् अनुसन्धान केन्द्र, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश शैक्षिक सूचना केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी प्रदेश प्रयोगशाला, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय जस्ता संरचनाहरुको निर्माण गरी कामको बाँडफाँड र सोको कार्यान्वयन गरिनेछ ।<br>३. स्थानीय तहमा शिक्षकहरुको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरुको सरुवा, कार्यसम्पादन मूल्याङ्कन, विद्यालयहरुको नक्साङ्कन, विद्यालयहरुको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरुको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तह अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई अलग्गै कार्यालयको रुपमा विकास गरी सोको संरचनालाई सुदृढ बनाइनेछ ।<br>४. शिक्षक दरबन्दीको पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्तिका एवम् |

| | | |
|---|---|---|
| | | विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश शिक्षक आयोगको स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।<br>५. स्थानीय तहले माध्यमिक तहको अनुमति दिनका लागि संघीय संरचनाको रुपमा प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डको प्राविधिक अनुमगन प्रतिवेदनलाई अनिवार्य बनाइनेछ । प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाइनेछ । यसका साथै स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गरिनेछ ।<br>६. संघीय सरकार र प्रदेश सरकारको शिक्षासम्बन्धी कामकाज गर्नका लागि हरेक जिल्लामा जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालयको स्थापना गरिनेछ । यसका अतिरिक्त यस कार्यालयले जिल्लाभित्रका शिक्षकहरुको सरुवा, नियुक्ति र आधारभूत तहका शिक्षकहरुको बढुवासम्बन्धी कार्यका साथै शैक्षिक व्यवस्थापन सूचना प्रणाली, विद्यालयहरुको अनुगमन र सुपरीवेक्षण जस्ता कार्य गर्नेछ ।<br>७. कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइइ) सञ्चालनका लागि संघीय सरकारको प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डले शिक्षा विकास निर्देशनालयलाई प्राविधिक सेवा उपलब्ध गराउनेछ ।<br>८. प्रादेशिक विश्वविद्यालयलाई प्रदेशस्तरको शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक गराइनेछ ।<br>९. विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकारप्राप्त प्रधानाध्यापकको व्यवस्था गरिनेछ । यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरुले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नुपर्नेछ । पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाइनेछ । |

| | | |
|---|---|---|
| ३ | अभिभावक, शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु । | १. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइनेछ । बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानूनी कार्वाही गर्नेगरी कानून बनाइ कार्यान्वयन गरिनेछ ।<br>२. उपलब्ध जनशक्तिलाई प्रशिक्षण दिनका लागि मानव संशाधन विकास केन्द्र र प्रादेशिक विश्वविद्यालयलाई सक्षम बनाइनेछ । जनशक्ति भन्नाले शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नागरिक समाज लगायत शिक्षासेवाका तिनै तहमा कार्यरत कर्मचारीहरु भनी बुझ्नुपर्नेछ । छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिनेछ । यस केन्द्रको नाम पुनरावलोकन गरी सामुदायिक सिकाइ, प्रशिक्षण तथा अनुसन्धान केन्द्र राखिनेछ ।<br>३. सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सामाजिक विकास निर्देशनालय, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय र स्थानीय तहको सक्षमतामा विकास गरिनेछ । कुनै पनि सीप विकास सम्बन्धी तालिम वा सरकारी पेशामा प्रवेश गर्नका लागि आधारभूत शिक्षा उत्तीर्ण हुनुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ । |

## ५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास भएको हुने ।

### ख) नतिजा (Key Results)

१. कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने ।

२. संविधानको मर्म अनुसार नै तीनै तहको बीचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएका हुने ।

३. साझा चासो र हितका सम्बन्धमा सरकारहरुका विभिन्न तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने ।

४. शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसावले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएका हुने ।

५. पेशाप्रति समर्पित र सक्षम शिक्षकहरुको शिक्षण पेशामा बाहुल्यता भएको हुने ।

६. बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानूनी कार्वाही गर्नेगरी कानून बनाइ कार्यान्वयन भएको हुने ।

७. विद्यार्थी र विद्यालयहरु हरेक प्रकारका अभावहरुबाट मुक्त भएका हुने ।

८. प्रदेशस्तरमा प्रादेशिक विश्वविद्यालयको स्थापना भइ शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक भएका हुने ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका ५.१: तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्धका लागि प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको प्रवन्ध । | तीनै तहमा | V | V | V | V | V | V | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | साझा चासो र हितका सम्बन्धमा तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास । | निरन्तर सञ्चालन | V | V | V | V | V | V | संघ, प्रदेश तथा स्थानीय तह |
| ३ | शिक्षण पेशामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउमा ठीक ब्यक्तिको चयन गर्ने कार्येलाई संघीय शिक्षक सेवा आयोग लयायत प्रदेश शिक्षक सेवा आयोग सम्बन्धी ऐन कानूनमा व्यवस्था गर्न सरकारहरु बीच समन्वय र सहकार्य । | निरन्तर सञ्चालन | V | V | V | V | V | V | संघ, प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षासम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास । | निरन्तर | १ | v | v | v | v | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ५ | शिक्षक दरबन्दीको सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसारको शिक्षकको पदपूर्ति । | निरन्तर | v | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| ६ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकारप्राप्त प्रधानाध्यापकको व्यवस्था । | पटक निरन्तर | १ | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| ७ | सरकारका तीनै तहको बिचको अन्तरसम्बन्ध प्रभावकारी भइ नागरिक समाज र समग्र मुलुक सुखी र समृद्ध हुने | पटक निरन्तर | १ | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| ८ | क्लाउड प्रविधि मार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणालीमा सुधार तथा सुदृढिकरण । | पटक निरन्तर | १ | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| ९ | संघ. प्रदेश तथा स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन तथा जनशक्तिको पुनर्संरचना । | पटक | १ | v | v | v | v | १ | संघ, प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | कानूनद्वारा अनौपचारिक शिक्षा र निरन्तर सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र संचालन | पटक संचालन | १ | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| ११ | स्थानीय तहमा एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरी सञ्चालन । | स्थापना र संचालन | १ | v | v | v | v | v | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | हालको शिक्षा विकास तथा समन्वय इकाइ र सामाजिक विकास डिभिजन कार्यालयहरुलाई समायोजन गरी जिल्लामा शैक्षिक कार्यक्रम संचालनका लागि शिक्षा तथा जिल्ला सामाजिक विकास कार्यालयको संरचनाको स्थापना गरी कार्यान्वयन। | स्थापना र संचालन | v | v | v | v | v | v | संघ, प्रदेश, स्थानीय तह |
| १३ | प्रदेश र स्थानीय तहबाट लगानी भइ सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि प्रदेश शिक्षक सेवा आयोगको स्थापना र कार्यान्वयन । | पटक सैचालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रदेश, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउनका लागि कानून बनाइ कार्यान्वयन । | पटक कार्यान्वयन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | v | प्रदेश, स्थानीय तह |

# परिच्छेद ६

# शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन

## ६.१ परिचय

आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण सवाल हो । त्यसैले पनि भन्ने गरिन्छ – ‘सुशासन राज्यप्रणालीमा प्राणी जगतलाई नभइ नहुने वायू जस्तै हो जसको उपस्थितिको बारेमा खासै चासो राखिदैन तथापि यसको अनुपस्थितिले भने जीवनमा ठूलो फरक पर्दछ ।’ सुशासनको बारेमा हाम्रो मुलुकमा पनि बेलाबेलामा चर्चा भइरहन्छ । सुशासनको खम्वाको रुपमा रहेका कानूनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरुको पालना भएन र धज्जी उडाउने काम शासकबाट भयो भन्ने कुराहरुको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलक र हाम्रो प्रदेशमा नौलो मानिदैन । शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रुपमा उठ्ने गरेको छ ।

सामान्यतया गुणस्तर भन्नाले उपभोक्तालाई बस्तु वा सेवाबाट प्राप्त हुने सन्तुष्ठी हो । उपभोक्तालाई प्राप्त हुने सन्तुष्ठीको स्तर जति उच्च हुन्छ बस्तु वा सेवा त्यत्ति धेरै गुणस्तरीय भन्ने बुझिन्छ । शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा, परिवार र समुदायबाट सहयोग र प्रोत्साहनप्राप्त स्वस्थ र सिकाइका लागि उत्प्रेरक सिकारु, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैङ्गिक समतामूलक र उपयुक्त स्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयागी सीप र ज्ञान लगायत लैङ्गिकता, स्वास्थ्य, पोषण, सङ्क्रामक रोगहरुबाट बचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्धन र विभेदको न्यूनिकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्याङ्कन प्रणालीमा आधारित तालिमप्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौं कुरा, शिक्षाका राष्ट्रिय लक्ष र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सीप र अभिवृत्ति भएका नागरिकहरुको उत्पादन आदि पर्दछन् (UNICEF, June, 2000)।

शिक्षामा गुणस्तरलाई व्यक्ति, परिवार, समाज र राष्ट्रको दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । दृष्टान्त दिएर भन्नुपर्दा राष्ट्रका लागि गुणस्तरीय शिक्षा अन्तर्गत विद्यार्थीको राम्रो राष्ट्रिय शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिष्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्धन

गर्ने र राष्ट्रको विकासका लागि आवश्यक जनशक्ति परिपूर्ति गर्ने जस्ता पक्षहरु पर्दछन् । समाजका निम्ति गुणस्तरीय शिक्षा अन्तर्गत सहिष्णुता, सामुदायिक सद्भाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवर्धन गर्ने, सकारात्मक सोच भएको आदि जस्ता पक्षहरु पर्दछन् । परिवारका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारमूलक, परम्पराको संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने आदि जस्ता कुराहरु पर्दछन् । त्यसैगरी व्यक्तिका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारी, स्वतन्त्र जीवन यापन र समुन्नत चेतना जस्ता कुराहरु गुणस्तरीय शिक्षा अन्तर्गत पर्दछन् ।

हाम्रो देश, प्रदेश र स्थानीय सन्दर्भमा कुरा गर्नुपर्दा, गुणस्तरीय शिक्षाका बारेमा चर्चा भएका र सरोकारवालाहरुले बुझेको अर्थ र परिभाषाबाट सन्तुष्ठ हुने ठाउँ देखिदैन । कतिपय सरोकारवालाहरुले अंग्रेजी माध्यममा पढ्ने, अङ्ग्रेजी बोल्ने, परीक्षामा राम्रो ग्रेड ल्याउने, व्यवहारमा भन्दा पनि पठनपाठन र सैद्धान्तिक पक्षमा सवल, बैदेशिक रोजगारका लागि बाञ्छनीय जस्ता कुराहरु गुणस्तरीय शिक्षाका लागि प्राथमिकतामा परेको देखिन्छ । कतिपयमा गुणस्तरीय शिक्षा कामदार हुनका लागि भन्दा पनि बसेर खानका लागि भन्ने सोचले घर गरेको अवस्थालाई पनि नकार्न नसकिने स्थिति छ ।

शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन एउटै सिक्काका दुईटा पाटा जस्तै अन्तरसम्बन्धित विषयहरु हुन । एउटाको उपस्थिति भएको ठाउँमा अर्कोको उपस्थिति पनि अनिवार्य देखिन्छ । अर्थात जहाँ सुशासन हुन्छ त्यहाँ गुणस्तर पनि हुन्छ । त्यसैगरी जहाँ गुणस्तर हुन्छ त्यहाँ सुशासन पनि हुन्छ । यसको विपरित जहाँ सुशासन हुदैन त्यहाँ गुणस्तरका कुरा गर्नु पनि हास्याष्पद हुन्छ र गुणस्तर नभएको ठाउमा सुशासनको अवस्था कमजोर हुनु पनि अन्यथा नभइ स्वभाविक मानिन्छ । हाम्रो मुलुकको शिक्षामा सुशासन र गुणस्तर सङ्कटमा परेका कुराहरु धेरै पहिले देखि उठिरहेका छन् । सुशासन र गुणस्तरलाई उच्च बनाउनका लागि विभिन्न समयमा विभिन्न प्रयासहरु पनि हुदै आएका छन् तथापि प्रयासहरु त्यति सफल भएको देखिदैन जति हुनु पर्थ्यो । छथर गाउँपालिकाको प्रस्तुत योजनाको यस खण्डमा सुशासन र शैक्षिक गुणस्तरको वर्तमान अवस्थाको विश्लेषण गर्दै यससँग सम्बन्धित चुनौती र अवसरहरु, योजनाले निर्धारण गरेका उद्देश्य र रणनीतिक क्रियालापहरु, योजनाका अपेक्षित उपलब्धि र लक्षित क्रियाकलापहरुलाई सिलसिलेवार किसिमबाट प्रस्तुत गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

विगत लामो समयसम्म सरकार र शैक्षिक कार्यक्रमहरुको प्राथमिकता शिक्षामा सबैको पहुँच हुनुपर्ने विषयले पाएको अवस्था हो। अबका सरकार र कार्यक्रमहरुले भने पहुँचका साथसाथै गुणस्तर र समावेशितालाई समेत प्राथमिकतामा राखेको अवस्था छ। शिक्षालाई व्यावहारिक, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी, सान्दर्भिक, प्रतिष्पर्धी आदि जे बनाउने भनेपनि त्यो भनेको गुणस्तरीय शिक्षा हो भन्ने कुरामा कसैलाई द्विविधा छैन। अबको सरकार र सरकारका योजना, नीति र कार्यक्रमहरुले यिनै शब्दावलीहरुको प्रयोग गर्दै शिक्षालाई सम्बोधन गरेको अवस्था छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले शिक्षाको गुणस्तरलाई सम्बोधन गर्दै सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइको सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिबृद्धि  गराइ विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै तहको शिक्षालाई प्रतिष्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। शिक्षालाई गुणस्तरीय बनाउनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पाठ्यक्रम र मूल्याङ्कनमा समेत परिमार्जन गरेको छ। अबको शिक्षण सिकाइ र मूल्याङ्कनका क्रियाकलापहरुले शिक्षाको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उसको सीप, व्यवहार र अभिवृत्तिको समेत मूल्याङ्कन गर्ने गरी हरेक विषयमा पच्चीस प्रतिसत भार आन्तरिक मूल्याङ्कनका लागि व्यवस्था गरेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले मूल्याङ्कनलाई कक्षाकोठाको सिकाइमा आधारित बनाउनका लागि मूल्याङ्कनको केही अधिकार विषयगत शिक्षकलाई प्रदान गरिएको छ भने निर्णयात्मक मूल्याङ्कनका लागि समेत निर्माणात्मक मूल्याङ्कनलाई आधार मान्ने गरी पाठ्यक्रमको विकास गरिएको छ। यसका साथै शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाउने सवालमा निरन्तर मूल्याङ्कनको पद्धति पनि अवधारणागत हिसावले प्रभावकारी पद्धति हो जसले आधारभूत तहका प्रारम्भिक कक्षाहरुमा लागू गरिएको छ। यसका साथै स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई अधिकार दिएको अवस्था छ। माध्यमिक तहमा प्राविधिक धारको पठनपाठन गरी शिक्षालाई उत्पादन र रोजगारमुखी बनाउने प्रयास गरिएको छ। उल्लिखित सन्दर्भहरुले शिक्षालाई गुणस्तरीय बनाउने सवालमा टेवा पुगेको देखिन्छ।

योजना, नीति र कानूनहरुमा शिक्षाको गुणस्तरलाई विशेष सम्बोधन गरेको अवस्था भएपनि सरकारका कार्यक्रमहरुमा भने शिक्षा अझै पनि प्राथमिकतामा नपरेको अवस्था छ। शिक्षामा

बिनियोजित बजेट ७० प्रतिसत हाराहारीको बजेट शिक्षकको तलव भत्ताको निम्ति खर्च हुने गर्दछ भने शिक्षकको तलवभत्ता र सुविधालाई समेत आकर्षक बनाउन सकिएको छैन । शिक्षाको गुणस्तरको धेरै प्रतिसत शिक्षकको दक्षता र पेशाप्रतिको समर्पणमा निर्भर रहने गर्दछ जब कि यो पक्षलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सकिएको छैन। कतिपय विद्यालयहरु शिक्षक दरबन्दी विना नै चलिरहेका छन्। दुइ दशकभन्दा बढि समयको अन्तरालमा पनि शिक्षकहरुको दरबन्दीमा बढोत्तरी गर्ने काम भएको छैन। कुनै बेला कुल बजेटको सत्र प्रतिसत बजेट शिक्षामा बिनियोजित हुने गरेकोमा हालका वर्षहरुमा आएर दश प्रतिसतको वरिपरि विनियोजन हुने गरेको अवस्था छ । मुलुकमा संविधानको भावनालाई समेट्ने गरी लामो समयसम्म शिक्षा ऐन निर्माण हुन नसक्नुले पनि शिक्षामा गुणस्तरको बाटोमा अघि बढ्न असहज भएको अवस्था छ।

शिक्षाका संरचनाहरु पनि व्यवस्थित र आवश्यकता अनुसारका हुन सकिरहेका छैनन्। संस्थागत संरचनाका चुरो कुरो भनेको नीति नियम र कानूनको निर्माण गर्नु हो। त्यो काम हुन सकेको छैन । संविधानको मर्म अनुरुप शिक्षा, शिक्षक र निजामति सेवाका कानूनहरु निर्माण हुन नसकिरहेको अवस्था छ । यसकारण पनि कतिपय प्रदेश र स्थानीय तहहरुले जागरुकता देखाएर बनाएका ऐनकानून पनि कामयावी हुन नसकिरहेको अवस्था छ । शिक्षा क्षेत्र र विद्यालयको अनुगमन, कक्षाकोठामा हुने क्रियाकलापहरुको अवलोकन र पृष्ठपोषणका लागि अहिले जिम्मेवार पदाधिकारी कोही पनि नभएको अवस्था छ । स्रोतकेन्द्र लगायत पहिलेका कतिपय संरचनाहरु खारेज गरिएको अवस्था छ भने नयाँ संरचना निर्माण हुन नसकिरहेको अवस्था छ । बौद्धिक पलायन बढ्दो क्रममा रहेको छ । अध्यनयन गर्ने नाममा राजधानी र सहरतिर लागेपछि फेरि फर्केर आफ्नो थात्थलोतिर आउनेहरु विरलै छन् । कोही राजधानीतिर लाग्छन् भने कोही विदेशतिर । त्यस्तो जनशक्तिलाई आकर्षण गर्नका लागि सरकारहरुले शिक्षा लगायत मुलुकको समग्र अवस्थामा सुशासन र गुणस्तरको प्रत्याभूति जति दिन सक्नु पर्थ्यो त्यत्ति दिन नसकिरहेको अवस्था छ।

उल्लिखित विश्लेषणबाट बोध हुन्छ कि नेपालमा शिक्षाको क्षेत्रमा सुशासन र गुणस्तर व्यवस्थापनको पाटो अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेको अवस्था छ। यी दुबै पक्ष प्रभावकारी नहुनुमा यसलाई परिचालन गर्ने मानिस वा जनशक्ति पनि सक्षम र इमान्दार भएनन् कि भन्ने कुरा पनि त्यत्तिकै जल्दोबल्दो किसिमबाट उठिरहेको छ । काम गर्ने मानिसहरु किन सक्षम र इमान्दार हुन सकेनन् त भन्ने कुरालाई सिंहावलोकन गरेर विश्लेषण गर्नु पर्ने भएको छ । कतै

इमान्दारीपूर्वक काम गर्नेहरु होर्चोअर्घेलोमा परेका छन् भने कतै काम नगर्नेहरु सम्मान र प्रसंशाको पगरी पाउनेमा परेका छन् । कतै काम गर्नका लागि जनशक्तिको अभाव छ भने कतै जनशक्तिले काम नपाएर घाम तापेर बसेको अवस्था छ । कतै सुविधाको उपभोग गर्न पनि भ्याइनभ्याइ छ भने कतै सुविधाको नाममा तोकिएको तलवभत्ता पनि समयमा पाउन नसकेको अवस्था छ । एउटै ऐनकानूनबाट प्रवेश गरेकाहरुको बीचमा समेत विभेद छ । प्रभावकारी कानूनको अभावमा कतिपय सुशासन र गुणस्तर व्यवस्थापन सँगसँगै जनशक्ति व्यवस्थापनका पाटो समेत बिलखबन्दमा परेको देखिन्छ ।

शिक्षण संस्थाहरुमा कतिपय स्वअभिप्रेरित जनशक्तिले अनुकरणीय काम गरेको अवस्था छ । दृष्टान्तको रुपमा कतिपय सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक र तिनीहरुको टिमले विद्यालयलाई आकर्षणको केन्द्र बनाउन सफल भएका सन्दर्भहरुलाई लिन सकिन्छ । हाम्रा कतिपय विद्यालयहरु भने मर्नु र बाँच्नुको अवस्थामा छन् । कतै शिक्षकहरु धेरै छन् विद्यार्थीहरु छैनन् । कतै विद्यार्थीहरु धेरै छन् शिक्षकहरु छैनन् । सरकारले शिक्षकहरुलाई अपायक हुने गरी शिक्षक दरबन्दीको कटौति र पुनर्वितरण गर्न नसकेको अवस्था छ । शिक्षकहरुलाई माया पनि गर्न नसकेको अवस्था छ र उनीहरुमाथि शासन पनि गर्न नसकेको अवस्था छ । कतिपय शिक्षकहरु वर्षौंदेखि घरदेखि टाढा काम गरेको अवस्था छ भने कतिपयले घरै नछोडेर एउटै विद्यालयबाट निवृत्त भएको अवस्था छ ।

## ६.३ चुनौती र अवसर

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनमा मुलुकमा थुप्रै चुनौतीहरु छन् जसमध्ये समयमा शिक्षा ऐन र कानूनहरु निर्माण गरेर कार्यान्वयन गर्नु, शिक्षालयहरुमा आवश्यकता अनुसारको शिक्षक दरबन्दी पदपूर्ति गर्नु, शिक्षामा अब्बल क्षमताको उम्मेदवारहरुलाई प्रवेश गराउनु, जनशक्ति व्यवस्थापनको सवालमा विद्यालय व्यवस्थापन समितिको कामलाई विश्वसनीय र निष्पक्ष बनाउनु, शिक्षालयका कर्मचारी र अध्यापकलाई तोकिएको जिम्मेवारी प्रति जिम्मेवार बनाउनु, कामको आधारमा दण्ड र पुरष्कारको व्यवस्थापन गर्नु, उपयुक्त स्थानमा उपयुक्त व्यक्तिको व्यवस्थापन गर्नु, शिक्षालयहरुको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु, शिक्षालयहरुलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, बालविकासका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई कानूनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु, शिक्षामा पर्याप्त

लगानीको सुनिश्चितता गर्नु, माथिल्लो कक्षामा तुलनात्मक रुपमा शिक्षक र विद्यार्थीहरुके अनुपात बढी हुनु आदि प्रमुख रुपमा रहेका छन् । मुलुकमा बल्झिएका यिनै चुनौतीहरुका कारण हाम्रो बढैयाताल गाउँपालिकासमेत उल्लिखित चुनौतीहरुबाट अछुतो हुन नसिकरहेको अवस्था छ ।

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनका सवालमा केही अवसरहरु पनि देखिएका छन् जसमध्ये शिक्षाको तहगत व्यवस्थापन गर्ने साविकको ऐनकानूनको आधारमा काम भइरहेको, स्थानीय तहदेखि संघीय मन्त्रालय तथा विद्यालय देखि विश्वविद्यालयसम्मका सङ्गठन र संरचना एवम् जनशक्तिको व्यवस्थापन तथा कामको बाँडफाँडसमेत भइ सेवाप्रवाह भइरहेको, निजी तथा सहकारी र गैरसरकारी क्षेत्रको पनि शिक्षामा महत्वपूर्ण योगदान रहेको, विभिन्न निकायहरुका प्रतिबेदन मार्फत शिक्षा क्षेत्रको सुशासनलाई अभिबृद्धि गर्नु पर्ने आवश्यकतालाई औंल्याउने काम भएको, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुशासन र गुणस्तरका सवालमा विभिन्न मापदण्ड निर्धारण गर्ने गरी नीति निर्धारण गरेको, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कार्यसम्पादन मूल्याङ्कन प्रणाली, योग्यतामा आधारित जनशक्ति छनौट प्रणाली आदि प्रमुख रुपमा रहेका छन् ।

यसका अतिरिक्त बढैयाताल गाउँपालिकामा भएका शिक्षाका अवसरहरुको कुरा गर्नु पर्दा शिक्षा क्षेत्रमा गाउँपालिकाले केही गर्नका लागि जागरुक देखिएको, सम्बन्धित तहका स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकमा नियुक्त गरी कामकाजमा लगाएको, अधिकार र जिम्मेवारीका आधारमा प्रधानाध्यापक लगायत शिक्षकहरुसँग समयसमयमा अन्तरक्रिया र छलफल गरेको, स्थानीय कला संस्कृति र सम्पदाको सम्वर्धनका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको, बजेट र कार्यक्रमलाई पारदर्शी किसिमबाट कार्यान्वयन गरिरहेको आदिलाई शिक्षामा सुशासन र गुणस्तर प्रवर्धन गर्नका लागि गाउँपालिकाले विकास गरेका अवसरहरुको रुपमा लिन सकिन्छ ।

## ६.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाको यस उपक्षेत्रको समग्र उद्देश्य शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन मार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै गाउँपालिकाको शैक्षिक पद्धतिलाई सबैका

निम्ति पारदर्शी, विश्वससीय, मितव्ययी र गुणस्तरीय बनाउनु रहेकामा यस अन्तर्गतका उद्देश्य रणनीतिक क्रियाकलापहरु निम्नानुसार रहेका छन् :

| क्र सं | उद्देश्य | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | विद्यालयमा शिक्षक, कर्मचारीको पर्याप्त व्यवस्थापन गरी सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको विकास गर्ने । | १. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सो को व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापना गरिनेछ।<br>२. सिकाइ उपलब्धीको आधारमा शिक्षकको मूल्याङ्कन गरी शिक्षकहरुलाई शिक्षण सुधारमा जिम्मेवार र जवाफदेही बनाइनेछ ।<br>३. शिक्षकको क्षमता विकास गरी सिकाइ उपलब्धी, शैक्षिक सामग्री निर्माण र पेशागत जिम्मेवारी तथा जवाफदेही बनाइने छ ।<br>४. विद्यालयको नतिजामा उत्कृष्टता हाँसिल गरेका शिक्षकलाई विद्यालय र गाउँपालिकाले प्रसंशा पत्र पुरस्कार तथा सम्मान गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>५. विद्यालयको प्रारम्भिक तहमा शिक्षणको माध्यम भाषा मातृभाषा हुनेछ भने माथिल्ला कक्षाहरुमामा नेपाली वा अंग्रेजी वा दुबै हुनेछ । |
| २ | शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्नु । | १. अभिभावकको बाहुल्यता र जनप्रतिनिधि, शिक्षाप्रेमी र समाजसेवीहरूको सहभागिता हुनेगरी विद्यालय व्यवस्थापन समितिको गठन गरिनेछ र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानून बनाइ कार्यान्वयन गरिनेछ ।<br>२. सबै विद्यालयहरुलाई तोकिएको समयमा IEMIS अद्यावधिक गर्न लगाईने छ ।<br>३. प्रअ, शिक्षक तथा कर्मचारी लगायत वि.व्य.स., शि.अ. संघका पदाधिकारहिरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ४. सबै सरोकारवालाहरुको सहभागितामा वर्षमा कम्तिमा २ पटक भेला बोलाई छलफल गरिनेछ ।<br>५. विद्यालयहरुमा गरिने अतिरिक्त क्रियाकलाहरुलाई विद्यार्थीहरुको सिकाइलाई ससक्त बनाउने गरी थप व्यवस्थित गरिनेछ ।<br>६. प्रत्येक शुक्रवार पुस्तकीय पठनपाठनका सट्टा व्यवहारकुशल सिप र जीवनोपयोगी शिक्षासंग सम्बन्धित सह कार्यकलाप गरिनेछ ।<br>७. विद्यार्थीको संख्या भौगोलिक दूरी यातायातको सुविधाका आधारमा विद्यालयहरु कक्षागत रुपमा, तहगत रुपमा र आवश्यकतामा पुरै विद्यालय नजिकको विद्यालयमा गाभ्न पहल गरिनेछ ।<br>८. बाबुआमा नभएका तथा असहाय बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घसंस्था र मनकारी सामाजिक अभियन्ताहरुसँग सहकार्य र समन्वय गरी उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपुर्तिको सुनिश्चितता प्रदान गर्नका लागि गाउँपालिकाले अभिभावकको भुमिका निर्वाह गरी असहाय बालबालिका संरक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।<br>९. शैक्षिक र शासकीय सुधारका लागि छथर गाउँपालिकाका प्रधानाध्यापकहरुको मिति २०८२ साल चैत्र १० गते आयोजित नेतृत्वसम्बन्धी क्षमता विकास गोष्ठीमा व्यक्त गरिएका प्रतिवद्धताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । |
| ३ | विद्यालयको प्रधानाध्यापकलाई अधिकारसम्पन्न गराउने गरी नियमकानूनको प्रबन्ध र परिमार्जन गर्न प्रदेश र संघ सरकारसँग | १. अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरूको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी तदनुसारको संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन प्रक्रियालाई पारदर्शि तथा नतिजामा आधारीत बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ । |

| | | |
|---|---|---|
| | सहकार्य र समन्वय गर्नु । | ३. प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण अधिकार र जिम्मेवारी प्रदान गर्ने गरी आवश्यकता अनुसार कानूनमा समेत संशोधन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>४. प्रधानाध्यापकलाई निजले गरेको कार्यसम्पादनको नतिजा, कार्यबोझ तथा कार्यसम्पादन, मुल्याङ्कनका आधारमा मासिक तलवभत्ताको कम्तीमा दश प्रतिसतभन्दा कम नहुनेगरी प्रोत्साहन भत्ता लगायत अन्य सेवा सुविधाको व्यवस्था गरिनेछ ।<br>५. विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकबाट पेश भएका प्रस्तावहरूलाई अनुमोदन गर्ने वा नगर्ने वा संशोधन सहित गर्ने अधिकार निहित राखी अनुमोदन भएका निर्णयहरूको कार्यान्वयन गर्ने पूरा अधिकार प्रधानाध्यापकलाई हुने गरी कानूनी बनाइ सो को प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| ४ | सार्वजनिक शिक्षामा सुधार गर्न सरोकारवाला सबैको विद्यालयप्रति अपनत्व बृद्धि गर्नु । | १. शिक्षकलाई सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावकप्रति जवाफदेही गराईनेछ।<br>२. विद्यालय र समुदाय बीच सहयोगात्मक, सहकार्य र समन्वयात्मक सम्बन्धलाई सुदृढ गरिनेछ ।<br>३. विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्न शिक्षकको कार्यसम्पादनका आधारमा मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।<br>४. शिक्षकको हक हितका लागि शिक्षकहरुको एउटा मात्र शिक्षक महासंघको व्यवस्था गरिनेछ र त्यसका लागि आवश्यकता अनुसार कानूनमा संशोधन गर्न सम्बन्धित सरकार र निकायसँग सहकार्य गरिनेछ ।<br>५. राजनीतिक आस्थाका आधारमा शिक्षकका संघसंस्था नभइ विषयगत आधारमा शिक्षक संघसंस्थाको स्थापना गरी उक्त संघसंस्थाहरुलाई पेशागत विकासका लागि परिचालन गरिनेछ ।<br>६. स्थानीय तहमा कार्यपालिकाको मातहतमा रहने गरी एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै |

| | | |
|---|---|---|
| | | कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरिनेछ ।<br>७. सङ्घ, प्रदेश एवम् स्थानीय तहको ढुकुटीबाट पारीश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवम् कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भई सार्वजनिक पद एवम् सेवामा रहेर काम गर्न नपाउने गरी कानून बनाइ लागू गरिनेछ ।<br>८. शिक्षक विद्यार्थी अनुपात कम भएको हाम्रो जस्तो पालिकामा शिक्षकले हरेक विद्यार्थीको पृष्ठभूमिको अध्ययन गरी उसको रुचि सवलता र सम्भावनाहरुलाई उत्खनन् र पहिचान गरी सोही अनुसार प्रशसात्मक खोज विधिको माध्यमबाट शिक्षण गर्नु पर्ने प्रावधानलाई अनिवार्य गरिनेछ ।<br>९. विद्यालयले  शिक्षक, विद्यार्थी र अभिभावक विचको भैटघाट, घरदैलो र अन्तर्क्रियालाई विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि र विद्यालयप्रतिको अपनत्व विकासका लागि सघन रुपमा सञ्चालन गरी सोको त्रैमासिक प्रतिवेदन विव्यस र शिक्षक अभिभावक संघको संयुक्त बैठकमा प्रस्तुत गरी छलफल गरिनेछ । |
| ५ | शिक्षामा सिर्जनशीलता, मानव मूल्य, सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना, पर्यावरणको संरक्षण र हरित विद्यालय निर्माणका साथै बदलिदो विश्व परिवेश अनुसारको शिक्षाको थलोको रुपमा | १. शिक्षकको बौद्धिकताका साथै उनीहरुमा अन्तरनिहित सकारात्मक उर्जा, नैतिकता, सामाजिक आचरण र इमान्दारिताको समेत मूल्याङ्कन गरी शिक्षक र प्रधानाध्यापकमा नियुक्त हुने गरी आवश्यक पाठ्यक्रम र परिपाटीको विकास  गरिनेछ ।<br>२. विद्यालयलाई नै प्रकृतिको सही सदुपयोग र संरक्षण गर्ने थलोको रुपमा विकास गर्न स्थानीय पाठ्यक्रम, परियोजना कार्य लगायत विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।<br>३. मानवताको प्रवर्धन संस्कृतिको जगेर्ना र विश्वबन्धुत्वको भावनाको विकासका लागि विद्यार्थीहरुलाई गाउँसमाजसँग सहकार्य गर्दै सहयोग र सहकार्यका माध्यमबाट सिक्ने वातावरणको सिर्जना गरिनेछ । |

| | | |
|---|---|---|
| | विद्यालयलाई विकास गर्नु । | ४. शिक्षामा पूर्वीय दर्शनलाई अन्तरघुलन गरी सिकाइको माध्यम र तरिकाको रुपमा अबलम्बन गरिनेछ ।। |
| ६ | विद्यालय शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालयको शासकीय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु । | १. सम्बन्धित तहमा स्थायी क्षमतावान, योग्य र सक्षम शिक्षकहरु मध्ये प्रतिस्पर्धाको माध्यमबाट पाँच वर्षको करार अवधि रहने गरी प्रधानाध्यापक छनोट गरिनेछ ।<br>२. विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सो को आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।<br>३. संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४. सबै विद्यालयहरुलाई सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोत साधन परिचालन गरिनेछ ।<br>५. नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालय (संस्थागत समेत) हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उपलब्ध गराउन र विद्यालयहरुले गरेका राम्रा अभ्यासहरुलाई सामुदायिक र सस्थागत विद्यालयहरुको बीचमा आदान प्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक, शिक्षक महासंघ, र शिक्षक सहितको तेस्रो पक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । |

| | | |
|---|---|---|
| | | ७. न्युनतम २२५ दिन विद्यालय खोली २१० दिन वार्षिक पठनपाठन गराउने, शिक्षक कर्मचारीहरुलाई नियमित गराउने , आफ्नो कर्तव्य पुरा नगर्ने शिक्षक कर्मचारीलाई दण्डसजाय र राम्रो कार्य सम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| ७ | आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिता विकास गर्नु । | १. शिक्षक तथा कर्मचारीहरूको हकलाई सुनिश्चित गर्न, पेशाप्रति उत्प्रेरित गर्न र पारिश्रमिकलाई नियमित बनाउन शिक्षक कर्मचारीको तलव भत्ता मासिक रुपमा निकासा गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. पालिकाले संघ र प्रदेशको सहकार्यमा विद्यार्थी दिवा खाजाको रकममा समय सापेक्ष पुनरावलोकन गरी सञ्चालन र नियमन गर्नेछ ।<br>३. संघ, प्रदेश र स्थानीयतहबाट विद्यालयलाई उपलब्ध गराइएको विभिन्न योजनाको कार्यसम्पादनको क्रममा आवश्यक पर्ने सामग्रीको खरिद गर्ने कार्य सम्बन्धित विद्यालयको खरिद समितिबाट गर्ने गरी आवश्यक प्रवन्ध गरिनेछ ।<br>४. विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्न आधारभूत तह ६-८ र माध्यमिक तहमा लेखापालको व्यवस्था गर्ने र आधारभूत तह १-५ का प्रधानाध्यापकहरुलाई लेखा तालिम व्यवस्था गरिनेछ ।<br>५. विद्यालयहरुको आर्थिक व्यवस्थापनलाई नतिजामुखी,पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षणलाई विद्यालय अनुदानको अनिवार्य सर्तका रुपमा व्यवस्था गरिनेछ । |

## ६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. शिक्षामा सुशासन र गुणस्तरमा अभिवृद्धिमार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै

गाउँपालिकाको शैक्षिक पद्धति सबैका निम्ति पारदर्शी, विश्वससीय, गुणस्तरीय र मितव्ययी हुने ।

## ख) प्रमुख नतिजा (Key Results)

१. गाउँपालिकाको शिक्षामा अब्बल दर्जाका प्रतिभाहरु आकर्षित भएर काम गरेका हुने ।
२. शिक्षालयहरुमा मनोबैज्ञानिक र प्रवृत्तिगत हिसावले बालबालिका र शिक्षण पेशाप्रति रुचि भएका जनशक्तिको प्रवेशको आवृत्तिमा बढोत्तरी भएको हुने ।
३. कामको आधारमा पुरष्कार, प्रोत्साहन र वृत्ति विकासको अवसर प्रदान गरिएको हुने ।
४. शिक्षालयहरु हरेक किसिमका अभावबाट मुक्त भइ न्याय, समता, शान्ति र सुशासनका क्षेत्रको रुपमा स्थापित भएका हुने ।
५. शिक्षालयहरुले सम्पादन गर्ने क्रियाकलापहरुप्रति सरोकारवालाहरुको सहभागिता र सोच सकारात्मक र प्रेरणादायी हुने ।
६. गाउँपालिकाको अब्बल जनशक्ति गाउँपालिकाको विकासका निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गाउँपालिकाको उन्नति र प्रगतिका लागि खुसीपूर्वक समर्पित भएको हुने ।
७. मन, बचन र कर्मले पेशाप्रति समर्पित व्यक्तिको शिक्षण पेशामा प्रवेशका लागि उपयुक्त पाठ्यक्रम र परिवेशको सिर्जना भएको हुने ।
८. सक्षम शिक्षकलाई प्रधानाध्यापक बनाइ विद्यालयको विकासका लागि प्रधानाध्यापकलाई अधिकारसम्पन बनाइएको हुने ।
९. विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरुको रकम बैङ्क मार्फत उनीहरुकै खातामा भौचर पद्धतिबाट उपलब्ध गराइएको हुने ।
१०. पाठ्यक्रमको पुरावलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान र प्रविधिलाई सन्तुलित रुपमा समावेश गरिएको हुने ।
११. विभिन्न प्रकारका जोखिम र हिंशामा परेका परेका बालबालिकाहरुका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिएको हुने ।
१२. उत्कृष्ठ विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालयहरुबाट अरु विद्यालयहरुले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिएको हुने ।
१३. संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुले गरेका राम्रा अभ्यासहरु एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिएको हुने ।
१४. संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक तहका कक्षाहरुको शिक्षण सिकाइ बालबालिकाको स्थानीय वा मातृभाषामा हुने गरी आवश्यक वातावरणको सिर्जना गरिनेछ ।

१५. अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरुमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरु सञ्चालन गरिएको हुने ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

### तालिका ६.१: शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनका लागि प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास । | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| २ | विश्वविद्यालय र गाउँपालिकाका सर्वोत्कृष्ठ व्यक्तिहरुलाई शिक्षालयहरुमा आकर्षित गर्नका लागि उनीहरुका निम्ति प्रदान गर्ने अध्यापन अनुमति पत्रलाई खुकुलो बनाउने र अध्यापन सेवालाई सुविधा र वृत्ति विकासका हिसावले सम्पन्न बनाउनका लागि नीति र कानून र प्रोत्साहनको व्यवस्था । | निरन्तर सञ्चालन | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ३ | शिक्षण पेशामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउमा ठीक ब्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन | निरन्तर सञ्चालन | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कानूनमा समेत व्यवस्था गरी सोको कार्यान्वयन | | | | | | | | |
| ४ | एउटा शिक्षालयमा विशेष अवस्था बाहेक बढिमा पाँच वर्ष भन्दा बढि समय प्रधानाध्यापक एवम् शिक्षक भइ काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमानयोग्य बनाउन कानूनको निर्माण एवम् कार्यान्वयन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ५ | गैरराजनीतिक किसिमबाट शिक्षाविदहरुको टिम बनाइ उक्त टिमले जनशक्तिको कामको मूल्याङ्कन गरी आवश्यक कार्यवाहीका निम्ति सिफारिस। | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ६ | सरकारको ढुकुटीबाट बेतन खाने कुनै पनि शिक्षक र कर्मचारी राजनीतिक दल विशेषको सदस्य नहुने गरी कानून बनाइ कार्यान्वयन। | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेशसँगको सहकार्यमा |
| ७ | विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरुको रकम बैङ्क | लक्षित विद्यार्थी | १ | √ | √ | √ | √ | √ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मार्फत उनीहरुकै खातामा भौचर पद्धतिबाट उपलब्ध गराउने व्यवस्था | | | | | | | | |
| ८ | शिक्षकहरुको पेशागत विकास, अधिकार र कर्तव्यको सवालमा काम गर्नका लागि एउटा मात्र पेशागत संस्था हुने गरी कानूनको निर्माण गरी कार्यान्वयन । | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| ९ | सङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गरी  स्थानीय तहमा सँगठन तथा व्यवस्थापन सर्भे गरी सँगठन तथा जनशक्तिको पुनर्संरचना । | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| १० | कानूनमा व्यवस्था गरी प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र आफ्ना शिक्षक र स्टाफका निम्ति अधिकार सम्पन्न बनाउने व्यवस्था । | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| ११ | प्रधानाध्यापकलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न उत्प्रेरित गर्नका लागि प्रोत्साहन स्वरुप खाइपाइ आएको तलवको कम्तिमा पनि कम्तिमा १० प्रतिसत | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रवन्ध । | | | | | | | | |
| १२ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी सोको कार्यान्वयन। | पद्धति | १ | √ | √ | √ | √ | १ | स्थानीय तह, विद्यालय |
| १३ | स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन। | विद्यालय | ३७ | √ | √ | √ | √ | ३७ | गाउँपालिका |
| १४ | अनौचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको क्षेत्रमा काम गर्नका लागि स्थानीय तहमा साधन, स्रोत र प्रविधिसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र संचालन। | पटक संचालन | १ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| १५ | पालिकामा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना। | स्थापना र संचालन | १ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| १६ | पाठ्यक्रमको पुनरावलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रविधिलाई सन्तुलित रुपमा समावेश गर्नका लागि आवश्यक योगदान। | | | | | | | | |
| १७ | प्रदेश र स्थानीय तहबाट लगानी भइ सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि प्रदेश शिक्षक सेवा आयोगको स्थापना र कार्यान्वयनमा योगदान । | पटक सैचालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रदेश, स्थानीय तह |
| १८ | उत्कृष्ठ विद्यालयहरुलाई वृहत एवम् नमूना विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालयहरुबाट अरु विद्यालयहरुले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास । | निरन्तर | १ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| १९ | पालिकाबाट स्थानीय भाषा र आवश्यकतामा आधारित पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु विकास र प्रकाशनका लागि उपयुक्त संयन्त्रको निर्माण गरी सोको कार्यान्वयन । | संयन्त्रको विकास र कार्य संचालन | १ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| २० | संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुले गरेका राम्रा अभ्यासहरु एक अर्काले अनुकरण र | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरणको सिर्जना । | | | | | | | | |
| २१ | अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउनका लागि कानून बनाइ कार्यान्वयन । | पटक कार्यान्वयन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | v | गाउँपालिका |
| २२ | अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरुमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरु सञ्चालन । | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र विद्यालय |
| २३ | शिक्षक विद्यार्थी अनुपात कम भएको हाम्रो जस्तो पालिकामा शिक्षकले हरेक विद्यार्थीको पृष्ठभूमिको अध्ययन गरी उसको रुचि, सवलता र सम्भावनाहरुलाई उत्खनन् र पहिचान गरी सोही अनुसार प्रशसात्मक खोज विधिको माध्यमबाट शिक्षण गर्नु पर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रावधानलाई अनिवार्यरुपमा कार्यान्वयन । | | | | | | | | |
| २४ | विद्यालयले शिक्षक, विद्यार्थी र अभिभावक विचको भैटघाट, घरदैलो र अन्तर्क्रियालाई विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि र विद्यालयप्रतिको अपनत्व विकासका लागि सघन रुपमा सञ्चालन गरी सोको त्रैमासिक प्रतिवेदन विव्यस र शिक्षक अभिभावक संघको संयुक्त बैठकमा छलफल गरी शैक्षिक सुधारका लागि पृष्ठपोषणका रुपमा उपयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका र विद्यालय |

# परिच्छेद : ७

# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

मुलुकको समुन्नतिका लागि सक्षम मानव संसाधनको विकास गर्न जरुरी छ। त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। बालबालिकाको शिक्षाका लागि आज गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालिन विकासमा सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ, पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता; दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकांक्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व भएको छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन

ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम र व्यवस्थित हुन्छ । यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

केही वर्ष यता आर्थिक सूचकहरुमा त्यति सुधार नदेखिए पनि शिक्षाका सूचकहरुमा सुधारका सङ्केतहरु देखिएका छन् । शिक्षामा पहुँच र सहभागिता बढेको छ । शिक्षामा आधारभूत तहको खुद भर्नादरमा पनि सुधार भएको देखिन्छ । पहुँच र सहभागिताको तुलनामा गुणस्तरमा भने सुधार हुन बाँकी छ । प्राविधिक विषयमा पहुँचको स्थिति कमजोर छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ । तथापि यो सहमति चुनावी घोषणापत्रमा मात्र सिमित भएको छ र व्यवहारमा अझै देखिन नसकेको अवस्था छ । शिक्षा क्षेत्रको लगानीमा मुलुक नै उदासिन देखिएको अवस्थामा छथर गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी पनि त्यो भन्दा माथि उठ्न सकेको छैन ।

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ७:१.**

## नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)

| आ.व. | शिक्षा बजेट | वैदेशिक सहायता रकम | वैदेशिक सहायता % | वार्षिक बजेट वृद्धि प्रतिशत | कुल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|
| 2074/75 | 12664 | 1096 | 8.65 | 8.84 | ९.९ | 4.2 |
| 2075/76 | 13451 | 1287 | 9.57 | 6.21 | १०.२ | 4.१ |
| 2076/77 | 16376 | 1746 | 10.66 | 21.74 | १०.६ | 4.4 |
| 2077/78 | 17171 | 2451 | 14.28 | 4.86 | ११.७ | 4.4 |
| 2078/79 | 18,004 | 1,719 | 9.60 | 4.85 | १०.९३ | 4.2 |

*स्रोतः विद्यालय शिक्षा क्षेत्र योजना (२०२२।२३– २०३१।३२)*

माथिको तालिकाअनुसार कुल शिक्षा बजेट वार्षिक रूपमा बद्धि हुँदै गएको देखिन्छ। विगत ५ वर्षमा औसत १०.६७ प्रतिशतका दरले शिक्षाको बजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्यवृद्धि दरसँग तुलना गर्ने हो भने औसत वास्तविक बजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ। कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेबको पाँच वर्षको बजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ । आ. व. २०६७/६८ मा भने यो प्रतिशत १७.१ सम्म पुगेको थियो ।

नेपालको सन्दर्भमा युनेस्कोले गरेको एउटा सर्वेक्षणले एउटा विद्यार्थीको निम्ति सरकारले गरेको लगानी र अभिभावक वा विद्यार्थीको तर्फबाट व्यक्तिरुपमा गरिएको लगानीको विश्लेषण गरेको छ । उक्त प्रतिबेदनले प्रारम्भिक बालविकास शिक्षाका निम्ति सरकारले गरेको लगानी भन्दा अभिभावकले गरेको लगानी बढी देखिन्छ । सरकारले उक्त तहको विद्यार्थीको निम्ति रु २३७० लगानी गरेको देखिन्छ भने व्यक्तिगत रुपमा त्यसको दोब्बर जस्तो अर्थात रु.४६४४ खर्च गरेको देखिन्छ । यसरी एउटा प्रारम्भिक बालविकासको विद्यार्थीको निम्ति सरकार र व्यक्तिगत रुपमा रु. ७०१४ लगानी भएको देखिन्छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं ७.२

## नेपालमा सरकार र व्यक्तिगत किसिमबाट गरिएको प्रति विद्यार्थी प्रतिवर्ष लागतको तुलना

| शिक्षाको तह | प्रति विद्यार्थी लागत रुपैयाँमा | | |
|---|---|---|---|
| | सरकारको तर्फबाट | व्यक्तिको तर्फबाट | जम्मा |
| प्रारम्भिक बालविकास/ पूर्व प्राथमिक तह | २,३७०। | ४,६४४। | ७,०१४। |
| आधारभूत तह ( कक्षा १ -५) | ९,४५०। | ६,००८। | १५,४५९। |
| आधारभूत तह (कक्षा ६ -८) | ७,६५१। | ८,८३१। | १६,४८२। |
| माध्यमिक तह कक्षा (९ -१०) | ९,९७३। | १७,१११। | २७,०८३। |
| माध्यमिक तह कक्षा (११-१२) | ६,६१३। | २८,९१४। | ३५,५२८। |

**स्रोत : UNESCO/UIS, 2016**

माथिको तालिकामा आधारभूत तहको कक्षा १ देखि ५ कक्षा सम्म सरकारले व्यक्तिको तुलनामा केही बढी लगानी गरेको देखिन्छ भने शिक्षाको अन्य तहमा व्यक्तिको लगानी बढी देखिएको छ । प्रस्तुत योजनामा छथर गाउँपालिकाको हकमा अभिभावकको तर्फबाट गरिने लगानीलाई स्वीकार गरिए पनि योजनामा समावेश गरिएको छैन । साथै शिक्षामा स्थानीय राष्ट्रिय एवम् अन्तरराष्ट्रिय संघसंस्थाहरुले यस गाउँपालिका क्षेत्रमा गरिएको लगानीलाइ पनि योजनामा समेटिएको छैन ।

तल प्रस्तुत गरिएको तालिकामा छथर गाउँपालिकाको बजेटमा शिक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ ।

## तालिका नं ७.३

## विगत ५ वर्षको छथर गाउँपालिकाको शिक्षा बजेटको स्वरूप (बजेट रु हजारमा)

| आर्थिक वर्ष | कुल सशर्त अनुदान | पालिकाको कुल राजश्व र सामानिकरण | शिक्षातर्फ पालिकाबाट विनियोजित बजेट | पालिकाबाट बिनियोजित शिक्षाको | शिक्षा तर्फको कुल बजेट | कुल बजेटमा शिक्षाको अंश % | कुल बजेटमा शिक्षाको बजेट |
|---|---|---|---|---|---|---|---|

| | | अनुदानको बजेट | | बजेट प्रतिसत | | | वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| २०७८/७९ | ४७४२११ | ५५००। | २५००। | ४५.४५ | १४३०८० | ३०.१७ | NA |
| २०७९/८० | ४९९६९३ | ५९००। | १९००। | ३२.२० | १६९९४७ | ३4.0१ | १५.८१ |
| २०८०/८१ | ४४३०९८ | ६३००। | १८३०। | २९.०८ | १६११०० | ३६.३६ | -५.४९ |
| २०८१।८२ | ४६०२७९ | ६८००। | १६००। | २३.५२ | १६२५८४ | २८.५१ | ०.९१ |
| २०८२।८३ | ५७२३९७ | ७२००। | २०००। | २७.७८ | १८९९०० | ३३.१८ | १४.३८ |

*स्रोतः छथर गाउँपालिकाको कार्यालयका विभिन्न आर्थिक वर्षका बजेट विवरणहरु*

माथिको तालिकामा हेर्दा छथर गाउँपालिकामा विगत ५ वर्षको बजेटमा शिक्षाको बजेट हेर्दा हरेक आर्थिक वर्षमा तीस देखि छत्तीस प्रतिसतको हाराहारीका बजेट विनियोजन भएको देखिन्छ। प्रस्तुत बजेटमध्ये पालिकाले आफ्नो आन्तरिक स्रोतबाट पनि बजेट विनियोजन गरेको देखिन्छ। जसको प्रतिसत कममा चौबीस देखि बढीमा पैतालीस प्रतिसत सम्म रहेको छ । यो बजेट कुनै सिर्जनात्मक कार्यमा खर्च नगरी गाउँपालिकाबाट नियुक्त गरिने शिक्षकको तलव भत्तामा खर्च भएको देखिन्छ । जब कि बालविकास देखि माध्यमिक तहसम्म शिक्षक विद्यार्थीको अनुपात हेर्दा एउटा शिक्षकको भागमा १२ जना भन्दा बढी विद्यार्थी पर्ने अवस्था छैन । कुल बजेटको करिव ७९ प्रतिसतको हाराहारीमा शिक्षक, सहयोगी कार्यकर्ता र विद्यालयका कर्मचारीहरुको तलबभत्तामा बजेट खर्च हुने गरेको अवस्था देखिन्छ । शिक्षक र कर्मचारीको तलव भत्ताबाट बाँकी रहने गएको एक्काइस प्रतिसत जति बजेट शिक्षाका अन्य शीर्षकहरु - विद्यार्थीका निम्ति प्रदान गरिने दिबाखाजा, छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक खरिद, विद्यालय भौतिक पूर्वाधार विकास, शिक्षक क्षमता विकास, सूचना र प्रविधि, बुक कर्नर लगायतका शीर्षकहरुमा खर्च हुने गरेको देखिन्छ ।

कतिपय आर्थिक वर्षहरुमा संघीय सरकारले बजेट घटाएर पठाएको कारणले पालिकाको बजेट पनि घट्दो क्रममा रहेको व्यहोरा माथिको तालिकाबाट पुष्टि हुन्छ । प्रदेश सरकारबाट आउने बजेट पालिका मार्फत नआइ सोझै विद्यालयमा जाने भएको कारण पालिका यो बजेटको बारेमा अनविज्ञ रहेको अवस्था छ। विद्यालयहरुसँग अन्तरक्रिया र छलफल गरेको आधारमा भन्नु पर्दा कोशी प्रदेश शिक्षा विकास निर्देशनालयबाट यदाकदा विद्यालयहरुका निम्ति खानेपानी, शौचालय, सूचना र प्रविधि आदि शीर्षकमा बजेट प्रदान गरेको अवस्था छ। यसका अतिरिक्त छथरमा सञ्चालित कलेजका लागि समेत भौतिक पूर्वाधार विकास लगायतका शीर्षकमा बजेट बिनियोजन गरेको देखिन्छ। सघीय सरकारको आर्थिक वर्ष २०८१।०८२ सम्मको अवस्था अध्ययन गर्दा शिक्षा क्षेत्रमा कुल राष्ट्रिय बजेटको ११ प्रतिसत हारहारिमा शिक्षामा बिनियोजन गरेको देखिन्छ । अन्तर्राष्ट्रिय

स्तरमा मुलुकले गरेको प्रतिबद्धता भनेको कुल बजेटको २० प्रतिसत बजेट शिक्षामा लगानी गर्ने हो। त्यो प्रतिबद्धता हालसम्म प्रतिबद्धता र पेपरमा मात्र सीमित भएको देखिन्छ।

शिक्षामा गरिने लगानी सिकारू (विद्यार्थी) का लागि हो । त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ। नेपालमा विद्यालय क्षेत्रको कुल खर्चको ६५ प्रतिशत भन्दा बढी हिस्सा शिक्षक तलबमा भई रहेको छ । उक्त अनुपातमा छथर गाउँपालिकामा अझ उच्च रहेको छ । विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूमा विगत तीन आर्थिक वर्षको लगानीको अवस्था तालिका ७.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.४**

**शिक्षामा विभिन्न उपक्षेत्रगत संघीय लगानी**

| उपक्षेत्र | 2019/20 | | 2020/21 | | 2021/22 | |
|---|---|---|---|---|---|---|
| | बजेट (रु लाख) | प्रतिशत | बजेट (रु लाख) | प्रतिशत | बजेट (रु लाख) | प्रतिशत |
| प्रारम्भिक बालविकास तथा शिक्षा | 2,733.20 | 1.67 | 2,938.00 | 1.71 | 4842.6 | 2.72 |
| आधारभूत तह | 68,072.80 | 41.57 | 84,974.30 | 49.49 | 80033.9 | 44.91 |
| माध्यमिक तह | 28,348.40 | 17.31 | 33,134.10 | 19.30 | 37862.7 | 21.25 |
| प्राविधिक शिक्षा | 4,077.20 | 2.49 | 9,558.90 | 5.57 | 11762.4 | 6.60 |
| उच्च शिक्षा | 17,638.40 | 10.77 | 17,624.40 | 10.26 | 20370.6 | 11.43 |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 1,345.20 | 0.821 | 584.7 | 0.34 | 607.0 | 0.34 |
| शैक्षिक व्यवस्थापन | 41,540.70 | 25.37 | 22,897.80 | 13.33 | 22720.8 | 12.62 |
| जम्मा | **163,755.90** | 100 | **171,712.20** | **100** | **178,200.0** | **100** |

*स्रोतः विद्यालय शिक्षा क्षेत्र योजना (२०२२।२३– २०३१।३२)*

यो तालिकाले सबैभन्दा बढी लगानी आधारभूत शिक्षामा र त्यसपछि माध्यमिक शिक्षामा रहेको देखाउँदछ। शैक्षिक व्यवस्थापनमा सन् २०१९/२० मा भन्दा सन् २०२०/२१ मा झण्डै आधा बजेट कम भए पनि यसमा तेस्रो ठूलो बजेट रहेको छ । शिक्षामा गरेको लगानीको वस्तुपरक रूपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिँदैन । फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज छैन। शिक्षामा गरिने लगानी मानव संसाधन विकासको लागि गरिने लगानीको रूपमा लिइने गरेको

पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ ।

अघिल्ला खण्डहरूमा विस्तृत रूपमा उल्लेख भएका तथ्याङ्कअनुसार साक्षरता दरमा वृद्धि, विद्यालयमा भर्ना दर, उत्तीर्ण दर, विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रूपमा लिइने गरिन्छ । नेपालमा विद्यालय उमेर समूहका बालबालिका विशेष गरी आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा १–८) र माध्यमिक तहमा खुद भर्नादर क्रमशः ९७.१, ९३.४ र ४७.६ पुगी उल्लेख्य रूपमा बढ्नु  र उच्च शिक्षामा समेत कोरा भर्नादर बढ्नु आदिलाई शिक्षामा गरिएको लगानीको राम्रो प्रतिफलको रूपमा लिइन्छ। त्यसै गरी शिक्षण संस्थामा छात्राको सङ्ख्या उल्लेख्य रूपमा बढ्नु र शिक्षक सङ्ख्यामा महिला शिक्षकको अनुपातमा भएको वृद्धिलाई समेत शिक्षामा गरिएको लगानीको प्रतिफलको रुपमा लिन सकिन्छ। लगानीको सवालमा सङ्घीय सरकार, प्रदेश सरकार र पालिका बीच समन्वयको अवस्था भने फितलो देखिएको छ।

## ७.३ चुनौती र अवसर

वर्तमान अवस्थाको विश्लेषणका आधारमा लगानी र स्रोत व्यवस्थापनका सवालमा देखा परेका चुनौतीहरुमध्ये शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्नका लागि  शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु, संघीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र  वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूमा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु,  विद्यार्थीको सिकाइ तथा कुशलतामा  केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, सङ्घीय सरकारबाट प्राप्त सामानीकरण अनुदानमध्येबाट शिक्षा क्षेत्रका निम्ति पर्याप्त बजेट उपयुक्त विषयमा

बिनियोजन गर्नु, शिक्षामा समता तथा समावेशतामा अपेक्षित सुधारका लागि पर्याप्त लगानी गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु, सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकलाई आकर्षित गर्नु, व्यक्ति वा पदाधिकारीको कुत्सित उद्देश्यभन्दा माथि उठेर सार्वजनिक हितलाई ध्यानमा राखी बजेटको विनियोजन गर्नु प्रमुख रहेका छन् ।

लगानी र स्रोत व्यवस्थापका क्षेत्रमा अवसरको रुपमा सरकारका तीनवटै तहहरुले शिक्षामा लगानी अभिवृद्धि गर्न सक्ने संभावना देखिएको, कतिपय शिक्षण संस्थाहरुलाई थोरै बजेट चाहिने तर अति आवश्यक भएको अवस्थामा स्थानीय तह र प्रदेश सरकारहरुबाट विभिन्न शीर्षकहरुमा सजिलो किसिमबाट अनुदान प्राप्त गरिरहेको, बालविकासका शिक्षिका लगायत विभिन्न क्षेत्रको बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा सहकार्य र सहलगानी भइरहेको, शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार विकास, आइसिटी र शिक्षक व्यवस्थापनमा प्रदेश र स्थानीय तहको लगानी तुलनात्मक हिसावले बढि देखिएको, पालिकाको आफ्नो स्रोत र समानीकरणको बजेटबाट पनि शिक्षामा लगानी भइरहेको, आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण एवम् कार्यान्वयनका निम्ति गाउँपालिकाले लगानी गरेको लगायतका कार्यक्रमहरु अवसरको रुपमा रहेका छन् ।

## ७.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

### ७.४.१ उद्देश्यहरु

छथर गाउँपालिकाको प्रस्तुत योजनाको लगानी र स्रोतव्यवस्थापन परिच्छेदको समग्र उद्देश्य तीनै तहका सरकारहरुले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि शिक्षामा आवश्यक पर्ने लगानी र स्रोतको अभिवृद्धि गर्नु रहेको छ भने यस अन्तर्गतका उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरुको प्रक्षेपण गर्नु ।
२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

## ६.४.२ रणनीतिक क्रियाकलापहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिक क्रियाकलापहरू देहायबमोजिम हुनेछन्ः

१. शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ।
२. संघीय सरकार र प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा पहिचान गरी सोही अनुपातमा स्थानीय सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गर्नेछ।
३. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न र सोही अनुसार जवाफदेही समेत हुनका लागि आवश्यक पद्धतिको विकास गरिनेछ।
४. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाइनेछ।
५. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइनेछ।
६. शिक्षाका उपक्षेत्रहरु अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा लगानी व्यवस्थापन गरिनेछ।
७. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ।
८. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ।
९. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ।
१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, मितव्ययिता, स्वच्छता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।
११. शिक्षक र विद्यार्थीको हाल देखिएको अनुपातमा सुधार गरी शिक्षामा भएको लगानीलाई व्यवस्थित गरिनेछ।

## ७.५ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा नागरिक अपेक्षा, राष्ट्रिय एवम् गाउँपालिकाको प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, पालिकाको स्थानीय शिक्षा नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन हुनेगरी स्रोतको आँकलन गर्नुपर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ । यसरी विश्लेषण हालको बजेटको प्रवाह र प्राथमिकताका क्षेत्रहरूलाई समेत मध्यनजर राखिएको छ । यसरी विश्लेषण गर्दा अघिल्ला वर्षहरुमा छथर गाउँपालिकाले सामानीकरण र आफ्नो आयस्रोतको कुल बजेटको निश्चित बजेट शिक्षामा विनियोजन गरेको अवस्था छ । प्रदेश सरकारले बजेट विनियोजन गर्दा स्थानीय पालिकासँग समन्वय नगरी सिधै शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएको कारण यसको वस्तुपरक हिसाव निकाल्न कठिन भएपनि सामान्यतया प्रदेशले विद्यालयहरुको भौतिक पूर्वाधार, खानेपानी, सूचना र प्रविधि, खेलकुद, किशोरकिशोरी शिक्षा, उच्च शिक्षा आदि क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ । यसरी विश्लेषण गर्दा कोशी सरकारले वर्षेनी यस पालिकाका निम्ति एक करोडको हाराहारीमा शिक्षामा बजेट लगानी गरेको अनुमान गरिएको छ ।

यसका साथै कानूनले प्रदेशको उच्च शिक्षाको लागि प्रदेशलाई जिम्मेवार बनाएको छ । प्राविधिक शिक्षा, समावेसी शिक्षा, साक्षरता शिक्षा र नपुग शिक्षकको व्यवस्थापनमा समेत प्रदेश कानूनतः जवाफदेही हुनु पर्ने देखिन्छ । यसले गर्दा पनि गाउँपालिकाको शिक्षाको योजनामा प्रदेश सरकारको पनि वित्तीय सहयोग, योगदान र भूमिका अपरिहार्य ठानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारलाई जिम्मेवार बनाइएको छ । यसरी स्रोत विश्लेषण र व्यवस्थापन गर्दा यस योजनामा लागत विश्लेषण गर्दा सामान्यत सङ्घीय सरकारको कम्तिमा ७० प्रतिसत पालिकाको २० प्रतिसत र प्रदेशको १० प्रतिसत लगानी हुनु पर्ने हो तर पालिकाको आफ्नो आन्तरिक आयश्रोत न्यून भएको र हालसालै बढाउन सक्ने विकल्प पनि नदेखिएको कारणले विगत वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि अलिकति सुधार गरी सघीय सरकारबाट ९० प्रतिसत, गाउँपालिकाको ३ प्रतिसत र प्रदेश सरकारबाट ७ प्रतिसतको हाराहारीमा बजेट व्यस्थापन हुने अनुमान गरिएको छ ।

## ७.६. छथर गाउँपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनामा बजेटको अनुमान

आर्थिक वर्ष २०८३/८४ को छथर गाउँपालिकाको शिक्षा क्षेत्रको बजेट अनुमान गर्दा रु २२ करोड आँकलन गरिएको छ जसमा पालिकाको आन्तरिक स्रोत र सामानीकरणबाटबाट ६६ लाख बिनियोजन गरिएको छ । यो बजेट कुल पालिकाको

आन्तरिक आम्दानी र सामान्यीकरण बजेट अनुमानित १ करोडको ६६ प्रतिसत हो । यसका अतिरिक्त बजेट अनुमान गर्दा हरेक वर्ष बजेट त्यसैपनि दश प्रतिसत त स्वाभाविक हिसाबले बढ्ने कुरा अनुमान गरिएको छ । संघीय सरकारले गाउँपालिका सरकारलाई प्रदान गर्ने सामानीकरणको अनुदान पनि बढाउदै लिने अनुमान गरिएको छ । सामान्यीकरण तर्फको बजेटमध्येबाट आगामी ५ वर्षभित्र अहिलेको बजेट बढाउदै लिएर कम्तिमा सामान्यकरणको बजेटको बृद्धि पनि १५ प्रतिसतमा पुऱ्याउने अनुमान गरिएको छ । यसका अतिरिक्त प्रदेश सरकारबाट प्राप्त हुने बजेटलाई पनि त्यही अनुपातमा बृद्धि गरी पालिकामार्फत नै लगानी हुने अनुमान गरी तलको तालिकामा समग्रमा हिसाव गरिएको छ र प्रदेशबाट पालिकाका लागि विनियोजन हुने बजेट पालिकाको आवश्यकता र मागको आधारमा हुने गरी बिनियोजन गर्ने सवालमा समन्वय र सहकार्य गरिने अनुमान गरिएको छ ।

छथर गाउँपालिकाका अहिले शिक्षाको बजेट सबैभन्दा धेरै प्रतिसत शिक्षक र कर्मचारीको तलब भत्तामा खर्च भएको देखिन्छ । यसको मुख्य कारण शिक्षक र कर्मचारीहरुको संख्या राष्ट्रिय मापदण्ड भन्दा बढी हुनु हो । योजना अवधिभरि शिक्षक र कर्मचारीहरु नबढाउने र हाल भएकालाई समेत आकर्षक विदाइ कार्यक्रम ल्याएर पेसाबाट बहिर्गमनको वातावरण बनाउने नीति अवलम्बन गरिनेछ । यो कार्यक्रम विशेष गरी प्रारम्भिक बालविकासका शिक्षक आधारभूत तक कक्षा १ देखि ५ सम्मका शिक्षक र पालिका अनुदानबाट नियुक्त शिक्षकहरुको हकमा जारी गरिने छ । उल्लिखित मान्यता र अनुमानका आधारमा छथर गाउँपालिकाको शिक्षा तर्फको बजेट तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७.५**

**छथर गाउँपालिकामा शिक्षाका विभिन्न उपक्षेत्रहरुमा प्रस्तावित आगामी ५ वर्षको बजेट अनुमान (रु लाखमा)**

| उपक्षेत्र | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५वर्षको जम्मा | बजेटको % |
|---|---|---|---|---|---|---|---|
| बालविकास तथा शिक्षा | ८८.०० | ९६.८० | १०६.४८ | ११७.१९ | १२८.८४ | ५३७.२५ | ४.०% |
| आधारभूत शिक्षा | ६६०.०० | ७२६.०० | ७९८.६० | ८७८.४६ | ९६६.३१ | ४०२९.३७ | ३०.०% |
| माध्यमिक शिक्षा | ३३०.०० | ३६३.०० | ३९९.३० | ४३९.२३ | ४८३.१५ | २०१४.६८ | १५.०% |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | ३३०.०० | ३६३.०० | ३९९.३० | ४३९.२३ | ४८३.१५ | २०१४.६८ | १५.०% |
| अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा | ४४.०० | ४८.४० | ५३.२४ | ५८.५६ | ६४.४२ | २६८.६३ | २.०% |
| अन्तरसम्बन्धित क्षेत्रहरु | ७४८.०० | ८२२.८० | ९०५.०८ | ९९५.५९ | १०९५.१५ | ४५६६.६२ | ३४.०% |
| शिक्षाको कुल बजेट र बृद्धि प्रतिसत | २२००.०० | २४२०.०० | २६६२.०० | २९२८.२० | ३२२१.०२ | १३४३१.२३ | |
| | १०.००% | १०.००% | १०.००% | १०.००% | १०.००% | | |
| सामान्यीकरणबाट शिक्षाको बजेट र बृद्धि प्रतिसत | ३.७९% | ६% | ९% | १२% | १५% | | |
| | ७२.०० | १४५.२० | २३९.५८ | २५९.७८ | ४८३.०० | ११९९.७१ | |

**आधार : छथर गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्य**

कुनै बेला देशमा कोभिद –१९ र भूकम्प लगायतका विपतका कारणले समग्र मुलुकलाई आर्थिक हिसावले जर्जर बनाएर मुलुकको समग्र शक्ति र स्रोत कोरोना विरुद्ध लाग्नु पर्ने अवस्थाको सिर्जना भएको थियो । त्यसकारण पनि अघिल्लो वर्षहरुमा सरकारहरुले बजेट सार्वजनिक गर्दा यसको परिमाणलाई अपेक्षाकृत बढाउन सकेको देखिदैन । आगामी बर्षहरुमा यस्ता महामारीको भूमरीमा मुलुक पर्ने छैन भन्ने कुराको आँकलन गरी बजेट अनुमान गर्ने काम भएको छ । बजेट अनुमान गर्दा संघीय सरकारले शिक्षा विभिन्न उपक्षेत्रहरुलाई हालसम्म विनियोजन गर्दै आएको बजेट अनुमानलाई समेत मध्यनजर राखिएको छ ।

## ७.८. छथर गाउँपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र गरेको व्यय अर्थात लगानीको अनुमान

माथिको तालिका नं ७.५ का आधारमा भन्नु पर्दा छथर गाउँपालिकाले आगामी ५ वर्षको शिक्षा क्षेत्रको बजेटको अनुमान १ अरब ३४ करोड ३१ लाख २३ हजार अनुमान गरिएको छ । यसरी बजेटको अनुमान गर्दा गाउँपालिकाको शिक्षाको बजेटमै समावेश गर्न मिल्ने गरी सङ्घीय सरकारबाट १ अरव २० करोड ३८ लाख (कुल बजेटको ९० प्रतिसत), प्रदेश सरकारबाट ९ करोड ७५ लाख (कुल बजेटको ७ प्रतिसत) र गाउँपालिकाबाट ४ करोड १८ लाख (कुल बजेटको ३ प्रतिसत) बजेट प्राप्त हुने कुरा अनुमान गरिएको छ । यसरी गरिएको बजेटको व्ययको अनुमानलाई शीर्षकगत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ । पालिकाले लगानी गर्ने बजेटमा सघीय सरकारबाट प्रदान गर्ने सामानीकरण अनुदानलाई पनि समावेश गरिएको छ भने हाल सामानीकरण बजेटको रकम कुलप्रतिसतको ३ प्रतिसतको हाराहारीमा देखिएकोले यो रकम क्रमश बृद्धि गरेर १५ प्रतिसतमा पुर्‍याइने अपेक्षा पनि गरिएको छ । यसरी प्राप्त हुने बजेट अनुमानलाई शिक्षाका देहायबमोजिमका शीर्षकहरुमा लगानी गरिने अनुमान तलको तालिकामा गरिएको छ ।

**तालिका नं ७.६**

**छथर गाउँपालिकाको शिक्षा क्षेत्रको दश वर्षे योजनामा सुरुका ५ वर्षका लागि गरिएको व्ययको अनुमान**

| क्र सं | विवरण | बजेट रु लाखमा |
|---|---|---|
| १ | हाल कार्यरत शिक्षक, बालविकासका सहयोगी कार्यकता र विद्यालयका कर्मचारीहरु समेतका लागि (थप गर्न आवश्यक नभएको बरु घटाउनु पर्ने देखिएको) कुल बजेटको ७० प्रतिसत तलवभत्ता | ९४,००।०० |
| २ | भौतिक संरचना कम्तिमा प्रति विद्यालय सरदर पचास लाखका दरले ३७ विद्यालयहरुका लागि | १८,५०।०० |
| ३ | अभिभावक विहीन विद्यार्थीहरुका लागि कम्तीमा एउटा आवासीय विद्यालय निर्माण र संचालन | ३००।०० |
| ४ | खाजा कार्यक्रम गरीविको रेखामुनी रहेका परिवारका अनुमानित २ हजार विद्यार्थीका लागि रु ३५ का दरले वार्षिक २१० दिनका लागि ५ वर्षसम्म | १४७।०० |

| | | |
|---|---|---|
| ५ | छात्रवृत्ति र परामर्श सेवाका लागि करिव १ हजार विद्यार्थीका लागि जनही रु १०००। का दरले ५ वर्षका लागि | ५०।०० |
| ६ | विपन्न लक्षित छात्रवृत्ति र आवासीय विद्यालय निर्माण र सञ्चालनार्थ | १००।२३ |
| ७ | विद्यालय तहमा प्राविधिक शिक्षा सञ्चालन एवम् व्यवस्थापनका लागि | २००।०० |
| ८ | संरचना निर्माण, जनशक्ति व्यवस्थापन र क्षमता विकास | २००।०० |
| ९ | शिक्षामा सूचना र प्रविधिका लागि | २००।०० |
| १० | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि (पुस्तकालय र सामुदायिक सिकाइ केन्द्रहरुको सवलीकरणसमेत ) | २००।०० |
| ११ | शिक्षामा सुशासन र प्रोत्साहन (विद्यार्थी,अभिभावक, शिक्षक र कर्मचारीका लागि ) | १००।०० |
| १२ | पाठ्यक्रम निर्माण र परिमार्जन, परियोजना कार्य र मूल्याङ्कन | १००।०० |
| १३ | विद्यालय सुरक्षा विपद न्यूनिकरण र उत्थानशीलको प्रयोजनका लागि | २००।०० |
| १४ | विद्यार्थीहरुका लागि पाठ्यपुस्तकको रकम बैङ्कमा दाखिला ( करीव ३ हजार विद्यार्थीहरुका लागि जनही रु १००० का दरले पाँच वर्षसम्म) | १५०।०० |
| १५ | विभिन्न विषयका ल्याव, पुस्तकालय, इ पुस्तकालय, डाटा सेन्टर आदि स्थापना र सञ्चालन | ११७।०० |
| १६ | तालिम,अनुसन्धान, अनुगमन, अभिलेखन र प्रतिवेदनका लागि | ११७।०० |
| | **जम्मा अनुमानित व्यय अनुमान** | **१,३४,३१।२३** |

माथिको तालिकामा कुल बजेटको ७० प्रतिसत रकम बालविकास सहितका शिक्षक र विद्यालयका कर्मचारीहरुको तलव भत्ताका निम्ति खर्च हुने अनुमान गरिएको छ । यसरी अनुमान गर्दा आगामी ५ वर्षमा बालबविकासलाई दुई वर्षे अवधिको गराउनु पर्दा पनि अहिलेको बालबिकासका सहयोगी कार्यकता (शिक्षिका) को संख्या थप नहुने अनुमान गरिएको छ । यसका साथै अन्य तहका शिक्षक र कर्मचारीहरुको संख्या समेत बृद्धि नहुने अनुमान गरी व्ययलाई समावेश गरिएको छ । शिक्षकको तलव भत्ताका अतिरिक्त शिक्षाका अन्य विषयगत क्षेत्रहरुको व्ययको अनुमान गर्दा योजनाले अघि सारेका र समय अनुसार गाउँपालिकालाई समुन्नत बनाउन आवश्यक देखिएका शिक्षालयहरुको भौतिक पूर्वाधारको विकास, विद्यालय सुरक्षा र विपद न्यूनीकरण, मनोसामाजिक परामर्श सेवा,

प्रविधियुक्त शिक्षाको विकास, प्राविधिक र व्यावसायिक शिक्षाको विकास र विस्तार आदिलाई समेत प्राथिमकतामा राखेको अवस्था छ ।

## ७.९ अपेक्षित उपलब्धि

वि.सं. २०८८ सम्म तीन वटै तहका सरकारको सयुक्त लगानीमा छथर गाउँपालिकाको समग्र शिक्षा क्षेत्रमा स्रोतको दिगो व्यवस्थापन भै शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ । वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई आत्मनिर्भरतामा अभिवृद्धिका साथै वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

# परिच्छेद : ८

# योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

## ८.१. परिचय

सुन्दर भए पनि कार्यान्वयन नगरिएको योजना भनेको नपढेर दराजमा राखिएको महत्वपूर्ण पुस्तक जस्तै अर्थहिन हुने गर्दछ । यसको अर्थ स्पष्ट हुन्छ कि योजनाको कार्यान्वयन गर्नु भनेको योजनामा प्राण भर्नु हो । त्यसैगरी योजनामा अनुगमन र मूल्याङ्कनलाई वेवास्ता गर्नु भनेको बच्चाको जन्म दिएर उसको रेखदेख र हेरचाह नगर्नु जस्तै हो । योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ । यसका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस योजनाको अघिल्लो परिच्छेदमा यस योजनाका लागि आवश्यक पर्ने सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गर्ने काम भइसकेकोले योजनाको यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ ।

नेपालमा संघीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको ६ वर्ष नाघिसकेको छ भने यो अवधिमा केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पुरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपले अवतरण गर्न गराउन सहयोग पुग्ने गरी कार्यान्वयनको प्रबन्ध गर्नु पर्नेछ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक संरचनाको प्रबन्धका साथै योजनाको कार्यान्वयनका लागि स्थापित संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक हुन्छ ।

त्यसरी नै शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम

कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनको चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमुलक, पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ८.२. वर्तमान अवस्था

योजनाको प्रस्तुत खण्डको वर्तमान अवस्थालाई देहायका तीन खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ८.२.१ योजनाको कार्यान्वयन

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ। त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ। मन्त्रालयअन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरूको विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन् ।

शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ। प्रदेश तहमा सामाजिक विकास

मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् । अन्य केही प्रदेशहरूले सामाजिक विकास कार्याहरु स्थापना गरिएको भए पनि कोशी प्रदेशमा जिल्लाहरुलाई मध्यनजर राखी त्यस्ता कार्यालयहरु स्थापना गरिएको छैन । स्थानीय तहमा महानगरपालिकाहरुमा शिक्षा महाशाखा र नगरपालिका र गाउपालिकाहरुका शिक्षा, युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । यसका अतिरिक्त संघीय शिक्षा मन्त्रालयअन्तरगत प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् ।

संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ । अधिकांश स्थानीय तहहरु त शिक्षाका कर्मचारी नै नभएको अवस्था छ । विभिन्न पालिकाहरुले शिक्षकलाई ल्याएर काम गराएको अवस्था छ । शिक्षाका कतिपय सशर्त अनुदानका बजेट र कार्यक्रमहरु स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिए पनि समयमा नदिने जस्ता समस्याहरु सबैतिर बल्झिएका छन् । स्पष्ट निर्देशन र सावधानीको अभावमा विद्यालय जानु पर्ने अनुदानहरु समयमा नगएका दृष्टान्तहरु पनि छरिएर रहेको अवस्था छ । नागरिकहरु अन्यौलमा छन् । कक्षा १० परीक्षा सम्बन्धी कामका लागि सेवाग्राहीहरु परीक्षा बोर्डको शाखा र प्रदेश कार्यालयमा धाउने गर्छन जब कि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरु अनभिज्ञ छन् । त्यसैले यतिबेला योजना र कार्यक्रमको कार्यान्वयनको सवालमा केही द्विविधाहरु देखिएको अवस्था छ ।

## ८.२.२ योजनाको अनुगमन र मूल्याङ्कन

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश सामाजिक विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र नभएको हुँदा सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन।

त्यसैगरी स्थानीय तहमा उल्लिखित प्रबन्ध भए पनि संघीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाउनु पर्ने देखिन्छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन र मूल्याङ्कनलाई औपचारिकता निर्वाह गर्ने प्रयोजनका निम्ति नभइ सुधार र प्रोत्साहनका निम्ति प्रयोग गरिनु पर्दछ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

## ८.२.३ गाउँपालिकामा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

सिङ्गो मुलुक र अधिकांश पालिकाहरु शिक्षाप्रति जति सकारात्मक हुनु पर्थ्यो त्यति नभएको अवस्था छ । त्यो समस्या छथर गाउँपालिकामा पनि देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ जसमा नगर कार्यपालिकाका दुइजना सदस्य, योजना प्रमुख र इञ्जिनियर समितिको सदस्य रहने व्यवस्था गरिएको छ । समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयनदेखि कार्यसम्पन्नसम्मका गतिविधिहरु विधिसम्मत तरिकाले सम्पादन भएनभएको हेर्ने काम गर्दछ । त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरुको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि पालिकाका अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा समिति पनि समयसमयमा सक्रिय भएको पाइन्छ । यसका अतिरिक्त शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख एवम् शिक्षा अधिकृतहरु समेत आवश्यकताअनुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ । योजना कार्यान्वयन तथा अनुगमन समितिले गरेको अनुगनम सम्बन्धी कार्यको पनि अनुगमन गर्ने कार्य गाउँपालिकाका अध्यक्ष र अन्य जनप्रतिनिधिहरुबाट भइरहेको अवस्था छ ।

विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको तर्फबाट पनि कुनै पनि कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकास, खाजा व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्यूटर ल्याब व्यवस्थ्यापन, परीक्षा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवम् अनुगमन समेतका लागि शिक्षक वा विद्यालय व्यवस्थापन समितिका सदस्य वा शिक्षक अभिभावक सङ्घको सदस्यको संयोजकत्वमा

समितिहरु गठन गरी कार्य गर्ने गरिएको छ । यसरी गर्दा पनि सरोकारवाला र नागरिक समाजलाई चित्त नबुझेको अवस्थामा त्यस्ता गुनासाहरु प्रधानाध्यापक हुदै विद्यालय व्यवस्थापन समिति, वडा कार्यपालिका र गाउँ कार्यपालिकासम्म पुग्ने गरेका छन् । त्यत्तिले पनि सम्बन्धित पक्ष सन्तुष्ठ नभएको अवस्थामा गुनासाहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयसम्म पनि पुग्ने गरेको अवस्था छ । यी सबै कार्य र संयन्त्रको सहयोगले योजनाको कार्यान्वयन र अनुगमन पक्षलाई प्रभावकारी बनाउन योगदान पुगिरहेको देखिन्छ ।

## ८.३. चुनौती र अवसर

योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरूको रुपमा स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु, तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता विस्तार गर्नु, आवश्यकता अनुसारको शैक्षिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गरी पुनर्संरचित गर्नु, संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्नु, आवश्यक सूचनाको सहज आदान प्रदान गर्न र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु योजना कार्यान्वयनको सवालमा प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

अनुगमन र मूल्याङ्कनका लागि स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धतिको विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको

उपयोगमा व्यापकता दिनु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरु अनुगमन र मूल्याङ्कको क्षेत्रमा देखिएका चुनौतीहरु हुन् ।

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रुपमा पनि केही अनुकूलताहरु देखापरेको अवस्था छ । पहिले भन्दा अहलिको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन एवम् कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने गराउने काम स्वतस्फूर्त तरिकाबाट भइरहेको छ । सञ्चारकर्मीहरुले वाच डगको भूमिकामा दरो र खरो किसिमले उत्रिएको अवस्था छ । सामाजिक सञ्जालहरुमा समेत केही हदसम्म मानिसहरुले कुनै पनि कार्यक्रमहरुका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन् । मानव सेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरुले समेत कार्यक्रमको कार्यान्वयनको अवस्थाको वारेमा अनुगमन र निगरानी गरेको अवस्था छ । अहिले त कतिपय अनुगमन र निगरानीको सवालमा अघि अघि सङ्घसंस्था र नागरिक समाज अनि पछि पछि सरकार भएको अवस्था पनि छ । यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर हो भन्न सकिन्छ ।

## ८.४. उद्देश्य र रणनीतिक क्रियाकलापहरु

योजनाको यस विषय क्षेत्रको समग्र उद्देश्य योजनाको प्रभावकारी कार्यान्वयन र सोको प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलव्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि योगदान पुग्ने रहेको छ भने यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु देहायबमोजिम रहेका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र | १. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिनेछ ।<br>२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास र पुनर्संरचना गरी सुदृढ गरिनेछ भने गाउँपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिनेछ ।<br>३. योजना कार्यान्वयनको क्रममा कुन संगठनले के काम गर्ने र त्यो काम गर्नका लागि कुन स्तरका कति जनशक्ति आवश्यक पर्ने भन्ने बारेमा |

| | | |
|---|---|---|
| | उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु । | स्पष्ट किटान हुनेगरी संगठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिनेछ ।<br>४. संरचनामा खटिने जनशक्ति अर्थात विद्यालयको शिक्षकदेखि गाउँपालिकाको प्रमुखसम्मले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>५. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण तथा सोको कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ ।<br>७. आवश्यकता र औचित्यताका आधारमा एउटै संरचनाले पनि तीनवटै सरकारको काम गर्ने गरी संरचनाका विकास गरेर सरकारहरुको बीचमा समन्वय, सहकार्य, सहअस्तित्व र सहभावलाई बढावा दिनेगरी कार्यसंस्कारको विकास गरिनेछ ।<br>८. विद्यालय सुपरिवेक्षण र अनुगमनको सून्यान्तको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत एवम् स्रोत विज्ञ सम्मिलित सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन गरिनेछ ।<br>९. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ । |

| | | |
|---|---|---|
| २ | योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु । | १. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।<br>२. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण गरी उपयोग गरिनेछ ।<br>३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) लाई प्रयोग गरिनेछ ।<br>४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ र सूचक विकासका लागि प्रमुख नतिजा सूचकलाई मुख्य आधार बनाइने छ ।<br>५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार प्रदेश र स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>६. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ ।<br>७. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।<br>८. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।<br>९. कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ।<br>१०. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ११. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ । |
| ३ | योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना र नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु । | १. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनुका साथै कुन तहले कुन कुन स्तर र कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिनेछ ।<br>२. सरोकारवालाहरुको व्यापक सहभागितामा विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गरिनेछ ।<br>३. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गर्नेछन् ।<br>४. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने छ ।<br>५. विद्यालयहरुले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।<br>६. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनेछन्<br>७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ । |

| | | |
|---|---|---|
| | | ८. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ । |

## ८.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१. योजना कार्यान्वयनको क्रममा सम्पादन गरिने काम र उक्त काम गर्नका लागि आवश्यक पर्ने जनशक्तिका बारेमा स्पष्ट किटान हुनेगरी संगठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन भएको हुने ।
२. संरचनाका खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास भएको हुने ।
३. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण एवम् कार्यान्वयन भएको हुने ।
४. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन भएको हुने ।
५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने ।
६. अनुगमनका आधारमा नतिजामा सुधार भएको हुने ।
७. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमतामा विकास भएको हुने ।
८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने।
९. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने ।

१०. विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गरिएको हुने ।

११. विद्यालय व्यवस्थापन समितिले स्थानीय तह्बाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गरिएको हुने ।

१२. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइएको हुने ।

## ग) मुख्य क्रियाकलापहरू र लक्ष्य

### तालिका ८.१ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | क्रियाकलाप | इकाइ | लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | जिम्मेवार निकाय वा सरकार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमको निर्माण र सोको कार्यान्वयन । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |
| २ | कुन कामका लागि के कस्तो जनशक्ति कति आवश्यक हुने सम्बन्धमा सर्वै गरी सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन । | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश र स्थानीय सरकार |
| ३ | संगठनमा खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण र सोको कार्यान्वयन । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय सरकार |
| ५ | सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय सरकार |
| ६ | विद्यालय सुपरिवेक्षण र अनुगमनको सून्यताको अवस्थालाई अन्त गर्न परामर्शदाता, पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत एवम् स्रोत विज्ञ सम्मिलित तेश्रो पक्षबाट सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालयहरुको अनुगमन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय सरकार |
| ७ | अनुगमनको जिम्मेवारीसहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास । | पटक | १ | √ | √ | √ | √ | १ | सङ्घ, प्रदेश र स्थानीय सरकार |
| ८ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरूको तयारी र सोको अद्यावधिक। | | १ | १ | √ | √ | √ | २ | सङ्घ, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ,स्थानीय तह |
| १० | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन। | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| ११ | शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित संयन्त्रको विकास। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| १२ | निश्चित अवधिभित्र स्थिति प्रतिवेदन तयार गरी सोको सार्वजनिकरण। | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| १३ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन। | कार्यक्रम | | १ | २ | | २ | ५ | सङ्घ, प्रदेश र गाउँपालिका |
| १४ | शिक्षा योजनाको कार्यान्वयनको समग्र मूल्याङ्कन। | पटक | | | १ | | १ | २ | गाउँपालिका |
| १५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण। | कक्षा | | ८ | ५ | १० | | | सङ्घ,स्थानीय तह |
| १६ | विद्यालयको कार्यसम्पादन परीक्षण। | विद्यालय % | | २५% | २५% | २५% | २५% | १००% | सङ्घ,स्थानीय तह |
| १७ | अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्नका लागि क्षमता विकास। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, स्थानीय तह र प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाइने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | प्रदेश, स्थानीय तह, विद्यालय |
| १९ | विद्यालयहरूको लेखा परीक्षणलाई कानून समेत संशोधन गरी प्रभावकारी बनाइने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | प्रदेश, स्थानीय तह, विद्यालय |
| २० | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान गरी प्राप्त निष्कर्षका आधारमा योजना र कार्यान्वयन पक्षमा सुधार । | विषय | ५ | ५ | ५ | ५ | ५ | २५ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २१ | विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक । | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| २२ | विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन । | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| २३ | विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | समग्र कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि उपप्रमुखको संयोजकत्वमा भएको समितिलाई सक्रिय बनाइने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह |

# सन्दर्भ सामग्री सूची

छथर गाउँ कार्यपालिकाको कार्यालय(२०७५), छथर गाउँपालिकाको आधा।भूत तथा माध्यमिक शिक्षा ऐन २०७५ छथर गाउँपालिका, तेह्रथुम, कोशी प्रदेश, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिंह्दरवार, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), शिक्षा ऐन, २०२८ नवौं सशोधन २०७४, सिंह्दरवार, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७७), शिक्षा नियमावली, २०५९ नवौं सशोधन २०७७, सिंह्दरवार, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०५७), शिक्षक सेवा आयोग नियमावली, २०७८ नवौं सशोधन २०७८, सिंह्दरवार, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिंह्दरवार, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७९), अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ (संवत् २०७९ साल मङ्सीर मसान्तसम्म भएका संशोधन मिलाइएको), काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७९) निशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (डिसेम्बर,२०१७), नेपाल, दिगो विकासका लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, काठमाण्डौं, नेपाल, लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०८२), वार्षिक नीति कार्यक्रम तथा बजेट आर्थिक वर्ष २०८२।०८३ , सिंह्दरवार, काठमाण्डौं, नेपाल ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८), विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८, सिंहदरवार, काठमाण्डौं, नेपाल ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना वि सं २०७८।०७९- २०८७।०८८ (नेपाल सरकार शिक्षा मन्त्रालयबाट २०७३ साल कार्तिक ८ गते स्वीकृत, सिंहदरवार, काठमाण्डौं, नेपाल ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०८१), शैक्षिक सूचना २०८१, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९), शिक्षाको सोचपत्र २०७९, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, सिंहदरबार काठमाडौं, नेपाल,

बालमैत्री स्थानीय शासन मञ्च (२०७७), बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका (२०७७), काठमाडौं नेपाल

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८१), स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०८१ सानोठिमी, भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२), बृहत विद्यालय सुरक्षा कार्यान्वय मार्गनिर्देशन २०८२, सानोठिमी, भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२), फ्लास प्रतिवेदन २०८२ सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय , पाठ्यक्रम विकास केन्द्र (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय , पाठ्यक्रम विकास केन्द्र (२०७६), स्थानीइ विकास तथा कार्यान्वयन मार्गनिर्देशन २०७६, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्दिय तथ्याङ्क विभाग (२०८०), राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://cbs.gov.np

पोखरेल, हरिहर (फागुन, २०७२), नेपालको संविधान २०७२ संघीय सात प्रदेश, काठमाण्डौं, ब्रदर्श बुक्स प्रकाशन प्रा ली ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सूचना तथा अनुसन्धान महाशाखा (फागुन, २०७७), वार्षिक प्रतिवेदन २०७६।०७७ सानोठिमी, भक्तपुर ।

राष्ट्रिय योजना आयोग (जेठ, २०८१), सोह्रौं योजना (२०८१।८२- २०८५।८६) , सिंहदरवार, काठमाण्डौं, नेपाल

शर्मा, नारायणप्रसाद (२०७७), शिक्षासम्बन्धी ऐन-नियम तथा राष्ट्रिय शिक्षा नीति २०७६, काठमाडौं, नेपाल, एक्सिलेन्स पब्लिकेशन ।

श्रेष्ठ, नारायण (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं, नेपाल, पैरवी प्रकाशन ।

Central for Educational and Human Resource Development (2077), Final Flash Report 2022-23 (2080) Sanothimi, Bhaktapur, Nepal, Writer.

Government of Nepal, Ministry of Education, Science and Technology, (2022), School Education Sector Plan, 2022/23-2031/32 (BS 2079-2089) Singhadarwar, Kathmandu

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2076), National Assessment of Student Achievement 2018, Main Report (Report on the National Assessment of Student Achievement in Mathematics and Nepali for Grade 5), Sanothimi, Bhaktapur

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2079), National Assessment of Student Achievement 2020, Main Report, Report on National Assessment of Student Achievement in Mathematics, Science, Nepali and English for Grade 8, Sanothimi, Bhaktapur

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2079), National Assessment for Reading and Numeracy 2020 (Grade 3). Sanothimi, Bhaktapur

Government of Nepal, Office of the Prime Minister and Council of Ministers, National Statistics Office (April, 2023), National Population and Housing Census 2021, Provincial Report, Lumbini Province. Thapathali, Kathmandu


## अनुसूची : एक

## गाउँस्तरीय परामर्श गोष्ठीमा सहभागीहरुको विवरण

| क्र.स | विद्यालयको नाम/ठेगाना | सहभागिको नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भगवती माध्यमिक विद्यालय | श्री श्रीमान बस्नेत | |
| २ | श्री जनता माध्यिमकि विद्यालय | श्री चन्द्र प्रसाद भट्टराई | |
| ३ | श्री पञ्चकन्या माध्यमिक विद्यालय | श्री डम्बर श्रेष्ठ | |
| ४ | श्री शारदा आ.वि. ओख्रे | श्री यादव प्रसाद लुईटेल | |
| ५ | श्री भगवती आ.वि. ओख्रे | श्री नेत्र बहादुर लिम्बू | |
| ६ | श्री शनिश्चरे आ.वि.पञ्चकन्या | श्री विदुर बराल | |
| ७ | श्री भगवती आ.वि. फाक्चामारा | श्री मनेश कुमार तामाङ | |
| ८ | श्री रत्नदेवी आ.वि. आङ्दीम | श्री श्रीमान निरौला | |
| ९ | श्री सिंहवाहिनी आ.वि. सुदाप | श्री हिम बहादुर थापा | |
| १० | श्री देउरालि आ.वि. ओख्रे | श्री तुलसीमान तिगेला | |
| ११ | श्री शिव आ.वि. पञ्चकन्या | श्री महेन्द्र बहादुर तामाङ | |
| १२ | श्री जलकन्या आ.वि. फाचामारा | श्री तेज बहादुर लिम्बू | |
| १३ | श्री सरस्वती आ.वि. सुदाप | श्री राजेन्द्र लिम्बू | |
| १४ | श्री सरस्वती आ.वि. पञ्चकन्या | श्री कमल प्रसाद दाहाल | |
| १५ | श्री पब्लिक आ.वि. पञ्चकन्या | श्री ईश्वरी घिमिरे | |
| १६ | श्री मच्छिन्द्र माध्यमिक विद्यालय | श्री नेत्र प्रसाद कट्टेल | |
| १७ | श्री जलकन्या आ.वि. हमरजुङ | श्री दिपक खनाल | |
| १८ | श्री मार्गादेवी आ.वि. आङदीम | श्री ङिमा शेर्पा | |
| १९ | श्री जनज्योती आ.वि. हमरजुङ | श्री टंक बहादुर लिम्बू | |
| २० | श्री शारदा आ.वि. सुदाप | श्री सुजन लिम्बू | |
| २१ | श्री निशान आ.वि. ओख्रे | श्री बाल कुमार साँवा | |
| २२ | श्री वि.पि. आ.वि. पञ्चकन्या | श्री गौरिन्द लिम्बू | |
| २३ | श्री शारदा मा.वि. फयाक | श्री वौध बहादुर निरौला | |
| २४ | श्री जनकल्याण आ.वि. सुदाप | श्री दीपक ठकुरी | |
| २५ | श्री पब्लिक आ.वि. हमरजुङ | श्री सिर्जना घिसिङ | |
| २६ | श्री न.शि.स मा.वि. फाक्चामारा | श्री कृष्ण बहादुर निरौला | |
| २७ | गाउँ शिक्षा समिति सदस्य | श्री खमान सिं कार्की | |
| २८ | श्री शेतिसिला आ.वि. फाक्चामारा | श्री घना कुमारी निरौला | |
| २९ | श्री सिंहदेवी आ.वि. ओख्रे | श्री मनिषा खड्का | |
| ३० | श्री आदर्श आ.वि. फाक्चामारा | श्री टिका माया गौतम | |
| ३१ | श्री भारती आ.वि. ओख्रे | श्री अनिषा मादेन | |
| ३२ | श्री भगवती आ.वि. आङ्दीम | श्री देव कुमारी निरौला | |
| ३३ | श्री जालपा देवी आ.वि. आङ्दीम | श्री वालकला तिम्सीना | |
| ३४ | श्री भगवती आ.वि. हमरजुङ | श्री धनुका सुब्बा | |
| ३५ | श्री जनज्योती आ.वि. सुदाप | श्री दिपा सुब्बा | |
| ३६ | श्री सरस्वती माध्यमिक विद्यालय १ | श्री गणेश पौडेल | |
| ३७ | श्री सिद्धगणेश मा.वि. फाक्चामारा | श्री युकेन्द्र प्रसाद लिम्बू | |
| ३८ | श्री सरस्वती माध्यमिक विद्यालय | श्री डिक बहादुर ठकुरी | |

## अनुसूची दुई

## छथर गाउँपालिकाको विद्यालय शिक्षाको प्रमुख समस्या वृक्ष
## (समूह कार्यका आधारमा तयार गरिएको )



## अनुसूची तीन

## छथर गाउँपालिकाको स्थानीय शिक्षा योजनाको प्रारुप

**परिच्छेद एक : परिचय -**

१ .१. पृष्ठभूमि अन्तर्गत

- पालिकाको भौगोलिक अवस्थिति
- जनसांख्यिक संरचना
- सामाजिक तथा साँस्कृतिक अवस्था
- आर्थिक अवस्था
- शैक्षिक अवस्था

१.२ मुख्य समस्याहरु

१.३ शिक्षा क्षेत्रका चुनौतिहरु

१.४ अवसरहरु

**परिच्छेद दुई : योजनाको लक्ष्य निर्धारण -**

२ .१. दूरदृष्टि

२.२ लक्ष्य

२.३ उद्देश्य

२.४ रणनीति

२.५ कार्यनीति

२.६ अपेक्षित उपलब्धि

२.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु-**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

४.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

नोट : माथि उल्लेख गरिएका हरेक उपक्षेत्रलाई परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य र रणनीतिक क्रियाकलाप एवम् अपेक्षित उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप र लक्ष्यका आधारमा विश्लेषण गरिएको छ ।

**परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु-**

४.१ पाठयक्रम र मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ समतामूलक समावेसीकरण र मनोसामाजिक परामर्श

४.४ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

नोट : माथि उल्लेख गरिएका हरेक अन्तरसम्बन्धित विषयहरुलाई परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीतिक क्रियाकलाप एवम् अपेक्षित उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप र लक्ष्यका आधारमा विश्लेषण गरिनेछ ।

परिच्छेद ५: संस्थागत क्षमता विकास र अन्य सरकारहरुसँगको सहसम्बन्ध र सहकार्य

परिच्छेद ६: शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ८: स्थानीय शिक्षा योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कनको प्रवन्ध

नोट : माथि उल्लेख गरिएका हरेक परिच्छेदहरुलाई परिचय, वर्तमान अवस्था, उद्देश्य र रणनीतिक क्रियाकलाप एवम् अपेक्षित उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप र लक्ष्यका आधारमा विश्लेषण गरिएको छ ।

## अनुसूची चार

## छथर गाउँपालिकाको विद्यालय शिक्षाको SWOT विश्लेषण

**(समूह कार्यका आधारमा तयार गरिएको )**

| आन्तरिक पक्षहरु (Actors) | बाह्य पक्षहरु (Factors) |
|---|---|

| Strengths सवल पक्षहरु | Weaknesses कमजोर पक्षहरु | Opportunities अवसरहरु | Threats चुनौतीहरु |
|---|---|---|---|
| • दक्ष, योग्य र अनुभवी शिक्षकको उपलब्धता,<br>• विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार,<br>• स्थानीय सरकारको सहयोग र समन्वय,<br>• पेसागत दक्षता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन,<br>• आन्तरिक स्रोतबाट कर्मचारी शिक्षक व्यवस्थापन,<br>• स्थानीय सरकारबाट विद्यार्थीहरुका निम्ति पोशाक तथा शैक्षिक सामग्रीको व्यवस्थापन,<br>• अतिरिक्त क्रियाकलापद्वारा विद्यार्थीहरुको क्षमतामा अभिवृद्धि,<br>• विद्यालयमा डिजीटल हाजिरीको व्यवस्था,<br>• पालिकास्तरमा वार्षिक शैक्षक कार्यपात्रोको निर्माण र प्रयोग,<br>• एसइइमा उत्कृष्ट हुने विद्यार्थी र विद्यालयलाई पुरष्कारको व्यवस्था,<br>• विद्यालयले सञ्चालन गर्ने परीक्षा र प्रश्नपत्रमा एकरुपता,<br>• स्थानीय सरकारबाट विद्यालयको सुपरीवेक्षण तथा अनुगमन, | • विषयगत शिक्षकको कमी,<br>• शिक्षक नियुक्ति प्रक्रियामा ढिलासुस्ती र पारदर्शिताको कमी,<br>• प्रविधिमैत्री कक्षाकोठाको अभाव,<br>• केही विद्यालयहरुमा आइसिटीको अभाव,<br>• सुविधायुक्त कक्षाकोठा कम्पाउण्ड, घेराबार, शुद्ध पिउने पानी, शौचालय र खेलमैदानको अपर्याप्तता,<br>• बसाइसराइका कारण विद्यार्थी संख्यामा कमी,<br>• विद्यार्थी उपस्थितिमा अनियमितता,<br>• अपाङ्गमैत्री भौतिक संरचनाको अभाव,<br>• अपाङ्ग र अनाथ बालबालिकाको संरक्षकत्वको अभाव, | • कोशी राजमार्गसँग छथर गाउँपालिको सडक सञ्जाल जोडिनु,<br>• प्रदेश एवम् संघीय सरकारले समेत पालिकाको शैक्षिक क्षेत्रमा योगदान गर्नु,<br>• गैरसरकारी संस्थाहरुको पनि शैक्षिक सुधारमा चासो र संलग्नताको संभावना,<br>• जिल्ला र प्रदेशस्तरीय गोष्ठी, अन्तरक्रिया र छलफलमा पालिकाको संलग्नता,<br>• अन्तर जिल्ला तथा अन्तरपालिका अध्ययन अवलोकन भ्रमण एवम् अनुभव आदानप्रदान,<br>• प्रवासमा रहेका छथरे नागरिक एवम् पूर्व विद्यार्थी, शिक्षक र कर्मचारीहरुको शिक्षामा सकारात्मक चासो,<br>• प्रविधि र सूचना प्रणालीको क्रमिक | • समयसापेक्ष शिक्षा ऐन तथा नियमावली निर्माण हुन नसक्नु,<br>• मुलुकमा राजनीतिक अस्थिरता,<br>• शिक्षामा राजनीतकि हस्तक्षेप,<br>• शिक्षण संस्थाहरु प्राकृतिक प्रकोप, विपत्ति र महामारीको चपेटामा,<br>• शिक्षामा स्रोत, साधान र बजेटको कमी,<br>• शिक्षाका मेधावी जनशक्तिको आकर्षणका कमी,<br>• शिक्षाबाट अब्बल जनशक्तिको पलायन,<br>• जनसंख्या वृद्धिदरमा भएको कमी र बसाइसराइको बढ्दो दरले |

| | | | |
|---|---|---|---|
| ● विद्यालयमा फूलवारी तथा वृक्षारोपण कार्यक्रम सञ्चालन,<br>● स्थानीय सरकारबाट विद्यार्थीलाई शैक्षिक भ्रमणका लागि प्रोत्साहन तथा आर्थिक सहयोग,<br>● ्गैससहरुमार्फत भौतिक निर्माण र शैक्षिक क्षेत्रको विकासका लागि लगानी,<br>● स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण आदि । | ● अभिभावक शिक्षाको कमी,<br>● विद्यालयप्रति अभिभावकका चासोको कमी,<br>● विद्यार्थीको शैक्षिक उपलब्धिमा ह्रास,<br>● शैक्षिक सामग्री खरिदका लागि बजेटको अभाव आदि । | विकासले शिक्षामा सकारात्मक प्रभाव,<br>● सडक, विद्युत, इन्टरनेट सञ्चार आदिको विकासले शैक्षिक सुधारमा सहयोग,<br>● शिक्षामा यूनेस्को र यूनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग,<br>● रोजागारी तथा सिप विकासका विश्वव्यापीकरणका कारण राम्रो अवसर आदि । | पालिकाको शिक्षामा नकारात्मक असर,<br>● शिक्षामा निष्पक्षता, पारदर्शिता र सुशासनको अभाव,<br>● शिक्षा जीवनोपयोगी र रोजगारमूलक हुन नसक्नु,<br>● शिक्षाले सरकारको सोचबाट प्राथमिकतामा नपर्नु आदि । |

# अनुसूची पाँच

## छथर गाउँपालिकाको प्रधानाध्यापकहरुबाट गरिएको प्रतिबद्धता

**मिति २०८२ साल चैत महिनाको ६ र ७ गते अनिवार्य तथा निःशुक शिक्षा कार्यान्वयन र गाउँ शिक्षा योजना निर्माण सम्बन्धि प्रधानाध्यापकहरुको २ दिवसीय अभिमुखिकरण तथा क्षमता विकास कार्याशालामा सहभागि हामि प्रधानाध्यापकहरुले विद्यालयमा गए पश्चात देहायका पक्षहरुमा सुधार ल्यालउने प्रतिवद्धता व्यक्त गर्दछौ ।**

1. शिक्षकले हरेक विद्यार्थीलाई पहिलो नामबाटै सम्बोधन गरी भलाकुसारी र सम्बाद गर्नुपर्ने ।

२. शिक्षकले आफुले सहजीकरण गर्नुपर्ने हरेक विद्यार्थीहरुका सक्षमता र सम्भावनाहरुको पहिचान गरी उनीहरुलाई उक्त पक्षको प्रवर्धनका लागि सहयोग र परामर्श प्रदान गर्नुपर्ने।

३. पाठ्यक्रमको अपेक्षा एवम् निर्धारण गरेका परियोजना कार्य र अन्य प्रयोगात्मक क्रियाकलापलाई उपयुक्त किसिमले योजना बनाई कार्यान्वयन गरेको हुनुपर्ने ।

४. कुनै पनि पाठको सहजीकरण गर्नुपूर्व उक्त पाठमा भएका कुरा सिकेपछि हुने फाइदालाई सङ्क्षेपमा उल्लेख गर्दै शिक्षण गर्नुपर्ने र मूल्याङ्कन गर्दा APPLE विधि अवलम्बन गर्नुपर्ने ।

५. कम्तिमा माध्यमिक तहमा कक्षा अर्थात ग्रेडका आधारमा नभई विषयको आधारमा शिक्षण सिकाइ कक्षाको व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्ने ।

६. विद्यालयमा अनुपस्थित हुने विद्यार्थीका अभिभावकलाई अनुपस्थित भएकै दिन अविलम्ब सम्पर्क गरी अनुपस्थितिको कारण र समाधानका उपायका सम्बन्धमा विद्यालयले अभिभावकसँग सहकार्य गर्नुपर्ने ।

७. विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको प्रवर्धनका लागि विद्यार्थीहरुकै नेतृत्वमा विद्यालयमा नियमित रुपमा भित्तेपत्रिका र स्मारिकाको प्रकाशनका साथै अतिरिक्त क्रियाकलापहरुको सञ्चालनमा सहजीकरण गर्नुपर्ने ।

८. विद्यार्थीहरुप्रति खुसी, सकारात्मक र आशावादी भएर तदनुरुपका क्रियाकलाप र व्यवहारहरु प्रदर्शन गर्नुपर्ने ।

९. विद्यार्थीहरुसँग सकेसम्म हासेर बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र उनीहरुका कुरा ध्यान दिएर सुन्ने गर्नुपर्ने ।

१०. प्रसंशात्मक खोज विधिका माध्यमबाट विद्यार्थीहरुमा भएका सक्षमताहरुको खोजी गरी उक्त सक्षमताहरुको विकास र विस्तारका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्ने।

११. बालविकास केन्द्रलाई छायामय बनाउदै अनिवार्य रुपमा सिकाइ कुना र तदनुसारको शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरी बालबालिकाहरुलाई उनीहरुको रुचि र प्रतिभा प्रस्फुटनका लागि अवसर प्रदान गर्नुपर्ने ।

१२ समयको आवश्यक्ता र माग एवम् पाठ्यक्रमको मर्म अनुसार प्रविधिमैत्री शिक्षणसिकाइको वातावरणको सिर्जना गर्न भूमिका निर्वाह गर्नुपर्ने।

१३. विद्यालयमा हरेक शैक्षिक सत्रमा हरेक शिक्षकले कम्तिमा विद्यार्थीका क्षमता र संम्भावनाहरुका विषयमा कार्यमूलक अनुसन्धान गरी सोको उपलब्धि सम्बन्धी अभिमुखीकरण गर्नुपर्ने ।

१४. विद्यार्थीहरुले गर्न सक्ने र त्यसवाट उनीहरुको सर्वाङ्गीण विकासमा टेवा पुग्ने क्रियाकलापको सम्पादन विद्यार्थीहरुकै नेतृत्वमा हुने गरी उपयुक्त वातावरणको निर्माण गर्नुपर्ने ।

१५. शिक्षकहरुले निश्चित सङ्ख्यामा विद्यार्थीहरुको जिम्मेवारी लिएर हरेक विद्यार्थीहरुसम्म मनोसामाजिक परामर्श सेवाको पहुँच विस्तार हुने गरी शिक्षक विद्यार्थी सम्बन्ध विस्तार कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

१६. शिक्षक, अभिभावक र विद्यार्थीहरुको आचारसंहिता उनीहरुकै सक्रिय सहभागितामा निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।

१७. विद्यालयका माथिल्ला कक्षाहरुमा बिद्यार्थीहरुबाटै सिकाइसम्बन्धी योजना निर्माण गर्ने PLAS **(Planning of Learning Achievement by Students)** कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्ने ।

१८. बालबालिकाको खाजा, सरसफाई र सिकाइ व्यवस्थापनमा उल्लेख्य योगदान गर्ने अभिभभावकलाई वार्षिक एवम् अर्धबार्षिक रुपमा सम्मान गर्नुपर्ने ।

१९. विद्यालयले आयोजना गर्ने कुनै पनि कार्यक्रमहरुमा प्रयोग गर्ने गीत र सङ्गीतहरु छाडा र अश्लिल नभइ देशभक्ति, राष्ट्रियता, राष्ट्रिय गौरव, वातावरण संरक्षण, बालमनोविज्ञान र शिक्षणसिकाइ आदिसँग अनुकूल हुनुपर्ने ।

२०. हरेक दिन विद्यार्थीभन्दा पहिले शिक्षक गेटभित्र प्रवेश गरेर विद्यार्थीहरुलाई गेटबाट स्वागत गर्दै विद्यालयमा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नुपर्ने ।

२१. विद्यालयले विहानीपख विद्यालय खुल्ने समयमा विद्यालय परिसरमा बालमनोविज्ञान एवम् देशभक्तिका भावनाले भरिएका गीतहरु बजाए साँगीतिक वातावरण सिर्जना गर्नुपर्ने ।

२२. विद्यार्थीको परिवारमा भएका १५ देखि ६० वर्ष उमेरका निरक्षर अभिभावक भएमा त्यस्ता निरक्षर अभिभावकलाई विद्यालय र सम्बन्धित विद्यार्थीको संयुक्त पहलमा चेतनामूलक कार्यक्रमसँगसँगै साक्षर बनाउन भूमिका निर्वाह् गर्नुपर्ने।

२३. अभिभावकहरुको सम्पर्क नम्बर अद्यावधिक गरी विद्यार्थीहरुको सिकाइ पक्षको सुधार एवम् घरमा सिकाइमैत्री वातावरणको निर्माणका लागि हप्तामा कम्तीमा एकपटक र विशेष अवस्थामा जतिसुकै बेला पनि अभिभावकसँग भलाकुसारी र भेटघाट गर्नुपर्ने ।

२४. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निर्धारण गरेको मापदण्ड अनुसार आफ्नो विद्यालयलाई उत्कृष्ट विद्यालयको रुपमा विकास गर्नका लागि भूमिका निर्वाह गर्नुपर्ने ।

२५. सरोकारवालाहरुको सहभागितामा विद्यालयको दूरद्रष्टी अद्यावधिक गरी सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्ने ।

२६. अभिभावक र सरोकारवालाहरुको व्यापक एवम् अर्थपूर्ण सहभागितामा विद्यालय सुधार योजनाको निर्माण र अद्यावधिक गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने

२७. विद्यालयलाई बालबिवाह र लैङ्गिक हिंगालगायतका विविध हिंसा र विभेदबाट मुक्त गर्न भूमिका निर्वाह् गर्नुपर्ने आदि ।

२८. अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा शिक्षक, कर्मचारीहरुलाई आफ्नो गाउँ/टोल छिमेकीहरुमा प्रचार प्रसार गर्ने गरी प्रबोधिकरण गर्ने, विद्यार्थीहरुलाई एसेम्बलीमा जानकारी गराउने सो को माईन्यूट तयार गरी अभिलेख सुक्षित राख्ने व्यवस्था मिलाउने र पालिकाबाट प्राप्त अनिवार्य शिक्षा सम्बन्धी पर्चा प्रत्येक विद्यार्थीहरुलाई वितरण गर्ने।

## अनुसूची छ

## आ.व. २०८२।०८३ को शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको बजेट प्रकार

| क्र.स | कार्यक्रम। योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | विद्यालय व्यवस्थानप समिति अध्यक्ष र शि.अ.स लाई क्षमता विकास कार्यक्रम | |
| २ | गाउँ शिक्षा योजना निर्माण तथा छपाई | |
| ३ | प्रतिभा पहिचान अतिरिक्त क्रियाकलाप संचालन तथा व्यस्थापन( पुरस्कार खाजा खर्च) | |
| ४ | पालिका स्तरीय अर्धवार्षिक,वार्षिक परिक्षा संचालन प्रश्नपत्र उत्तरपुस्तिका छपाई | |
| ५ | शिक्षा समिति बैठक भत्ता प्र.अ बैठक शिक्षा सम्बन्धि गोष्ठि | |
| ६ | शिक्षा शाखा विविध | |
| ७ | पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन व्यस्थापन | |
| ८ | शैक्षिक स्थिति तथ्याङक संकलन (GK) छपाई वितरण | |
| ९ | | |
| | | |

# अनुसूची सात

## आ.व. २०८२।०८३ को शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको अनुमानित बजेट

| क्र.स | पाँच आर्थिक वर्ष बजेट तथा कार्यक्रमहरुः | आ.व.०८३।८४ | आ.व.०८४।८५ | आ.व.०८५।८६ | आ.व.०८६।८७ | आ.व.०८७।८८ |
|---|---|---|---|---|---|---|
| क्र.स | विवरण/ कार्यक्रमको नाम | बजेट रु | बजेट रु | बजेट रु | बजेट रु | बजेट रु |
| १ | वाल कर्मचारी तथा विद्यालय सहायक/ सामाजिक परिचालिका सिकाइ केन्द्रका परिचालिका प्रअ.हरुलाई थप प्रोत्साहन । | ६५००००० | ६६००००० | ६७००००० | ६८००००० | ६९००००० |
| २ | गाउँपालिका अनुदान शिक्षक / स्वयम सेवक शिक्षक व्यवस्थापन । | ६८००००० | ६९००००० | ७०००००० | ७१००००० | ७२००००० |
| ३ | राष्ट्रपति रनिङ शिल्ड जिल्ला र स्थानीय तह स्तरीय सञ्चालन तथा व्यवस्थापन । | १५००००० | १६००००० | १७००००० | १८००००० | १९००००० |
| ४ | शिक्षक डायरी/ फ्ल्याक्स प्रिन्ट,पर्चा,पप्मप्लेट, स्टीकर,शैक्षिक प्रतिवेदन छपाइ,तथा वितरण । | १९०००० | २००००० | २१०००० | २२०००० | २३०००० |
| ५ | पालिका स्तरीय वार्षिक तथा अर्धवार्षिक परीक्षा सञ्चालन र व्यपस्थापन । | ३००००० | ३१०००० | ३२०००० | ३३०००० | ३४०००० |
| ६ | विद्यार्थी प्रतिभा पहिचान वडा तथा पालिका स्तरीय कार्यक्रम सञ्चालन गर्दै पुरस्कार/प्रोत्साहन वितरण । | २५०००० | २६०००० | २७०००० | २८०००० | २९०००० |
| ७ | गाउँ शिक्षा समिति बैठक भत्ता तथा खाजा खर्च व्यवस्थापन । | २४०००० | २५०००० | २६०००० | २७०००० | २८०००० |
| ८ | **ECD** कक्षा देखि कक्षा १२ सम्म शैक्षिक सिकाइ सामाग्री खरिद तथा वितरण व्यवस्थापन । | ३००००० | ३१०००० | ३२०००० | ३३०००० | ३४०००० |
| ९ | शैक्षिक भ्रमण तथा **(SEE)** तयारी कक्षा विद्यालयको वार्षिक उत्सव सञ्चालन । | ५००००० | ६००००० | ७००००० | ८००००० | ९००००० |
| १० | विषयगत तथा वाल शिक्षक, कर्मचारीहरुलाई र तहगत | ३५०००० | ३६०००० | ३७०००० | ३८०००० | ३९०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षकहरुलाई क्षमता विकास तालिम तथा गोष्ठि सञ्चालन। | | | | | |
| ११ | वार्षिक परीक्षाको विश्लेषण तथा **SEE** नतिजाको समिक्षा कार्यक्रम। | ९०००० | १००००० | ११०००० | १२०००० | १३०००० |
| १२ | आन्तरीक मुल्याङ्कन,पाठ्य सामाग्री, सन्दर्भ सामाग्री तथा शिक्षक निर्देशिका खरिद छपाई र वितरण। | २००००० | २१०००० | २२०००० | २३०००० | २४०००० |
| १३ | कक्षा ११/ १२ विद्यार्थीहरु अध्यक्ष सँग छलफल तथा अन्तरक्रिया। | ४०००० | ५०००० | ६०००० | ७०००० | ८०००० |
| १४ | आधारभूत तथा माध्यमिक तहका विद्यालयहरुमा कम्प्युटर खरिद मर्मत र व्यस्थापन। | २५०००० | २६०००० | २७०००० | २८०००० | २९०००० |
| १५ | SEE उत्कृष्ठ विद्यार्थीहरु छात्रा तथा छात्र र विद्यालयलाई/ उत्कृष्ठ शिक्षक सामान प्रोत्साहन। | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० |
| १६ | आधारभूत तह कक्षा ८ को वार्षिक परिक्षा सञ्चालन व्यवस्थापन। | ५०००० | ५१०००० | ५२०००० | ५३०००० | ५४०००० |
| १७ | शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कनको आधारमा सम्मान तथा प्रोत्साहन कार्यक्रम। | ३०००० | ३१०००० | ३२०००० | ३३०००० | ३४०००० |
| १८ | विभिन्न शिक्षा सम्बन्धित दिवसहरु मनाउने तथा पुरस्कार अभिनन्दन। | १४०००० | १५०००० | १६०००० | १७०००० | १८०००० |
| १९ | पालिका/ जिल्ला स्तरीय सिकाइ आदान प्रदान तथा असल अभ्यासहरु। | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० |
| २० | सिक्दै सिकाउदै ,वि.व्य.स अध्यक्ष शि.अ.स. अध्यक्षहरुलाई अभिभावक शिक्षा सञ्चालन मा.वि तहका विद्यालयमा। | २५०००० | २६०००० | २७०००० | २८०००० | २९०००० |
| २१ | शैक्षिक गुणस्तर सुधार योजना निर्माण अन्तरक्रिया गोष्ठि सञ्चालन गर्ने। | ३०००० | ४०००० | ५०००० | ६०००० | ७०००० |
| २२ | SEE कक्षा ८,११/१२ को वार्षिक परीक्षाको अनुगमन। | ५०००० | ६१०००० | ७१०००० | ८१०००० | ९१०००० |
| २३ | पालिका स्तरीय खेलकुद अतिरिक्त क्रियाकलाप प्रशिक्षक व्यस्थापन। | २००००० | २१०००० | २२०००० | २३०००० | २४०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | IEMIS सम्बन्धि तालिम सञ्चालन तथा ICT प्रविधिमैत्रि शिक्षक तालिम सञ्चालन व्यस्थापन । | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० |
| २५ | पालिका स्तरीय विद्यालय सुपरिवेक्षण, शिक्षक पेसागत सहायता तथा निरीक्षण अनुगमन । | ९०००० | १००००० | ११०००० | १२०००० | १३०००० |
| २६ | प्र.अ क्षमता विकास र नियमित प्र.अ. बैठक सञ्चालन । | २५०००० | २६०००० | २७०००० | २८०००० | २९०००० |
| २७ | गाउँपालिका तथा वडा स्तरीय तहगत अतिरिक्त क्रियाकलाप सञ्चालन । | ८०००० | ९०००० | १००००० | ११०००० | १२०००० |
| २९ | गाउँ शिक्षा समिति तथा कार्यपालिका सदस्यहरुलाई शैक्षिक असल अभ्यास अवलोकन भ्रमण। | २५०००० | २६०००० | २७०००० | २८०००० | २९०००० |
| ३० | विद्यालयको भौतिक अवस्था हेरी मर्मत सम्हार तथा पुर्ण निर्माण कार्यक्रम । | २००००० | २१०००० | २२०००० | २३०००० | २४०००० |
| ३१ | कक्षा १-८ स्थानीय पाठ्यपुस्तक निर्माण छपाई तथा वितरण र प्रोधिकरण । | ४००००० | ४१०००० | ४२०००० | ४३०००० | ४५०००० |
| ३२ | विधुतिय हाजिरी उपकरण खरिद मर्मत तथा अभिलेख व्यवस्थापन । | १००००० | ११०००० | १२०००० | १३०००० | १४०००० |
| ३३ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन तथा प्रश्नपत्र निर्माण र रुजु, मोडेरेशन । | ३०००० | ३५००० | ४५००० | ५५००० | ६५००० |
| ३४ | वार्षिक शैक्षिक क्यालेण्डर निर्माण तथा शिक्षा शाखा विविध । | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० |
| ३५ | ऐन, नियम निर्देशिका,कार्यविधि निर्माण,संशोधन,अध्यावधिक छपाई वितरण । | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० |
| | **कुल जम्मा** | १९९१०००० | २१८७५००० | २२६६५००० | २३४५५००० | २४२५५००० |

## अनुसूची आठ

## छथर गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिकहरुको विविणः

| क.सं. | विद्यालयको नाम | ठेगाना | स्थापना मिति | सञ्चालित कक्षा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | स्वीकृती | अनुमति | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. आङदिम | काङ्गलावाङ्ग | २०२३ | १-८ | १-१० | |
| २ | श्री सरस्वती मा.वि. आङदिम | गढी | २००९।०९।१४ | १-८ | १-१० | |
| ३ | श्री मार्गादेवी आ.वि.आङदिम | मुलखर्क | २०४५ | १-५ | १-५ | |
| ४ | श्री भगवती आ.वि. आङदिम | ढङ्डङ्गे | २०४९।०९।२ | १-५ | १-५ | |
| ५ | श्री जालपादेवी आ.वि.आङदिम | कोराङ | २०४४ | १-५ | १-५ | |
| ६ | श्री रत्नदेवी आ.वि.आङदिम | टारबारी | २०४५।९।७ | १-५ | १-५ | |
| ७ | श्री सरस्वती मा.वि. हमरजुङ्ग | शुक्रबारे | २००९ | १-१२ | १-१२ | |
| ८ | श्री शारदा मा.वि. हमरजुङ्ग | फयाक | २०१४ | १-१० | १-१० | |
| ९ | श्री भगवती आ.वि. हमरजुङ्ग | बाहुनबारी | २०३४ | १-५ | १-५ | |
| १० | श्री पब्लिक आ.वि. हमरजुङ्ग | हमरजुङ्ग | २००९ | १-५ | १-५ | |
| ११ | श्री जनज्योति आ.वि. हमरजुङ्ग | खैरेनि | २०४१ | १-५ | १-५ | |
| १२ | श्री जलकन्या आ.वि. हमरजुङ्ग | फोक्चे | २०४६ | १-३ | १-५ | |
| १३ | श्री सिंहदेवी आ.वि.हमरजुङ्ग | बेलबोटे | २०५१ | १-३ | १-३ | मर्ज |
| १४ | श्री पञ्चकन्या मा.वि. पञ्चकन्या | पञ्चकन्या | २००० | १-८ | १-१० | |
| १५ | श्री शनिश्चरे आ. वि. पञ्चकन्या | वास्मेरी | २०५१ | १-५ | १-५ | |
| १६ | श्री शिव आ.वि.पञ्चकन्या | हिमाङदिन | २०३४।०९।१६ | १-५ | १-५ | |
| १७ | श्री वि.पी. आ.वि.पञ्चकन्या | मालबासे | २०४९।१।०१ | १-३ | १-५ | |
| १८ | श्री पब्लिक आ.वि. पञ्चकन्या | लुक्वा | २०४८ | १-३ | १-५ | |
| १९ | श्री सरस्वती आ.वि.पञ्चकन्या | खौवा | २०४५ | १-३ | १-३ | |
| २० | श्री सिर्जना आ.वि. पञ्चकन्या | माङवालुङ | २०५१ | १-३ | १-३ | मर्ज |
| २१ | श्री न.शि.स.मा.वि.फाक्चामारा | फाक्चामारा | २००८ | १-१२ | १-१२ | |
| २२ | श्री सिद्धगणेश मा.वि. फाक्चामारा | बतासे | २०१६।०४।२३ | १-८ | १-१० | |
| २३ | श्री आर्दश आ.वि फाक्चामारा | नौसिंगे | २०२०।११।२५ | १-५ | १-५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | श्री सिद्धेश्वर आ.वि. फाक्चामारा | कार्किगाउँ | २०१८।०९।१६ | १-५ | १-५ | मर्ज |
| २५ | श्री भगवती आ.वि. फाक्चामारा | दोबाटे | २०३०।०९।०१ | १-५ | १-५ | |
| २६ | श्री सेतीशीला आ.वि. फाक्चामारा | मेल्बोटे | २०४५।०९।१४ | १-५ | १-५ | |
| २७ | श्री जलकन्या आ.वि. फाक्चामारा | हाक्पारा | २०४२।०९।१५ | १-५ | १-५ | |
| २८ | श्री भगवती मा.वि. ओखे | ओखे बजार | २००९।११।०७ | १-१२ | १-१२ | - |
| २९ | श्री शारदा आ.वि. ओखे | भोर्ले | २०४१।१०।०२ | १-८ | १-८ | |
| ३० | श्री भारती आ.वि. ओखे | सुन्दरी छाप | २००९।१०।१० | १-५ | १-५ | |
| ३१ | श्री निशान आ.वि. ओखे | धुलपुजे | २००९।१०।२७ | १-५ | १-५ | |
| ३२ | श्री भगवती आ.वि. ओखे | ढकाल गाउँ | २००९।०९।२१ | १-५ | १-५ | |
| ३३ | श्री सिंहदेवी आ.वि. ओखे | खनापुङ | २०४७।०९।१९ | १-३ | १-३ | |
| ३४ | श्री देउराली आ.वि. ओखे | रातमाटे | २०५२।०८।२५ | १-५ | १-५ | |
| ३५ | श्री मच्छिन्द्र मा.वि. सुदाप | चाङलुङ्ग | २०१७।१०।०८ | १-१० | १-१० | |
| ३६ | श्री जनकल्याण आ.वि.सुदाप | जोडिसल्ला | २०३८।०९।०१ | १-५ | १-८ | |
| ३७ | श्री सिंहवाहिनी आ.वि. सुदाप | छिपुवा | २०३०।१२।१७ | १-५ | १-५ | |
| ३८ | श्री शारदा आ.वि.सुदाप | साख्मा | २०३९।०९।२७ | १-५ | १-५ | |
| ३९ | श्री जनज्योति आ.वि. सुदाप | कोलाबुङ्ग | २०४७।०५।२७ | १-५ | १-५ | |
| ४० | श्री सरस्वती आ.वि.सुदाप | रमाइलोटार | २०५६ | १-५ | १-५ | |